CANVAS

क्यानभास

रसुवा अध्ययन सामग्री



क्यानभास रिसर्च सेन्टर वेत्रावती वजार, रसुवा



क्यानभास यात्रा

गोसाईकुण्ड अध्ययन भ्रमणमा क्यानभास टोली -दायाँबाट क्रमश:सुवास,शशि,सुदिप,रेडियम,कैलाश,मोहन



संस्थाले निर्माण गरेको वृत्तचित्र "ओझेलमा वेत्रावती"

लहरेपौवा रसुवामा संचालित आधारभूत पत्रकारीता तालिमका प्रशिक्षार्थीहरुले प्रकाशित गरेको भित्ते पत्रिका "आँकुरा"

कालिकास्थान रसुवामा संचालित आधारभूत पत्रकारीता तालिम कार्यक्रम

विमोचित प्रति

नयाँ वर्ष २०६४ तथा लोकतन्त्र दिवसको अवसरमा प्रकाशित

क्यानभास

वर्ष–१, अङ्क –१

(रसुवा अध्ययन सामग्री)

सम्पादक

सुवास आगमन

व्यवस्थापन सहयोगी

शशी लामिछाने

हार्दिक आभार

डा.केदार नरसिंह के.सि

फुर्पा तामाङ

रामचन्द्र सेढाईं

प्रकाशक

क्यानभास रिसर्च सेन्टर

वेत्रावती वजार, रसुवा

सम्पर्क नं. ९८४१४६४०४२

E-mail: letter_canvas@yahoo.com

URL : www.canvas.com.np

क्यानभास

(रसुवा अध्ययन सामग्री)

प्रकाशक	: क्यानभास रिसर्च सेन्टर, वेत्रावती, रसुवा
प्रकाशन	: २०६४ (१००० प्रति)
मूल्य	: व्यक्तिगत रु १००/-
	: संस्थागत रु ५००/-
आवरण	: रामचन्द्र सेढाईं, (TRPAP, रसुवा)
सर्वाधिकार ©	: प्रकाशकमा
कम्प्युटर टाइप	: सरोज पोखरेल
ले–आउट/कभर	: Meditech pre-press,01-2305659
मुद्रण	: Meditech printers
ISBN	**: 978-99946-2-374-7**

CANVAS (Rasuwa Study Material)

Published by Canvas Research Centre
. Betrawati Bazar, Rasuwa

प्रधानमन्त्री

काठमाडौं, नेपाल

बैशाख ५, २०६४

शुभ-कामना

क्यानभास रिसर्च सेन्टर, रसुवाले नवबर्ष २०६४ सालको सुखद् उपलक्ष्यमा **क्यानभास** स्मारिका प्रकाशन गर्न लागेको खबर थाहा पाउँदा मलाई खुशी लागेके छ ।

पर्यटकीय, धार्मिक, सामाजिक तथा साँस्कृतिक महत्व बोकेको रसुवा जिल्ला ऐतिहासिक कालदेखि नै नेपाल र मित्रराष्ट्र चीनको सीमाक्षेत्र र व्यापारिक नाका पनि हो । जिल्लामा भएका धार्मिक तीर्थ स्थलहरुले नेपालको परिचयलाई अन्तर्राष्ट्रिय स्तरमा समेत फैलाएको मैले महसुस गरेको छु ।

रसुवाका विविध पक्षहरुलाई समेट्ने रसुवा अध्ययन सन्दर्भ सामाग्रीको रुपमा प्रकाशित स्मारिका सम्पूर्ण रसुवाबासी लगायत यस क्षेत्रप्रति चासो राख्ने समस्त वर्गलाई उपयोगीसिद्ध हुनेछ भन्ने विश्वास लिएको छु । क्यानभास रिसर्च सेन्टरको यो अनुकरणीय कदमका लागि धन्यवाद व्यक्त गर्दै स्मारिकाको पूर्ण सफलताको कामना गर्दछु

गिरिजाप्रसाद कोइराला

व्यवस्थापिका-संसदका सभामुखको कार्यालय

सुवास नेम्वाङ्ग
सभामुख

कार्यालय ४-२२८४५९
निवास ४-४२४०६६
संसद भवन सिंहदरवार ।

मिति :-

मिति :- २०६३।१२।९

श्री क्यानभास रिसर्च सेन्टर
वेत्रावती वजार, रसुवा ।

नयाँ वर्ष २०६४ सालको सुखद अवसर पारेर स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दै शुभकामना व्यक्त गर्दछु ।

नेपाली जनतालाई सुसूचित गराउँदै लोकतान्त्रिक मुल्य, मान्यता र संस्कृति प्रवर्द्धनमा टेवा पुऱ्याउने उदेश्यका साथ रसुवा जिल्लाका विविध खोजमुलक अनुसन्धानपरक तथा सामाजिक, साँस्कृतिक र आर्थिक विषयवस्तुहरुलाई समेटेर यस सेन्टरद्धारा प्रकाशित हुने स्मारिकावाट रसुवा जिल्लाको वारेमा जानकारी प्राप्त गर्न चाहने सम्पूर्ण पाठक वर्गहरुलाई महत्वपूर्ण सहयोग पुग्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।

सुवास नेम्वाङ
सभामुख

स्मारिकाले धानेको रसुवाको पत्रकारिता

राजधानीबाट मात्र ७८ कि.मि. उत्तरमा अवस्थित रसुवा जिल्ला हरेक किसिमको विकासमा बत्तिमुनिको अध्याँरो झैं रहन विवश छ। यसको मूल जडनै सञ्चारको विकास नहुनु नै हो भन्ने निक्यौल गर्दै रसुवा जिल्लाका पत्रकारिता, संचार र पर्यटनसँग सम्बन्धित रहेका व्यक्तिहरुको साझा अभिमतमा सारिएको एउटा चौतारी हो "क्यानभास रिसर्च सेन्टर"।

ग्रामीण स्तरमा सञ्चारको बिस्तार र विकास गरी जनतालाई शिक्षित, जागरुक, सचेत र संगठित गर्ने साथै विश्वकै प्रसिद्ध पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित भइरहेको रसुवामा पर्यटनको विकास गरी आम मानिसहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउनु नै हाम्रो प्रमुख उद्देश्य हो।

वाग्मती अञ्चलका जिल्लाहरु मध्ये कम साक्षरता प्रतिशत रहेको जिल्ला हो रसुवा। यही कम साक्षरताको कारणले पनि यहाँ सञ्चारको विकास हुन सकेको छैन। सँगैको छिमेकी जिल्ला नुवाकोटमा तीन दशक भन्दा लामो पत्रकारिताको इतिहास छ र यो यात्रा दैनिकसम्म पुगिसक्यो। रसुवामा हाल सम्म पनि कुनै पत्रिका दर्ता र प्रकाशित भएका छैनन्। यति मात्र होइन यहाँको पत्रकारिताको अभ्यास पनि "पिच भएको लेख्ने, पिच उप्केको नलेख्ने" प्रवृत्ति मा संकुचित रहेको छ। यहाँ घटेका विविध घटनाहरु आम संचारका माध्यमा छाउन सकेका छैनन्। स्मारिकाले धानेको रसुवाको पत्रकारिताबाट बहुपरिवर्तनका आश गर्न सकिंदैन। यही परिवेशमा क्यनभासले ग्रामीण पत्रकारिता तालिम कार्यक्रम संचालन गरी रसुवाका ८३ जना प्रवेशिका उत्तीर्ण युवा युवतीहरुलाई निःशुल्क आधारभूत पत्रकारिता तालिम संचालन गरेको छ। अझ यो कार्यक्रम जारी नै रहेको छ।

रसुवाबाट प्रकाशित भएका विभिन्न स्मारिका भन्दा फरक रुपमा प्रस्तुत हुने कोसिसका साथ क्यानभासलाई रसुवा अध्ययन सामाग्रीको रुप दिइने जमर्को गरिएको छ। रसुवामा रहेका ऐतिहासिक, सांस्कृतिक, सामाजिक विषयवस्तुको विशेष अनुसन्धान मूलक लेख रचनाहरु नै क्यानभासले समेटेका सामग्रीहरु हुन्। रसुवा अध्ययन सामग्री संकलन र प्रस्तुतिको यो अभियानमा रसुवाको परिचय बन्न सक्ने ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेका मौलिक विषयवस्तुहरुलाई वृत्त चित्रको रुपमा प्रस्तुत गर्नु अझ प्रभावकारी हुने हुँदा हामीले वृत्तचित्र निर्माणको कार्य पनि थालनी गरिसकेका छौं। बेत्रावती क्षेत्रमा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिकता लोपोन्मुख अवस्थामा रहेको विषयवस्तु समेटेर "ओझेलमा बेत्रावती" नामक वृत्तचित्र निर्माण र प्रदर्शन गरिसक्यौं। यो बेत्रावतीको विषयमा बनेको पहिलो वृत्तचित्र हो। श्रव्य-दृश्य सामग्रीमार्फत रसुवा अध्ययन सामग्री पस्कने हाम्रो यो प्रयास यथावत रहेको छ। लोपोन्मुख संस्कृति तथा ऐतिहासिक धरोहरहरुको पहिचान, संरक्षण र विकास नै हाम्रो यो प्रयासको मुख्य उद्देश्य हो।

हामीले संस्थागत रुपमा गरेका यी अभ्यासहरु रसुवामा संचार र पर्यटन विकासमा एउटा मजवुद खुड्किलो बन्ने छ भन्ने विस्वास गरेका छौं। हाम्रो यो यात्रामा सम्पूर्ण अग्रजहरुले गर्नुभएको सहयोगको हामी उच्च मूल्यांकन गर्दछौं। यही किसिमको सहयोग भोलीका दिनहरुमा पनि रहिरहेमा हामि सहजै रसुवामा संचारको क्षेत्रमा सामुदायिक रेडियो सम्मको यात्रा गर्न सक्दछौं भन्ने आत्मविस्वास रहेको छ।

मुलुकमा संविधान सभाको निर्वाचनको मिति तोकिइसकेको छ। सदैव किनिएको राजनीतिले पछि परेको रसुवाका जनतालाई सचेत गराउनु हाम्रो पनि दायित्व हो। संविधान सभा र रसुवा सम्बन्धी विषयवस्तु समेटेर बुलेटिनहरु प्रकाशित गर्ने र विद्युतीय पत्रिका (E-Magazine) मार्फत रसुवाको समाचारलाई भूमण्डलीकरण गर्ने (Globlization) कार्यको थालनी गर्नुपर्ने चुनौतीको महसुस पनि गरेका छौं।

प्रकाशित लेख, रचनाहरुको गहनता र विश्वसनीयताको निम्ति थोरै समयमानै भएपनि सम्बन्धित क्षेत्रको विशिष्ट व्यक्तिहरुलाई समेट्ने प्रयास गरेका छौं। स्मारिकामा समेटिएका लेख, रचनाहरु लेखकका निजी विचारहरु हुन्, यसका हरेक पक्षहरु प्रति लेखकहरु नै जवाफदेही हुनेछन्। रसुवालाई चिन्ने र रसुवाको माटोलाई माया गर्ने आदरणीय अग्रजहरुको सहयोगले नै हामी यो अवस्थासम्म आइपुगेको छौं। रसुवा अध्ययन सामग्रीको यो श्रृङखला यति मै रोकिने छैन। यसमा समेटिन नसकेका अन्य सामग्रीहरु, बुलेटिन/अर्धवार्षिक/वार्षिक रुपमा अरु अंकहरुमा समेटिने छन्। रसुवाको विषयमा जानकारी राख्न चाहानेहरु शिक्षक, विद्यार्थी, नीतिनिर्माता, पर्यटक, खोजअनुसन्धानकर्ताहरुले थोरै भए पनि लाभ लिन सक्नुहुने छ भन्ने अपेक्षा राखिएको छ। हामीले गरेको यो प्रयासमा सचेत पाठक वर्गको सल्लाह, सुझाव, प्रतिकियाको अपेक्षा गर्दछौं।

स्मारिका प्रकाशनका लागि आफ्नो क्षेत्रबाट विशेष सहयोग गर्नुहुने जनआन्दोलन घाइते समन्वय समितिका अध्यक्ष तथा मेडिकल एसोसिएसनका महासचिव डा. केदार नरसिंह के.सी, प्राज्ञ जगमान गुरुङ, एच.टि.सि. प्रोजेक्टका निर्देशक भरत राना, ग्रामीण पर्यटन सल्लाहकार रसुवाका रामचन्द्र सेढाईं, अधिवक्ता फुर्पा तामाङ्ग, शिक्षक उद्धवहरि अधिकारी, शिक्षक देवराज सिंखडा,शिक्षक रामहरि पन्त, गतिशील समय दैनिक (नुवाकोट), रसुवा स्थित विभिन्न राजनीतिक दलहरुप्रति क्यानभास परिवार कृतकृतज्ञ छ। स्मारिका प्रकाशनका लागि लेख रचनाहरु एवं विज्ञापन उपलब्ध गराउने दाताहरु, कम्प्युटर टाइपमा मद्दत पु-याउने सरोज कुमार पोखेल, शुद्धाशुद्धिमा सहयोग पु-याउनुहुने आत्मीय मित्र उदयराम घिमिरे धन्यावादका पात्रहरु हुनुहुन्छ।

अन्त्यमा लोकतन्त्र प्राप्तिका लागि आफ्नो ज्यान वलिदान गर्ने महान सहिदहरु प्रति लोकतन्त्र प्राप्तिको वर्षगाँठको अवसरमा उहाँहरुको वलिदानीको उच्च स्मरण गर्न चाहान्छौं। नयाँ वर्ष २०६४ मुलुकको भविष्य निर्माणको सुनौलो वर्ष बन्न सकोस् भन्ने हार्दिक मंगलमय शुभकामना टक्र्याउँछौं।

लोकतन्त्र दिवस २०६४।

सम्पादक

विषय सूचि

१)	रसुवा		१०
२)	गोसाईकुण्डः धार्मिक तथा ऐतिहासिक अध्ययन	सुवास आगमन	१२
३)	रसुवाको वर्तमान शैक्षिक अवस्था	देवराज सिंखडा	१९
४)	सहरमा उत्तानो पर्दा मेरो जन्मभूमि	उदय घिमिरे	२२
५)	वौद्ध संस्कृतिमा मानी गीतको महत्व	फुर्पा तामाङ	२५
६)	रसुवा गढी		२८
७)	के चिलिमेको विजुली महङ्गो नै हो त ?	लिलानाथ भट्टराई	३१
८)	मेरा तेइस वसन्तका अनुभवहरु	उद्धवहरि अधिकारी	३४
९)	दुई गजल	दयाराम पौड्याल	३७
१०)	रसुवामा पर्यटन विकासका सम्भावना र चुनौतीहरु	रामचद्र सेढाईं	३९
११)	नारी दिवसबारे केही कुरा	सान्नानी बुर्लाकोटी	४५
१२)	रसुवा र दलित	विस्वास नेपाली	४७
१३)	ने नकथली	जगमान गुरुङ	४९
१४)	संविधान सभाको औचित्य र रसुवाको प्रतिनिधित्व	फुर्पा तामाङ	५३
१५)	रसुवामा सुचना प्रविधिको विकास	भुवन आचार्य	५५
१६)	चिकित्सा सेवामा विद्यमान चुनौती र सम्भावना	डा.केदार नरसिंह के.सी.	५७
१७)	वेत्रावतीको पौराणिक महत्व	शिवराम चालिसे	५९
१८)	रसुवा र भू-संरक्षण	श्याम सुन्दर श्रेष्ठ	६२
१९)	लोपोन्मुख वनस्पती: लाङटाङ्गे सल्लो	धर्तिचन्द्र यात्री	६७
२०)	गजल	उत्तम पौड्याल	६८
२१)	कविता	वुकु प्रसाद आचार्य	६९
२२)	रसुवाको विकासमा चित्रकला	रमेश कुँवर	७०
२३)	घाउ	कपिलदेव खनाल	७१
२४)	धार्मिक आस्था र पर्यटकीय आकर्षणको थलो	डा. विणा पौड्याल	७४
२५)	सौम्य-शान्त रसुवा क्षेत्रको सानो यात्रा	डा. तुलसी भट्टराई	७७
२६)	वेडन पावेलका नाममा रसुवाको हिमाल	एकराज पाठक	८१
२७)	क्यानभास रिसर्च सेन्टरः संक्षिप्त परिचय	शशि लामिछाने	८४
२८)	छापामा क्यानभास		८५
२९)	संस्थाका प्रमाण पत्रहरु		८६
३०)	रसुवा जिल्लाका महत्वपूर्ण टेलिफोन नम्बरहरु		८८

सुर्तीजन्य पदार्थ सेवनले लिन्छ ज्यान

१) धुम्रपानबाट हुने रोग तथा स्वास्थ्य समस्याहरु केके हुन् ?

धुम्रपानले धेरै रोगहरु लाग्न सक्छ र मानिस अकालमै मृत्युको मुखमा पुग्दछ। धुम्रपानको कारणबाट २५ प्रकारका रोगहरु मानिसलाई लग्ने कुरा विश्व स्वास्थ्य संगठनले उल्लेख गरेको छ। विश्वमा प्रतिवर्ष धुम्रपान सेवनको कारणबाट मात्र ५० लाख मानिसहरुको मृत्यु हुने गर्दछ। यो तथ्याङ्कअनुसार विश्वमा प्रतिमिनेट करिब १० जना मानिसको मृत्यु धुम्रपान सेवनको कारणले हुने गर्दछ। एक अध्ययनअनुसार एक खिल्लि चुरोट सेवन गर्ने व्यक्तिको ६ मिनेट आयु घट्ने कुरा पनि उल्लेख गरिएको छ। धुम्रपानको कारणले हुने केही प्रमुख रोग र स्वास्थ्य समस्याहरु यस प्रकारका छन् :

- फोक्सो, पेट, फियो,मुत्रनली र पाठेघरको क्यान्सर हुने
- दम, खोकी, ब्रोङ्काइटिस हुने
- मुटुको रोग हुने
- मस्तिष्कमा रक्तश्राव हुने
- गर्भको बच्चा कमजोर, रोगी र अङ्गभङ्ग हुने
- काम गर्ने क्षमतामा कमी हुने

२) धुम्रपान छोड्दा हुने केही फाइदाहरु केके हुन् ?

- फोक्सोको दम, खोकी, ब्रोङ्काइटिस, क्यान्सर, मुटुको रोग र क्षय (टि.बी.) रोग लाग्नबाट बच्न सकिन्छ।
- मुखको क्यान्सर लाग्नबाट बच्न सकिन्छ।
- गर्भ नतुहिन, शिशुमा रोग तथा अङ्गभङ्ग नहुन र पूरा तौलको बच्चा जन्मन सक्छ।
- दाँत, औंला, पहेँला हुँदैनन्। बच्चालाई निमोनिया कम हुन्छ।
- पैसा खर्च हुँदैन।
- छोरा/छोरीले धुम्रपान सिक्दैनन्।
- धुम्रपान नगर्ने अरु व्यक्तिलाई पनि असर गर्दैन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं
फोन. ४-२५४६१३, ४-२५४२७१
फ्याक्स नं. ४-२६१३८७
Email- hellis@wlink.com.np
Website: www.nheicc.gov.np

हरेक खिल्ली चुरोटमा तपाई पैसा तिरेर मृत्यु किनिरहनु भएको छ।

रसुवा

नेपालको मानचित्रमा मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत रहेको वाग्मती अञ्चलमा पर्ने एक दुर्गम एवं विकट हिमाली जिल्लाको नाम हो - रसुवा । राजधानीको नजिकै रहेर भौगोलिक विविधताले दुर्गम जिल्लाको रुपमा चिनिए पनि विभिन्न ऐतिहासिक, धार्मिक, प्राकृतिक एवं सांस्कृतिक सम्पदाहरुको धरोहर रसुवा जिल्लाले जो कसैको पनि मन हर्न सक्दछ ।

पहिले-पहिले भैंडा-च्याङ्ग्रा चराउने ठाउँलाई स्थानीय व्यक्तिहरुले 'रसोवा' भन्थे । स्थानीय भाषमा 'र' को अर्थ भैंडा र 'सोवा' को अर्थ चराउनु हुन्छ, तसर्थ भेडा चराउने र पाइने ठाउँ भएकाले 'रसोवा' भन्ने गरेको र पछि वोलीचालीमा अपभ्रंश भई 'रसुवा' भन्ने गरेको भनाइ पाइन्छ ।

२७°२' उत्तरी अक्षांश देखि २७°१०' उत्तरी अक्षांश सम्म र ८५°४५' पूर्वी देशान्तर देखि ८५°८८' पूर्वी देशान्तर सम्म पर्ने रसुवा जिल्ला ३१४ मी. देखि ७१३४ मी. सम्मको उचाईमा छ तर सदरमुकाम धुन्चे भने २९५० मिटरमा छ ।

२०५८ सालको राष्ट्रिय जनगणना अनुसार रसुवाको जनसंख्या ४३ हजार ९ सय ६ रहेको छ, जसमध्ये घरधुरी ८ हजार ६ सय ९, पुरुष २२ हजार ५ सय ५२ र महिला २१ हजार ३ सय ४५ रहेका छन् । जनघनत्व २९ प्रति वर्ग कि.मी. र जनसंख्या बृद्धिदर १.८ प्रतिशत रहेको यस जिल्लामा साक्षरता प्रतिशत भने ४०.९ रहेको छ ।

तामाङ जातिको बाहुल्यता रहेको रसुवा जिल्लाको उत्तरी भेगमा तामाङ जाति र दक्षिणी भेकमा ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ आदि मिश्रण जातिहरुको बसोवास रहेको छ भने सदरमुकाम धुन्चे उत्तरी भेगको व्यापारिक केन्द्र र तामाङ संस्कृतिको थलोको रुपमा स्थापित भएको छ ।

१५१४ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस जिल्लाको पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा नुवाकोट जिल्ला पर्दछ । ९ वटा इलाका र १८ वटा गा.वि.स. रहेको रसुवा जिल्लामा एउटा संसदीय निर्वाचन क्षेत्र समेत रहेको छ ।

गोसाईकुण्ड उद्गम स्थल रहेको त्रिशुली खोला, भृकुटीको कर्मभूमि चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपालको भूमि हुँदै बग्ने भोटेकोशी, महादेवले वेतको लठ्ठी प्रहार गर्दा उत्पन्न भएको बेतधाराबाट प्रवाहित फलाखु खोलाको साथसाथै चिलिमे खोला, मैलुङ खोला र अन्य सानाठूला खोलानालहरु पनि यस जिल्लामा रहेका छन् ।

जलस्रोतको अथाह भण्डार रहेको रसुवा जिल्लासँग १४० मेगावाट भन्दा बढी जलविद्युत उत्पादन गर्नसक्ने क्षमता रहेको एक अध्ययनले देखाएको छ भने नेपालकै लामो हिमनदी यसै जिल्लाको लाङटाङ क्षेत्रमा रहेको छ ।

विकासका पूर्वाधारहरु प्रायः पुगेको रसुवा जिल्लामा गणेश हिमाल जस्ता सिसा खानीको उत्खनन् गर्नका लागि निर्मित पासाङल्हामु मार्गलगाएतका अन्य गा.वि.स. हरुलाई जोड्ने मार्गहरुले गर्दा यातायातको दृष्टिले यो जिल्ला सुगम नै छ । विद्यालयहरुको कुरा गर्दा प्रा.वि., नि.मा.वि., र मा.वि. गरी कुल १०१ विद्यालयहरु, उच्च मा.वि. तथा क्याम्पससँगै करिव ५/६ वटा निजी स्तरबाट बोर्डिङ स्कुल सञ्चालनमा छन् ।

गोसाईकुण्ड, पार्वतीकुण्ड, सूर्यकुण्ड लगाएतका १०८ वटा कुण्डहरुले घेरिएको साथै नेपालकै पर्यटकीय गन्तव्यको तेस्रो स्थानमा रहेको यस जिल्लाका अन्य प्रमुख स्थलहरुमा तातोपानी क्षेत्र, उत्तरगाया, रसुवागढी, कालिकास्थान, क्यानजिङ उपत्यका, लाङटाङ हिमाल, गणेश हिमाल र ८ गा.वि.स.को प्रवेशद्वार मात्र नभइ तिब्वती धार्मिक परम्पराको उर्वराभूमि स्याफ्रुवेंसी बजार, नेपालकै नमुनाको रुपमा रहेको चिलिमे जलविद्युत केन्द्रको भूमिगत विद्युतगृह आदि हुन् ।

एक तथ्यांक अनुसार रसुवा जिल्लामा रहेको कूल १,५१,२०० हेक्टर भूमि मध्ये कृषियोग्य क्षेत्रफल १६,९४३ हेक्टर, सिंचित जमिन ७३० हेक्टर, वनजंगल ५२,२९० हेक्टर, विभिन्न नदीनाला तथा कुण्डहरु ६१,५९३ हेक्टर तथा चरन क्षेत्र २०,३६२ हेक्टर रहेको छ ।

२०३२ सालमा स्थापित रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लालाई समेटेको लाङटाङ राष्ट्रिय निकुञ्जले कूल क्षेत्रफलको ५६% (९५७.६ वर्ग कि.मि.) भू-भाग ओगटेको यस जिल्लामा पाँचऔंले, चिराइतो, यार्सागुम्बा, बोझो जस्ता जडिबुटीहरु, साल, सल्ला, चाँप, कटुस, उत्तीस, धुपी, ओखर, गुराँस जस्ता वनस्पतीहरु, भालु, चितुवा, कस्तूरीमृग, खरायो, बँदेल तथा दुर्लभ मानिएको हाब्रे (रेडपाण्डा) अनि डाँफे मुनाल लगाएतका ३४५ प्रजातिका चराचुरुङ्गीहरु पनि पाईन्छन् ।

प्रकृतिको वरदान रसुवा जिल्लामा विरेनुन, सिधेनुन, जस्ता सिसा खानी रहेकोले अरु खानीहरुपनि हुनसक्ने अनुमान गरिएको छ ।

उष्ण, शितोष्ण र समशितोष्ण हावापानी भएको रसुवा जिल्लाको दक्षिणी भेगमा प्रायः गर्मी हुने भए तापनि हिमाली भेगमा जाडोमा धेरै चिसो तर गर्मी याममा भने केही मात्रामा न्यानो हुने गर्दछ । अधिकतम् तापक्रम २४° से. र न्युनतम तापक्रम १.२° से. हुने यस जिल्लामा ३.३ मिमि देखि ६५०.१ मिमि सम्म वर्षा हुने गर्दछ ।

धान, गहुँ, करु, कोदो, फापर, जौ, आलु, मकै लगाएतका कृषिजन्य बस्तु र विभिन्न किसिमका फलफुलहरु पनि यस जिल्लाको प्रमुख वालीनालीको रुपमा रहेका छन् । विभिन्न उद्योगहरु जस्तैः हिमालयन मिनिरल वाटर कम्पनी, चिलिमे जलविद्युत कम्पनी र चिज उत्पादन केन्द्रहरु रहेको रसुवा जिल्लामा धुन्चे, धैवुङ र स्याफ्रु गा.वि.स. नगरोन्मुख छन् ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुदर्शन सेढाईं
सचिव
एवं लहरेपौवा गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामजी अधिकारी
सचिव
एवं धैवुङ्ग गाउँ विकास समिति परिवार, रसुवा ।

PEOPLE'S CAMPUS
Paknajol, Kathamndu
ACADEMIC PROGRAMS

I.T.U Affiliated Programs

HUMANITIES AND SOCIAL SCIENCES
-Proficiency Certificate level (I.A)
-Bachelor Level (B.A)

MANAGEMENT
-Proficiency Certificate Level (I.Com)
-Bachelor of business Studies (B.B.S)
-Bachelor of Business Administraton (BBA)
-Master of Business Studies (B.B.S)

II. HSEB Affiliated (+2) Programs
-Science
-Humanities
-Management

III. Professional Courses on IT
-Basic Application Programs
-Webpage and E- Commerce
-Database and Software Development
-Accounting Pacages.

WISH YOU A HAPPY NEW YEAR 2064

People's Campus Family
Paknajol, Kathmandu Nepal
Phone:4251412, 4251990 Fax: 977-01-4257560
E-mail: pcampus@wlink.com.np, website: www.peoplescampus.edu.np

गोसाईकुण्ड: धार्मिक तथा ऐतिहासिक अध्ययन



-सुवास आगमन

परिचय

थुप्रै देवदेवी एवं धार्मिक र सांस्कृतिक परम्परा अनि आफ्नै मौलिक भाषा भएको देश नेपाल सुन्दर शान्त विशाल छ । कला साहित्य र संस्कृतिको अखण्ड भण्डार हाम्रो देशका विभिन्न तीर्थस्थलहरुले आफ्नै प्रकारको किंवदन्ती र धार्मिक परम्परा बोकेको छ । यस्तो किम्वदन्ती, हिन्दु तथा बौद्ध धर्माबलम्बीहरुको धार्मिक आस्थाको धरोहर अनि प्राकृतिक सम्पदा र छटाहरु बीच वैद्धिक युगदेखि एउटा इतिहास जोगाइ राखेको पोखरी हो गोसाईकुण्ड । गोसाईकुण्ड तीर्थयात्राका लागि भदौको जनै पूर्णिमा र जेष्ठको दशहरा गरी दुई पल्ट जाने चलन रहेको छ ।

बागमती अञ्चलको रसुवा जिल्लामा लाङ्टाङ्ग राष्ट्रिय निकुञ्ज भित्र पर्ने यो तीर्थस्थल समुद्री सतहबाट करिब ४३८० मिटरको उचाइमा अवस्थित छ । जिल्ला सदरमुकाम धुन्चेदेखि पूर्व दिशामा करिब सात कोषको उकालो बाटोमा पर्ने घट्टेखोला, ढिम्सा, चन्दनबारी, चोलाङपाटी, लौरीविनायक, गणेशगौंडा हुँदै र सुन्दरीजल गरी दुई किसिमको बाटो विभिन्न प्राकृतिक दृष्य र बनस्पतीहरुको दृष्यावलोकन गर्दै यस कुण्डमा पुग्न सकिन्छ ।

गोसाईकुण्डको पैदल यात्राको क्रममा मनमोहक हिमालयहरुको दर्शनले यात्राको थकानलाई कम महसुस गराँउदछ । खुल्ला आकाशमा हाँसे झैं लाग्ने हिमालहरु ज्यादै आकर्षक देखिन्छन् । यात्रामा अन्नपूर्ण दास्रो (७९३७ मी.), हिमचुली (७८६४ मी.), मनास्लु (८१५९ मी.), गणेश हिमाल (७४०० मी.), लाङ्टाङ लिरुङ्ग (७२४६ मी) हिमालहरुको राम्रोसँग दृष्यावलोकन गर्न सकिन्छ । गोसाईकुण्ड यात्रा धार्मिक कोणबाट मात्र सार्थक नरही भ्रमण सौखिनहरुको लागि एक सुन्दर गन्तव्यस्थल र वातावरण तथा बनस्पति अध्ययनकर्ताका लागि उपयुक्त अध्ययन स्थल पनि हो । यात्राको क्रममा बाटो भरी साना साना विभिन्न प्रकार र रङ्गका फूलहरु पाइन्छन् । यो फल असार श्रावणमा फूल्दछ र यसको कडा वासनाले टाउको दुख्ने, वान्ता आउने र आँखा खोल्न गाह्रो हुन्छ । यस्तो हुनुलाई लेक लागेको पनि भनिन्छ ।

कति यात्रुहरु यसैको कारणले कुण्डसम्म पुग्न असमर्थ रहन्छन् । लौरीविनायक क्षेत्रमा विष फूल (Acnitum Sp.) परिवारका बुट्यानहरु पाइन्छन् साथै बनस्पतिहरु मात्र नभइ विश्वमा नै दुर्लभ मानिएको रातो पान्डा र बाँदरका बिभिन्न प्रजातीहरु पाइन्छन् । आसामिज मंकी नामक दुर्लभ बाँदरहरु पनि यसै क्षेत्रमा पाइन्छन् ।

नामाकरण

"गोसाईकुण्ड" शब्द संस्कृतको "गोस्वामी"बाट जनजिब्रोले बोल्दै जाँदा अपभ्रम्स भएर "गोसाई" भएको हो । जहाँ "गो" भनेको गाई र "स्वामी" भनेको मालिक अर्थात गाई धेरै हुने भन्ने पनि बुझिन्छ । त्यसरी नै "गो" शब्दले "इन्द्रीय" भन्ने पनि जनाउँछ । इन्द्रियका स्वामी भन्नाले जितेन्द्रिय भन्ने बुझिन्छ । देवता, ऋषि र ठूला सन्त महात्माहरु त्यस्ता इन्द्रियजयीहरुमा पर्दछन् । सबैभन्दा ठूलो जितेन्द्रीय भनेको भगवान शंकर हुन् । यहाँ गोस्वामी भनेर मूलत: ईश्वर शिवको अर्थमा बढी प्रयोग भएको बुझिन्छ ।

यहाँ "कुण्ड" भनेको "कुण" धातुबाट "उ" प्रत्यय लागेर "कुण+ड= कुण्ड" वन्छ । कुण्ड शब्दले मूलभन्दा ठूलो आकारको जलासय जलभण्डार, तलाउ, वा सरोवरलाई जनाउँदछ । माथि उल्लेख भएझैं "गोस्वामी" बाट अपभ्रम्स भएर बनेको गोसाई शब्दसँग कुण्ड जोडिदा "गोसाईकुण्ड" हुन गयो । त्यसैले गोसाईकुण्ड शब्द साधु सन्यासी र जलासयसँग सम्बन्धित रहेको पाइन्छ ।

मूलत: विष सेवनले निलो घाँटी भएका भगवान शिवले कालकुट विषको डाहा मेटाउन यो कुण्डको निर्माण गरी विराजमान हुनु भएकोले यसलाई "नीलकण्ठ कुण्ड" को नामले पनि सम्बोधन गरिन्छ । "गोसाई" शब्द ईश्वरपरक शब्द भएको र गोसाईकुण्ड शिवसँग सम्बन्धित रहेकोले यसलाई शिवकुण्डको नामले सम्वोधन गर्दा फरक पर्दैन । चतुवर्ग चिन्तामणि भागवतमा अहिले मेला लाग्ने भनिएको गोसाईकुण्ड शिवकुण्ड हो भनि लेखिएको छ ।

गोसाईकुण्ड र हिन्दूग्रन्थ

गोसाईकुण्डको उत्पत्ति र शास्त्रीय महत्वका सम्वन्धमा हाम्रा धार्मिक ग्रन्थहरुले प्रस्ट रुपमा लेखेको

पाइन्छ । भागवत र विष्णु पुराणमा समुन्द्र मन्थनको वर्णन छ । बाल्मिकि रामायणमा र महाभारतको आदि पर्वतमा पनि समुद्र मन्थनको बर्णन छ । समुद्र मन्थन प्रत्यक्ष रुपमा गोसाईकुण्डको उत्पत्तिको विषयसँग जोडिएको छ । देवासुर संग्रामाका समयमा देवता र दानव मिलेर मनदराचल पर्वतको मदानी र बासुकी नागको नेती वनाई समुद्र मन्थन गर्दा विभिन्न बहुमुल्य र महत्व पर्ण वस्तू निस्कने क्रममा संसारनाश गर्ने कालकूट नामक घातक विष निस्कियो । देव र अशूर कालकुट विषको डरले समुद्र मन्थन छोडी शिवको स्तूति गर्न थाले र शिवजी ले संसारको रक्षा गर्दछ भनी उक्त कालकुट विष हात थापेर खाइदिनु भयो । यसको प्रभावले शिवजीको घाँटी नै निलो बानाइदियो । त्यस समय देखि शिवजीलाई निलकण्ठ भनेरम्बोधन गर्न थालियो । कालकूट विषलाई निस्तेज गराउन देवासुरहरुको स्तूति र भगवान शिवको पराक्रमको महिमा स्कन्ध पूराणमा यसरी लेखिएको छ ।

देवसुरादय सर्वे त्याक्त्वा मन्थं भया पूरा:।
सर्वलोकम् ग्रसंन्तंते ददृसूरमरा: सूरा:।
"निलकण्ठ इतिख्यात: सर्वोलोकैश्चय सम्मत ।
कण्ठ मध्ये महानिल: यत तिष्ठती सम्यंह: ॥

शवजीले कालकुट विष खानूभएको, त्यसको पीडाले उत्तरापन्त तर्फ हिँड्दै गोसाईकुण्ड सम्मको यात्राको विषयमा हाम्रा ग्रन्थमा यसरी प्रकाश पारिएको छ ।

तत: करतली कृत्य व्यापिहलाहल विषम् ।
अमक्षयं महादेव: कृपया मूल भावना ॥
एवं संचिन्त्य देवेश:क्ष्वेडताप सुविहृयलह:
रुदंलोकाण्समागत्य प्रमसौ हिमवत गिरौ ॥

(श्रीमद् भागवत् स्कन्ध ८/७/४२)

तत्रोरोप्य त्रिशुलंसं गंगा संसार तत्रच ।
निलेन अन्तरं दुगध: स तिर्पान्तो महाविभू ॥
त्रिशुलं रोपण छिद्रं गंगा तत्रावि चोद्भवा ।
ययौ गगां सुखे रुद्र परिश्रम तदा जेहौ ॥

(स्कन्ध पुराण ४५/४२)

यसरी विष कण्ठमा राख्दा विष ज्यादै कडा भएको कारण भगवान् शिवलाई असह्य पीडा भयो र गौरीको तपोस्थल हिमालय तर्फ लाग्छ भन्ने सोची त्रिशुल काँधमा बोकी कैलाशकुट वाट उत्तरापन्थ तर्फ हिँडनुभयो ।

गौरीको तपोस्थलमा पुग्दा पनि विषको पीडा शान्त नभएकोले धर्मर्पातको फेदीमा आफ्नो विशाल त्रिशुलले पहरो खोप्नुभयो । जहाँबाट तीनधारा जल निस्कियो जुन भगवान शिवले छातीमा पारी त्यँहा आनन्दले शयन गर्नुभयो र आफ्नो पीडालाई शान्त पार्नुभयो । यी तीन धारालाइ ब्रम्हा, विष्णु, रुद्र गरी त्रिगंगा मानिन्छ । यी त्रिगंगाबाट आएका पानी धर्म पर्वतको उपत्यकामा तलाउ भइ मनोरम कुण्ड बन्न पुग्यो । भगवान शिव अहिलेसम्म पनि यस कुण्डको बिचमा निलकण्ठ शिवका रुपमा विद्यमान रहेको विश्वास गरिन्छ । पछि पार्वती गौरी घाटबाट गोसाईकुण्डबाट पश्चिम दिशामा (गत्लाङ गा.वि.स.) अवस्थित सुन्दर तलाउमा तपस्यामा बसेकी विस्वाँस गरिन्छ र उक्त कुण्ड पार्वती कुण्डको नामले चिनिन्छ । यस कुण्डको वरिपरि नागकुण्ड, भैरव कुण्ड, सरस्वती कुण्ड, सुय कुण्ड, गणेश कुण्ड, रिभर कुण्ड, जागेश्वर कुण्ड, धर्म कुण्ड, कर्ण कुण्ड, अद्भूत कुण्ड, वेद कुण्ड, अग्नि कुण्ड, ब्रम्ह कुण्ड, पार्वती कुण्ड, शेष कुण्ड, ब्यास कुण्ड, वैष्णव कुण्ड, विष्णु कुण्ड, गौरी कुण्ड, दुध कुण्ड, उमा कुण्ड, रमा कुण्ड, ज्वाला कुण्ड, रगत कुण्ड, घाम कुण्ड, चन्द्र कुण्ड, दीप कुण्ड, खुँडा कुण्ड, पीप कुण्ड, (यी कुण्डका नामहरु चतुवर्ग चिन्तामणि भागवतमा उल्लेख गरिएको भनि चित्रबहादुर पण्डित (शिखरबेसी नूवाकोट) ले नुवाकोट, प्रथम नुवाकोट महोत्सव २०६३ विषेश' स्मारिकामा दिनुभएको अन्तर्वार्तालाई आधार मानि लेखिएको हो ।) यसको सत्यता खोजीको विषय वनेको छ । यहाँका धेरै कुण्डहरु अस्तित्वमा रहेका छैनन् र भएकाहरुलाई पनि माथि प्रस्तुत गरिएभैं नामवाट सम्बोधन गरिदैंन । यस क्षेत्रमा १०८ कुण्डहरु रहेको विस्वाँस गरिन्छ । गोसाईकुण्डमा स्नान गरी फर्कदा बाटामा पर्ने भैरव कूण्ड र सरस्वती कुण्डलाई हेर्न नहुने विस्वास गरिन्छ ।

गोसाईकुण्ड यात्रामा पर्ने विभिन्न क्षेत्रको नामाकरणको सम्बन्धमा धेरै मत मतान्तर रहेको पाइन्छ । पछिल्ला समयमा विभिन्न लेख, रचनाहरुमा शिवजीको पहिलो कालकुट (विषको कारण) गोसाईकूण्ड यात्रामा नै ती स्थानको नामाकरण गरिएको मत पाइन्छ भने अर्को तर्फ -शिवजीले ब्राम्हणको शिर क्षेदन गरेका पापले गुप्ताङ्गमा कुष्ट रोगले सताएछ । सो पाप मोचनका लागि शिवजी पुन गोसाईकुण्ड तिर हिँड्नुभयो ।

यसै यात्राको क्रममा हालको धुन्चे त्रिशुली गंगामाथि धकाइले विश्राम गर्दा लौरी बिर्सेकाले यस स्थानको नाम लौरी विनायक हुन गएको विस्वास गरिन्छ । सो उकालो सिद्धिए पछि एउटा ढुङ्गामा यात्रुले लौरो चढाउने र नचाढाएमा देवता रिसाउने विस्वास अफ सम्म पनि विद्यमान रहेको छ । तर उकालोमा लौरो टेकि हिँड्न भमेला भएकोले लौरी फ्याँकी हिडेका कारणले लौरी विनायक नाम रहेको विस्वास पनि गरिन्छ । यस ठाउँ लाई "लौरी विना", "लौरी विनायक" दुवै नामले चिनिन्छ । त्यहाँबाट शिवजीले हालको चनदनबारी भन्ने स्थानमा पुग्दा श्रीखण्ड चन्दन लगाएर हिँडेकाले यस स्थानको नाम चन्दनबारी रह्यो । तर श्रीखण्ड चन्दन

लगाएको नभई विषको औडाहले पुछेर फालेका कारणले चन्दनबारी नाम रहेको विस्वास पनि गरिन्छ ।

शिवको उत्तरा खण्डको यात्राको क्रममा सुर पर्वतको फेँदीमा आइपुग्दा पानी प्यासका कारण शिवजीले वेतको लौरी गाड्नुभयो र तप्त गंगा ढुङ्गाको चेपबाट निस्किन् । वेतको छडीबाट निस्किएका कारणले उक्त गंगको नाम वेत्रगंगा रह्यो । यस गंगाको नामबाट यस क्षेत्रको नाम वेत्रामती रह्यो र वेत्रामती अपभ्रम्स भइ कालान्तरमा वेत्रावती भनिन थालियो तर वेतको छडीबाट उत्पत्ति भएका कारण गंगाको नाम वेतगंगा रहेको, यस गंगाको नामबाट ठाउँको नाम वेतवती रहेको र वेतवती अपभ्रम्स भइ वेत्रावती रहन गएको अनुमान पनि गर्न सकिन्छ । यस क्षेत्रलाई उत्तरगया पुण्यभूमिको नमले पनि चिनिन्छ । यस क्षेत्रको ऐतिहासिक महत्व पनि रहेको छ । वि.सं. १८४९ मा नेपाल र भोट विच मैत्रिपूर्ण सन्धी भएको थियो ।

हालसम्म पाइएको पुरानो प्रमाणमा सुमति सिद्धान्त टिकामा राजा यक्ष मल्ल नेपाल सम्वत् ५६७ (वि.सं. १५०३) भाद्र पदसुदि ३ का दिन गोसाइकुण्ड यात्रामा निक्लेको कुरा उल्लेख गरिएको छ । आफ्नो रानीको सान्त्वनाको लागि रानी पोखरी खनाएका राजा प्रताप मल्लले विभिन्न तिर्थ स्थलहरुबाट जल ल्याउने क्रममा गोसाइकुण्डबाट पनि जल ल्याएको कुरा रानीपोखरी मा रहेको शिलालेख अनुसार थाहा पाउन सकिन्छ ।

गोसाईकुण्ड यात्राको परम्परा

जनताहरुले जस्तै राजाले पनि गोसाईकुण्ड यात्रा गरेको कुरा इतिहासमा पढ्न सकिन्छ । हालसम्म पाइएको पुरानो प्रमाणमा सुमति सिद्धान्त टिकामा राजा यक्ष मल्ल नेपाल सम्वत् ५६७ (वि.सं. १५०३) भाद्र पदसुदि ३ का दिन गोसाइकुण्ड यात्रामा निक्लेको कुरा उल्लेख गरिएको छ । आफ्नो रानीको सान्त्वनाको लागि रानी पोखरी खनाएका राजा प्रताप मल्लले विभिन्न तिर्थ स्थलहरुबाट जल ल्याउने क्रममा गोसाइकुण्डबाट पनि जल ल्याएको कुरा रानीपोखरी मा रहेको शिलालेख अनुसार थाहा पाउन सकिन्छ ।

ने.सं. ८०१ (वि.सं. १७३७) श्रावण शुक्लाअष्टमीमा काठमाडौंको पार्थीविन्द्र मल्ल र महिवतिन्द्र मल्ल पनि गोसाईकुण्ड यात्रामा गएका थिए । वि.सं. १८०१ मा नुवाकोट विजयी दिगो रहोस भनी श्री ५ पृथ्वी नारायण शाहले पनि सो कुण्डमा स्नान गरेका थिए । उनले गोसाईकुण्ड मेला भर्न जाने तिर्थ यात्रीहरुको गाँस, बासको व्यवस्थाका लागि धैबुङकोटमा गुठिको व्यवस्था गरेको कुरा इतिहासमा पाउन सक्दछौं । यही गुठीबाट गोसाइकुण्ड स्नानका लागि आउने गोरखनाथ बाबाहरुलाई गुठि सञ्चालकहरुले दही खुवाई घुम ओढाएर पठाउने चलन थियो । यही दही घुम बाँड्ने कार्यबाट यस ठाउँको नाम "दहीघुम" रह्यो र दहीघुम शब्द वोलिचालिको भाषाबाट अपभ्रम्स भइ धैबुङ रहेको भन्ने किम्वदन्ती छ । हाल सो व्यवस्था पुर्ण रुपमा हराइसक्यो । राष्ट्रभक्त विर पुरुष अमरसिंह थापा सन् १८१६ मार्त ३ मा भएको सूगौली सन्धिबाट असन्तुष्टिभई आत्मा शान्तिका लागि गोसाईकुण्ड गइ देहत्याग गरेका थिए ।

तामाङ्ग जाति र गोसाईकुण्ड

सनातन संस्कारको प्रभाव धेरै समय सम्म रहिरहँदो रहेछ । किंवदन्तीले पनि यन्त्रिक अवस्था को यो समयलाई प्रभाव पारिरहेको अनुभव हामी हाम्रो संस्कारहरुमा सजिलै अनुभूति वा महसुस गर्न सक्छौं । यस्तै किंवदन्ती कै आधारमा तामाङ्ग (गोलो) हरु आजभोली पनि गोसाईकुण्ड जान रुचाउँदैनन् । प्रचलित किंवदन्ती अनुसार सत्य यूगमा अहिले गोसाईकुण्ड भएको ठाउँमा देवी आराधना गर्ने एक जना गोले थरको लामा (पुरोहित) रहेछ । उसको दिनचर्या धर्मकर्म मा व्यथित हुन्थ्यो । एक दिन उसले एउटा गुम्बा बनाउने विचारले समुद्रको नागसँग सम्पर्क गरी सहयोग लिने कूरा गरेछ । उनीहरु बिच भएको सहमति अनुसार गुम्बा निर्माणका लागि आवश्यक सामाग्री सबै नागले व्यवस्था मिलाई दिने तर गुम्बा निर्माण पछि गोले लामा नागको आहारा बन्नु पर्ने हुन्छ । गुम्बाको काम धमाधम हुन थाल्छ । लामा बाजे आफुलाई गुम्बाको गर्भ गृह भित्र रहेको बेला कसैले बाधा विध्न नगरुन भनि सबैलाई जानकारी गराउँछ । उता गोले लामा काम सकेपछि भागी जाने शंका गरि नागले गुम्बाको चारैतिर पुच्छरले बेरेर कहिँ कतैबाट भाग्न उम्कन नपाउने गराई ढोकाबाट टाउको छिराई लामालाई खाने दाउमा बस्छ । गोलेले मन्दिर भित्र देउताको प्रतिष्ठा पूजा अर्चना सबै गरी सकेरे तान्त्रिक बिद्याले नागका टाउकोमा समाई उसैलाई निल्न सुरु गर्छ । बिस्तार बिस्तार तान्दै खाँदै गर्दा मुख सम्म पुच्छर आइसकेको बेला अचानक बाहिरबाट कोही भित्र आएको थाहा पाई निल्न नभ्याएको पुच्छरको टुप्पाको अंश हत्तपत्त छाड्नु पर्छ । त्यही ठुटे पुच्छरको नाग अहिले गोले लामा बाजेको सन्तति सम्मलाई बाँकी नराख्ने भनि अद्यावधि गोसाईकुण्डमा प्रतिक्षारत रहिआएको छ भन्ने जनश्रुतिको बिस्वास तामाङ्ग जातिहरुमा व्याप्त रहेको छ ।

त्यस्तै अर्को प्रचलित किंवदन्ती अनुसार सत्य युगमा एक गोले थरका झाँक्रिले कुण्डमा रहेको नागसँग लाडाइँ गर्ने अठोट लिई साथमा रहेकी श्रीमतीलाई "तिमी दयाङ्ग्रो बजाएर डिलमा बस, म नागसँग जुधेर त्यसलाई बाहिर लिएर आउँछु । म कुण्डबाट बाहिर निस्कदा मेरो जीउमा अक्षताले हिर्काइदिनु र दयाङ्ग्रो बजाउन नछोड्नु"

भनी अह्राई तन्त्रमन्त्रका साथ भैरवकुण्डमा केहिबेरको भिषण लडाइ पश्चात नागसँग बेरिएर बाहिर निस्कन लाग्दा उसकी श्रीमतीले नाग निस्किएको देखी अत्तालिएर अक्षताले जीउमा नहिर्काई ढ्याङ्गो छोडि भागेकाले नागले युद्ध जिती झाँक्रिलाई सोही कुण्डभित्र लगेर मारेको हुँदा गोलेथरका मानिस नजाने र भैरवकुण्डमा स्नान नगर्ने चलन रहिआएको छ ।

हुलाक टिकटमा गोसाईकुण्ड

मुख्यत संस्कृति, सम्पदाहरुको महत्व दर्शाउनका लागि यिनीहरुलाई हुलाक टिकटमा समावेश गरिन्छ । हुलाक टिकटमा आएका सम्पदाहरु राष्ट्रको पहिचान र गौरवको विषयवस्तु हो भनि बुझ्नु पर्दछ । यहि पंक्तिमा गोसाईकुण्ड पनि रहेको छ । गोसाईकुण्ड पनि रहेको छ । गोसाईकुण्ड अंकित भएको हुलाक टिकट दशकौं अघिदेखि प्रचलनमा रहेको छ । सन् १९७० जुन, ११ (२०२७ जेष्ठ २९) मा कलाकार के.के. कमाचार्यले डिजाइन गरेको ३६X२५.५ मि.मि. साइज भएको ५ पैसा मुल्य बराबरको १ लाख थान गोसाईकुण्ड अंकित हुलाक टिकट प्रचलनमा आएको थियो । यो टिकट गभर्मेन्ट प्रिन्टीङ व्यूरो, टोकियो जापानमा मुद्रित गरिएको थियो ।

नेपाली साहित्य र गोसाईकुण्ड

साहित्य र प्रकृतिको अन्योन्याश्रीत सम्बन्ध रहेको छ । साहित्यमा प्रकृति अनिवार्य तत्व झैं रहेको छ । धार्मिक तथा प्राकृतिक रमणीयताले भरिपूर्ण गोसाईकुण्ड धेरै सर्जकहरुको सृजनाको आधार र श्रोत हो । गोसईकुण्डको विषय वस्तुलाई लिएर दर्जनौ साहित्यिक कृतिहरु नेपाली साहित्य क्षेत्रमा प्रकाशित भएका छन् । धेरै वृत्तचित्रहरु पनि निर्माण भएका छन् । यहाँ प्रमुखत: केही गोसाईकुण्ड विषयवस्तुमा केन्द्रीत भएर लेखिएका पुस्तकहरुको चर्चा गरिन्छ ।

जनकवि केसरी धर्मराज थापाद्वारा लिखित "नीलकण्ठ-दर्शन" पुस्तकमा मूलत गोसाईकुण्ड यात्रा लाई ग्यात्मक शैलीमा लेखिएको छ । २०५६ मा जनकवि केशरी धर्मराज (सावित्रि थापा गुठी, स्वयंभू, काठमाडौं द्वारा प्रकाशित यो पुस्तकमा गोसाईकुण्डको उत्पतिको सन्दर्भ यसरी लेखिएको छ ।

लाङटाङ हिमाल हिँउको रास हिमैहिउँको तौवा,
धोद्रै वरले बोलाउँदैछ त्यो लेकाली कौवा ।
धतुराउदै महादेवले जसै त्रिशुल गाडे,
तीन धारा मूल फुटे पहरालाई छाडे ।

(निलकण्ठ दर्शन १००)

त्रिशुलीको जनम भयो जम्छ गोसाईकुण्ड,
कुण्डमानै हम्फालेर शिव बने शान्त ।

(निलकण्ठ दर्शन १०१)



गोसाईकुण्डको मनोरम दृश्य । (फोटो : रामचन्द्र सेढाईं,TRPAP)

यस्तै यूवा साहित्यकार प्रह्लाद पोखेल द्वारा लिखित, हेरसकद्वारा २०५६ मा प्रकाशित गोसाईकुण्ड (यात्रा काव्य) मा काठमाडौ देखि गोसाईकुण्ड सम्मको पाँचदिनको भ्रमण समेटिएको छ । पानी नै रचनाको उर्जा रहेको कुरा कविले कृतिमा समेटेका छन् ।

पानी जीवन हो समस्त रचना हुर्कन्न पानी बिना
आँखा मात्र भएर हुन्न जसरी देखिन्न नानीविना
आँखा हुन्छ भने चराचर जगत पानी त नानी न हो
पानी नै नभए बचिन्छ कसरी आधार पानी त हो ।

(गोसाइँकुण्ड ३७)

त्यसै गरी कविले गोसाईकुण्डको बिचित्रता र रमणीयताको प्रशंसा गर्न पनि पछि परेका छैनन् ।

पानी टनन जमेसमान हिउँको चक्का छ ऐनासरि
कल्ले रङ्गभरे हुनन् नि यसरी यस्ता अनेकौं थरी
कालो रङ्ग कतै कतै छ हरियो नीलो कतै देखिने
सेतो स्वच्छ कतै उही छ जल ता रङ्गिविरङ्गि हुने ।

(गोसाईकुण्ड ३७)

यसै बीचमा घटराज भट्टराई द्वारा लिखित, यज्ञ विक्रम राणाले २०४६ सालमा प्रकाशित गर्नुभएको गोसाईकुण्ड (यात्रा वृतान्त) पनि ज्यादै रोचक र सन्देश मुलक रहेको छ । यो यात्रा संस्मरण आत्मपरक शैलिमा लेखिएको छ । विभिन्न तस्वीरहरु पनि संकलित यस कृतिमा मूलत गोसाईकुण्ड यात्रा क्रममा पर्ने महत्वपूर्ण स्थानहरुको चिनारी पनि दिइएको छ । नयाँ तीर्थ यात्राका निति यो पुस्तक सन्दर्भ सामग्री बन्न सक्दछ । यी यस्तै थुप्रै पुस्तकहरु गोसाइँकुण्डको विषयमा प्रकाशित भएका छन्

गोसाईकुण्डसँग सम्बन्धित अन्य पक्ष

नेपाली जनसमुदायमा चिसो पवित्र गोसाईकुण्डको जल बगेर पाटनको कुम्भेस्वर मन्दिरको एउटा सानो कुण्डमा आउने अझसम्म पनि विस्वास गरिन्छ । त्यसैले

गोसाईकुण्डमा मेला लाग्ने जनैपुर्णिमाको दिन यहाँ पनि ठुलो मेला लाग्ने गर्दछ । कालकुट विषको पीडाबाट मुक्त भएको कारण जनैपुर्णिमाको अघिल्लो दिन पशुपतिनाथको मन्दिर बन्द रहन्छ । श्रावण शुक्ल पुर्णिमाको अघिल्लो दिन पशुपतिनाथ छोडेर शिवजी गोसाईकुण्ड जान्छन् भन्ने विस्वास गरिन्छ । धुलिखेल नजिकै महादेव पोखरी डाँडामा रहेको सानो पोखरीलाई पनि गोसाईस्थानको नामले पुज्ने चलन छ ।

नेवारी समुदायमा गोसाईकुण्ड तीर्थलाई शिलु तीर्थको नामले चिनिन्छ । यस समुदायबिच श्रीमान श्रीमती एकै साथ गोसाईकुण्डको यात्रा गर्न नहुने विस्वास रहेको छ । यो विस्वासको पुष्टिका लागि अठारौं सताब्दी देखि नै लोकप्रीय रहेको "शिलुतिर्थ" नामक नेवारी लोकगीतलाई लिनु सान्दर्भिक रहन्छ ।

यो गीतमा तत्कालीन समयको धार्मिक, सामाजिक र राजनीतिक अवस्थाको राम्रो चित्रण गरिएको छ । यो गीतमा पतिले गोसाईकुण्ड यात्रामा सँगै श्रीमती लैजाने मन नगर्दा जबर्जस्ती श्रीमतीसँगै तीर्थमा पुगेको, कुण्डमा राजाद्धारा पत्नीको हरण भएको, पत्नी विरहका कारण पति जोगी भएको, उता पत्नीले रानी बन्न पुगेपछि जोगीहरुलाई भोज खुवाउँदा आफ्नो जोगी श्रीमानसँग भेट भएको र आफुपनि जोगीको भेषमा भागेको कुरा ज्यादै कारुणिक, साहसिक रुपमा व्यक्त गरिएको छ । साथै कथामा गोसाईकूण्ड यात्राको दौरानमा पर्ने धर्मस्थल पाँचमाने फेँदी, जाइफेल पौवा, रानीपौवा, चतुराली पौवा, नुवाकोट बेसी, धैबुङ, भिमली, धुन्चे, लौरी विनायक, गोसाईकुण्ड गरी ११ वटा विश्राम स्थलको नाम पनि बताइएको छ । यसै कथालाइ आधार मानेर नेपाल भाषामा "शिलू" नामक रंगिन चलचित्र पनि बनेको छ ।

उपसंहार

गोसाईकुण्ड पानी हो, आँखाको नानी हो । पानी स्वच्छता, निर्मलता, पवित्रताको प्रतीक हो । सतहबाट मात्र हेर्यौं भने निलो रङ्ग देखिन्छ । गहिराई पुग्यौंभने कूनै रङ्ग भेटिन्न । यही पानीको रुपबाट धेरै कुरा पाउन सकिन्छ । गोसाईकुण्डको सुधार र संरक्षणका सम्बन्धमा विभिन्न पक्षबाट बनाइएको कार्यक्रमलाई फाइलमा नअड्काई पूर्ण रुपमा कार्यान्वयनमा लैजान पर्ने समय आइसकेको छ । यात्रुहरुले चढाउने भेटीको पारदर्शी रुपमा संकलन र सदूपयोग गरिनु पर्दछ । गोसाईकुण्ड यात्राको बहपक्षिय महत्वको विषयमा प्रचार प्रसार गरिनु आवश्यक छ । तीर्थयात्राका लागि जाने स्वदेशी तथा विदेशी दुवै किसिमका यात्रुहरुमा सामान्य करको व्यवस्था गरी करबाट प्राप्त रकमले यात्रुहरुको हित, गोसाईकुण्डको संरक्षण र प्रचार प्रसारमा लगाउन सक्यौं भने अझ राम्रो हुनेछ । एउटा बृहत समिति वा समूह बनाइ पृथ्वीनारायण शाहले व्यवस्था गरेको तीर्थ यात्रुहरुलाई दही र घुम दिने चलनलाई निरन्तरता दिने कोशिस गरियो भने इतिहास बनिसकेको त्यो परम्पराले पुनर्जीवन पाउने कुरामा दुई मत हुनै सक्दैन । रसुवा जिल्लाका विभिन्न स्थानहरुमा पाइएका विभिन्न शिलालेखहरुको अध्ययन र अनुसन्धानले यसको धार्मिक र ऐतिहासिक महत्वका विषयमा थप तथ्यहरु पत्ता लाग्न सक्दछन् । यसका लागि संरक्षणको अभाव झेलिरहेका लहरेपौवा, भीमसेनस्थान (माझगाउँ), रसुवागढी लगायतका स्थानहरुमा रहेका शीलालेखहरुको अध्ययन र संरक्षण हुन आवश्यक छ । पृथ्वीनारायण शाह गोसाईकुण्ड स्नान गरी फर्केपछि निर्माण गर्न लगाएका बेत्रावतीको राममन्दिरमा पनि शिलालेख रहेका कुरा बुढापाकाहरु बताउँछन् । थप तथ्य आउन सक्ने उक्त शिलालेख कहाँ रहेको छ र त्यो पनि खोजिको विषय नै छ ।

अहिले गोसाईकुण्ड क्षेत्रलाई राष्ट्रिय सम्पदा र सिमसार क्षेत्रको सूचिमा राख्न खोजिनुले पनि यसको महत्व र चुनौती बढाएको छ । सूचना र प्रविधिको यो युगमा हामीले गोसाईकुण्डको यावत विषयवस्तुलाई Website, Internet मार्फत विश्व जगतमा पु-याउनु आजको प्रमुख अवश्यकता हो । यसको माध्यमबाट हामीले स्वदेशी तथा विदेशी पर्यटकहरुको आगमनमा बृद्धिगर्न सक्दछौं भन्ने कुरामा दुईमत छैन । वृत्तचित्रहरुको निर्माण र प्रदर्शनी हुनु जरुरी छ । वर्षेनी तिर्थालुहरुबाट सुझावहरु संकलन गर्ने र क्रमिक रुपमा सुझाव अनुरुप सुधार्दै लैजानुले पनि गोसाईकुण्ड एउटा महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलको रुपमा विश्व प्रख्यात हुन समय लाग्ने छैन ।

अनन्तः आफ्ना अंग पगाली जलाशयको जन्म दिने हिमाल र विष सेवन गरी विश्व रक्षा गर्ने भगवान शिवले देखाएको बाटोमा एउटा सिँढी मात्र उक्लन सकियो भने मान्छे मानव बन्नेछ ।

सन्दर्भ सामग्रीहरु

१) वेत्रागंगा, वर्ष १, अंक १ २०६१
२) प्रहरी, वर्ष ४२,२०५७, फाल्गुण १ गते अंक ६ ।
३) शैक्षिक पुञ्ज स्मारिका, नेपाल शिक्षक संगठन रसुवा २०६०
४) गोरखा पत्र २०५७ श्रावण
५) रसुवा पार्श्व चित्र २०५९, जिल्ला विकास समिति रसुवा ।
६) नुवाकोट, प्रथम नुवाकोट महोत्सव २०६३ विशेष ।
७) पौड्याल कैलाशनाथ, पौराणिक इतिहास ।
८) दीप स्मारिका, शिक्षण विकास केन्द्र, रसुवा २०५७ ।
९) तिर्थ पर्यटन, दायित्व वाङमय प्रतिष्ठान ।
१०) स्थलगत अध्ययन तथा सम्बन्धित व्यक्तिहरुसँग छलफल
११) Hardayal Singh (Glimpeses of Nepal phetalery and postage stamps of Nepal)

www.agaman.blogspot.com

एच.आई.भी. /एड्स तथा यौन रोग

एच.आई.भी. /एड्स तथा यौन रोग सम्बन्धी जान्नै पर्ने कुराहरु

एच.आई.भी. सर्ने माध्यमहरु

- असुरक्षित यौन सम्पर्कबाट
- रगतबाट:

१) एच.आई.भी. संक्रमित रगत रगतबाट बनेका पदार्थहरु तथा अंगहरु लिंदा ।
२) सुई तथा सिरिन्जको साझा प्रयोगबाट ।

- आमाबाट बच्चामा:

१) संक्रमित आमाबाट बच्चामा एच.आई.भी. ३ चरणमा सर्न सक्दछ ।
  क) गर्भवती अवस्थामा
  ख) सुत्केरी हुने अवस्थामा
  ग) दुध खुवाउँदा (स्तनपान) ।

यौन रोगका लक्षणहरु:

- लिङ्ग तथा यौनीमा घाउ हुने ।
- लिङ्ग तथा योनीमा पीप जस्तो तरल पदार्थ बग्ने ।
- महिलाहरुमा तल्लो पेट दुख्ने ।
- लिङ्ग तथा योनीको वरिपरि सुन्निने तथा गाँठाहरु देखिने ।
- लिङ्ग तथा योनी पोल्ने ।
- यौन रोगबाट संक्रमित आमाबाट जन्मिने शिशुमा आँखा पाक्ने रोगहरु देखा पर्नसक्छ ।

एच.आई.भी. र यौन रोगबाट बच्ने उपायहरु

- सुरक्षित यौन व्यवहार अपनाउने ।
- सधैं सही तरिकाले कण्डमको प्रयोग गरी यौन सम्पर्क राख्ने ।
- सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलिकरण गरेर प्रयोग गर्ने ।
- एच.आई.भी.संक्रमित महिला गर्भवती नभएर ।
- यौन रोगको लक्षण देखा परेमा तुरुन्त उपचार गर्ने ।
- आफ्नो यौन साथीलाई पनि उपचार गराउने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र
टेकु, काठमाडौं

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मण पोखरेल
सचिव
एवं भोर्ले गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कमल प्रसाद घर्तिमगर
सचिव
एवं सरमथली गाउँ विकास समिति परिवार,रसुवा ।

बैंकमा BALANCE हातमा घर

कुमारी बैंक प्रस्तुत गर्दछ
बैंकमा Balance हातमा घर



अब कुमारी बैंकको कुनै पनि बचत खातामा न्युनतम रु २५,०००/- अथवा त्यसको गुणामा बढी रकम जम्मा गरी पाउनुहोस एउटा भाग्यशाली मौंका जसले दिनेछ तपाईंलाइ गुण को-अपेटिभको रिलायवल कोलोनी भैंसेपाटीमा अढाई तले (३ बेडरुम, लिभिङ, डाइनिङ, स्टोर आदी भएको) आकर्षक घर सित्तैमा ।

साथै उक्त बचतले हरेक महिना एक जनालाई मोवाइल सेट, टिभी, हिराको औंठी जस्ता कुनै न कुनै उपहार समेत पाउने अवसर दिलाउनेछ ।

कुमारी बैंकमा रु २५०००/- राखी कुनै पनि बचत खाता संचालन गर्ने हरेकले यो अवसर प्राप्त गर्ने भएकाले तपाई पनि आजै गई आफ्नो खाता खोल्नुहो ।

अझ तपाईले सुपर सेभिङ्ग खाता नै खोल्नु भयो भने त झन हरेक महिना सुनका सिक्काहरु समेत पाउने अवसर प्राप्त गर्नुहुनेछ ।

यो योजना १५ अगष्ट २००६ बाट शुरु भै एक बर्षसम्म कायम रहनेछ । घर उपहार कार्यक्रम तेह्रौं महिनामा खोलिनेछ एकजना भाग्यशाली ग्राहकले घर उपहार प्राप्त गर्नेछन ।

थप जानकारीको लाथि हामीलाई सम्पर्क गर्नुहोस या हाम्रो कुनैपनि शाखामा आफै पाल्नुहोस ।

• काठमाडौं: पुतलिसडक, फोन ४२३२११२/४२३२११३ Ext. ३२२ Ext. ३२३, न्युरोड, फोन: ०१-४२३८३८८, विराटनगर: मोरङ, व्यापार संघ बिल्डिङ, फोन ०२१-५३७०१
• वरगंज: आदर्श नगर फोन ०५१५२४८१२, • पोखरा: न्युरोड, फोन ०६१५४०२६६,
• इटहरी: धरान रोड फोन ०२५५८६६६१

जति बढी वचत त्यति बढी घर जित्ने मौका !

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
COMPLETE BANKING
*Conditions apply

रसुवाको वर्तमान शैक्षिक अवस्था, चुनौती र सम्भावनाहरु



-देवराज सिखडा

पृष्ठभूमि

समुद्रीसतहबाट ६०० देखि ७२४५ मिटर उचाइसम्म फैलिएको लाङटाङ, गणेश लगायतका उभ्म हिमश्रृंखलाहरुको मनोरम काखमा अवस्थित गोसाईकुण्ड, पार्वतीकुण्ड, सूर्यकुण्ड जस्ता अनेकौं पवित्र धार्मिक कुण्डहरुका साथमा प्राकृतिक सुन्दरता, जैविक विविधता र विभिन्न जातजातिको साँस्कृतिक सधनताको त्रिवेणी यस जिल्लामा राष्ट्रिय जनगणना २०५८ अनुसार ४३,९०६ जना रसुवालीहरु ८,६८९ घरपरिवारमा बस्दछन् । यहाँ महिलाहरुको संख्या २१,३५४, पुरुषहरुको संख्या २२,५५२ छ भने तामाङ र शेर्पाको संख्या २८,८८५ अर्थात ६५.७९% क्षेत्री बाहुनको संख्या ८,१२८ अर्थात १८.५१% रहेको छ । जिल्लाको क्षेत्रफल १,५४४ व.कि.मि. छ । जिल्लाको पछिल्लो तथ्यांक अनुसार ६ वर्ष भन्दा माथिको साक्षरता प्रतिशत महिला ३९, पुरुष ५२.४७ र महिला पुरुष गरी ५२.४७ रहेको छ । जिल्लाको सवैभन्दा तल्लो भाग वेत्रावतीदेखि गणेश हिमालको फेद सोम्दाङसम्म ९७ कि.मि. सडक पुगेको छ । वर्तमान शैक्षिक अवस्थाः- भौगोलिक विकटता, खेती योग्य जमीनको कमी आदि कारणले गर्दा जनसंख्या पातलो हुनु स्वभाविकै हो । हाल यहाँ संचालित प्रा.वि. ८२, नि.मा.वि.१० र मा.वि. १२

क्र.सं	प्रणाली सुचकहरु	दशौं योजनाको लक्ष्य	वर्तमान अवस्था	०६४/६५ सम्म पुग्ने लक्ष्य
१	कक्षा १ मा नयाँ भर्ना प्रतिशत	४०	३२	३३
२	कक्षा १ मा कुल नयाँ भर्नादर		२४४	२२०
३	कक्षा १ मा खुद नयाँ भर्ना दर		६०	६१
४	कक्षा १ देखि ५ मा कूल भर्नादर (GER)	११०	१३६	१२६
५	" खुद भर्नादर (NER)	९०	८९.५	९०
६	आवश्यक योग्यता र तालिम प्राप्त शिक्षक %		६०.३	७०
७	तलिम प्राप्त शिक्षकको प्रतिशत	१००	७५	८५
८	तलिम प्राप्त शिक्षिकाको प्रतिशत	१००	५६.६	६५
९	शिक्षक विद्यार्थीको अनुपात		१:२५.६	१:२७
१०	कक्षा दोहो-याउने दर (कक्षा १)		२५	२०
११	कक्षा दोहो-याउने दर (कक्षा ५)		१२	११
१२	कक्षा ५ सम्मको टिकाउ दर		५५	५७
१३	कक्षा ५ को सिकाई उपलब्धि प्रतिशत		४४	४८
१४	कक्षा १-५ को उत्तीर्ण दर		८६	८७
१५	प्राथमिक तह पुरा गर्ने दर		४०	४१
१६	दलितको खुद भर्ना दर (१देखि ५)		५३	५४
१७	जनजातिको खुद भर्ना दर १ देखि ५)		८२	८४
१८	शिक्षकको औषत उपस्थिति दिन वार्षिक		१८२	१८५
१९	विद्यार्थीको औषत उपस्थिति दिन वार्षिक		१६४	१७०
२०	विद्यालय खुलेको दिन वार्षिक		१८५	१९०
२१	प्रति विद्यालय विद्यार्थी संख्या		१:११९.८	१:१२५
२२	विद्यालय शिक्षक अनुपात		१.४	१.५
२३	कक्षा शिक्षक अनुपात		१:१.२६	१:१.२७
२४	शिक्षिकाको प्रतिशत	३०	२०.४	२२
२५	वालविकास केन्द्र (ECD)	३२	२४	२५

गरी १०४ वटा सामुदायिक र प्रा.वि. ५, नि.मा.वि. १, मा.वि.१ गरी ७ वटा संस्थागत विद्यालयहरु छन् । साथै उच्च मा.वि. ३ र क्याम्पस १ वटा रहेका छन् । यहाँ युनेस्कोले स्थापना गरेका ३ र नेपाल सरकारद्वारा संचालित गरी जम्मा सामुदायिक अध्ययन केन्द्रहरु छन् । वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत यहाँ प्राथमिक शिक्षा विस्तार कार्यक्रम २०, अनौपचारिक प्राथमिक शिक्षा ५ र समाहत शिक्षा १ वटा संचालनमा छन्

यहाँका अन्य शैक्षिक सूचाङ्कहरु निम्नानुसार छन्:-

शिक्षक, विद्यार्थी विवरण:

	प्रा.वि.	नि.मा.वि	मा.वि	उच्च मा.वि	जम्मा
छात्रा	४५६८	१०८८	४९१	२०५	६३५२
छात्र	४५५४	१२८२	४८१	१९१	६५०८
जम्मा	९१२२	२३७०	९७२	३९६	१२८६०
दलित	३९९	४७	१४	-	४६०
शिक्षक	३५६	५३	३८	४	४५१
राहत शि.	८	६	३	-	१७

अन्य सूचकहरु

क.सं	विवरण	प्राथमिक वि	नि.मा.वि	माध्यमिक	जम्मा
१	महिला शिक्षकको प्रतिशत	२०.४	९.५	२.६	१८.३
२	छात्राको छुट्टै सौचालय भएको विद्यालय	१०	२	१०	२२
३	स्वच्छ खानेपानीको व्यवस्था भएको विद्यालय	३०	८	१२	५०
४	पुस्तकालय भएको विद्यालय	-	-	१०	१०
५	कम्प्युटर कक्षा भएको विद्यालय	-	-	२	२
६	विज्ञान प्रयोगशाला भएको विद्यालय	-	-	१२	१२
७	महिला प्र.अ. भएको विद्यालय	४	-	-	४
८	विद्यालय व्यवस्थापन समिति गठन भएको वि.	८२	१०	१२	१०४
९	महिला अध्यक्ष भएको वि.व्य.समिति	-	-	-	-
१०	विद्यालय शिक्षक अनुपात	१:२५.६	१:४४.७१	१:२५.५	-

विद्यमान चुनौती तथा समस्याहरु:- जिल्लामा भित्रिएको स्रोत र साधनको अधिकतम प्रयोग शिक्षा क्षेत्रमा भएतापनि यहाँ अझै अनेकौं चुनौती र समस्याहरु विद्यमान छन् । मा.वि. को संख्या १२ वटा पुग्दा पनि शिक्षक दरवन्दी ३८ मात्र हुनु माध्यमिक शिक्षामा सुधार हुन नसक्नुको एक प्रमुख कारण हो तथापि यहाँको एस.एल.सी. परीक्षाको परिणाम उल्लेख्य नै छ । २०६२ सालको नियमित समूहको उत्तीर्ण प्रतिशत ८२ भन्दा बढी नै छ । यहाँ शिक्षक विद्यार्थी नियमिततमा कमी, सिकाई उपलब्धिमा अपेक्षित सुधार नहुनु, शिक्षक विद्यार्थी अनुपातमा अस्वभाविकता जस्ता समस्याहरु संलग्न सूचकहरुले देखाँउछ । अधिकांश अभिभावकहरुमा व्याप्त अशिक्षा, गरिबी, अन्धविस्वास र भौगोलिक विकटताले गर्दा कयौं विद्यालयहरुमा विद्यार्थीहरुको उपस्थितिमा समस्या देखिएको छ । अझै पनि जिल्लाभरमा ५४% बासिन्दाहरु निरक्षर छन् । सन् २०१५ सम्ममा प्रौढहरुको साक्षरतामा ५०% वृद्धि गर्ने र सबैका लागि शिक्षा जस्ता कार्यक्रम संचालन भए पनि लक्ष्य पूरा हुन कठिन देखिन्छ । २०६३ को राजनैतिक परिवर्तन पछि पनि कायमै सामाजिक समस्या, राजनिति र जातीयताले धमिल्याएको विद्यालय वातावरण परीक्षा प्रणालीमा समय सापेक्ष सुधारको कमिले गर्दा पनि शैक्षिक वातावरणमा समस्या थपिएका छन् ।

उपर्युक्त अवस्थाका अलवा यहाँका प्रमुख चुनौती तथा समस्याहरु यस प्रकार छन्:-

१) भौतिक पूर्वाधारको कमी:- जिल्लाका कयौं विद्यालयहरुको भवन उपयुक्त नहुनु, फर्निचरको कमी, खेलमैदानको अभाव उपयुक्त स्थानमा विद्यालय नभएको अवस्था, भौतिक सूधारका लागि उपलब्ध हुने स्रोत र साधन भौगोलिक विभिन्नतासँग मेल खाने खालको नहुनुलाई प्रमुख समस्याको रुपमा लिन सकिन्छ । यी समस्याहरु चुनौतीका रुपमा वर्षौंदेखि खडा छन् ।

२) भर्नादरमा वृद्धि गर्नुपर्ने:- बहुसंख्यक जनजातिहरुको बसोवास रहेकोले यहाँ अझै पनि सबै जनजाति, दलितका वालवालिकाहरुलाई विद्यालयमा आकर्षित गर्न सकिएको छैन । अशिक्षा र गरिबी व्याप्त हुनु, पढाइको महत्व बुझ्न नसक्नु, विद्यालयमा उपयुक्त वातावरण नहुनु, समानता र निष्पक्षता खड्किनु,भाषिक समस्या देखिनु र छात्रवृत्ति, पुरस्कारलाई आकर्षक बनाउन नसक्नु, शिक्षक नियमितता नहुनु आदि कारणहरुले गर्दा सबैका लागि शिक्षामा अवसर पुगको देखिदैन । यसका लागि सबैभन्दा महत्वपूर्ण व्यक्तिहरु मानिने शिक्षक र अभिभावकको भूमिका रहन्छ भने अन्य सबै सरोकार वालाहरुको महत्वपूर्ण भूमिका हुनुपर्छ ।

३) सिकाइ उपलब्धिमा वृद्धि नहुनु:- माथिको तालिकाले देखाएका सूचकहरुको अध्ययन गर्दा सिकाइ उपलब्धि मध्ये

कक्षा १ मा ३६%, २ मा ३८%, ३ मा ४१%, ४ मा ३७% र ५ मा ४०% रहेको छ भने प्रा.वि. तहकै विषयगत रुपमा अंग्रेजी-३७%, गणित-४३%, सामाजिक-४०%, विज्ञान-४४%, नेपाली-४३% मात्र रहेको छ। यसरी प्रा.वि. तह जुन आधारभूत तह मानिन्छ, त्यहाँ कुनै विषयको पनि औषत सि.उ. ४४% भन्दा माथि पुगेको छैन। यसलाई सुधार गरी सन् २००७ सम्म ५७%, २०१२ सम्म ७०% र २०१५ सम्म ८०% सम्म पु-याउने सबै सरोकार पक्षहरुले प्रतिवद्धता जाहेर गर्न ढिलो गर्नु हुदैन।

४)वालविकास केन्द्रको स्थापना:- दशौं योजनाको अवधारणा पत्रमा कक्षा १ मा भर्ना हुन ४०% सन् २००७ सम्म, सन् २०१२ सम्म ६५%, सन् २०१५सम्म ८०% विद्यार्थीहरु वालविकास केन्द्रबाट आउनु पर्ने भनेको भएता पनि यहाँ सो अनुसार हुन सकेको देखिदैन।

५)शिक्षक दरवन्दीको यथोचित व्यवस्था:- माथिको तालिकाबाट शिक्षक विद्यार्थी अनुपात प्रा.वि. तहमा सामान्य रहेको छ। नि.मा.वि. तहमा सामान्य रहेको छ। नि.मा.वि. र मा.वि. तहमा शिक्षक दरवन्दी विद्यार्थीको आधारमा मात्र नहेरी विद्यालयका आधारमा विषय शिक्षकहरुको प्रबन्ध हुनसकेको छैन। आवश्यक शिक्षकको अभावमा सिकाई उपलब्धी बढाउन सकिँदैन। शिक्षक दरबन्दी थप गर्न र मौजुदा शैक्षिक जनशक्तिलाई पेशागत सुरक्षा र प्रोत्साहन, सम्मान दिई परिणाममुखी बनाउन सकिन्छ।

६)शिक्षक विद्यार्थी अनियमितता:- जिल्लाको शिक्षकले गरेको छ। पढाउन भन्दा प्रश्न दिन र त्यो भन्दा अझ अविवेकपूर्ण मूल्यांकन प्रणाली हावी रहेको छ। विद्यार्थीको मात्र मूल्यांकन गर्ने शिक्षकहरुमा परिवर्तन ल्याउन विद्यार्थी र अभिभावकले र शिक्षक स्वयमले आफ्नो मूल्यांकन गर्ने व्यवस्था हुन सकेको छैन।

७)वालमैत्री विद्यालय वातावरण नहुनु:- विद्यालयलाई समावेशीकरण र लोकतान्त्रिकरण गर्दै शिक्षकहरु वालमनोविज्ञान बुझ्ने, वालशोभित र मायालु व्यवहार गर्ने खालको बन्न नसक्दा विद्यार्थीहरुको व्यवहारमा सकारात्मक परिवर्तन हुन सकेको देखिदैन। वाल अधिकार, लिङ्ग, जाति, उमेर, वर्ग र शिक्षण विधिका सम्बन्धमा शिक्षकहरुको भूमिका सवैभन्दा महत्वपूर्ण हुने भएको हुँदा सधै सचेत हुनु जरुरी छ। यस विषयमा अभिभावकहरुलाई पनि उचित परामर्श आवश्यक भएता पनि यो हुन सकेको छैन। विद्यालयलाई दण्डहीन, प्रेरणादायी, आकर्षक स्थलको रुपमा विकास गर्न नसक्दा विद्यार्थीहरुमा संवेगात्मक विकास राम्ररी भएको छैन।

८)मूल्यांकन प्रणालीमा सुधारको अभाव:- मूल्यांकन निरन्तर चल्ने प्रकृयाको रुपमा नलिई सुधारात्मक मूल्यांकनलाई भन्दा निर्णायात्मक मूल्यांकनलाई मात्र महत्व दिने परिपाटीमा सुधार देखिएको छैन। ज्ञान, सीप र धारणाको परिवर्तनमा मूल्यांकनले छोएको हुदैन। केवल पाठ्यपुस्तक पढ्ने, घोक्ने र त्यसरी लेख्दामात्र राम्रो अंक ल्याउने विस्वास विद्यार्थीहरुलाई हुने गरेको छ। पढाउन भन्दा प्रश्न दिन र त्यो भन्दा अझ अविवेकपूर्ण मूल्यांकन प्रणाली हावी रहेको छ। विद्यार्थीको मात्र मूल्यांकन गर्ने शिक्षकहरुमा परिवर्तन ल्याउन विद्यार्थी र अभिभावकले र शिक्षक स्वयमले आफ्नो मूल्यांकन गर्ने व्यवस्था हुन सकेको छैन।

९)व्यवस्थापन समितिको उदासीनता:जिल्लामा सीमित वि.व्य.स. हरुबाहेक अधिकांश समितिहरुमा सक्रियता, कर्तव्यवोध, अधिकारको बारे जानकारीको अभाव छ। शिक्षकलाई तालिम दिए जस्तै वि.व्य.स. का पदाधिकारीहरुलाई वार्षिक ४/५ दिनको तालिम संचालन गर्नुपर्दछ। यस जिल्लमा यस्तो तालिमको व्यवस्था नौ लेख फाउण्डेशन नामक गैर सरकारी संस्थाले माथिल्लो भेगका ८ गा.वि.स.मा २५ विद्यालयका पदाधिकारीहरुलाई वार्षिक ३ दिन दिदै आएको भएता पनि अन्य ठाउँमा त्यो व्यवस्था छैन।

१०)निरीक्षण तथा अनुगमन कार्यमा सुधार नहुनु:- जिल्लालाई ८ स्रोत केन्द्रमा विभाजन गरी स्रोत व्यक्तिको नियुक्ति भएर पनि स्रोतव्यक्तिहरुको भूमिका प्रायः निराशाजनक छ। अधिकृत तहको सुविधा माग गर्ने स्रोत व्यक्तिहरुलाई उपयुक्त ढँगले प्रायोग नगरिदिंदा शिक्षामा गुणस्तर खस्केको उदाहरणहरु अनगिन्ती भेटिन्छन्। स्रोत व्यक्तिहरुको कार्यको किटानी नहुँदा वर्षेनी लगानी खेर गइरहेको छ।

११)शिक्षण पेशाप्रतिको नकारात्मकता:- शिक्षण पेसामा रहने शिक्षक देखि नीति निर्माणको उच्च तहमा रहेका व्यक्तिहरुको दृष्टिकोणमा सुधार भएको छैन। शिक्षकका आधारभूत माग, अधिकार र पेशागत सुरक्षाको बारेमा उपेक्षा हावी भएका छन्। हुन त यी कुराहरु जिल्लाले पूरा गर्न नसक्ला तर शिक्षकहरुको भावनाको कदर हुनुपर्दथ्यो। सबै क्षेत्रको आन्दोलन, हड्ताल आदिको प्रत्यक्ष प्रभाव विद्यालयमा पर्छन्। प्र. अ. लाई कार्यबोझ बढी हुनु, सानातिना प्रशासनिक कामका लागि सदरमुकाम जानुपर्ने जुन काम स्रोतव्यक्ति बाट हुन सक्छन्।

१२)प्रौढ साक्षरतामा सुधार नहुनु:- जिल्लामा अझैपनि ५४% भन्दा बढी व्यक्ति निरक्षर छन्। हरेक वर्ष सयौंको संख्यामा अनौपचारिक शिक्षाका कोटा उपलब्ध भएपनि फलदायी बन्न सकेको देखिदैन। हरेक वर्ष ५००० भन्दा बढी प्रौढहरुले साक्षर हुने सौभाग्य पाउनु पर्ने हुन्छ जुन १२% भन्दा बढीले बढेको हुनुपर्ने देखिन्छ तर यो प्रायः असफल भएको भान हुन्छ।

४) शैक्षिक सुधारका सम्भावनाहरु

सरोकारवाला व्यक्तिहरुसँगको सहकार्य बिना गरिएका

शिक्षासँग सम्बन्धित कयौं कार्यक्रम असफलता उन्मुख भएकाले राज्यले हाल आएर सुधारका संकेतहरु देखाएको छ । जिल्ला स्तरमा पनि यसको आभास पाइएको छ । शिक्षाको महत्वपूर्ण शिक्षकहरुको पेशागत संस्थाहरुसँगको सहकार्य अपरिहार्य भएको कुरालाई मनन गरी जिल्ला शिक्षा कार्यलयले शैक्षिक समस्या समाधान र सुधारका लागि मिलेर अगाडि बढ्ने कामको थालनी भएको हुँदा अवका दिन आश लाग्दा छन् । यस जिल्लाका उपर्युक्त शैक्षिक समस्या र चुनौतीहरुलाई न्युनीकरण गरी यस जिल्लाका वालवालिकाहरुको भविष्य उज्वल बनाउन सबै सरोकारवाला पक्षहरुको जिम्मेवारपूर्ण भूमिका हुनुपर्दछ । यसका लागि तल उल्लिखित कार्यहरु अवलम्वन गर्नु आवश्यक देखिनछ ।

क) गतिशील, सक्षम, सचेत र विकासप्रेमी व्यक्तिहरुको वि.व्य. समिति गठन

ख) वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीहरु, अभिभावक हरुलाई सशक्तिकरणका लागि आवश्यक तालिमको व्यवस्था

ग) उपयुक्त भौतिक पूर्वाधारहरुको व्यवस्था, सुविधाजनक र पर्याप्त फर्निचर, शैक्षिक र खेलकुदका सामग्रीहरुको व्यवस्था तथा प्रयोग,

घ) स्थानीय स्रोत र साधनको अधिकतम उपयोग/प्रयोग

ङ) गरिव, दलित परिवारलाई रोजगारी वा आय आर्जनको अवसर का साथै चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन

च) विद्यार्थी संख्या, कक्षा र तह अनुसार योग शिक्षकको व्यवस्था

छ) शिक्षकहरुको नियमितता, लगनशीलता र दक्षताका लागि शिक्षक स्वयम्, पेशागत संघसंस्था रआधिकारिक निकाय हरुको प्रतिवद्धता हुनुपर्ने

ज) शिक्षालाई निशुल्क, गुणस्तरीय, व्यवसायमूलक, जीवनयापनमा सहयोगी र सुलभ बनाइनुपर्ने

झ) सबै विद्यालय शिक्षकहरु र घरपरिवारको वातावरण वालमैत्री बनाउन सबैले जिम्मेवारी लिनुपर्ने

ञ) विद्यालयमा शैक्षिक गतिविधि बाहेक अन्य असान्दर्भिक गतिविधि गर्न नपाउने, सवैबाट संरक्षित र शान्तिमय बनाउन सबैले प्रतिज्ञा गर्नुपर्ने

ट)जिल्लामा आएका सरकारी तथा गैरसरकारी निकायको स्रोत बाँडफाँड गर्दा शिक्षालाई पहिलो प्राथमिकतामा राखी योजना बनाइ कार्यान्वयन गर्नुपर्ने

ठ) अनौपचारीक शिक्षाको परम्परागत शैलीमा परिवर्तन गर्न, समय, श्रम र सम्पत्तीको गरी विद्यालयमा पढ्ने बालाबालिका भएका परिवारलाई नै आधार प्रौढ शिक्षा व्यवस्थित बनाई आफ्ना बालबालिकाबाट सिक्ने परिपाटिको विकास

ड) विद्यालयको आर्थिक दायित्व सरकारले र संचालन तथा व्यवस्थापनको पूर्ण दायित्व, स्थानीय निकाय र समुदायले बहन गर्नुपर्ने

ढ) नियमित निरीक्षण, सुपरिवेक्षण, विद्यालयलाई लोकतान्त्रिकरण गर्ने, निष्पक्ष, विवेकपूर्ण मूल्यांकनको परिपाटी बनाउने ।

५) निष्कर्ष:-

केही अधिसम्म अशिक्षा, गरिबी र उपेक्षाका शिकार बनेको यस जिल्लाका गाउँ गाउँमा फैलिदै गएको शिक्षाको उज्यालो घामसँगै संचालित विकास निर्माणका कार्य, गरिबी न्युनीकरणका लागि सक्रिय संघसंस्थाहरु, रोजगारीका अवसरहरुमा वृद्धि, पशुपालन र कृषि व्यवसायमा देखिएको सक्रियता, विद्यालयको भौतिक र शैक्षिक उन्नतिमा देखिएको अग्रसरता, सर्वत्र छाएको शान्ति र सहिष्णुता, आपसी एकता र सद्भावका कारण यस जिल्लाको भविष्य अवश्यनै उज्वल छ । अज्ञानता नै हाम्रो ठूलो शत्रु भएको हुँदा यसलाई निर्मुल नगरेसम्म भौतिक विकास सार्थक हुन सक्दैन । तसर्थ वेत्रावती देखि लाङटाङ सम्मका मानव बस्तीमा शिक्षाको चहकिलो प्रकाश फिजाऔं, आफ्नो पहिचान आफै दिऔं ।

(लेखक श्यामेवाङ्गफेल मा.वि स्याफ्रुवेशी,रसुवाको प्र.अ हुनुहुन्छ ।)

A. J. Wild Institute of Advanced Studies
AJW
GCE 'A' Level Programme
Happy New Year 2064 B.S
GCE A Level Programme
UNIVERSITY of CAMBRIDGE
International Examinations
A.J.Wild Institute of Advanced Studies
Rupa Bahadur Galli, Pani Pokhari, Kathmandu(Opposite Birendra Police Hospital)
Tel: 4413137, 4428197 Fax 4413137
www.ajw.com.np

शिक्षासँग सम्बन्धित कयौं कार्यक्रम असफलता उन्मुख भएकाले राज्यले हाल आएर सुधारका संकेतहरु देखाएको छ । जिल्ला स्तरमा पनि यसको आभास पाइएको छ । शिक्षाको महत्वपूर्ण शिक्षकहरुको पेशागत संस्थाहरुसँगको सहकार्य अपरिहार्य भएको कुरालाई मनन गरी जिल्ला शिक्षा कार्यलयले शैक्षिक समस्या समाधान र सुधारका लागि मिलेर अगाडि बढ्ने कामको थालनी भएको हुँदा अवका दिन आश लाग्दा छन् । यस जिल्लाका उपर्युक्त शैक्षिक समस्या र चुनौतीहरुलाई न्युनीकरण गरी यस जिल्लाका वालवालिकाहरुको भविष्य उज्वल बनाउन सबै सरोकारवाला पक्षहरुको जिम्मेवारपूर्ण भूमिका हुनुपर्दछ । यसका लागि तल उल्लिखित कार्यहरु अवलम्वन गर्नु आवश्यक देखिनछ ।

क) गतिशील, सक्षम, सचेत र विकासप्रेमी व्यक्तिहरुको वि.व्य. समिति गठन

ख) वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीहरु, अभिभावक हरुलाई सशक्तिकरणका लागि आवश्यक तालिमको व्यवस्था

ग) उपयुक्त भौतिक पूर्वाधारहरुको व्यवस्था, सुविधाजनक र पर्याप्त फर्निचर, शैक्षिक र खेलकुदका सामग्रीहरुको व्यवस्था तथा प्रयोग,

घ) स्थानीय स्रोत र साधनको अधिकतम उपयोग/प्रयोग

ङ) गरिव, दलित परिवारलाई रोजगारी वा आय आर्जनको अवसर का साथै चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन

च) विद्यार्थी संख्या, कक्षा र तह अनुसार योग शिक्षकको व्यवस्था

छ) शिक्षकहरुको नियमितता, लगनशीलता र दक्षताका लागि शिक्षक स्वयम्, पेशागत संघसंस्था रआधिकारिक निकाय हरुको प्रतिवद्धता हुनुपर्ने

ज) शिक्षालाई निशुल्क, गुणस्तरीय, व्यवसायमूलक, जीवनयापनमा सहयोगी र सुलभ बनाइनुपर्ने

झ) सवै विद्यालय शिक्षकहरु र घरपरिवारको वातावरण वालमैत्री बनाउन सबैले जिम्मेवारी लिनुपर्ने

ञ) विद्यालयमा शैक्षिक गतिविधि बाहेक अन्य असान्दर्भिक गतिविधि गर्न नपाउने, सवैबाट संरक्षित र शान्तिमय बनाउन सबैले प्रतिज्ञा गर्नुपर्ने

ट)जिल्लामा आएका सरकारी तथा गैरसरकारी निकायको स्रोत बाँडफाँड गर्दा शिक्षालाई पहिलो प्राथमिकतामा राखी योजना बनाइ कार्यान्वयन गर्नुपर्ने

ठ) अनौपचारीक शिक्षाको परम्परागत शैलीमा परिवर्तन गर्न, समय, श्रम र सम्पत्तीको गरी विद्यालयमा पढ्ने बालाबालिका भएका परिवारलाई नै आधार प्रौढ शिक्षा व्यवस्थित बनाई आफ्ना बालबालिकाबाट सिक्ने परिपाटिको विकास

ड) विद्यालयको आर्थिक दायित्व सरकारले र संचालन तथा व्यवस्थापनको पूर्ण दायित्व, स्थानीय निकाय र समुदायले वहन गर्नुपर्ने

ढ) नियमित निरीक्षण, सुपरिवेक्षण, विद्यालयलाई लोकतान्त्रिकरण गर्ने, निष्पक्ष, विवेकपूर्ण मूल्यांकनको परिपाटी वनाउने ।

५) निष्कर्ष:-

केही अधिसम्म अशिक्षा, गरिवी र उपेक्षाका शिकार बनेको यस जिल्लाका गाउँ गाउँमा फैलिदै गएको शिक्षाको उज्यालो घामसँगै संचालित विकास निर्माणका कार्य, गरिबी न्युनीकरणका लागि सक्रिय संघसंस्थाहरु, रोजगारीका अवसरहरुमा वृद्धि, पशुपालन र कृषि व्यवसायमा देखिएको सक्रियता, विद्यालयको भौतिक र शैक्षिक उन्नतिमा देखिएको अग्रसरता, सर्वत्र छाएको शान्ति र सहिष्णुता, आपसी एकता र सद्भावका कारण यस जिल्लाको भविष्य अवश्यनै उज्वल छ । अज्ञानता नै हाम्रो ठूलो शत्रु भएको हुँदा यसलाई निर्मुल नगरेसम्म भौतिक विकास सार्थक हुन सक्दैन । तसर्थ वेत्रावती देखि लाङटाङ सम्मका मानव बस्तीमा शिक्षाको चहकिलो प्रकाश फिजाऔं, आफ्नो पहिचान आफै दिऔं ।

(लेखक श्यामेवाङ्गफेल मा.वि स्याफ्रुवेशी,रसुवाको प्र.अ हुनुहुन्छ ।)

A. J. Wild Institute of Advanced Studies
GCE 'A' Level Programme
Happy New Year 2064 B.S
GCE A Level Programme
UNIVERSITY of CAMBRIDGE
International Examinations
A.J.Wild Institute of Advanced Studies
Rupa Bahadur Galli, Pani Pokhari, Kathmandu(Opposite Birendra Police Hospital)
Tel: 4413137, 4428197 Fax:4413137
www.ajw.com.np

सहरमा उत्तानो पर्दा मेरो जन्मभूमि

-उदय घिमिरे

आफ्नो जन्मभूमि छोड्ने र आमाबाबुको न्यानो मायाबाट पृथक रहने रहर त कसलाई हुन्छ र ? तर जीवनलाई शिक्षाको महत्वपूर्ण अङ्ग सम्भनेहरु, जतिसुकै ठूलो अभावमा पनि आँट र साहस लिएर सहर आउनेहरु धेरै छन् । मैले पनि पाएको छु यो अवसर । लाग्थ्यो, कुनै समय सहर राम्रो होला, बाहिरको भिलिमिली जस्तै छ होला र ठूला मान्छेहरु बस्छन् सहरमा, तर त्यस्तो होइन रहेछ । मैले सबैसँग सङ्गत गरें । ठूला, साना, साहित्यकार, नेता, शिक्षक, प्राध्यापक, भलाद्मी, महापुरुष । मैले सहरमा व्यङ्गकार भैरव अर्यालले महापुरुषको खोजी गरेभैं असल मित्र वा आदर्श व्यक्तिको खोजी गरें तर सफलता मिलेन । यो सहरमा न सच्चा राजनीतिज्ञ बस्छ, न इमान्दार व्यक्ति न कोही भलाद्मी, । ठग, तस्कर, विलासी, श्रमशोषक, लम्पट र भ्रष्टाचारीहरु रातारात काला कामहरु गर्न तल्लीन हुँदारहेछन् ।

सहर जति भिलीमिली छ, जति सुन्दर छ, भौतिक सुविधाहरु छन् तर भित्री सहर जीर्ण छ, सिमलको रुखभैं । यहाँका मान्छेहरु, मान्छेलाई प्रयोग गर्छन, परीक्षण गर्छन । अस्ट्रियाका वैज्ञानिक मेन्डलले समेत जनावरलाई छाडेर आफ्नो प्रयोग वनस्पतीमा गरेका थिए । अन्तरिक्षयानको परीक्षण पनि कुकुरबाट गरियो तर काठमाडौंका महलमा बस्नेहरु हरेक परीक्षण मान्छेबाट गर्छन् । भाषणमा भनिन्छ, विद्यार्थी त्याग हो, समर्पण हो, बलिदान हो, साहसको अर्को नाम हो । सुर्याएर युद्ध र आन्दोलनमा होमाईन्छ । अवोध विद्यार्थीहरुलाई धार वनाएर सत्तामा पुगेपछि तल्लो र उपल्लो वर्गका लागि दुई किसिमका शिक्षा प्रणाली लागु गरी शिक्षामा लोकतान्त्रिकरण गरिन्छ ।

जब म सहरको ब्रह्मनालमा हुन्छु, मेरो पवित्र जन्मभूमि, शैशवकाल र १७ वर्षे वसन्त सम्भिरहन्छु तर खवर सुनिन्छन्, मेरो जन्मभूमि खरिद गर्न राजनीतिको ढोङ ओढेर कतै पनि मान्छे किन्न नसकेर रसुवा प्रवेश गर्ने गोयवल्सहरुका । ती गोयवल्सहरु लाज र घीन मान्दैनन् मान्छे किन्न । उनीहरु निहत्था र सोभ्का मान्छेका विचार खरिद गर्छन् र पाँच सयमा बुद्धको मुर्ति छुवाँउछन् । किन सक्दैनन् तिनीहरु आफ्नै जन्मभूमि, आफ्नै आमा, भाइ, वहिनी, दाजु, दिदीहरु किन्न ? म मेरो जन्मभूमि बेच्न दिन चाहान्न तर बाध्य छु, वेचिएन भने हाम्रो शरीर मूल्यहीन हुन्छ तरअहिले हाम्रो विचारको थोरै नै भएपनि मूल्य त छ । हाम्रो बोली, विचार र भाषा खरिद हुन्छ, न त यो छपाईन्छ, न सुनाईन्छ, न लेखिन्छ र बोलाईन्छ नै ।

आत्मविश्वासका साथ सहर छिर्ने हरेक मित्रहरुका प्रलय वेदनाहरु छन्, मान्छे खरिद कर्ताका दिवाना छन् । मेरा अनुभव, मैले देखेका भोगेका र सुनेका घटनाहरु हजारौं मित्रहरुले पनि भोगिरहेका छन् । फरक यत्ति हो, कोही मित्रहरु वेचिईरहेका छन् तर मलाई अहिलेसम्म कसैले किनेन किनकी म रुखो, खस्रो र गोलले तातेको फलाम हुँ । म शोषित हुँ तर सङ्घर्ष गरेर पनि शासक हुन चाहान्न, किनकी शोषित मान्छे शासक भयो भने अभै बढी तानाशाही हुँदो रहेछ भन्ने अनुभव मैले गरिसकेको छु । म मान्छे खरिद गर्न सक्दिन र बेच्न पनि सक्दिन । आफू त बिक्री नभएको मान्छे किनकी मेरो अंकित मूल्य नै वढी छ, छुट कम र भ्याट पनि बढी नै । म मान्छे बिक्रीको प्रतिकृयामा भाग नलिने उत्प्रेरक पनि हुँ । मेरो जन्मभूमि मै मान्छे खरिद बिक्री नगर्ने मान्छे न राजनीतिमा चल्छ न शिक्षामा । न म धमिलिएको त्रिशुलीको मूहान सङ्ल्याउन सक्छु न राजनीतिको निर्लज्ज नेतृत्व गर्न नै ।

अहिले गाउँ गाउँमा विद्यालयहरु छन् । तीन ओटा उच्च मा.वि. छन् र कालिका स्थानमा स्नातक तहसम्मको अध्यापन गराईन्छ । कसरी पास गराईन्छ, कसरी पढाईन्छ, कस्तो शिक्षा दिईन्छ, त्यो न मलाई थाहा छ न त्यहीं अध्ययनरत विद्यार्थी साथीहरुलाई नै । प्रमाणपत्र दिइसकेपछि राज्यका पहिलो दर्जाका नागरिकहरुले तेस्रो दर्जाको शिक्षाको प्रमाण पत्र सम्भेर राम्रो अवसरबाट वन्चित गर्छन् । पहिलो दर्जाका नागरिकहरु स्कुल र क्याम्पस चलाउँछन् तर आफ्ना छोराछोरी विदेशका विश्वविद्यालयमा लाखौं खर्च गरेर पढ्न पठाउँछन् रआफू तेस्रो दर्जाका नागरिक उत्पादन गर्न तल्लीन रहन्छन् ।

चुनाव नजिकै आउन लागेको छ । नयाँ मान्छे भित्रिएला र उसले परिवर्तन गर्ला कि भन्ने सोच्नु भन्दा स्थानीय बासीलाई प्राथमिकता दिएर सक्रियता देखाउनु पर्ने हो तर अशिक्षा र गरिवीले पिल्सिएका रसुवावासीहरुले सोच्न सकिरहेका छैनन् । 'जति जोगी आए पनि कानै

चिरेका' भन्ने कुरा बुझेर, अनुभव गरे तापनि पिल्सिएर जीवन जिउन बाध्यहुनेहरु एक छाक टार्न जीवनै बेच्न तयार हुन्छन् । उनीहरुका लागि जन्मभूमि एउटा रङ्गमञ्च हो । त्यो बस्ती नाटक खेल्नेहरुको हो । उनीहरु चिन्दैनन् खलपात्रहरु, केही दोष छैन उनीहरुको ।

अध्ययनको लागि सहर छिरेका सबैले सोच्छन् र बुझ्छन् । सोच्ने, बुझ्ने र हेर्ने दृष्टिकोण पृथक होला तर घटना र पीडा, अनुभूती र प्रेम, आस्था र विचार आफ्नो जन्मभूमि प्रति एउटै होला भन्ने सोँचेको छु । म केही बुझ्दिन, बोल्दिन, लेख्दिन र जान्दिन, मेरो जन्मभूमि रसुवा नै बोल्छ, लेख्छ, र अनुभव गर्छ । म त केवल हावा हुँ । शिशिरमा ठन्डा हुन्छु, ग्रिष्ममा तातो वाफ । शीतलव हुन चाहान्थेँ तर मौसम परिवर्तन हुँदो रहेछ ।

लहरेपौवा-९, उपल्लो पौवा, रसुवा
हाल आर.आर क्यामपस, काठमाण्डौं

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महेश पोखरेल
सचिव
एवं डाडाँगाउँ गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बुकु प्रसाद आचार्य
सचिव
एवं धुन्चे गाउँ विकास समिति परिवार, रसुवा ।

UNIVERSAL ACADEMY
+2 COLLEGE
Education For Existence & Competitive Career



-Computer Science
-Hotel Management
-Journalism

Science
Management
Humanities

Basundhara-9, Dhapasi, Kathmandu
Tel:4357859, 4356483 Fax: 4380010
E-mail:< uacademyb@hotmail.com>

Why do you study at REHDON?

- A well set and highly dedicated academic team.
- Well set infrastructure.
- Wide range of scholarship schemes.
- Students' welfare and counseling services.
- Periodical meetings and interactions with guardians for reviewing and analyzing the progress of student.
- Teaching – learning observation.
- Upto 98% result in HSEB Exam.
- Students' intake from 63+ districts.

REHDON
COLLEGE & SCHOOL
Samakhushi, Kathmadnu, Nepal
P. O. Box: 8668, Tel: 4352761, 4364106
email: rehdon@info.com.np

बौद्ध संस्कृतिमा मानी गीतको महत्व

-फुर्पा तामाङ

गीत खुशीको क्षण होस् वा दु:खमा होस् गाइन्छ । एक जना विदेशीले मलाई यसरी भने, नेपालीहरु रुँदा रुँदै पनि गीत गाउँछन् ह गि ? मैले हो भनें । हामी दु:ख पर्दा दु:खी गीत गाउँछौं, आँसु बरर चुहाउँछौं । चाडवाड, मेलामा लगातर तीन चार दिन सम्म गाएर नाच्छौं पनि । यो नै समग्रमा नेपालीको विशेषता हो । गीतमा शव्द, भाकालय र बाजाको समिश्रण हुन्छ । गीतको शव्दले ठूलो अर्थ लगाउँछ । भाकालय र बाजासंगीतले गीतलाई सुमधुर बनाइदिन्छ । भाकालय र बाजा विनाको गीत नुन विनाको तरकारी जस्तै हो । त्यसैले गीत सुन्ने धेरै हुन्छन्, मन पराउने धेरै हुन्छन् र कम सुन्ने विरलै हुन्छन् । गीतसंगै हात खुट्टा चलाएर कम्मर हल्लाएर नाच्दा नृत्य भन्ने गरिन्छ । मैले जानेको यति हो ।

प्रत्येक समुदायको आआफ्नै महत्व र विशेषता भएको गीत हुन्छन् । त्यस्तो गीत धार्मिक, साँस्कृतिक, भाषिक वा कुनै समुदाय विशेषलाई बुझाउने पनि हुन सक्छन् । बौद्ध मार्गीहरुमा मानी गीतको ठूलो महत्व हुन्छ । बौद्ध धर्मशास्त्र अनुसार मानी गीत धार्मिक एवं अध्यात्मिक दृष्टिकोणले ठूलो महत्व राख्ने हुनाले नै यसको प्रयोग प्रत्येक हिमाली बौद्धमार्गीको मन, मस्तिष्क र ओठमा जोडिएको हुन्छ । बौद्ध विहार, गोम्पामा बस्दा, जाँदा, परिकमा गर्दा वा लामा पूजारीको साथ पूजापाठ गर्दा मानी मन्त्र जप्छन् । बौद्धमार्गीहरु विहान उठेदेखि राति ओछ्यानमा जाँदा होस् वा भारी बोकेर उकालो चढ्दाको अवस्थामा होस् मानी गीत गुनगुनाएको, जपेको हुन्छ । वास्तवमा मानी गीत नभएर अध्यात्मिक मन्त्र हो । एकल रुपमा जप्दा मन्त्र हुन्छ भने सामूहिक रुपमा गुनगुनाउँदा अध्यात्मिक गीत । गीति भाकामा लय हालेर नाच्दा मानी नाच हुन्छ । एकल मानी मन्त्र जपाइ जहाँसुकै जप्न मिल्छ तर सामूहिक रुपमा गाउँदा, नाच्दा भने धार्मिक विधि र बौद्ध संस्कारको नियममा बाँधेर मात्र गर्न पाइन्छ ।

प्रायजसो बौद्धमार्गीहरु विहान, वेलुका स्वयम्भू, बौद्धनाथ, गोम्पा वा धार्मिक स्थलमा दायाँ हातमा घुमाउने मानी (लाखोर मानी) र बायाँ हातमा माला मानी (थुप्रङः, ठेङः, फ्रङः) लिएका हुन्छन् । टाढाबाट हेर्दा ओठमात्र चलेको देखिने बौद्धमार्गीहरु त्यतिखेर ओम् माने पद्मे हुङ् (हुङ्ह्री) भनिरहेका हुन्छन् । यो एकल मानी जपाइ मन्त्र हो । यो मन्त्र जतिखेर जहाँसुकै जप्न मिल्छ । यो जपाइले पाप कर्म वा पापजन्य कार्यबाट तर्पण मिल्ने र त्यसको सुनुवाई मृत्य पश्चात वा पुर्नजन्ममा मिल्ने, मनको शुद्धीकरण गर्ने विश्वास गरिन्छ । अर्को अर्थमा यसको एकोहोरो जपाइले गर्दा मानिसको मनमा नराम्रा कुराहरु सोच्ने समय हुँदैन । ओम माने पेमे हुङ्ह्री भनेर मन्त्र जप्दा हातमा माला र घुमाउने मानी हुनै पर्ने बाध्यता भने छैन । मात्र मनलाई स्वच्छन्द बनाएर जपे हुन्छ ।

अध्यात्मिक एवं धार्मिक मन्त्र ओममानी पेमे हुङ् (हुङ्ह्री) लाई केही गायकहरुले आधुनिक पप, र्‍यापमा गाएका छन् । यो दुखद पक्ष हो । यसलाई धार्मिक संस्कृतिमा देखिएको विकृति मान्नु पर्छ । लय हालेर गाउन मिल्दैमा धार्मिक एवं अध्यात्मिक महत्व भएको मन्त्र (शव्द) लाई तिलाञ्जली हुने कार्य कसैबाट गर्नु हुँदैन । जानेर गरेको भए त्यो भन्दा विडम्वना अरु हुनै सक्दैन । यदि नजानेर गरेको भए थाहा पाएपछि त्यस्तो कृयाकलाप बन्द गर्दा राम्रो हुन्छ । कसैले भन्ला जसरी जपे पनि आखिर जप्ने नै हो, गाउने नै हो पप, र्‍याप, फ्रिक, आधुनिक, लोक, शास्त्रीय जुनै शैलीमा गाएर के नै पो बिग्रन्छ र ? हो, विकृति यसरी हुन्छ । बिग्रदैन भन्दै एक, दुई जनाले प्रयोग गर्दै गएर नै कालान्तरमा मौलिक संस्कृतिमा विकृति हुन्छ । मानी मन्त्र गीतलाई डान्स रेष्टुरेन्ट, पार्टीमा गाउने हो भने के होला ? लोक दोहोरीमा भाका हालेर गाए के होला ? शान्तिपूर्ण आन्दोलन भनेर नारा नै बनाए के होला ? हामी त्यस्तो कल्पना सम्म गर्न सक्दैनौं । चर्चित युवा गायक राजु लामाले ओममानी पेमे भन्दै गीत गाएका रहेछन् । उनले गाएको ओममानी पेमे गीतले धेरैलाई कर्णप्रिय बनाएको छ । उनको स्वर, लयमा सुमधुर छ । संगीत राम्रा छन् । मलाई पनि मन पर्छ । तर अध्यात्मिक महत्वको धार्मिक मन्त्रलाई गैरधार्मिक गीतमा गाएकोले त्यसले बौद्ध संस्कृतिका जानकारहरुमा भने निराश बनाउँछ । यसैगरी अरु गायकले पनि गाएका

छन्, होलान् । तर यस्तो कार्य धार्मिक एवं अध्यात्मिक दृष्टिकोणले पटक्कै सुहाउँदैन । आफ्नो गलाको स्वर सदाकालागि उपहार छोड्ने गायक महोदयले अबका दिनमा धार्मिक समुदायको संस्कृतिप्रति हेक्का राख्नु पर्ने देखिएको छ ।

मानी मन्त्र ओममानी पेमे हुङ्ह्री एकल रुपमा जपिन्छ । सामूहिक रुपमा जप्ने मन्त्र लामो र संख्यामा सयौं भन्दा वढी छन् । मानीको महत्व धार्मिक दृष्टिकोणले दुई प्रकार रहेका छन् । पहिलो हो जिवित आत्माको शान्ति प्राप्ति र पुण्यको लागि । यसलाई सोन्डेन (सोन्देन) मानी भनिन्छ । दोस्रो हो मृतात्माको तर्पणी एवं चीरशान्तिको कामनाको लागि । यसलाई स्वीन्डेन (स्वीन्देन्) मानी भनिन्छ । विशेष आयोजना बाहेक सोन्डेन मानी नाचिदैन । कुनै मान्छे मर्‍यो भने गेवामा स्वीन्देन मानी नाच्नै पर्छ । हिमाली बौद्ध संस्कार अनुसार बौद्ध गुरु लामाले अगुवाइ गरेपछि तिनलाई साथ दिने पुरुष र महिलाहरु हुन्छन् । बौद्ध धर्मका विभिन्न सम्प्रदायका धार्मिक परम्परा अनुसार कहीं मन्त्रोउच्चारण सम्म गर्छन भने कहीं लयत्मक भाकामा भूइंमा बसेर गाउँछन् । रसुवा, नुवाकोट र सिन्धुपाल्चोका हिमाली गाउँवस्तीहरुमा भने भूइंमा बसेर जप्नुको साथै उठेर लामासंगै लामबद्ध भएर नाच्छन् । तर यस्तो नाच रमाइलो गर्नको लागि नाचेको भने होइन । यसबारे जानकार नहुनेहरु त्यसैले भन्छन् कि, हिमाली बौद्धमार्गीहरु मलामी जाँदा गीत गाउँछन् र गेवामा झन् गीत गाएर नाच्छन् । तर यो विल्कुल गलत कुरा हो । त्यसैले मानी गीतलाई मन्त्र भनेको हो । अध्यात्मिक मानी गीत बौद्धमार्गी, गैरबौद्धमार्गी एवं जगतका प्राणी, देवलोक, नरक लोक सबैलाई हितकारी छ । यसपालिको सोनाम ल्होसारको अवसरमा पूर्व धरानका तामाङ युवाहरुले स्टेज शोमा मानी नाचे भन्ने खबर अखबारमा आएको थियो । मानी बौद्ध संस्कार अनुसार मनोरञ्जनको लागि नाच्ने नभएकोले स्टेज शोमा नाच्नु हुँदैन । मनोरञ्जनको लागि नाचिने गीत अरु नै हुन्छन् ।

विभिन्न युगमा बुद्धले लिएका हजार अवतारमध्ये कली युगका बुद्ध अवतार सिद्धार्थ गौतमसम्म आइपुग्दा पाप मोचन गरेर मोक्षप्राप्त गर्नकोलागि सामूहिक रुपमा गाउनु पर्ने मानी कम्ति गाउन थालियो । लामाका साथ वुढावुढी बाहेक अरुले गाउनै छाडे । यस्तो देखेपछि बौद्ध गुरु टुल्कु सेगुरुक्षेवाङलाई मानी गीत कसरी गाउन लगाउने र यसको संरक्षण कसरी गर्ने भन्ने लाग्यो । विवाह, भोजमा गीत गाउँदा युवायुवती, लाटालाटी, लङ्गडो, वुढाबुढी सबै नाचेको देखे । गीत सुनेर बामे नसार्दैको कोकोमा बोक्ने बालक समेत हात खुट्टा हल्लाएर नाच्ने कोशिस खोजेको उनले देखे । यस्तो देखे मानीलाई पनि गीतमा झैं नाच्न पाए हुन्थ्यो भन्ने उनलाई लाग्यो । त्यसपछि उनी तिब्बतको सिच्युङ (यो ठाउँ रसुवागढीबाट करिव १ दिनको बाटो तिब्वत भूमिमा पर्छ) भन्ने ठाउँको ढुङ्गे गुफामा तपस्या गर्न बसे । एकरात तपस्वी बौद्ध गुरु टुल्कु सेगुरुक्षेवाङको सपनामा उनी बसेको गुफामाथिको ढुङ्गे पाखोमा पाँच वटा धुपी सल्लाको लिङ्गो (पाचाम, पासाम्सिङ) गाडेर त्यसको वरिपरि चार जना खण्डोमो, ल्हामो (देवी) हरु मानी गीतलाई गीति भाकाको लयमा नाचेको देख्यो । बिउँझिए पछि टुल्कु सेगुरुक्षेवाङले सपनामा गाएको मानी गीतको भाकालयलाई तुरुन्त टिप्यो । झुरुक्क उठेर आफूले पनि गायो र नाचेर हेर्‍यो । उनले मानीलाई गीति भाकालयमा ढाले (मानी लुले ग्युर) । त्यसपछि मानी गीत भयो । मानीलाई गीति भाकामा ढालेर विधिवत् (मानी लुङ्देन) शुरुवात गर्न उनले पहिलो नाच (क्षेकोर दङ्पो) टिमुरे (सेताङ) मा, दोस्रो थुमन (थोङ्मेन), तेस्रो गोल्जोङ, चौथो स्याफ्रु, पाँचौ भार्खु (कतो), छैठौं धुन्चे (दुङ्ल्हाङ, स्यार ब्रबलमानी लाजो), सातौं नेसिङ (नुपसाङ्के नेसाः) हुँदै कमशः अन्य गाउँहरुमा नाच्न थालियो । त्यसपछि यो नाच नुवाकोट र सिन्धुपाल्चोक जिल्लाको हेलम्बु (ह्योल्मो, योल्मो) भेकमा पनि बिस्तार भयो ।

सेगुरुक्षेवाङ्को पालादेखि हिमाली तामाङ समुदायले मानी गीत नाच्न थालेका हुन् । यो नाच धार्मिक एवं अध्यात्मिक कार्यमा मात्र नाच्ने भएकोले अरु वेला गाएर नाचिँदैन । मानी गीतको भाका, लामाको वाजाधुनले कानले सुन्न सक्ने जिवित आत्मालाई मेडिटेशन गराउँछ भने मृतात्माको लागि मोक्ष प्राप्ति । गीतको अर्थ बुझेर आँगनभरि लाम लागेर नाचेको नाचले खुशी भएर झुम्मिने बातावरण हैन बरु मानिसको चोला, पापपुण्य कर्म, पुर्नजन्म बारे प्रष्टाइरहेको हुन्छ । त्यतिखेर जोकसैको आँखाबाट बलिन्द्र आँशुको धारा चुहाइरहेका हुन्छन् । मानी नाच रसुवा जिल्लाका हिमाली तामाङ गाउँ र ह्योल्मो (योल्मो) भेकमा मात्र गाएर नाच्ने भएको हुनाले यो रसुवाको हिमाली तामाङ समुदायको धार्मिक संस्कृति झल्काउने मौलिक गीत हो । मृत्युपछि गरिने गेवा संस्कारमा मानी क्षेपा गर्दा घर वा गोम्पाको आँगनमा धुपीसल्लाको पाँचवटा लिङ्गो (पासामसिङ) गाडेर पूजाथान बनाइन्छ र त्यसैको वरिपरि पाँच दिन मानी नाचिन्छ । मानी बुम् गर्दा तीन दिन नाचेर माला (फ्रङः) र हात घुमाइ मानी (लाखोर मानी) मा लाख पटक मन्त्र जपिन्छ । मानी द्थीनग्याल गर्दा एकदिन नाचिन्छ । मानी नाच्दै गर्दा लामा र पुरुषहरुको गलामा सेतो कपडाको फेरो

(गुल्दर) लंगाइदिनु पर्ने चलन छ। मानी नाचका लागि मानीका प्रखर विद्वान मानी बोन्पो र मानी उम्चे हुन्। यी दुईले मानी गीत भाकालय सहित कण्ठ गर्नु पर्छ। यी दुईजनाले शुरु गरेपछि अन्य लामा र पुरुषहरुको मानी गीत गाउने पालो आउँछ। महिलाहरु कोरसमा गाउँछन्। यसलाई मानी याङ भनिन्छ।

हिमाली बौद्ध धार्मिक विधि र संस्कार अनुसार गाएर नाच्ने भएकोले मानी गीत अध्यात्मिक एवं धार्मिक महत्वको भएकोमा विवाद छैन। ता पनि यो नाच लोप हुँदै जाने अवस्थामा छन्। बढ्दो भूमण्डलीकरण एवं विश्वव्यापीकरणको प्रभाव, स्थानीय भाषा, धर्म, संस्कृतिमा पर्नु, रोजगारी एवं विविध कारणले जन्मस्थल, मातृभूमि त्यागेर बसाइँ-सराई गर्नु र रिमिक्स गीतले युवा पुस्तालाई मोहित पार्नु आदिले मानीगीतको अभ्यास गर्ने युवाहरुको संख्यामा कमी आएको छ। एकातिर मानी गीत र नाचलाई विकृति हुनबाट जोगाउनु परेको छ भने अर्कोतिर संरक्षणको खाँचो। मानी गीतलाई निरन्तरता दिन के गर्न सकिन्छ भनी सोच्नु पर्ने बेला आएको छ। करोडौंको मूल्य पर्ने गोम्पा निर्माण होला तर धार्मिक एवं अध्यात्मिक महत्वको मानी नाच लोप भयो भने बौद्धमार्गीहरुको एउटा संस्कृति नाशियो भनेर आश्चर्य मान्नु पर्ने छैन। यसबारे पनि ध्यान जानु पर्दैन ?

(सिङ्गी नुर्पु लामा, ठूलो भार्खुसितको छलफलमा आधारित)

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मगलमय शुभकामना व्यक्त गर्दछौं।

राम प्रसाद बराल
सचिव
एवं यार्सा गाउँ विकास समिति परिवार, रसुवा।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

दिपक राज आचार्य
सचिव
एवं हाकु गाउँ विकास समिति परिवार, रसुवा।

DEEPJYOTI BOARDING SECONDARY SCHOOL
P.O.Box:2659, Gongabu, Kathmandu, Phone:4353677
E-mail:deep@col.com.np, website: www.nepal-schools.com/deepjyoti

Some of the outstanding features of our academy:
-Team of highly dedicated, trained and experienced teaching staff.
-Congenial and tranquil atmosphere for tecahing and learning.
-Well-furnished, spacious and well-ventilated classrooms with furniture.
-Comprehensive scheme for offering scholarships.
-Well equipped computer Laboratory.
-Well-installed separate laboratories for Physics, Chemistry and Biology.
-Provision for important games & sports.
-A well-managed library plus Reading - room.
-A neatly-managed cafteria within its premises.
-Regular co-curricular activities.
-Regular medical check-up.
-Transportation facility and many more.

रसुवा गढी

-पुरातत्व विभागको प्रतिवेदन

१ अवस्थिति

रसुवा जिल्लाको उत्तरी दुर्गम हिमाली भेगमा पर्ने सामरिक महत्वको ऐतिहासिक गढीको नामले प्रसिद्ध छ । यसै गढीको नामबाट नै जिल्लाको रसुवा रहन गएको हो । यो गढी वागमती अञ्चलको रसुवा जिल्ला टिमुरे गा.वि.स. वडा नं. १ अन्तर्गत पर्दछ । नेपालको भू-भागमा प्रवेश गर्न सकिने हुँदा यो उत्तरी सिमानाको एक प्रमुखद्धारको रुपमा समेत रहेको भन्ने कुरामा दुविधा रहदैनन् भने टिमुरेलाई व्यापारीक मार्ग समेत हो भन्दा पनि कुनै अन्यथा नहोला । दुरीको हिसाबले भन्नुपर्दा यो गढी काठमाडौ उपत्यकाबाट स्याफ्रुबेसीको बाटो हुँदै पुग्ने हो भने १४५ कि.मि. को दूरी पर्दछ ।

भौगोलिक अवस्थितिका अनुसार यो गढी २८^{O}x१५"x२९' उत्तरी अक्षांश र ८५^{O} x १५"x२५' पूर्वी देशान्तरमा रहेको छ । समुद्र सतह देखि करिव ५,४०० फीटको उचाइमा ल्हेन्दे खोला र केरुङ खोलाको दोभानमा रहेपनि हावापानीको दृष्टिकोणले समशीतोष्ण रहेको पाइन्छ ।

२. ऐतिहासिक पृष्ठभूमि:

नेपाल र भोटको सम्बन्ध स्थापनाको कुरा गर्ने हो भने भोटका राजा स्रोङचनगम्पो र नेपालका महासामन्त राजा अंशुवर्मा देखिको कुरा आउँछ । त्यस उप्रान्तका गतिविधि र आवत जावत मा निकै सुधार भएको हामी पाउँछौं । यसरी भोट र नेपाल बीचको मार्ग मध्ये सबभन्दा छोटो दूरीको बाटो भनेको रसुवाको टिमुरे हुदै भोट पस्ने बाटो भएकाले रसुवा गढीको विशेष महत्व छ र टिमुरे भन्ने ठाउँको बाटो निकै चल्तीमा थियो भन्ने अनुमान गर्न सक्तछौं ।

मल्लकालमा प्रताप मल्लको पालामा कुति र खासा जितेको कुराको उल्लेख हनुमानढोकाको कृष्ण मन्दिरको अभिलेखमा उल्लेख छ । काजी भीम मल्लले पनि त्यस बखत भोट सँग व्यापारिक सम्वन्ध राम्रो राख्न भोट गएको कुराको चर्चा इतिहासमा पाइन्छ ।

शाहकालमा आएर प्रचलित मुद्राको विषयमा विवाद निकै चर्कंदै गएपछि नेपाल र भोटको सम्बन्धमा निकै चिसोपन आयो । अन्तर्तोगत्वा सीमा सम्वन्धी समेत विवाद बढ्न थाल्यो र नेपालले भोट आक्रमण गर्नुअघि नेपालबाट भोटतर्फ पस्नेसबै बाटाहरुको विवरण तयार गर्नुको साथै सम्बन्धित सबै गढी गैडाका हाकिमहरुलाई निर्देशन पनि गरिएको थियो । वि.सं.१९११ फागुन २१ गते जनरल धीरशमसेरको मातहतमा लिस्ती हुँदै कुति तर्फ प्रस्थान गरेका थिए भन्ने कुरा इतिहासमा उल्लेख पाइन्छ ।

नेपालबाट भोटतर्फ पस्ने छोटो बाटो मध्ये एउटा रसुवा गढी भएको कारणले यस गढीलाई विशेष महत्व दिइयो र यस गढीको मौजुदा स्थितिमा थप सुधार गर्नुपरेको हुँदा नै वि.सं. १९१२ मा यो गढीको सुरक्षा हेतु थप निर्माण गरेको स्पष्ट बुझिन्छ । सो भन्दा अघि रसुवा गढीको स्वरुप साधारण किल्लाजस्तो मात्र थियो भन्न सकिन्छ । हाल बचेको करिब २०% प्राचीन गढीको भागलाई लिएर अध्ययन हुँदा नेपाल एकीकरण पछि जुन मजवुत खालको गढीहरु निर्माण भएथ्यो सोही क्रममा चौदण्डी, दैलेख, मकवानपुर, चिसापानी गढीहरुको निर्माण भयो । ती गढीमा प्रयोग भएको तासेको ढुंगा रसुवा गढीमा रहेको तासेको ढुंगाको तुलनात्मक अध्ययनबाट एउटै समकालीन हो भन्ने दखिन्छ ।

प्रचलित जनधारणाका अनुसार युद्धको कुनै समयमा सर्वसाधारण नेपाली जनताबाट यो गढीको निर्माण गरेको भन्ने पाईन्छ । गढीको उत्तरी पर्खालमा टाँसिएको एक शीलालेखमा उल्लेख भएअनुसार वि.सं. १९१२ मा भोटसित युद्ध (लडाई) हुँदा तत्कालीन प्रधानमन्त्रीको आदेश मुताविक २ पल्टन र जेमदल कम्नीका शिवराम खत्रीको तजविजले २ महिना १३ दिन लगाएर बनाएको भन्ने छ । सोहि ठाउँमा पाइने अर्को एक शिलालेखमा चाहिँ वि.सं. २०१७ साल पौस १९ गते नेपाल चीन सीमा कम्पनीको निर्णय बमोजीम छुसुन्दो देखि याङरा सम्म सर्भे गरि सीमाना कायम गरियो भन्ने व्यहोरा उल्लेख छ ।

३. गढीको वस्तुकला र वर्तमान अवस्था:

पहाडको खोच र नदि को किनारमा रहेकोले भौतिक अवस्था समयानुकुल मर्मत जीर्णोद्धार गर्दै लानु पर्ने खाँचो छ । यस्तै गरी समय समयमा जीर्णोद्धारहरु पनि भए तर

मौलिकतालाई ध्यान पु-याउन नसकेको हुँदा पहिलेको मर्मत कालदेखि नै गढीको आकारमा परिवर्तन आइसकेको देखिन्छ । रसुवागढी मुख्यत: त्यहीँनिर दुई भिन्दाभिन्दै स्वरुपमा बनेको छ । माथिल्लो गढी तक्राकार (Semi Circular Fort) र तल्लो आयाताकार (Rectangular Fort) मा बनाइएको छ । तल्लो र माथिल्लो गढीको सतह १३.५६ मिटर उचाइको फरकमा बनाइएको छ । तल्लोगढी पनि दुई भागमा विभाजन गरी तयार पारिएको छ । तल्लो सतह र माथिल्लो सतह दुवै सत्तहलाइे मोटो पर्खाल (१.७०) ले घेरी बनाइएको छ र यस गढीको प्रवेशद्धार भने पुर्वपट्टि छ । भनिन्छ कि अघि माथिल्लो सतहमा पुग्न को लागि तल्लो सतहको भित्री भागबाटै प्रवेश गर्न सकिन्थ्यो । पछि पछि मर्मत कार्य हुँदा गढीको पर्खालको मोटाई १७० मि बाट घटाइ १०५मि मात्रको बनाइयो भन्ने विज्ञहरुको भनाइ छ । गढीको सुरुको निर्माणकालको ढगाकको six Face मै Dressed गरिएको छ । तर पछिल्लो मर्मत कालहरुमा Dressed नगरिएको मात्र हैन कमसल खालको ढुंगाको प्रयोगले गर्दा गढीको मौलिक सौन्दर्यता नै लोप भैसकेको छ भन्ने कुरा विज्ञहरुको प्रतिवेदनमा उल्लेख छ ।

गढीको प्रवेशद्धार दुईवटा Pyramadic Structure ले सजाइएको छन् । ती दुवैको नाप १.९० मी. देखि २.०५ मि. फराकिलो छ । हाल मौजुद रहेको गढीको शेष २०% भागमा मात्र तासेको ढुंगा (Dressed Stone) प्रयोग छ । गढीवाट तल खोलातर्फ जाने ठाउँमा पनि ढुंगाकै सिंढी बनेकोमा वि.सं. २०१९ सालको भीषण वाढीले खुड्किलोलाई पनि बगायो । साथै गढीको ३०% भागलाई समेत क्षति पु-याएको थियो । स्थानीय वासिन्दाहरुको भनाइ अनुसार त्यँहा रहेको प्रहरी चौकीको निर्माण हुँदा गढीको Battlement Wall को Top Stone हरु धमाधम लगी बनाइयो र हाल सो Wall खतारामा पर्न गएको छ ।

तल्लो र माथिल्लो दुवै गढीलाई Battlement पर्खालले जोडेको छ र त्यस पर्खाललाई तल र माथिको पर्खालसँग मिल्ने गरी बनाइएको हो । Battlement पर्खालमा बाहिर सानो प्वाल र भित्र ठूलो प्वाल गरी जम्मा ५६ जोडा Battlement Hole बनाइएका छन् । गढीले ओगटेको समथल भूभाग पूर्वदेखि पश्चिम ४०० मि. को छ र उत्तर देखि दक्षिण करिव ६०० मि. क्षेत्रफलको त्रिकोणाकार स्थानमा रसुवा गढी बनेको छ । नदीको किनारमा बनेको रसुवा गढीमुख्य गढी हो र त्यस अलावा नदीको पारी पट्टि अरु तीनवटा स-साना गढीहरु छन् । पहिला-पहिला पनि यहाँबाट रंगिन कपडा देखाई वा आगो वाली तल भोटे कोसी उपत्यकामा Single Language



द्धारा खबर गर्ने चलन थियो भन्ने भनाइ समेत स्थानीय बासिन्दाहरुको छ ।

४. अन्य निर्माण कार्यहरु:

क) भगवती मन्दिर: गढीको पश्चिम पट्टि एउटा सानो भगवती मन्दिर छ । यस मन्दिर भित्र नवदुर्गा भाव मानी ८/९ वटा वगरको ढुंगालाई ल्याई प्रतिकात्मक रुपमा स्थापना गरी पुज्ने गरियो । प्रहरी तथा अन्य सैन्य जवानहरु द्धारा दशैं तथा अरु बेला पनि शक्ति देवीको रुपमा पूजा गर्दै आए ।

यसरी रसुवा गढीमा खटिएका विभिन्न कर्मचारी हरुद्धारा धार्मिक आस्था अनुरुप स्थापना भएको भगवती मन्दिर थियो । पूर्व तर्फ कोदारीको मोटरबाटो खुलेपछि यता टिमुरे तिर मानिसहरुको आवत जावतमा निकै कमी आयो भने अर्को कुरा खटिजाने कर्मचारीहरुको दरवन्दी कटौती भएका कारण हाल यस मन्दिरको हेरचाह हुन नसक्दा भग्नअवस्थामा पुगेको छ । साथै यहाँ कुनै प्रकारको पूजाआजाहरु पनि चल्न बन्द भयो । हाल केही घण्टहरु, तरवार तथा त्रिशुलहरु पनि यत्रतत्र छरिएर रहेका छन् । ती मध्ये वि.सं. १९६६ साल सम्मको पुराना घण्टहरु झुण्ड्याइएको छ ।

(ख) गणेश मन्दिर: गढीकै परिसरमा रहेको काठले बनेको मन्दिर गणेश मन्दिर भनिन्छ । त्यस गणेश मन्दिर भित्र भने कुनै गणेशको मूर्ति प्रतिस्थापित रहेको पाइदैंन । भगवती मन्दिरमा जस्तै खोलावाट ल्याइएका ढुगांलाई गणेशमानि पूजा गर्दै आएको पाइन्छ । हाल यस मन्दिरको अवस्था निकै दयनीय रुपमा पुगेको छ र यहाँ पनि कुनै पूजा हुँदैन । त्यस मन्दिरमा रहेको शिलालेखमा उल्लेख भएको व्यहोराबाट गढीमा जो बस्दछ उसले नै मन्दिरको रेखदेख गर्नुपर्छ र यहाँका देवताहरुको पूजा गर्नु पर्छ भन्ने बुझिन्छ । शिलालेखमा वि.स. १९६६ सम्वत

उल्लेख छ ।

(ग) भीमसेन मन्दिर: हाल प्रहरी चौकी बनेको घरसँगै चौतारोमा सानो भीमसेन मन्दिर बनाइएको छ । भीमसेनको मूर्ती पित्तलको पातामा उभारदार गरी थोज्यमोज्या शैली (Respousse) मा तयार गरी प्रतिस्थापित छ । यो भीमसेन मन्दिर लाङटाङ राष्ट्रिय निकुञ्जका पदाधिकारी मध्ये प्रधान भन्ने व्यक्तिले थापना गरेको भन्ने भनाइ छ । भीमसेन नेवार समुदायले व्यापारिक देवताको रुपमा पुज्ने गर्दछ । तसर्थ तिब्वत सँगको व्यापारिक नाता ले यहाँ निकै समय अघिदेखि भीमसेनको मूर्ती पुज्दथ्यो भन्ने अनुमान गर्न सक्दछौं । भीमसेन मन्दिर पूरा ढुंगाले बनेका भएपनि भित्रबाट सीमेन्ट प्लाष्टर लगाइएको छ र स-साना घण्टहरुले सजिएको छ ।

(घ) कार्यलय भवनहरु: हाल भन्सार कार्यालय र प्रहरी भवन गरी दुइवटा नयाँ भवनहरु यहाँ बन्नुको साथै ती अलवा पूरानो भन्सार भवन पनि छन् भने अन्य भवन भने भत्किसकेका छन् । केही भवनका भग्नावशेषहरु छन् । ती अलावा २/३ घर परिवार त्यस क्षेत्रमा अझैपनि बसोबास गर्दैआएका छन् । त्यहाँबाट करिव डेढ घण्टाको पैदल हिँडाइमा घट्टेकुलो गाउँ आउँछ । त्यहाँ जम्मा २४ घर परिवारहरु बसोवास गर्दै आएका छन् ।

(ङ) फलामे पुल: नेपाल र चीनको सीमा नदी ल्हेन्दे खोला बगेको छ । त्यस माथि बनेको काठेपुल चिनियाँ मुलुकको तर्फबाट केही दशक अघि मात्र बनाइएका थिए र काठको पुल भएको हुनाले आवत जावत थियो । केहि वर्ष यता काठ कुहिन थालेदेखि आवत जावत गर्न नसकिने अवस्थामा पुग्यो । तव HELVETAS को सहयोगमा सन् १९९७ मा नेपालको तर्फबाट नयाँ फलामे पुल वनेको हो ।

५. निष्कर्ष:

जुन वखत नेपाल र भोटको लडाईं भएथ्यो, त्यति बेला रसुवा गढीले सुरक्षात्मक एवं सामरिक दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण भुमिका स्थापित गरेको थियो । कालान्तरमा उपयोगिताको हेतु यी गढीहरुको औचित्य रहेन । तर यसले ऐतिहासिक महत्व भने बोकिसकेको हुनाले यस्ता गढीहरु ऐतिहासिक धरोहरका



रुपमा जिवन्त राख्नुपर्ने दायित्व भने भविष्यका पुस्ताहरु माथि सर्दै आएको छ । तसर्थ यसको संरक्षण र जगेर्ना गर्नु आजको आवश्यकता हो ।

६. सन्दर्भ ग्रन्थ सूची:

आमात्य, साफल्य प्रस्तोता २०४५: सास्कृतिक सम्पदाको प्रारम्भिक सर्भेक्षण प्रतिवेदन भाग ६, पुरातत्व विभाग काठमाडौं ।
शर्मा, डिल्लीराज २०५५:नेपालको किल्ला, वस्तुकला, त्रि.वि.वि. सिनास, काठमाडौं ।
शर्मा बालचन्द्र २०४८:नेपालको ऐतिहासिक रुपरेखा कृष्ण कुमारी देवी २३/११८ दुध विनायक, वाराणसी-१
श्रेष्ठ, शुक्रसागर २०५५:"रसुवा गढीको स्थलगत अध्ययन प्रतिवेदन" पुरातत्व विभागमा प्रस्तुत अप्रकाशित प्रतिवेदन ।

HAPPY NEW YEAR 2064
to all the teachers, gurdians , students and our well-wishers.

Sacred Heart Boarding School, Goldungha, Kathmandu
Phone no: 01-4353861

के चिलिमेको विजुली महङ्गो नै हो त ?

-लिलानाथ भट्टराई

जलविद्युतको अध्ययन, कार्यान्वयन र विकाशको क्रममा उचित निर्णय समयमा लिन नसकेमा आयोजनाको लागत वढ्ने मात्र होइन निर्माण कार्य समयमा सम्पन्न हुन नसकि उत्पादित विजुलीबाट प्राप्त हुनॅसक्ने प्रतिफलको समेत नोक्सानी हुन्छ । निर्धारित समयमा नै कार्यान्वयन गर्नको लागि सम्वन्धित निकायहरु (Line Agencies), स्थानीय सरकार जस्तै जिल्ला विकास समिति, गाउँ विकास समिति, आदि र स्थानीय जनताको सहयोग अति नै महत्वपूर्ण हुने गर्छ। यस्ता निकाय, संस्था र जनताहरुबाट समयमा सहयोग लिनको लागि नेपाली आफैले आफ्नै लगानीमा सस्तोमा चिलिमे सम्पन्न गरी जलविद्युत विकासमा कोशे ढुंगा सावित गर्ने वताईन्थ्यो । चिलिमे सस्तोमा बनेमा देशमा विजुली सस्तो हुन्छ त भन्ने प्रश्न पनि केही व्यक्तिहरुबाट आयोजना निर्माणको क्रममा नउठेका होईनन् । नेपाली आफैले आफ्नै लगानी र पौरखमा एक पछि अर्को यसरी आयोजना बनाउदै गए पछि विजुली सर्व सुलभ र सस्तो हुन्छ भनिन्थ्यो । यसरी सम्वन्धित निकायहरु, राजनितिक दलहरु, कर्मचारीहरु र सर्वसाधारण जनताको विश्वास जित्न सकियो र सवै क्षेत्रको सहयोग सरहानिय रहन गयो । यति मात्र कहाँ हो र ? द्वन्द्वको समयमा तिव्र गतिमा निर्माण भएको यस आयोजनालाई तत्कालिन विद्रोही पक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) समेतबाट कुनै किसिमको वाधा अड्चन नभई सहयोग रहन गयो । यसरी सम्पूर्ण नेपालीहरुको आ-आफ्नै ठाउँबाट आवश्यक सहयोग प्राप्त हुन गै आयोजनामा संलग्न जनशक्तिको निरन्तर लगनशीलताका कारणले सन्तोषजनक लागतमा चिलिमेको निर्माण सम्पन्न हुन सक्यो ।

चिलिमे आयोजना नेपालीहरु आफैले आफ्नै पौरखमा बनाए । नेपालीको क्षमता विकाश भयो । रोजगारीका अवसरहरु श्रृजना भए । यसमा लगानी गर्नेले राम्रो प्रतिफल पाएका छन् र पाउने पनि छन् । यसले विद्युत क्षेत्रमा लगानीको लागि नेपालीहरुलाई आकर्षण पैदा गरेको छ । जलविद्युतमा लगानी गर्दा प्रतिफल राम्रो दिने रहेछ भन्ने प्रमाणित गरेको छ । जे होस चिलिमेले केही हद सम्म भए पनि शेयरवजार तताएको छ । लगानी गर्नेको गुनासो कम शेयर प-यो भन्ने छ भने लगानी नगर्ने कर्मचारीहरु समयमा निर्णय गर्न नसकेको गुनासो गर्छन् । सर्वसाधारण जनता भने चिलिमेको शेयर कहिले जारी हुने हो भन्ने प्रतिक्षामा छन् । यो भन्दा पनि वढी नेपालीलाई जलविद्युत निर्माण गर्न आँट पैदा गर्नको साथै जलविद्युत विकासमा नयाँ आयाम थपेको छ । नेपाली योजनाकार, राजनीतिज्ञ, नीति निर्माणकर्तालाई नेपालीको चाहना अनुसार नेपालीकै संलग्नतामा ठूला आयोजना कार्यान्वयन गर्न ध्यान आकर्षण गरेको छ । विजुली उत्पादनको मूल्य कति हो भन्ने देखाएको छ । ३०९ मेगावाट क्षमताको माथिल्लो तामाकोशी नेपाली आफैले आफ्नै लगानी र पौरखमा निर्माण गरिनु पर्छ भन्ने हौसला प्रदान गरेको छ । बैदेशीक निर्भरताबाट आत्मनिर्भरता तर्फ फड्को मार्न मद्दत गरेको छ । चिलिमे निर्माणको कुल खर्च रकम करिब अढाई अरब मध्ये करिव एक अरव साठी करोड देशमानै रहन गै नेपाली अर्थतन्त्रमा अन्तरसम्वन्धको माध्यमबाट आर्थिक चक्र त्रियाशिल गराएको लेखकबाट गरिएको एक अनुसन्धानले देखाएको छ । यो सकारात्मक पक्ष हो । तर पनि जनताले विजुली सस्तोमा वाल्न पाएनन : यो कटु सत्य हो । यो यथार्थता हो । त्यति मात्र कहाँ हो र ? नेपाल विद्युत प्राधिकरण घाटामा जानुका कारणहरु मध्ये चिलिमेलाई प्राधिकरणले तिर्नु पर्ने महंगो विजुलीको भाउ पनि एक हो भन्ने लेखहरुले पनि संचार माध्यमहरुमा ठाउँ पाउँदै आएका छन् । यस परिप्रेक्षमा चिलिमेबाट उत्पादित विजुलीको खरिद विक्री दर निर्धारण गर्दा त्यस समयको पृष्ठभूमि विश्लेषण गरी अन्य स्वतन्त्र उर्जा उत्पादकहरुसंग भएका विजुलीको खरिद विक्री संभौता समेतको अध्ययन गरी निष्कर्षमा पुग्न आवश्यक देखिएकोले यस लेखमा सो सम्वन्धमा चर्चा गरिएको छ ।

विजुली सस्तो भएन: नेपाल विद्युत प्राधिकरणको एकिकृत प्रणालीमा चिलिमेको विजुलीको अंश करिव छ प्रतिशत छ । चिलिमेको विजुली प्राधिकरणले सित्तैमा पाएर सो वरावर विजुलीको औषत विक्री दर घटाउन चाहेमा हालको सालाखाला विजुली विक्री मुल्यमा पाँच प्रतिशत अर्थात करिव ३३ पैसा प्रति ईकाई मात्र कम गर्न सकिन्छ । यसले खास माने राख्दैन :यदि तामाकोशी जस्तो आयोजना नेपाली आफैले सस्तोमा निर्माण गरेमा विजुलीको मुल्य घटाउन सकिन्छ । अर्थात अन्य धेरै आयोजनाहरु सस्तोमा बनाउन सकेमा र उचित विद्युत खरिद दर कायम गरेमा उपभोक्ताहरुलाई विजुलीको भाउ कम गर्न सकिन्छ । त्यसकारण आजको आवश्यकता भनेको नेपालीले आफ्नै लगानीमा आफ्नै पौरखमा धेरै वटा चिलिमे वनाउनु हो । प्राधिकरणको मुख्य स्वामित्व चिलिमेमा

रहेको हुनाले नेपाल विद्युत प्राधिकरणले चाहेमा विद्युत खरिद दर पुनरावलोकन गर्न नसकिने पनि होइन ।

चिलिमेसंग नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद विक्री संभ्फौता हुनु अघि भएका भोटेकोशी र खिम्तीबाट उत्पादित विजुलीको खरिद विक्री स)भ्फौताहरुमा विदेशी मुद्रामा भुक्तानी दिनु पर्ने प्रावधान रहेको पाईन्छ । निर्माण सामाग्री र उत्पादन उपकरणहरु विदेशबाट विदेशी मुद्रामा ल्याईनु पर्ने, लगानि समेत विदेशी नै हुने भएको कारण देखाएर विदेशी मुद्रामा विजुलीको मुल्य तिर्नु परेको तर्क तेस्याईन्थ्यो । भोटेकोशीबाट उत्पादित विजुलीको खरिद दर सन् १९९५ जनवरी १ को मुल्यमा ६.० अमेरिकी सेन्टस प्रतिशत ईकाई रहेको छ । अमेरिकाका शहरी क्षेत्रको उपभोक्ता मुल्य सुचाङ्कका आधारमा २५ वर्ष सम्म वार्षिक मुल्य वृद्धि रहने प्रावधान रहेको छ । यस्तो वृद्धि दर विभिन्न ३ अवस्थामा सुन्य प्रतिशत, तिन प्रतिशत र ६ प्रतिशत कायम रहने उल्लेख छ । सुन्य प्रतिशत वार्षिक वृद्धि दर कायम रहने सम्भावना प्राय असम्भव देखिन्छ भने ईराक युद्धमा संलग्न अमेरिकाको सहरी क्षेत्रको उपभोक्ता मुल्य सूचाङ्क बढ्न सक्ने सम्भावनालाई मनन गर्दा ६ प्रतिशत वृद्धि दर कायम रहने संभावना कम आँक्न मिल्दैन । हाल सम्मको वार्षिक वृद्धि दर भने ३ प्रतिशत रहेको देखिन्छ । त्यसै गरि खिम्तीबाट उत्पादित विजुलीको खरिद दर सन् १९९६ को मुल्यमा ६.१३ अमेरिकी सेन्ट्स प्रति ईकाई रहने गरी २५ बर्ष सम्म ३ प्रतिशतले वृद्धि हुने प्रावधान विद्युत खरिद विक्री संभ्फौतामा उल्लेख छ ।

चिलिमेबाट उत्पादित विजुलीको खरिद विक्रीदरको संभ्फौता २०५४ साल असारमा भएको हो र २०५४ सालमा आइपुग्दा तत्कालिन अमेरिकी डलरको सटही दर अनुसार भोटेकोशी र खिम्तीबाट उत्पादित विजुलीको खरिद दर क्रमश: रु ३/१८ र रु३/३१ प्रति ईकाई भै सकेको थियो । साँभ्फ विहान बढि माग भएको समयमा पुरै क्षमतामा उत्पादन गर्नको लागि पोखरीको समेत व्यवस्था चिलिमेमा भएकोले आ.व. २०५३/५४ को मुल्यमा रु. ३ प्रति ईकाई मुल्य निर्धारण हुन गयो । सम्भ्फौतामा उल्लेख भएको व्यापारिक उत्पादन सुरु हुने मिति २०५५ साल चैत्र १९ बाट ८%का दरले १२ वर्षसम्म मुल्य बृद्धि रहने प्रावधान देखिन्छ । यस परिप्रेक्षमा विजुलीको खरिद दर आ.व. २०६७/६८ सम्म वृद्धि भै त्यसपछि ३६ बर्ष सम्म स्थिर रहने छ । त्यति मात्र नभई चिलिमेको विद्युत खरिद नेपाली मुद्रामा नै भुक्तानी हुने प्रावधानले गर्दा एउटा मापदण्ड समेत निर्धारण गरेको पाईन्छ । यसैको फलस्वरुप इन्द्रावतीको विद्युत खरिद विक्री सम्भ्फौता चिलिमे पछि भएको कारणले गर्दा केही विदेशी मुद्रामा केही स्थानीय मुद्रामा भुक्तानी गर्ने प्रावधान रहन गएको देखिन्छ । यसै क्रममा सरकारले सन् १९९८ मा १० मेगावाट क्षमतासम्मका विद्युत आयोजनाहरुवाट हिउदमा रु. ४/२५ र वर्षामा रु. ३ का दरले विद्युत खरिद गर्ने सार्वजनिक घोषणा गर्‍यो । यस्ता आयोजनाबाट उत्पादित विद्युतको महसूल ६ प्रतिशतको दरले ५ वर्षसम्म वृद्धि हुने प्राधान रहेको पाईन्छ । यो सार्वजनिक घोषणाको फलस्वरुप पिलुवा (३.२ मेगावाट), चाकु (१.५ मेगावाट), सुनकोशी (२.६ मेगावाट) आदीबाट विद्युत सार्वजनिक घोषणा गरिएको दर रेटमा खरिद विक्री गर्ने सम्भ्फौता भई संचालनमा आइसकेका छन् ।

यसरी नेपाल विद्युत प्राधिकरण र विभिन्न स्वायत्त पावर उत्पादनकर्ताहरु बिचको विद्युत खरिद विक्रीको सम्भ्फौतामा उल्लेखित विजुलीको खरिद दररेट भिन्न पाइन्छ । एकै प्रकारको उत्पादन गुण भएको वस्तुको दर रेट भिन्न भिन्न हुनु आफैमा विडम्वना नै मान्न पर्दछ । यस परिप्रेक्षमा हाल सम्म भएका विद्युत खरिद दरलाई एउटै आधारमा ल्याई सन १९९६ देखि सन २००६सम्म १० बर्षको अवधिमा डलरको तुलनामा नेपाली मुद्राको अवमुल्यन दर २.२ प्रतिशत देखिएकोले सो अनुसार रुपान्तरण गरी तुलनात्मक अध्ययन गरिएको छ ।

तुलनात्मक अध्ययनको लागि प्राधिकरणको चिलिमेमा भएको ५१ प्रतिशत स्वामित्व लगानी (Equity) लामो अवधिको ऋणको रुपमा कल्पना गरी दश प्रतिशत ब्याज चक्रवृत्ति प्रणाली अनुसार हिसाव गरी पूँजीकरण गरिएको छ ः उदाहरणको लागि ने.वि.प्रा.ले आ.व. २०५३/५४ देखि २०५६/५७ को अवधि सम्म कुल लगानी रु.४८ करोड९६ लाख गरेकोमा लगानी गरेको दिन देखि व्यवसायिक उत्पादन भएको दिनसम्म ब्याजको हिसाव गर्दा प्राधिरणको पूँजिकृत लगानी रु.८४ करोड २०लाख हुन आउँछ । आर्थिक वर्ष २०६०/६१ मा प्राधिकरणले पाएको लाभांस रु.४करोड ९८ लाख घटाउदा बाँकी रहने रु ७९ करोड ३१ लाख र यसमा लाग्ने ब्याज त्यस पछिका वर्षहरुमा पाउने लाभांशबाट कट्टा हुँदै जान्छ । आर्थिक बर्ष २०६०/६१ को कूल संचित रकम (Retained Earnings) रु. २८ करोड ७० लाखको ५१ प्रतिशतले हुने रकम रु. १४ करोड ६४ लाख प्राधिकरणका अंशमा पर्छ । ने.वि.प्रा. ले कम्पनीलाई विद्युत खरिद विक्री सम्भ्फौता अनुसार त्यस वर्ष तिरेको करिव रु.५९ करोड ४० लाख बाट प्राधिकरणको भागमा पर्ने



अंश घटाउँदा बाँकी हुने रकम रु. ४४ करोड ७६ लाख नै अन्य स्वायत्त पावर उत्पादकहरुलाई तिरे सरहको मुल्य हो । यस रकमलाई उक्त वर्ष आपूर्ति गरेको कुल उर्जा ईकाईले भाग गर्दा आउने विद्युत दर नै त्यस वर्षको प्रभावकारी दर रेट (चिलिमे प्र) हो । आ.व. २०६०/६१ मा विद्युत खरिद बिक्री सम्भौता अनुसारको विद्युत खरिद दर रु. ५/१४ प्रति ईकाई भएता पनि प्रभावकारी दर रेट भनेको रु.४/३५ प्रतिईकाई हुन आउँछ । यसै गरी अन्य वर्षहरुको समेत दर रेट हिसाव गरी चित्रमा देखाईएको छ । यसरी आर्थिक वर्ष २२६९/७० सम्ममा नेपाल विद्युत प्राधिकरणले प्राप्त गर्ने लाभांशको कुल रकमबाट पूँजीकृत लगानी र वार्षिक ब्याजको पूरा भुक्तानी भै सक्ने देखिन्छ ।

चित्रमा देखाए अनुसार चिलिमेको विजुलीको दर आ.व. २०६७/६८ सम्म बढ्दै गई ८/८१ प्रति ईकाई भै स्थिर रहन्छ । तर ने.वि.प्रा. को लागि यसको उच्चतम प्रभावकारी मूल्य भने रु.६/१४ प्रति ईकाई पर्न जान्छ । वि.सं.२०६९/७० मा लाभांशबाट स्वामित्व लगानी र यसमा लाग्ने व्यापारिक ब्याज फिर्ता भै सकेपरि प्रभावकारी मूल्य भने रु. ५/६९ प्रति ईकाईमा स्थिर रहन्छ । यसरी चिलिमेको विजुलीको प्रभावकारी मूल्य केही वर्षहरुलाई छोडेर बाँकी वर्षहरुमा इन्द्रावती भिमरुकलाई दिए सरहको नै मूल्य हो। तर सरकारले सन् १९९८ मा सार्वजनिक गरेको दर रेट भने सँधै नै न्यून रहेको पाइन्छ । भोटेकोशी र खिम्तीको विजुलीलाई दिएको मूल्य भने २५ वर्ष सम्म बढ्दै जाने भएकोले आ.व.२०७७/७८ सम्म परिवर्तनिय वैदेशिक मुद्रामा चक्रवृत्ति वृद्धि र अर्को तर्फ नेपाली मुल्यको अवमूल्यनले स्थानिय मुद्रामा गणना गर्द अति नै धेरै वृद्धि हुने गर्दछ । सन् १९९६ देखि सन् २००६ सम्मको अवधिको मुद्रा परिवर्तन दरलाई आधार मान्दा करिव २.२% ले नेपाली मुद्रा अवमुल्यन भएको पाइन्छ । यसको आधारमा गणना गर्दा आ.व.२०७७/७८ मा भोटेकोशी र खिम्तीको विजुलीको दर क्रमश: रु.१२/७२ र रु१२/९४ प्रति ईकाई हुने देखिन्छ । त्यस पछिका बर्षहरुमा वैदेशिक मुद्रामा खरिददर स्थिर रहेता पनि नेपाली मुद्रामा बढ्दै गई लाईसेन्स अवधिको अन्त्य सम्ममा करिब रु१५ प्रति ईकाई हुन सक्ने सम्भावना देखिन्छ ।

खिम्ती र भोटेकोशीको विजुलीको मुल्य आँधिखोला र सरकारले सार्वजनिक घोषणा गरेको विजुलीको मुल्य भन्दा करिव ३ देखि ४ गुणाले बढी छ भने इन्द्रावती, चिलिमेको प्रभावकारी दररेट र भिमरुकको भन्दा दुई देखि तीन गुणाले बढी देखिन्छ । विदेशी उत्पादकहरुले विजुली विक्रीबाट आर्जन गरेको पैसा विदेश नै जान्छ । नेपाली उत्पादकहरुले आर्जन गरेको पैसा एक वा अर्को किसिमले पुनर्लगानी भै राखेको हुन्छ भन्ने कुराको प्रमाण त शेयर मार्केटले नै देखाइ रहेको छ । अर्थशास्त्रको सामान्य सिद्धान्त अनुसार बैदेशीक लगानीको प्रभावले गर्दा नेपाली लगानीकर्ताहरुलाई उत्प्रेरणाको काम गर्नको साथै स्याटेलाईट उद्योगहरुको स्थापनामा मद्दत पुऱ्याउनुको साथै अन्य सहयोगी उद्योगहरुलाई भरथेग गर्ने अपेक्षा गरिन्छ । तर विडम्वना नै मान्नु पर्छ बैदेशीक लगानीवाट दुई ठूला जलविद्युत आयोजनाहरुमा करिव २४ करोड डलर लगानी भै ६० मेगावाट क्षमताको खिम्ती र ३६ मेगावाट क्षमताको माथिल्लो भाटेकोशीको निर्माण पछि वैदेशीक लगानी हुन सकेको छैन । साथै यि आयोजनाहरुको विकास गर्ने नीजि क्षेत्रका कम्पनीहरुले पुन: लगानी गरेका छैन । अत्यन्त महंगो विद्युत खरिदको पैसा देश वाहिर गएको छ ।

चिलिमेको विजुली विदेशी कम्पनीहरुले आपूर्ति गरेको वाहेक अन्यको तुलनामा केही महंगो देखिएता पनि प्राधिकरणले तिर्ने प्रभावकारी दररेट भने खासै वढी छैन । नेपाल विद्युत प्राधिकरण र विभिन्न स्वतन्त्र उर्जा उत्पादक संस्थाहरुको विचमा भएको विद्युत खरिद विक्री सम्भौता अनुसार एकै किसिमको विजुलीको मूल्य यति धेरै फरक हुनु न्यायोचित देखिदैन । हालका विद्युत खरिद सम्भौताले विदेशी उर्जा उत्पादक संस्थाहरुलाई बढीनै सहुलियत दिएको पाइन्छ । फेरी राज्यले नै विदेशी उत्पादकले अनुमान गरेको लागतमा न्यायोचित प्रतिफल हुने गरी ग्यारेण्टी गर्नु पर्ने हुन्छ । तथापि राज्यले उक्त लागत इष्टिमेट जाँच गर्न र सरकारी नियमन संस्था मार्फत प्रस्तावित लागत बास्तवमा खर्च भएको हो वा होइन भन्ने यकीन गर्न कष्ट गर्ने गरेको छैन । त्यसकारण सरकारले सन् १९९८ मा सार्वजनिक घोषणा गरेझैं पुन: विभिन्न किसिमका आयोजनाहरुबाट विद्युत खरिद गर्ने दर निर्धारण गरी सो अनुसार घोषणा गर्न ढिला गर्नु हुँदैन । यसरी घोषणा गर्दा सूक्ष्म, साना, मझौला र ठूलाको लागि तथा रन अफ रिभर, पिकिङ्ग र जलासययुक्त आयोजनालाई ध्यानमा राखेर निर्धारण गरिनु पर्छ : जसले गर्दा एकै प्रकारको उत्पादनलाई सकेसम्म समान दर रेट लागु हुन सकोस । यति गरेमा उत्पादनकर्ताहरुले कसैको पक्षमा वा विपक्षमा दर रेट निर्धारण गरेको भनि आलोचना गर्न पाउने छैनन् । पारदर्शिता अपनाउँदा लोकतान्त्रिक सरकारको कामकारवाहीमा जन विश्वास बढ्ने छ । कार्यान्वयनमा रहेका विद्युत खरिद सम्भौताको अध्ययन गरी विद्युत खरिद विक्री पुनरावलोकन गर्ने प्रयास गर्नु त सुन माथिको सुगन्ध नै हुनेछ । यसको सुरुवात चिलिमेबाटनै किन नगर्ने ।

उद्योगहरुको स्थापनामा मद्दत पुऱ्याउनुको साथै अन्य सहयोगी उद्योगहरुलाई भरथेग गर्ने अपेक्षा गरिन्छ तर विडम्वना नै मान्नु पर्छ वैदेशीक लगानीबाट दुई ठूला जलविद्युत आयोजनाहरुमा करिव २४ करोड डलर लगानी भै ६० मेगावाट क्षमताको खिम्ती र ३६ मेगावाट क्षमताको माथिल्लो भोटेकोशीको निर्माण पछि वैदेशीक लगानी हुन सकेको छैन । साथै यि आयोजनाहरुको विकास गर्ने नीजि क्षेत्रका कम्पनीहरुले पुन: लगानी गरेका छैन । अत्यन्त महंगो विद्युत खरिदको पैसा देश वाहिर गएको छ ।

मेरा तेइस वसन्तका अनुभवहरु

-उद्धवहरि अधिकारी

खै ! के लेख्ने ? कहाँबाट लेख्न सुरु गर्ने ? किन लेख्ने ? कि नलेख्ने कि ? टार्ने कि ? थुप्रै प्रश्न, अन्तरद्वन्द्व र विकल्पहरु मसँग छन् । व्यवसाय र व्यवहारको उल्झनमा नपुगिरहेको समय, वर्षौं देखि छुटेको लेख्ने बानी, अल्छिपन पनि समस्या हुँदा रहेछन् लेखाइमा । सन्दर्भ छ, नववर्ष २०६४ को सेरोफेरोमा रसुवा र नुवाकोट जिल्लाको वेत्रावती क्षेत्र (उत्तरगया) लाई समेटेर सायद त्यस क्षेत्र तिरकै विशेषता र समस्यलाई उजागर गर्ने मनसायबाट प्रकाशोन्मुख पत्रिकामा मैले त्यस क्षेत्रकै पुरानो शैक्षिक केन्द्रका रुपमा रहेको श्री नीलकण्ठ उच्च माध्यमिक विद्यालयमा शिक्षक /प्रधानाध्यापकका रुपमा बिताएका २३औं वसन्तका अनुभव लाई आधार बनाई संस्मरणात्मक रुपमा केही लेख्ने /लेख्न आग्रह/अनुरोध गर्ने परिचित भाइ सुवास आचार्य जो पत्रकारिता र साहित्यिक विकासका दृष्टिले शून्य गतिविधि रहेको त्यस क्षेत्रबाट राजधानीमा आई संघर्ष गर्दै साहित्य र पत्रकातिामा श्रम र शीप खर्चेर लागि परेका युवा हुन् । राजधानी तथा सीमित सहरमा मात्र सुविधा र अवसर थुपारेर मोफसलमा साहित्य र पत्रकारिताको विकासलाई गौण बनाउने राजधानीको ठालुवादी संकीर्ण चिन्तनलाई चुनौती दिन पनि यसको विस्तार तथा विकास मोफसलमा हुनु आवश्यक ठान्छु म । त्यसैले त्यस्तो प्रयासमा लागि पर्ने भाइको आग्रहलाई म कसरी टार्न सक्छु र ? तर के लेख्ने ? मसँग त्यहाँ कार्यथलोका रुपमा बिताइएका युवा अवस्थाका २३ वर्षका जीवनका सिर्जनाका उत्कर्षताका क्षणहरु छन् राम्रा-नराम्रा, तीता-मीठा, लेख्न हुने-नहुने, लेखेर नसकिने, वर्णनातीत आरोह अवरोहका थुप्रै कथाहरु छन्, ती सवैबाट एउटा छेउ समातेर लेख्दा अर्को छेउ छुट्न पनि त सक्छ, त्यो पनि त न्याय हुँदैन । जे होस ती सवै क्षणको कुनै कुनै अंश लेख्दै जाँदा जसरी आउँछ, आओस् । लेख्नु चाहिँ सामयिक नै हुन्छ भन्ने लागेको छ ।

जीवन सोचेको जस्तो कहाँ हुदो रहेछ र ? २०३७ सालमा म त्यहाँ पुग्दा घुम्ने उद्देश्यले त्यता पुगेको मान्छे, शिक्षण पेशामा त्यतै लामो समय बिताउने योजना त के कल्पना सम्म पनि आफूसँग थिएन तर २०५९ साल साउन सम्म २३ वर्ष बिताएँछु । सोइखुट्टेबाट त्रिशुली सम्मका लागि छुट्ने २ वटा वस (विहान ७ बजे र दिउसो १ बजे) मा सानो बाटोमा सदरमुकाम धुन्चेसम्म करिव १४ कोशको कठिन यात्रा तय गर्दा जीवन उर्जानै समाप्त भएको लागेथ्यो त्यतिबेला । खान बस्नको अप्ठ्यारो, अविकसित ग्रामीण बस्ती, अपरिचित वातावरण । कुन आशा र प्रेरणाले त्यहाँ बस्ने योजना मेरो मनमा आयो होला अहिले सम्झँदा पनि छक्क पर्छु म । अहिले लाग्दै छ त्यतिवेला जे गरें राम्रै गरें ।

त्यहीँ बसेर त जीवनका मूल्यहरु थाहा पाएँ आलो-काँचो उमेरलाई अनुभवले परिपक्व बनाएँ । त्यहीँ पुगेपछि विवाह गरेँ, छोरा-छोरी हुर्काएँ, आफैले पढाउने विद्यालयमा दुईवटी छोरीलाई पढाएर एस.एल.सी. राम्रो श्रेणीमा उत्तीर्ण गराएँ । सामुदायिक विद्यालयमा शिक्षकहरु आफू विद्यालयमा राम्ररी पढाउँदैनन्, तसर्थ आफ्ना छोराछोरीलाई आफूले पढाउने विद्यालयमा नपठाई अन्यत्र पठाउँछन् भन्ने मिथ्यालाप गर्नेहरुका अगाडि गौरवान्वित छु म, त्यहीँको अनुकूल विद्यालयीय शिक्षाको जगमा मेरा दुईवटी छोरीहरुका स्नातकोत्तर तहसम्म सफलताका साथ अध्ययन अगाडि बढिरहेछन् । पढाईमा कहिल्यै खोट लागेको छैन । जेठी छोरी राजधानीकै सरकारी क्याम्पसमा पढ्दैछिन् भने कान्छी छोरी उच्च शिक्षालाई जीवनोपयोगी र रोजगारमूलक बनाउन विदेशमा अध्ययनरत छिन् । म आफै पनि माध्यमिक तह तृतीय श्रेणीको शिक्षक पदबाट त्यहीँ कार्यरत छदैं द्वितीय श्रेणीमा बढूवा भइसकेको थिएँ भने त्यहीँको उर्जाले हाल सरुवा पछि कार्यरत ललितपुर जिल्लामा सोही तहको अन्तिम तथा सम्मानित तह प्रथम श्रेणीमा बढूवा भई जिल्लाकै स्तरीय विद्यालयमा गणना गरिने सामुदायिक उच्च माध्यमिक विद्यालयमा सेवारत छु । मेरो जीवनको सार्थकताको ठूलो अंश बनेको छ , त्यहाँको वसाई । त्यसैले म अनुग्रहित छु, आभारी छु, उत्तरगयाको पवित्र भूमि प्रति-जसका कण-कणमा मेरा अतितका सुन्दर क्षणहरु छन्, सम्झनाहरु छन्, त्यहाँको माटो प्रति म कृतज्ञ छु । आज सम्म त्यहाँका सम्पूर्ण सन्दर्भहरु आजै जस्ता लाग्छन्, भौतिक रुपमा टाढिनु परे पनि मनको एउटा कुनामा हार्दिकता र निकटता जीवन्त रहेको छ, व्यक्ति, ठाउँ सबैलाई स्मृतिमा राखेको छु ।

आज त विकट छैन, त्यहाँको वातावरण । भौतिक रुपमा आमूल परिवर्तन भएको छ । घण्टौं हिडेर तय गर्नुपर्ने पहाडी बाटाहरुको कठिन यात्रालाई छिन्-छिन्मा गाउँ-गाउँबाट गुड्ने बस् र माइक्रोले सरल बनाएका छन् । शिक्षाको राम्रो प्रबन्ध छ । उच्च माध्यमिक तह सम्मको अध्ययन गाउँमै सवल बनेको छ, सामुदायिक मात्र होइन संस्थागत विद्यालय समेत ठाउ-ठाउँमा खुलिसकेका छन् । टुकि र लालटिन बालेर रात उजिल्याउनु पर्ने बाध्यताको अन्त्य भएको छ । गाउँ-गाउँमा विजुली बत्तीको उज्यालो चहक पुगिसेकेको छ । खवर आदान प्रदानको एक मात्र आधार चिठी मात्र हुन्थ्यो उतिबेला, अहिले त सिडिएमए र मोवाइल फोनको उपलब्धताले सञ्चारको समस्या समाधान भएको छ । सिँचाइ र खानेपानीको धेर-थोर व्यवस्था छ । परम्परागत ढुंगेधारा र कुवालाई गाउँ-गाउँमै ओछ्याइएका विकासे पाइप र धाराले जिस्काइरहेका छन् । विभिन्न वचत समूहका माध्यमबाट वचत र ऋण परिचालन हुन थालेकाले सानो-तिनो गर्जो टार्न साहु र बैंकको मुख ताक्नु पर्ने अवस्था अन्त्य भएको छ । परम्परागत कृषि कार्यमा अधुनिक मान्यताहरु थपिएका छन् । भैंसी पालन, कुखुरा पालन्, आलुखेती र तरकारी खेती बिस्तार हुँदै छ । चेतनाको स्तर माथि उठेको छ, साक्षरताको दर प्रगतिउन्मुख छ । कुनै बेला एस.एल.सी. उत्तीर्ण गर्ने व्यक्ति जिल्लामै औँलामा खोज्नु पर्थ्यो, अहिले त वडावडामा माध्यमिक शिक्षा मात्र हैन उच्च शिक्षा प्राप्त गर्ने व्यक्ति हरु पनि प्रशस्त भेटिन्छन् । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरु केही रोजगारीका अवसरहरुको सिर्जना गर्दै विकास र चेतना अभिवृद्धि गर्ने कार्यमा तछाड-मछाड गरी हात बढाइरहेका छन् । नयाँ सत्ताको लहस पनि गाउँमा प्रवेश गरिसकेको छ । राजनीतिक सोँच र चेतनामा परिवर्तन भएको छ । यी सवै भलकले विकासका पूर्वाधारहरु निर्माण भएको संकेत गर्दछन् ।

यी सबै तथ्यहरुका बावजुद सोँच्नु पर्ने विषय बनेको छ , विकास भनेको के हो त ? यातायात, शिक्षा र खानेपानीको देखावटी आँकडाले मात्र जीवनस्तर माथि उठेको छ मात्र भन्न सकिन्छ त ? कदापि सकिँदैन । जवसम्म उत्पादकत्व बढाउन सकिँदैन, वेरोजगारी समस्याको हल निस्कदैन, स्थानीय सीप र श्रममा आधारित उद्योगधन्दा र व्यवसायको विस्तार गर्न सकिँदैन, साधन र स्रोत माथि सबैको पहुँच सम्भव हुँदैन तवसम्म विकासको प्रतिफल "आकाशको फल आँखा तरि मर" भने जस्तै मात्र हुने छ । बाहिरी परिदृष्य मात्र विकासको परिसूचक वन्न सक्दैन यसका लागि त त्यसबाट प्राप्त प्रभाव र परिमाणलाई हेर्नुपर्ने हुन्छ । सबैलाई शिक्षा, स्वास्थ्य र रोजगारीको समान र सहज अवसर पु-याउन नसक्दासम्म फेरि पनि विकासको आधार फितलो हुने छ । तसर्थ रुपमा देखिएको विकासलाई सारमा पु-याउन विभिन्न क्षेत्रमा धेरै कार्य हरु सम्पन्न गर्नुपर्ने चुनौती पनि त्यत्तिकै छ ।

अनन्त सम्भावनाहरु छन् त्यस क्षेत्रको विकासका । उत्तरगया क्षेत्रको विकासको पूर्वाधारको प्रमुख आकर्षण भनेको नै ऐतिहासिकतामा आधारित खोज र धार्मिक पर्यटन हो । वेत्रावती सन्धिको नामले परिचित यस ठाउँको ऐतिहासिकता र गोसाईकुण्डसँग संयोजित पौराणिक मान्यतामा आधारित उत्तरगया क्षेत्रको रुपमा प्रसिद्ध धार्मिक महत्व नै यसका पहिचानका प्रमुख आधारहरु हुन् । त्यसैले यसको महत्वलाई वर्षको एकपटक पौषे औँसीमा टाढा-टाढाबाट मानिसहरु आएर श्राद्ध गर्ने परम्परामा मात्र सीमित गरिनु हुन्न । यसका लागि उपयुक्त समय तलिका निर्धारण गरी व्यापक प्रचार प्रसारका माध्यमबाट यस क्षेत्रको महत्वलाई आम मानिसमा पु-याई सवैको ध्यानाकृष्ट गराउँन कम्तिमा ५ दिने उत्तरगया महोत्सवको आयोजना गरेर सबैको सहभागितामा एउटा उच्च स्तरीय समिति निर्माण गर्दै उत्तरगया क्षेत्र वृहत् गुरु योजना तयारीका साथ अघि बढ्नु उपयुक्त हुनेछ । सन्दर्भीत पौराणिक मठ मन्दिर र पाटि पौवाहरु मर्मत-सम्भार तथा निर्माण गर्ने, पर्खाल र तारवारको समुचित प्रवन्ध गरी प्रक्षेपित क्षेत्रमा धार्मिक वनको विकास गर्ने, घाट संरक्षण गर्ने, राममन्दिरबाट तुप्चे फाँटमा भोलुंगे पुल निर्माण गर्ने, उचित धार्मिक दिनहरुमा सामूहिक व्रतवन्ध, विवाह आदि कार्य गराउन स्थानीय प्रवन्ध गर्ने, यसको ऐतिहासिकता र धार्मिक पहिचानलाई व्यापकता दिन यज्ञ यागाधि र धार्मिक सभाको आयोजना गरी इच्छुक व्यक्ति नाम तथा संस्थालाई परिचालन गरी स्थनीय गुठिको स्थापना गर्ने, महायज्ञ आयोजना गरी आवश्यक स्रोतको व्यवस्था गर्ने आदि महत्वपूर्ण कार्य गरी यसको स्वरुपलाई गरिमामय बनाउन सकिन्छ । पर्यटन र सूचना विभागबाट प्रकाशित गरिने सूचना र प्रचार मूलक पोष्टरमा यस क्षेत्रको परिदृष्यलाई समावेश गराउने काममा पनि प्रयास गरिनु वान्छनीय दखिन्छ । यसको विकासमा दीर्घकालीन निर्माणका कामहरु केन्द्रीय सरकारी वजेटबाट र अल्पकालीन निर्माण तथा अन्य आवश्यक कामहरु, पर्यटन मन्त्रालय, गुठि संस्थान्, रसुवा र नुवाकोट जि.वि.स., स्थानीय गा.वि.स.हरुबाट सहयोग जुटाई सम्पन्न गराउन प्रयास गर्नु उपयुक्त र प्रभावकारी हुनेछ । विकासको प्रमुख परिसूचक ग्रामीण क्षेत्रको लागि समुचित स्वास्थ्य सेवा नै हो । उचित स्वास्थ्य सेवाको अभावमा अकालमै मर्नुपर्ने परिस्थितिको अन्त्य गर्न सरकारी तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट सहयोग जुटाई कम्तीमा २५ शैय्यासम्मको अस्पताल संचालन गर्नु आवश्यक देखिन्छ । उत्पादकत्व बढाउन कृषिमा विभिन्न सुविधाहरु विस्तार गरि जैविक सिमसार क्षेत्रहरुको संरक्षण गर्दै कृषि विविधताको प्रणाली

अपनाउनु उपयुक्त हुन्छ । पशुपालनबाट दुध, दहि, घिउ र मासुको आवश्यकता पुरा गरी उत्पादकत्व र वचत बढाउन सकिन्छ । आलुखेती र तरकारी खेतीलाई प्रोत्साहित गर्दै आलु भण्डारणका लागि सरकारी सहयोगमा शीतगृह (कोल्ड स्टोर) स्थापना गर्ने हो भने त्यस क्षेत्रमा प्रशस्त मात्रामा उत्पादन हुने आलु भण्डारण गरी महंगो हुने समयमा अपेक्षित मूल्यमा बेच्न सकिन्छ । सिँचाइ सुविधाको अभाव र अपर्याप्ततामा कृषि क्षेत्रको विकास सहज बन्न सक्दैन । सिँचाइको अभावमा चौकेटार, बोकेटार, नौविसे, कैंदलेटार आदि क्षेत्रका फाँटहरुबाट पर्याप्त उत्पादन लिन नसकिएको अवस्थामा यसको प्रवन्ध हुनेहो भने थोरै जग्गा जमिनबाट पनि यथेष्ट उत्पादन गरी किसानको जीवनस्तर माथि उठाउन सकिन्छ । कुखुरा पालन पनि आय आर्जनको बैकल्पिक उपाय हो । पूष्प खेती गरी पूष्प व्यापार र मौरीपालनबाट मह उत्पादन गरी व्यावसायलाई एकीकृत गर्न मद्दत पुग्ने काम गर्नु समय सहाउँदो कार्य हुन सक्छ । वन जंगल क्षेत्रको विस्तार गरी सामुदायिक वन योजनाका माध्यमबाट वनक्षेत्रको संरक्षण गर्दा घरायसी आवश्यकता मात्र पुरा हुने मात्र हैन, पशुपालनका लागि आवश्यक चरि-चरन तथा घाँस स्याउलाको उपलब्धता सुगम हुन जान्छ । जडिवुटी खेती पनि त्यहाँको भौगोलिकतामा सम्भाव्य क्षेत्र हो । उपयुक्त भेगबाट सजिलैसित प्राप्त गर्न सकिने स्याउबाट स्क्वास र जाम, जेली उद्योग, आलुबाट आलुचिप्स लगायत उत्पादन र दुधबाट डेरी जन्य उद्योगको विकासको सम्भावना पनि त्यस क्षेत्रमा प्रचुर मात्रामा विद्यमान रहेको छ । यस्ता उद्योगबाट एकातिर अर्थोपार्जन गर्न सकिन्छ भने अर्को तिर स्थानीय बेरोजगार व्यक्तिहरुले उचित रोजगारी पाउन सक्नेछन् । १२ महिना पानी बगिरहने फलाखु र त्रिशुली नदीको पानी उपयोग गरी मत्स्यपालन गर्ने हो भने "त्रिशुलीको माछा" भन्ने प्रसिद्धिलाई जोगाई येथेष्ट अर्थोपार्जन गर्न सकिन्छ । ग्रामीणक्षेत्रमा पूँजी परिचालन र बचतको ब्यवस्थापन भनेकै सहकारिता हो, तसर्थ विभिन्न गैरसरकारी संस्थाहरुको अगुवाइमा खुलेका ग्रामीण आयआर्जन तथा वचत समूहहरुको स्थापना र प्रभावकारितामा वृद्धि गरी सहकारिताका माध्यमबाट अगि बढ्ने हो भने सानो तिनो आवश्यकता पूरा गर्न स्रोतको अभाव नहुने देखिन्छ । कतिपय साना-तिना कार्यालाय र संस्थाहरुको दैनिक कारोवार, व्यवसायिक ऋण, वचत आदि कामका लागि वाणिज्य बैंकको आवश्यकता पनि त्यतिकै टड्कारो खाँचो हो । व्यापारिक क्षेत्रको रुपमा अगाडि बढिरहेको त्यस क्षेत्रमा वाणिज्य बैंकको आवश्यकता धेरै पहिले देखि नै महसुस गरिएको भएता पनि देशमा विद्यमान असहज परिस्थितिको कारण यस सम्वन्धिकाम अगाडि बढ्न नसकेको अवस्थामा वर्तमानको सहज वातावरण त्यसैको स्थापनाको लागि उपयुक्त समय हुनसक्छ । त्रिशुली, स्याफुबेसी हुँदै चिनको सीमासम्म पुग्ने बाटोलाई त्यतातिरबाट लाने व्यवस्था भए वेत्रावती त्यस क्षेत्रको एउटा प्रमुख व्यापारिक नाका बन्न सक्छ । भोलीका दिनमा व्यापारिक प्रयोजनका लागि ओहोर-दोहोर गर्ने परिवहन हरुको बिसौनी स्थलका रुपमा यसको विकासको सम्भाव्यता पनि प्रचुर मात्रमा रहेको छ । जिल्ला कै पुरानो शैक्षिक केन्द्रको रुपमा रहेको नीलकण्ठ उच्च माध्यमिक विद्यालयलाई क्याम्पसमा परिणत गरी स्नातक तह सम्मको शिक्षा सहज बनाउन सकियो भने विभिन्न वर्गका मानिसहरुले पनि गाउँमै वसी सजिलैसँग उच्च शिक्षा पाउन सक्नेछन् । परम्परागत पानी घट्टहरु पनि त्यस क्षेत्रमा कुटानि कार्यमा प्रमुखता ओगट्ने साधन हुन् । लोप हुँदै जान लागेका त्यस्ता पानी घट्टहरुलाई संरक्षण गरी परम्परागत सांस्कृतिक पहिचानको जगेर्ना गर्दै आधुनिक प्रविधिमा तीनलाई सञ्चालन गरी सानोतिनो उर्जा (विजुली) उत्पादनमा समेत त्यसको प्रयोगलाई व्यवस्थित गर्न सकिन्छ । बढ्दै गएको भू-स्खलनलाई रोक्न नदी संरक्षण, तटबन्ध निर्माण, ढुंगा, गिटी र वालुवाको व्यवस्थित प्रयोगमा अहिलेनै ध्यान नदिने हो भने आज वरदानका रुपमा रहेका तिनै जीवनदापिनी नदीहरु भोली अभिसाप बन्न सक्ने कुरामा समेत सचेत बन्नु आवश्यक छ । जति नै चर्चा गरे पनि नयाँ क्षेत्र पहिचान गरी नयाँ दृष्टिकोण, सोचाइ, उत्साह र जाँगरका साथ उत्तरगया क्षेत्रको विकासमा त्यहिका समाजसेवी, शिक्षा प्रेमी , राजनीतिज्ञ र आम नागरिकको साझा प्रयास हुनुपर्ने कुरामा दुईमत नहोला । हामी जस्ता टाढा वसेर त्यसको विकासको शुभेच्छा राख्ने व्यक्तिले त शुभकामना दिने मात्र त हो नि !

एउटा सानो संस्मरण लेख्छु भन्दा-भन्दै मैले धेरै पाना खर्चेर निवन्ध जस्तो लामो रचना लेखी पत्रिकाको वोझ बढाएँ वा असामयिक सन्दर्भ राखें, अथवा लेख्नुपर्ने लेखें, म आफै स्पष्ट छैन । भावनामा, विचारमा जे थियो, त्यही लेखें । बाँकी पाठकले निर्क्यौल गर्ने कुरा हो । अन्त्यमा लेख्दै गर्दा धेरै कुराहरु सम्झनामा छन्:- मैले २३ औं वर्षमा काम गरेको विद्यालय, मैले वर्षौंसम्म वासस्थानको रुपमा आफ्नै जस्तो ठानेर प्रयोग गरेको घर, घरानका दाजू-भाउजू, आमा र भाईबैनीहरु, सँगै काम गरेका सहकर्मी साथीहरु, विद्यालय व्यवस्थापनको सिलसिलामा वर्षौं नजिकै बसेर काम गरेका पदाधिकारी साथीहरु, समाजसेवीहरु, राजनीतिज्ञहरु, विद्यार्थीहरु लगायत सबैमा नव वर्ष २०६४ को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै उत्तरगया क्षेत्रको उत्तरोत्तर प्रगतिका साथ कलम बन्द गर्छु ।

(लेखक नीलकण्ठ उच्च मा. वि, वेत्रावती, रसुवाका तत्कालीन प्र.अ. हुनुहुन्छ ।)

दुई गजल

-दयाराम पौडेल "आशुतोष-झरी"

(१)

क्या निष्पाप अमर दुबो, किन उन्छौ प्रिया ?
नशालु नजर डुबाई, किन रुन्छौ प्रिया ?

भावीले दिए, प्रीति बोकी, आउँछु तिम्रो देहतामा;
सपनीमा जूनसँगै, कत्ति ? किन झुम्छौ प्रिया ?

रिंसायझैं गर्छौ तिमी, सुसेलेर बोलाउँदा;
सर्माएर भारी अधर, किन छुन्छौ प्रिया ?

चखेवा झैं शयर गर्दा, गगनमा तिमी र म;
सेन्टर-मन हर्षाश्रुले, किन धुन्छौ प्रिया ?

टहटह सागरमा, चम्किएकी मोती तिमीलाई
रगतले स्यूँदो पोतौं ? "बोल" कत्ति ? किन सुन्छौ प्रिया

(२)

एकै चिम्टी सिन्दुर कोर्दा बल्न थाल्यो ।
घुम्टोबाट चियाई हेर्दा मुटु जल्न थाल्यो ।

माताको काख छोड्नु प-यो, दुधको भारा उधारै छ;
के भूल गरें मातृभूमि ? कस्तो रित यो प्रीतको ?

अश्रु सागर रित्त भयो, बाबा दियौ अन्माएर;
ढिकी कुट्दै जाँतो माथि, सारा सपना दल्न थाल्यो ।

देहको सुसिल मा आत्मा संगै आँधी चल्न थाल्यो ।

(लेखक लिंकन कलेज,
काठमाण्डौंमा अध्ययनरत हुनुहुन्छ ।)

हाम्रो प्रयासमा हाम्रो विकास

- तपाईंको गाउँ ठाउँ र समुदायमा हुने विकास निर्माण कार्यमा सहभागी बनौं ।
- अपेक्षित, उत्पीडित र पछि परेका वर्गको प्रत्यक्ष सहभागितामा जोड दिऔं ।
- जनतालाई प्रत्यक्ष लाभ पुग्ने र छिटो प्रतिफल दिने योजनामा प्राथमिकता दिऔं ।
- योजनाको हरेक चरणमा कम्तिमा ५०% महिला सहभागिता गराऔं ।
- कसको पैसा, के काम, कहिले र कसरी गर्ने भन्ने कुरामा चासो राखौं ।

जिल्ला विकास समितिको कार्यालय,
धुन्चे, रसुवा ।

HEARTIEST GREETINGS FOR A HAPPY NEW YEAR 2064

SURYA NEPAL

ENDURING VALUE FOR ALL STAKEHOLDERS

Shree Bal Sadhan, Kanipath, Kathmandu, Nepal

रसुवामा पर्यटन विकासका सम्भावना र चुनौतीहरु

-राम चन्द्र सेढाईं

जिल्लाको पर्यटकीय पृष्टभूमि

मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत चीनको स्वशासित क्षेत्र तिब्वतसँग जोडिएर रहेको रसुवा जिल्ला विश्व पर्यटकीय बजारमा लाङटाङ क्षेत्रको नामले समेत परिचित छ । प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाले धनी रहेको यो क्षेत्र पदयात्रा पर्यटन (Trekking Tourism) का हिसाबले अन्नपुर्ण र खुम्बु क्षेत्र पछिको तेस्रो पर्यटकीय गन्तव्यको रुपमा रहेको छ । वि.सं. २०३२ सालमा लाङटाङ राष्ट्रिय निकुन्जको स्थापना भएपछि औपचारिक रुपमा पर्यटन विकास भएको यस क्षेत्रमा अधिकतम वार्षिक १३ हजार विदेशी पर्यटक (२०५६/०५७ को रेकर्ड) तथा करिव २८ हजार स्वदेशी पर्यटकहरु (२०६३ को अनुमानित रेकर्ड) भ्रमण गर्न आउने गर्दछन् । यस जिल्लामा आउने पर्यटकहरु खासगरी पदयात्रा, हिमाल आरोहण, बिदा मनाउने, अनुसन्धान, सांस्कृतिक अनुभव जस्ता क्रियाकलापका लागि आउने पाइएको छ । मुख्य रुपमा १० दिने लाङटाङ/क्याञ्जिङ मार्ग, ७ दिने गोसाईकुण्ड मार्ग तथा भर्खरै विकास गरिएको ८ दिने तामाङ सम्पदा मार्गहरुमा पर्यटनको विकास भई स्थानीय समुदायले फाईदा लिईरहेका छन् भने अन्य थुप्रै क्षेत्रहरु समेत पर्यटन विकासका दृष्टिकोणले उत्तिकै सम्भावना बोकेका छन् ।

जिल्लामा मुख्य पर्यटकीय आकर्षणहरु

राजधानी काठमाण्डौवाट नजिकमा रहेको यस लाङटाङ क्षेत्रलाई प्राकृतिक एवं साँस्कृतिक सम्पदाको अनुपम संगम भएको पयटकीय गन्तव्यका रुपमा लिइन्छ । खासगरी लाङटाङ हिमाल, गोसाईकुण्ड ताल र तामाङ संस्कृतिका हिसावले पर्यटकीय बजारमा चिनिने यस जिल्लाका प्रमुख पर्यटकीय आकर्षणहरु यस प्रकार छन् ।

१) प्राकृतिक आकर्षणहरु

लाङटाङ क्षेत्रका प्रमुख प्राकृतिक पर्यटकीय आकर्षणहरुको रुपमा सुन्दर हिमश्रृङखला, सुन्दर भू-परिधि तथा धार्मिक र सिमसारको महत्व बोकेका उच्च हिमाली तालहरु रहेका छन् । यस क्षेत्रमा रहेका मुख्य प्राकृतिक पर्यटकीय आकर्षणरुहलाई निम्न वमोजिम उल्लेख गर्न सकिन्छ ।

क) हिमश्रृखंलाहरु : लाङटाङ हिम श्रृखलामा रहेको लाङटाङ लिरुङ (७२४५ मी.), लाङटाङ दोस्रो (६७६१ मी.), मोरिमोटो (६७५० मी.), किमशुङ (६७४५मी.), साल्वाछुम (६६८० मी.), ड्रागमार्पो रि (६५८७ मी.), याङ्सा सेन्जी (६५७५मी.), गोल्डुम (६४८० मी.), लाङसिसा रि (६४२७ मी.), गाङ्छेम्पो (६३८७ मी.), उर्किमा पिक (६१५१ मी.), किम्यू रि (६०८७ मी.), क्यूङ्गा रि (६०३७ मी.), पाङगेन डुम्पु (५९३० मी.), नयाँ काङ्गा (५८४४मी.), तेम्वालथाङ (५७०२ मी.), मेमडाङ कार्पो (५६९१ मी.), याला पकि (५५०० मी.), चेर्को रि (४९८४ मी.), लगायतका सुन्दर हिमाली पिकहरु । गोसाईकुण्ड श्रृखंलामा अवस्थित सूर्य पिक (५१४५ मी.) र साङ्जेन हिमश्रृखंलामा अवस्थित गणेश हिमाल तेस्रो (सालसुङ्गो, ७०४३ मी.), गणेश हिमाल पाँचौ (६७७० मी.), कालोपोखरी हिमाल (६११९ मी.), पाल्दोर पिक (५८६० मी.), डिल्पु हिमाल (५४५०मी.), लगायतका हिमालहरु यस क्षेत्रका प्रमुख आकर्षण हुन् । साथै गञ्जला पास (५१३०मी.), लौरीविना पास (४६१० मी.) लगायतका पासहरु साहसिक पदयात्राका लागि महत्वपूर्ण पासहरु हुन् ।

ख) कुण्डहरु : गोसाईकुण्ड क्षेत्रमा रहेका गोसाईकुण्ड (४२३८ मि.) सूर्यकुण्ड, भैरवकुण्ड, नौकुण्ड, सरस्वतीकुण्ड, रक्तकुण्ड, आमाकुण्ड, चन्द्रकुण्ड, राजाकुण्ड, गणेश हिमाल क्षेत्रमा रहेका पार्वतीकुण्ड, जागेश्वरकुण्ड (४२९०मि.), कालो पोखरी, सेते ताल, कालो ताल र लाङटाङ/टिमुरे/वृद्धिम क्षेत्रमा रहेका दुधकुण्ड, रिभरकुण्ड लगायतका अनगिन्ति आकर्षक उच्च हिमाली तालहरु पर्यटकका थप आकर्षणहरु हुन् ।

ग) वनस्पति :लाङटाङ्गे सल्ला, १० जातका लालीगुराँस, सुनाखरी लगायतका १५ प्रकारका जंगल तथा ३००० प्रजातिका फूलफुल्ने वनस्पति लगायतका वानस्पतिक विवधता यस क्षेत्रका थप आकर्षण हुन् ।

घ) वन्यजन्तु : हाब्रे (रेडपाण्डा), कस्तुरी मृग, हिउँ चितुवा, हिमाली आसामी वाँदर, लंगुर वाँदर लगायत ४६ प्रजातिका स्तनधारी प्रजाति तथा डाँफे, मोनाल, कालिज लगायतका २५० प्रजातिका चराहरु यस क्षेत्रका थप पर्यटकीय आकर्षणहरु हुन् ।

ङ) अनुपम भू-परिधि : विश्वकै सात सुन्दरस्थान मध्येको एक मानिने क्यान्जिङ उपत्यका लगायतका लाङटाङ उपत्यका, साङजेन उपत्यका, भोटेकोशी/त्रिशुली नदि

तटीय उपत्यका, नागथली, बुद्धडाँडा, लौकिल, खुर्पुडाँडा जस्ता सुन्दर भू परिधी र सो स्थानहरुबाट देखिने सुन्दर दृष्यहरु पर्यटकका थप आकर्षणका रुपमा रहेका छन्

च) ग्ल्येसियर/हिमनदीहरु : साङ्जेन क्षेत्रमा रहेका साङ्जुङ ग्ल्येसियर र पाल्दोर ग्ल्येसियर, लाङटाङ क्षेत्रमा रहेका लाङटाङ ग्ल्येसियर, लाङसिसा ग्ल्येसियर, साङवाचुम ग्ल्येसियर, ताहो ग्ल्येसियर, लिरुङ ग्ल्येसियर लगायतका ७० भन्दा वढी ग्ल्येसियरहरु ।

छ) प्राकृतिक तातोपानी मूहान : चिलिमे तातोपानी, स्याफ्रुवेशी, टिमुरे र ठूलोभार्खु नदी किनारामा पाईने तातोपानी का मूहानहरु ।

२) मानव निर्मित आकर्षणहरु

क) तामाङ संस्कृति

- मुख्य तामाङ वस्तीहरु : गत्लाङ, गोल्जुङ, चिलिमे, थुमन, टिमुरे, वृद्धिम, ठूलो स्याफ्रु, लाङटाङ, हाकु, धुन्चेगाउँ, यार्सा, सरमथली
- मुख्य भेषभूषा: सोल्दो, वख्खु, स्यामा, पटुका, टोपी (स्यादे/मृङ्गी), पंगेप, ग्याङजेन आदि ।
- मुख्य नाँचहरु : स्याब्रु नाँच, माने नाँच, तावु नाँच, जरायो नाँच, छ्याङलु नाँच, खम्वा नाँच, लगायतका नाँचहरु

ख) गुरुङ संस्कृति (डाँडागाउँ, ठूलोगाउँ, भोर्ले)

ग) साँस्कृतिक स्थलहरु: उत्तरगया (वेत्रावती), गोसाईकुण्ड, पार्वतीकुण्ड, दूधकुण्ड, लाङसिस्या खर्क, सिंगोम्वा (चन्दनवारी), क्यान्जिङ गोम्वा (क्यान्जिङ), ठूलोस्याफ्रु गोम्वा, नागथली गोम्वा, टुल्कु छ्योलिङ गोम्वा (धुन्चे)

घ)मुख्य चाडपर्व र मेला: गोसाईकुण्ड मेला (दशहरा/जनैपूर्णिमा), छिजु, लोसार, वुद्ध पूर्णिमा, दशैं, तिहार

ङ) मुख्य हस्तकलाहरु: तामाङ टोपी (गोल्जुङ, गत्लाङ), उनी झोला (स्याफ्रु, चिलिमे, वृद्धिम), उनी गलैंचा (टिमुरे, वृद्धिम, स्याफ्रु), टुङ्ना (स्याफ्रु), पटुका, वख्खु, ढाका सल/सल्लेपीर (ठूलोगाउँ डाँडागाउँ, कालिकास्थान) आदि ।

च) ऐतिहासिक स्थलहरु: रसुवागढी (नेपाल-तिव्वत सीमाना), वेत्रावती (वेत्रावती सन्धि स्थल, रसुवा-नुवाकोट सीमाना) र अनगिन्ती घले दरवारहरु ।

छ) अन्य आकर्षण : स्याफ्रुवेशी स्थित भूमिगत जलविद्युत गृह, धुन्चेस्थित हिमालयन स्प्रिङ वाटर केन्द्र ।

पर्यटन विकासका संभावना एवं सवल पक्षहरु

लाङटाङ हिमाल, क्यान्जेन उपत्यका, उच्च हिमाली तालहरु, हिउँ चितुवा, हाब्रे, लालीगुराँस, तातोपानी जस्ता प्राकृतिक सम्पदाहरु, तामाङ संस्कृति एवं परम्परा, गरुङ संस्कृति, धार्मिक क्षेत्र गोसाईकुण्ड लगायतका सास्कृतिक सम्पदाहरु र रसुवागढी, वेत्रावती जस्ता ऐतिहासिक सम्पदाका कारण रसुवा जिल्ला वहुउद्देश्यीय अनुभव बटुल्न चाहने पर्यटक (Common Interest Group) का अलावा भिन्न भिन्न खालका विशिष्ठ अनुभव लिन चाहने (Special Interest Group) सवै खालका पर्यटकहरुका लागि समेत उत्कृष्ट पर्यटकीय गन्तब्य हुन सक्दछ ।

पर्यटन विकासका दृष्टिकोणले रसुवा जिल्ला एकदमै बलियो सम्भावना बोकेको जिल्ला हो । रसुवा जिल्लाको योजनावद्ध विकासलाई अगाडि बढाउनका लागि यस जिल्लामा विद्यमान निम्न प्रमुख संभावनाहरुलाई ध्यानमा राखेर अगाडि वढ्नुपर्ने देखिन्छ ।

क) काठमाडौबाट नजिकको हिमाली पर्यटन गन्तव्य
रसुवा जिल्ला सदरमुकाम काठमाडौबाट सबैभन्दा नजिकमा रहेको सुन्दर हिमाली पर्यटकीय गन्तब्य हो । रसुवाले एकातिर छोटो अवधिको पदयात्रा गर्न चाहने पर्यटकहरुलाई आकर्षण गर्न सक्दछ भने अर्कोतिर काठमाडौवासीहरुलाई समेत आन्तरिक पर्यटकका रुपमा रसुवामा आकर्षण गर्ने क्षमता राख्दछ । खासगरी अन्नपुर्ण क्षेत्र र खुम्बु क्षेत्र जस्तो लामो अवधि र महंगो प्याकेजको तुलनामा लाङटाङ क्षेत्रमा छोटो अवधि र सस्तो प्याकेज उपलब्ध गराउन सकिन्छ । अर्कोतिर खुम्बु र अन्नपुर्ण जस्ता क्षेत्रहरुमा पदयात्रा गरी फर्केका पर्यटकहरुको केहि समय बाँकी रहेमा छोटो अवधिको प्याकेज समेत लाङटाङ क्षेत्रमा उपलब्ध गराउन सकिन्छ ।

ख)प्राकृतिक, सास्कृतिक र ऐतिहासिक सम्पदाहरुको संगमस्थल
रसुवा जिल्ला पर्यटकीय आकर्षणका दृष्टिकोणले अत्यन्तै धनी रहेको छ । लाङटाङ हिमाल, क्यान्जेन उपत्यका, उच्च हिमाली तालहरु, हिउँ चितुवा, हाब्रे, लालीगुराँस, तातोपानी जस्ता प्राकृतिक सम्पदाहरु, तामाङ संस्कृति एवं परम्परा, गरुङ संस्कृति, धार्मिक क्षेत्र गोसाईकुण्ड लगायतका सांस्कृतिक सम्पदाहरु र रसुवागढी, वेत्रावती जस्ता ऐतिहासिक सम्पदाका कारण रसुवा जिल्ला वहुउद्देश्यीय अनुभव बटुल्न चाहने पर्यटक (Common Interest Group) का अलावा भिन्न भिन्न खालका विशिष्ठ अनुभव लिन चाहने (Special Interest Group) सवै खालका पर्यटकहरुका लागि समेत उत्कृष्ट पर्यटकीय गन्तब्य हुन सक्दछ ।

ग)पर्यटकीय सेवा र सुविधा विविधिकरणको उच्च सम्भावना
नेपालका सबै पर्यटकीय गन्तब्यहरुलाई पर्यटकीय वस्तु (Product), सेवा र सुविधाका दृष्टिकोणले सजिलै विविधिकरण गर्न सकिदैन । तर प्राकृतिक, सास्कृतिक र ऐतिहासिक सम्पदाहरुको उपस्थिति, सडक पहुँचको विकास, भौगोलिक अवस्थिति तथा काठमाडौबाट नजिकको गन्तब्यको रुपमा रहेका कारण लाङटाङ क्षेत्रमा पर्यटकीय वस्तु, सेवा र सुविधाहरुको विविधिकरण गर्न सकिने अधिक सम्भावना

रहेको छ । खासगरी स्थापित लाङटाङ/क्याञ्जेन क्षेत्र र गोसाईकुण्ड क्षेत्रमा गरिने पदयात्रा पर्यटनका अलावा तामाङ सम्पदा मार्गलाई सांस्कृतिक पर्यटन मार्गको रुपमा विकास गरिएको छ भने तातोपानी क्षेत्रलाई स्वास्थ्य र मनोरञ्जन पर्यटनको रुपमा विकास गर्न सकिन्छ । यसैगरी गोसाईकुण्ड क्षेत्रलाई क्षेत्रीय धार्मिक गन्तव्यको रुपमा विकास गर्न सकिन्छ भने वेत्रावती (उत्तरगया) लाई धार्मिक र ऐतिहासिक स्थलको रुपमा विकास गर्न सकिन्छ । वृद्धिम गाउँलाई होम-स्टे गाउँको रुपमा विकास गरिएको छ भने नागथलीलाई भ्यू-प्वाईन्टको रुपमा विकास गरिएको छ । यस्तै गत्लाङमा पहिलोपटक समुदायद्वारा व्यवस्थित सामुदायिक लजको स्थापना गरी सांस्कृतिक पर्यटनलाई बढावा दिइएको छ भने स्याफ्रुवेसी-गोल्जुङ-पार्वतीकुण्ड -खुर्पुडाँडा-गत्लाङ-थाम्बुचेत-गोल्जुङ खण्डलाई माउन्टेन बाईकिङको लागि विकास र प्रवर्धन गर्ने कार्य जि.वि.स.ले सुरु गरिसकेको छ । लाङसिसा क्षेत्रमा ग्लासियर वाक गर्ने, लाङटाङलाई रक क्लाईम्बिङको रुपमा विकास गर्ने, चोलाङपाटी क्षेत्रलाई रेडपाण्डा इको ट्रेलका रुपमा विकास गर्ने, नागथलीबाट पाराग्लाईडिङ गर्ने, गोसाईकुण्ड-धुन्चे खण्डमा केवुलकार बनाउने, ठूलोगाउँ - डाँडागाउँ क्षेत्रलाई गत्लाङ सम्म जोड्ने, कालिकास्थान-यार्सा-सरमथली हुँदै गोसाईकुण्ड जाने मार्ग विकसित गर्ने, धुन्चेमा तामाङ संग्रहालय सञ्चालनमा ल्याउने, धुन्चे बजारलाई कन्फरेन्स (सभा, सम्मेलन) टुरिज्म गन्तव्यको रुपमा विकास गर्ने, निकुञ्ज क्षेत्रलाई इथ्नो बोटानिकल रिसर्च सेन्टरको रुपमा विकास गर्ने, वेत्रावती, गोल्जुङ, गत्लाङ, माङ्चेत, खुर्पुडाँडा क्षेत्रलाई चलचित्र सुटिङ स्थलको रुपमा विकास गर्ने, तातोपानी-साङजेन क्षेत्रलाई प्राकृतिक पदयात्रा मार्गको रुपमा विकसित गर्ने लगायतका थप पर्यटकीय वस्तु, सेवा र सुविधा विविधिकरण गर्ने सम्भावना रसुवामा अधिक रहेको छ ।

(घ) विश्व पर्यटन बजारमा स्थापित गन्तब्य
रसुवा जिल्ला विश्व पर्यटन बजारमा लाङटाङ क्षेत्रको नामले स्थापित भईसकेको गन्तब्य हो । खासगरी लाङटाङ/क्याञ्जेङ क्षेत्र र गोसाईकुण्ड क्षेत्रको बारेमा पर्यटन बजारमा अग्रिम प्रचार-प्रसार र प्रवर्धन भईसकेको छ भने नयाँ विकास भईरहेको तामाङ सम्पदा मार्गको समेत व्यापक प्रचार-प्रसार र प्रवर्धन भईरहेको छ । यस कारण जिल्लामा नयाँ विकास गरिने पर्यटकीय मार्ग, वस्तु, सेवा र सुविधाहरुको प्रचार प्रसार र प्रवर्धन गर्नका लागि स्थापित पर्यटन सूचना प्रणालीमा थोरै मात्र लगानी गरियो भने पनि थप पर्यटक आकर्षण गर्न सकिन्छ । अझ भन्ने हो भने स्थापित पर्यटकीय मार्गहरुमा आउने पर्यटकहरुका माध्यामबाट पनि थप पर्यटकीय मार्ग र वस्तुहरुको प्रवर्धन गर्न सकिन्छ । थप पर्यटकीय मार्ग, सेवा र वस्तुको विकास गर्दा ठूलो जोखिम लिइराख्नु पर्दैन ।

ङ) स्थापित संस्थागत पूर्वाधार
पर्यटनको दिगो, प्रभावकारी र गुणस्तरीय विकासको लागि स्थायी संस्थागत संरचना र ती संस्थाहरुको प्रभावकारी भूमिकाको जरुरी हुन आउँछ । संस्थागत पूर्वाधारको हिसाबले रसुवा जिल्ला अगाडि रहेको छ । खासगरी वि.स. २०३२ सालमा स्थापित लाङटाङ राष्ट्रिय निकुञ्जले जिल्लाको ११ वटा गा.वि.स.मा संरक्षण र पर्या-पर्यटन विकास गर्दै आईरहेको छ भने जिल्ला विकास समितिमा स्थापना भएको दिगो पर्यटन विकास शाखाले जिल्लाको समग्र पर्यटन विकासमा संयोजन र साझेदारीको भूमिका गरिसकेको छ । शाखाले खासगरी नेपाल पर्यटन बोर्ड र नीजि क्षेत्रहरुसँग अग्रगामी सम्बन्धको विकास गरी जिल्लाको पर्यटन प्रवर्धन गर्ने र आवश्यक पर्यटन पूर्वाधार विकास गर्ने कार्य अगाडि बढाइरहेको छ । यस्तै जि.वि.स. रसुवा अन्तर्गत सञ्चालित ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (टीआरपीएपी) सञ्चालित गा.वि.स.हरुमा गाविस अन्तर्गत गठित दिगो पर्यटन विकास समितिहरुले गा.वि.स. स्तरमा पर्यटनको योजना बनाउने, कार्यान्वयन गर्ने र पूर्वाधार विकास एवं प्रवर्धनका लागि जि.वि.स.मा रहेको पर्यटन शाखासँग सहकार्य गरी पर्यटन विकासमा लागि परिरहेका छन् । यस्तै गोसाईकुण्ड क्षेत्र विकास समिति, तातोपानी संरक्षण समिति, मध्यवर्ती ब्यवस्थापन समितिहरुले समेत जिल्लाको पर्यटकीय सम्पदाहरुको संरक्षण र विकासमा योगदान पुऱ्याईरहेका छन् ।

च) सडक पूर्वाधारको विकास
विकट भौगोलिक अवस्थाका वावजुद काठमाडौंबाट वेत्रावती हुँदै सोमदाङ सम्म निर्माण गरिएको सडकले यस जिल्लाको पर्यटकीय सम्भावनालाई थप मद्दत पुऱ्याएको छ । सडक पहुँचका कारण खासगरी छोटो अवधिका पर्यटकलाई यस क्षेत्रमा आकर्षित गरेको छ भने माउन्टेन ड्राईभ, माउन्टेन बाईक, कायाकिङ, प्यारा ग्लाईडिङ जस्ता थप पर्यटकीय क्रियाकलापको संभावनालाई सडक पहुँचले बल पुऱ्याएको छ । यस बाहेक कृषि सडकको रुपमा जि.वि.स. रसुवाबाट निर्माण हुन लागिरहेको थाम्बुचेत-गोङगाङ-तातोपानी खण्ड तथा लौकिल- यार्सा खण्ड सडक निर्माण पुरा गर्न सकिएमा तातोपानी र गोसाईकुण्ड क्षेत्रमा काठमाडौं केन्द्रित आन्तरिक पर्यटकहरुको घुईचो नै लाग्न सक्ने देखिन्छ ।

छ) अन्तरदेशीय पर्यटनको सम्भावना
नेपाल सरकारद्धारा प्रस्ताव गरिएको गल्छी-स्याफ्रुवेसी हुदै रसुवागढी सम्मको सडक निर्माण हुन सकेमा सो सडकले

गीर्वाणयुद्धविक्रम शाहले पनि अघिको रीत थामेर देवाधर्माका लामालाई उपर्युक्त छवटा गुम्बा बकस दिएका थिए (नेपाल, २०४५: १३६) । त्यसपछि वि.सं. १८७३ मा नकथली गुम्बामा बस्ने देवाधर्माका लामालाई थुंवन्, गोलजुङ्, चिलिमे, घुम्वा र गदलाङ् गाउँको पुरोहित्याइँ र गुम्बाका लामा काठमाडौं आउँदा जाँदा उपर्युक्त गाउँले लामाको भारी बोकेर ल्याउन लान पर्ने सुविधा थामिदिएका थिए ।

तिब्बती भाषा र लिपिमा नकथली गुम्बाकोइतिवृत्त लेखिएको 'ब्रुग्-न'-ग- थलिहि- चिंस्-सुप्रोद् -क्यि-देब्-ख नामक विवरणीपत्र पाइएको छ । उक्त विवरणीपत्रमा नकथली गुम्बा र गोरखा शाह राजवंश एवं देवाधर्माका लामाहरूबीचको सम्बन्धलाई प्रकाश पारिएको छ (ढुङ्गेल, १९८९: १६९-१८८) ।

देवाधर्माका लामाहरूले रसुवाको नकथली गुम्बाका अतिरिक्त स्वयम्भू, किन्डोल, हागु, कल्यारि आदि स्थानमा पनि बिर्ता पाएका थिए । स्वयम्भूमा स्वयम्भूमहाचैत्यसँगै पश्चिमपट्टि स्थित गुम्बा देवाधर्माका लामाहरूसँग सम्बद्ध छ । यस गुम्बालाई नेपाली भाषामा देवाधर्मा गुम्बा र तिब्बती भाषामा मर्मे ल्हखाङ भनिन्छ । यस गुम्बामा एउटा विशाल अखण्डित दीप प्रज्वलित गराई राखेको छ । अतः यस गुम्बालाई मर्मे ल्ह खाङ (धर्मदीप देवालय) भनिएको हो । यस गुम्बाको मर्मे ल्ह खाङ नामकरणबारे अर्को पनि एउटा मत छ । यस गुम्बामा त्रिकाल बुद्धत्रय दीपङ्कर, शाक्यमुनि र मैत्रेयलाई स्थापना गरिएको छ । दीपङ्कर बुद्धचाहिँ शाक्यमुनि बुद्धको अघिल्लो कल्पका गुरु हुन् । दीपङ्कर बुद्धलाई तिब्बती भाषामा मर-मे मजद् भनिन्छ । अतः वर्तमान बुद्ध शाक्यमुनिको अघिल्लो कल्पका गुरु दीपङ्कर बुद्ध (तिः मर-मे-मजद्) लाई प्रमुख देवताको रूपमा स्थापना गरिएकोले यस गुम्बालाई मर्मे ल्ह खाङ भनेको हो' भन्ने विश्वास छ ।

हुन ता देवाधर्माका लामा स्वयं ङवाङ नमग्याल नेपाल आएर स्वयम्भूमा बसी शिक्षादीक्षा प्राप्त गरेको विश्वास गरिन्छ तापनि स्वयम्भूको यो देवाधर्मा गुम्बा (मर्मे ल्ह खाङ) भने रणबहादुर शाहको पालामा बनेको मानिएको छ । रणबहादुर शाहको पालामा देवाधर्माको लामा आएर अघि नरभूपाल शाहले आफ्ना जिज्युबाज्येलाई गरिदिएको लालमोहर तामापत्र देखाएर आफ्ना जिज्युबाज्ये देवाधर्माका लामाले गरेको तान्त्रिक विधिबाट पृथ्वीनारायण शाहको जन्म भएको कुरा बिन्ती गर्दा रणबहादुर शाह खुशी भई देवाधर्माका लामालाई २० खेत र पहाडतर्फ १५।२० गाउँ बकस दिएको र त्यही जग्गा र गाउँको आयस्ताबाट देवाधर्माका लामाले उक्त गुम्बा बनाएको विश्वास गरिन्छ (शाक्य, १०९८: २६७-२६८) । चिनियाँ-तिब्बती ज्योतिषशास्त्र अनुसार अग्नि-स्त्री-गोरुवर्ष (वि.सं. १८७३) मा लेखिएको देवाधर्मा गुम्बा (मर्मे ल्ह खाङ) को वृत्तान्तपत्र (तिः द्कर-छग्) पाइएको छ । नकथली गुम्बाको विवरणीपत्र (तिः देव-ख) मा जस्तै मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रमा पनि गोरखा शाह राजवंश र देवाधर्माका लामाहरूको सम्बन्धको बारेमा उल्लेख गरिएको छ । मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रको विवरण र नेपाल परराष्ट्र मन्त्रालयको देवाधर्मा लेखिएको पोकामा भएको द्रव्य शाहदेखि गीर्वाणयुद्धविक्रम शाहसम्मको वृत्तान्त भएको वि.सं. १८७४ को पत्रको विवरण मिल्दोजुल्दो छ । मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रमा अघि गोरखाका राजा द्रव्य शाहको भाइभाइको बीचमा झगडा हुँदा देवाधर्माका लामाले मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्यं-व्शि) गरेपछि उक्त झगडा शान्त भएको उल्लेख छ । यसका अतिरिक्त अरू ऐतिहासिक सामग्रीबाट पनि द्रव्य शाह र देवाधर्माका लामाहरूबीच सम्बन्ध रहेको पुष्टि हुन्छ (ज्ञवाली, १९९२: ३९-४०) । यसैगरी राम शाहका भाइहरूको बीचमा झगडा हुँदा र राम शाहलाई पुत्रलाभ नहुँदा पनि देवाधर्माका लामा दमछ्यो पे कर गोरखा आई मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्यं-व्शि) गरेपछि राम शाहका भाइहरूको झगडा शान्त भएको र राम शाहका डम्बर शाहसहित तीन भाइ छोरा जन्मेको उल्लेख छ (गुरुङ, २०५९: ७) । नरभूपाल शाहलाई पुत्रलाभ नहुँदा पनि देवाधर्माका लामाले मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्ग्यं-ब्शि) गरेपछि पृथ्वीनारायण शाह जन्मेको कुरा यस अघि नै उल्लेख भइसकेको छ ।

यसरी देवाधर्माका लामाहरूको मन्त्रसिद्धिबाट गोरखा शाह राजवंशका भाइभाइको झगडा शान्त भई मुलुकमा शान्ति स्थापना भएको र पुत्रलाभ भई राजवंशपरम्परा अविच्छिन्न रूपमा चलेर आएको पाइन्छ । अतः देवाधर्माका लामाहरूप्रति गोरखा शाह राजवंशका राजाहरूको अटल विश्वास र मानमर्यादा रहिआएको छ । देवाधर्माका लामाहरूले पनि गोरखा शाह राजवंशका राजाहरूबाट गुम्बा एवं खेत बिर्तासहित पुरोहित्याइँ र अन्य सुविधाहरू पाई आएका थिए । नेपाल-भोट युद्धताका वि.सं. १९१२ मा देवाधर्माका लामाहरूको नेपालको बिर्ता रैकरमा परिणत भएर सरकार दाखिला भएको थियो । त्यसपछि वि.सं. १९१९ मा देवाधर्माका लामा क्याम् गुमलाई नेपालमा बसेर पूजाआजा गरी सरकारको जय मनाउनको लागि स्वयम्भू, नकथली, किन्डोल, हागु आदि स्थानको बिर्ता थामिदिएको थियो (ढुङ्गेल, २०४३: १२-१३) । देवाधर्माका लामाहरूले नेपालका विविध स्थानमा स्थित गुम्बाहरूमा गरिआएको धर्मकर्म र यिनीहरूले खाइपाई

आएको सुविधा अहिले पनि कायम छ । गोरखामा शाह वंशको राज्य स्थापना गर्ने द्रव्य शाह, विभिन्न थितिहरू बाँधेर गोरखालाई बलियो राज्यको रूपमा परिणत गर्ने राम शाह र बृहत् नेपाल राष्ट्रको एकीकरणकर्ता पृथ्वीनारायण शाहसँग अत्यन्त नजिकको सम्बन्ध रहेकाले नेपाल राष्ट्रको निर्माणमा देवाधर्माका लामाहरूको अग्रणी भूमिका रहेको पाइन्छ । यसरी देवाधर्माका डुग्प कग्यु सम्प्रदायका लामाहरूको मन्त्रसिद्धि र गोरखा शाह राजवंशका राजाहरूसँग नजिकको सम्बन्ध भएकोले यी लामाहरूको मन्त्र- साधनाको थलो रसुवाको नकथली गुम्बाले एउटा तीर्थस्थलको रूपमा प्रसिद्धि पाएको देखिन्छ ।

सन्दर्भ ग्रन्थहरू

१.गुरुङ, जगमान, २०६१नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रंवणक्षेत्रका तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

२.२०५९"वर्ग्य-बशिः मार निवारण ग्रहशान्ति महापूजा", राजधानी दैनिक, साउन १३, सोमवार, पृ. ७ ।

३.ढुङ्गेल, रमेश,१९८९ "नेपाल-भूटान ऐतिहासिक-सँस्कृतिक सम्बन्ध", *Contributions to Nepalese Studies*, Vol. 16, No.2, Pp.169-188.

४.२०४३"नेपाल-भूटान सम्बन्धलाई प्रकाश पार्ने थप सामग्री", आर्थिक नेपाल, पूर्णाङ्क २१, पृ.९- १३ ।

५.नेपाल, ज्ञानमणि,२०४५नेपाल-भोट-चीन सम्बन्धका केही साँस्कृतिक पक्ष,, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।६.पन्त, दिनेशराज,

२०४३गोरखाको इतिहास, दोस्रो भाग, काठमाडौं : लेखक स्वयं ।

७.२०४५गोरखाको इतिहास, तेस्रो भाग, काठमाडौं : लेखक स्वयं ।

८.वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकवहादुर २०३७ शाहकालका अभिलेख, पहिलो भाग, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

९.शाक्य, हेमराज,१०९८श्रीस्वयम्भू महाचैत्य, काठमाडौं : स्वयम्भू विकास मण्डल ।

१०.ज्ञवाली, सूर्यविक्रम,२०१९ नेपाल उपत्यकाको मध्यकालीन इतिहास, काठमाडौं :रोयल नेपाल एकेडेमी ।

११.१९९२पृथ्वीनारायण शाह, दार्जीलिङ्ग : नेपाली साहित्य सम्मेलन ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धर्म राज लम्साल
सचिव
एवं बृदिम गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केवल प्रसाद ढुङ्गाना
सचिव
एवं थुमन गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको सुखद उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षिका, विद्यालय परिवार तथा सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरुमा सुख, संमृद्धि र शान्तिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्राचार्य
श्री नीलकण्ठ उच्च मा. वि
वेत्रावती, रसुवा ।
फोन नं.०१६२१८६६४

संविधान सभाको औचित्य र रसुवाको प्रतिनिधित्व

-फुर्पा तामाङ

देश संविधान सभा निर्वाचनको संघारमा आइपुगेको छ । निर्धाति समयमा हुने हो भने ०६४ को जेठमा संविधान सभाको निर्वाचन भइसक्ने छ । निरंकुश राजसंस्थाको २३८ औंदेखिको निरन्तर कम भंग भई नयाँ इतिहास त्यहींबाट शुरु हुनेछ । जनता सार्वभौम हुनेछन् । संघीय शासन प्रणालीको थालनी हुनेछ । नयाँ नेपालको निर्माण हुनेछ । हामी सबै त्यो घडीको पर्खाइमा छौं । संविधान सभामा जनताको जीत, सामन्ती राजसंस्थाको हार हुनेमा समस्त देशवासी ढुक्क छन् । विधिको शासन अनुरुप चल्नु पर्ने विश्वव्यापी मान्यतालाई कदर गर्नु हामी नेपाली जनताको कर्तव्य पनि भएकोले त्यो क्षण हेर्न संविधान सभा सम्म धैर्य गरेर बस्नु पर्नेछ । तर संविधान सभाको लागि निर्वाचन सम्वन्धी कानुन निर्माण तथा निर्वाचनको मिति घोषणा गर्न ढिलाइ भएकोले सरकारले भनेको समयमा संविधान सभाको निर्वाचन गराउन सक्दैन कि भन्ने आशंका पनि बढिरहेको छ ।

संविधान सभा निर्धारित समयमा हुन नदिन विदेशीको चलखेल र प्रतिगामीको घुसपैठ बढ्दो छ । अन्तरिम संविधानले मधेशी, आदिवासी जनजातिको मागलाई सम्बोधन गर्न नसकेकोले मधेश महिनौ सम्म आन्दोलनमय बन्यो । तीन दर्जनभन्दा बढीले ज्यान गुमायो । अन्तरिम संविधानको पहिलो संशोधनले समेत आफ्ना मागहरुको पूर्णत: सम्बोधन गर्न नसकेको भन्दै मधेशी र आदिबासी जनजातिले थप आन्दोलनको कार्यक्रम घोषणा गरेको स्थितिमा संविधान सभाको निर्वाचन निर्धारित समयमा सम्पन्न होला त ? भनी सबैतिरबाट आशंका व्यक्त गर्न थालेका छन् । तर पनि हामी यो सोचौं कि संविधान सभाको निर्वाचन अवश्य हुनेछ र त्यसको लागि हामी आआफ्नो तर्फबाट पूर्ण तयारी अवस्थामा हुनुपरेको छ ।

हामी रसुवालीहरु २१ औं शताव्दीमा प्रवेश गर्दा पनि हामी प्रति देशभित्रबाट हेर्ने दृष्टिकोणमा समेत फरक आइसकेको छैन । राजधानीको नजिक भएर पनि रसुवा जिल्ला विकासमा पछि परेको छ । शैक्षिक, आर्थिक, राजनीतिक सबैमा हामी पिछडिएका छौं । विकासबारे हामीले स्पष्ट नीति वनाएर अघि बढ्न सकेनौं । राजनीतिक नेतृत्वको कमीले गर्दा विगतका दिनहरुमा रसुवालीहरुलाई भोट बेचेको आरोप लगाइयो । बेजिल्लाका नेताहरुले नेतृत्व गर्दा हाम्रो शैक्षिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकास बारे तिनले सोच्न सकेनन् । प्राकृतिक स्रोत साधनले सम्पन्न रसुवाको विकासको सम्भावनाहरु पहिचान गर्नपट्टि तिनले ध्यान दिन सकेन । शैक्षिक, आर्थिक, राजनैतिक हरेक हिसावले हामी पछि पर्यौं । । हाम्रो मानव विकास सूचांक हुम्ला, जुम्लाबासीको भन्दा उच्च हुन सकेन । यस्तो यर्थाथलाई बुझेर आगामी दिनमा हाम्रा पाइलाहरु चाल्नु हाम्रो कर्तव्य हो । विगतका कमी कमजोरीबाट पाठ सिकेर यही संविधान सभाको निर्वाचनबाट असल प्रतिनिधिको छनौट गर्ने शुभअवसर हामीहरुको जिम्मामा इतिहासले दिएको छ । यसै मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न सकिन्छ ।

रसुवा जिल्लामा प्राकृतिक स्रोत साधन प्रशस्त छन् । विकासको सम्भावना पर्याप्त छन् । तिनको सही पहिचान गरेर प्रयोजनमा ल्याउन सक्नु पर्छ । पर्यटन, जलविद्युत, जडीबुटी, सामुदायिक कृषि वन, तिब्वतसितको व्यापारिक नाका, धार्मिक स्थल रहेका छन् । तर हामीसित धेरै स्रोत साधन भए पनि विकासप्रेमी, जनप्रेमी प्रतिनिधिको छनौट गर्न नसक्दा हाम्रो नामको पछाडि पिछडिएका, अशिक्षित, गरिवी आदि विशेषणले हामी चिनिएका छौं । अबको दिनमा हामीले हाम्रो पहिचानलाई भिन्न ढंगबाट दिनु आवश्यक छ । त्यसको लागि संविधान सभाको निर्वाचन एउटा उपयुक्त र प्रथम प्रयोग हुन सक्छ । स्थानीय आवश्यकताको जानकारी नभएका प्रतिनिधिहरुले जिल्लाको प्रतिनिधित्व गर्दा तिनले जल्लाको विकास गर्नुभन्दा आफ्नो विकास गर्नेतिर सोच्न थाले । हामी जनता भने जहींको तहीं

रह्यौं । यो यथार्थलाई बुझ्नु जरुरी छ ।

त्यसकारण संविधान सभा निर्वाचनको लागि कस्ता व्यक्तिलाई हामीले प्रतिनिधि बनाउने भन्ने कुरा अहिलेको प्रमुख विषय हो । के हामी हिजोका तिनै नेता जसले आफ्नो र आफ्ना विचार मिल्नेलाई काखी च्याप्ने स्वार्थीहरुलाई नै छनौट गर्ने हो त ? के हामी ती नेता जसले आर्थिक प्रलोभनमा लागेर आफ्नो जिल्लाको नेतृत्व गैरजिल्लाबासीलाई बिक्री गर्नेहरुलाई छनौट गर्ने हो त ? के हामी ती नेता जसले कर्मचारी प्रशासनले राजनीति गरिरहँदा पनि टुलुटुलु हेरिरहने नेतालाई छनौट गर्ने हो त ? यी सबै कुराको विवेकीपूर्ण तरिकाले सोचेर आफ्नो प्रतिनिधि छनौट गर्ने सुनौलो अवसरलाई सदुपयोग गर्नु परेको छ ।

हाम्रो जिल्ला निश्चय नै भौगोलिक अवस्थामा विकट छन् । त्यसैगरी सामाजिक संरचना पनि । निश्चित रुपमा हाम्रो समाजमा हिन्दु, बौद्ध र केही अल्पसंख्यक धार्मिक समुदाय रहेका छन् । जिल्लाको १८ गाविसको भौगोलिक एवं सामाजिक संरचनाको अवस्थालाई दृष्टिगत गर्दा लहरेपौवा, धैवुङ यी दुई गाविसमा हिन्दुहरुको बाहुल्यता छ । डाँडागाउँ, ठूलो गाउँ, भोर्ले, सरमथलीमा धार्मिक एवं जनजातिको हिसावले मिश्रित रहेको छ । बाँकी उत्तरी भेकका गाविसहरुमा बौद्ध मार्गी जनजातिको बाहुल्यता रहेको छ । त्यसकारण भौगोलिक, धार्मिक, जातीय आधारमा रसुवाबाट संविधान सभाको निर्वाचनको लागि कम्तिमा २ जनाको प्रतिनिधित्व हुनु आवश्यक देखिन्छ । जुन जुन गाविसमा मिश्रित अवस्थामा रहेका छन् त्यहाँका जाति, जनजातिले मात्र हिन्दू र बौद्ध संस्कृति एवं सामाजिक अवस्थाबारे एक अर्काको थोरबहुत बुझेका छन् भने उत्तरीभेकका गाविसमा बस्नेहरु यसबारे केही बुझ्दैनन् । शिक्षा, स्वास्थ्य एवं आर्थिक अवस्थामा समग्र जिल्लाबासी पछि परेको छ । जिल्लामा पनि उत्तरी भेकका तामाङ समुदाय निकै पछि परेका छन् । त्यस्तो अवस्थामा एक निर्वाचन क्षेत्र कायम गरिनुले समग्र रसुवालीको प्रतिनिधित्व गर्न सकिन्न । यसले विगतका कमजोरीको पुनरावृत्ति बाहेक केही गर्न सकिन्न । अतः आगामी संविधान सभाको निर्वाचनको लागि भौगोलिक, धार्मिक, भाषिक, साँस्कृतिक, लैङ्गिक आधारमा रसुवाबारे प्रखर जानकारी भएको जिल्लाबासीको छनौट गर्नु, गैरजिल्लाबासी आएमा तिनलाई वहिष्कार गर्नु हाम्रो कर्तव्य हो । दलीय स्वार्थबाट माथि उठेर के गर्दा, कसलाई छनौट गर्दा ऐतिहासिक संविधान निर्माणमा रसुवालीको आवाज पुग्न सकिन्छ भन्ने बारे हामीले सोच्नु पर्छ ।

भौगोलिक अवस्थाः
क्षेत्रफलः १५१२ वर्ग कि.मी.
शैक्षिक स्थितिः ४६ प्रतिशत कुल साक्षारता
●पुरुष साक्षारता दर : ५२.५७ प्रतिशत
●महिला साक्षारता दर : ३९ प्रतिशत
कुल जनसंख्याः ४४७३१
●पुरुष : २३३५५
●महिला : २१३७६
स्रोत : जनगणना २०५८, राष्ट्रिय तथ्याकं विभागको प्रतिवेदन

(लेखक ठुलो भार्खु, रसुवा निवासी अधिवक्ता हुनुहुन्छ ।)

क्यानभास रिसर्च सेन्टर बेत्रावती रसुवाले नयाँ वर्ष २०६४ सालको अवसर पारेर रसुवाका विविध खोजमूलक, अनुसन्धान परक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थल तथा ऐतिहासिक महत्वका विषयवस्तुहरु समेटेर क्यानभास नामक रसुवा अध्ययन सामग्री प्रकाशन गर्न लागेकोमा यो स्मारिका रसुवा जिल्लाको वास्तविक प्रतिविम्व झल्काउन सक्ने दर्पण बन्न पूर्ण रुपमा सफल रहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री रसुवा उच्च मा.वि.
धुन्चे - ८, रसुवा ।

रसुवामा सूचना प्रविधिको विकास

-भूवन आचार्य

रसुवा जिल्ला पर्यटनमा एक आफै उच्च छ । जसका लागि सूचना र प्रविधि प्रमुख मुटु बन्न सक्छ । जसको माध्यमबाट विभिन्न देशका पर्यटकहरुले सजिलै सुचना पाइ होटल लगाएत विभिन्न ट्रेकिङ प्याकेज किन्न सकुन् ।

यी माथिका व्यक्त गरिएका कुराहरु कुनै अव्यवहारिक र असम्भव देखिदैंन ताकि अजको सूचना र प्रविधिको युगमा हामीले फड्को मार्ने प्रयास गर्न मात्रै पर्छ जसका लागि कुनै विकल्प नै छैन । मुख्यतयः रसुवा जिल्लाको जनताको आयस्रोत न्युन भएको हुनाले सुचना प्रविधि जस्तो खर्चिलो सेवा लिन पक्कै गाह्रो पर्छ तर यी सुचना प्रविधिलाई व्यावसायिक हेतुले प्रयोग गर्न सकियो भने पक्कै सर्वसुलभ हुन सक्छ । छरिएर रहेको जनसंख्या र पहाडि भू-भाग बढी भएको हुनाले केही एउटा निश्चित गा.वि.स. उदाहरणको लागि लहरेपौवालाई सुचना प्रविधिको नमुनाको रुपमा प्रयोग गरी त्यही किसिमको प्रविधि अन्य स्थानमा लाग्न सकिन्छ । सूचना प्रविधि भन्ने वित्तिकै यसका लागि चाहिने न्युनतम आवश्यक infrastructure हुनु जरुरी छ । जसको माध्यमबाट हामिले कल्पना गरिएको Rasuwa Village सफल हुनसक्छ ।

तार रहित प्रविधि प्रयोग गर्न सकियो भने ती डाँडा काँडा र कुना काप्चा सम्म सूचना र प्रविधि भित्राउन सकिन्छ । कल्पना गरौं लाङ्टाङ्ग, थुमन, बक्षमा फल्ने गरेका स्याउलाई सजिलै बिक्री प्रवर्दन गर्न सकून् । घरमै बसी बसी आफुले फलाएको स्याउबाट नगदी पाउन सकुन् । धैवुङ, लहरेपौवा, भोले गा.वि.स. का कृषकहरुले उत्पादन गरेका घिउ लगाएत अन्य कृषि उत्पादनहरुको वस्तुहरुलाई सजिलै बिक्री प्रवर्दनको लागि Database मा राख्न सकुन, हरेक कृषकको घरमा भएका भैंसी, भेँडा, बाख्राहरुलाई पनि सजिलै database मा राख्न सकून् ताकि अर्को गाउँको कृषकहरुले कसका घरमा के छ र कसले के बेच्न खोजिरहेका त्यसको सूचना सजिलै आदान प्रदान होस् ।

जिल्लामै एउटा पनि hospital नभएको अवस्थामा Telimedicine जस्तो सर्वसुलभ technology को सहयोगमा त्यहाँका जनताहरुले आफ्नो उपचारको विभिन्न विशेषज्ञ डाक्टरको सल्लाह र सुझाव सजिलै पाउन सकून ताकि समयमा रोग र उपचारको पत्ता लागोस । जिल्लाकै विभिन्न स्थानबाट विदेसिएका युवाहरुको परिवारजनले email र internet मार्फत आफ्नो छोरा छोरीको हालखवर सुचारु रुपले आदान प्रदान गर्न सकून ॥

आजको open university concept मा राम्रो शिक्षा लिनको लागि सम्पन्न विश्वविद्यालय धाउनको साटो आफ्नै जिल्लाबाट उच्च शिक्षा हासिल गर्न सकुन । ती लाङटाङ, गणेश हिमाल स्कुलका विद्यार्थीले सजिलै क्यालिफोर्निया, लण्डनका आफु जस्तै विद्यार्थीहरुसँग सजिलै मित्रता र एक अर्काको संस्कृतिको आदान प्रदान गर्न सकून । रसुवा जिल्लाको जनसंख्याको स्थिति वुझ्ने हो भने हाकु, लाङटाङ जस्ता दुर्गम गा.वि.स.मा न्युन जनसंख्या भएको स्थितिमा ती गा.वि.स. का जनताहरुलाई कुनै निश्चित पायक पर्ने ठाउँमा वसाई सराई गराई सुचना र प्रविधिको दायरा भित्र ल्याउन सकिन्छ ताकि सानो जनसंख्या भएको इलाका यस प्रविधिलाई महंगीबाट बचाउन सकिन्छ ।

अजको युग भनेको सूचना र प्रविधिको समय हो । हरेक गाउँ-गाउँ, टोल-टोल सूचना र प्रविधिबाट जोडिनु पर्ने आवश्यकता छ । यस साघुँरिएको संसारमा रसुवा जिल्लालाई पनि गाँस्न सकियो भने पक्कै पनि हामीले भारत र वंगलदेशको गाउँ गाउँमा पुगेका सुचना र प्रविधिको समाचार मात्रै सुन्नु पर्दैन । सुचना र प्रविधि भन्ने वित्तिकै एउटा मोवाइल वा टेलिफोन मात्र होइन सूचना र प्रविधि यस्तो सामग्री हो जसको माध्यमबाट गरिबी हटाउन, शिक्षामा परिवर्तन ल्याउन सुलभ र उच्च स्तरको स्वास्थ्य सुविधा पु-याउन, वातावरण संरक्षण गराउन, कला र संस्कृति र व्यवसायिक प्रवर्द्धन गर्न सरकारी कामलाई सुलभ सजिलो बनाउने माध्यमको रुपमा प्रयोग गर्नुपर्दछ । आशा गरौं रसुवा जिल्लामा हामीले सुरुवात गर्न सक्यो भने यसले राष्ट्रिय रुपमा नै प्रभाव पार्ने देखिन्छ । विशेषत रसुवा जिल्लामा कम जनसंख्या र भौगोलिक वनावटले पनि सूचना र प्रविधिलाई भित्र्याउन अलि नजिक र सजिलो बनाउन सक्छ ।

(लेखक सूचना प्रविधि क्षेत्रमा विगत छ वर्ष देखि क्रियाशिल रसुवाली युवा हुनुहुन्छ ।)

नगरबासीमा बिदुर नगरपालिकाको अनुरोध

☞पानी निकासको लागि बनाइएका नालीहरुमा सेफ्टीट्याङ्की वा शौचालयको फोहोर मिसाउनु सामाजिक अपराध हो। त्यो कतै भए गरेको भए तुरुन्त बन्द गरौ। त्यस्तो कार्य गर्नेलाई सामाजिक बहिस्कार गरौ।

☞घर पसलबाट निस्किएका फोहर घर अगाडिको नाला वा सडकमा नफालौं। सुरक्षित साथ राखी नपाको सरसफाइकर्मीलाई बुझाऔ वा तोकिएको स्थान (कन्टेनर)मा फालौं।

☞नपाको सरसफाइकर्मीहरुले फोहर उठाइसकेपछि पुनः सडकमा फोहर फ्याकेर असभ्यता प्रर्दसन नगरौं।

☞सुलभ शौचालय बनाई प्रयोग गरौं। सडकको किनारमा दिशा पिसाव गरी नगरलाई दुर्गन्धित नबनाऔं।

☞आ-आफ्नो घर टोल र नालाको नियमित सरसफाई गरौं। स्वस्थ जीवन जिऔ।

☞आफ्नो घर अगाडि फुल विरुवाहरु रोपौ। नगरक्षेत्रभित्र रोपिएका बिरुवाको संरक्षण गरी बिदुरलाई स्वच्छ र हरियाली बनाऔं।

☞असुक्षित र केमिकल मिसाइएका अस्वस्थ खाद्य पदार्थ बिक्रि वितरण नगरौं। घातक रोगहरुबाट बचौं।

☞हाम्रो बिदुरलाई स्वच्छ, सफा र हरियाली नगर बनाऔं।

☞वातारणीय प्रदुर्षण हुने व्यवहार र व्यवसाय नगरौ।

☞प्रचारप्रसारका पोष्टरहरु जथाभावी नटाँसी समुचित व्यवस्थापन गरौं।

☞ सडक तथा पेटी ढाक्ने गरी पसल तथा निर्माण सामाग्री नराखौं।

☞सडक किनारमा गाइवस्तु नबाधौं। नादखुट्टी आदि नराखौं।

☞समयमा नै कर तिरौं। नगरको विकासमा सहभागी बनौं।

☞२० माइक्रोनभन्दा कम गुणस्तरको प्लाष्टिकको झोला विक्रिबितरण एवं प्रयोग नगरौं।

☞विषेश सरसफाइ क्षेत्रभित्र चोक वरिपरी, सार्वजनिकस्थल, मठमन्दिर, शिक्षण संस्था आदिमा बिकृति आउने गरी जथाभावी तुल, व्यानर, पोष्टर नटाँसौं, भित्तामा नलेखौं।

☞वालबालिकाको जन्म दर्ता समयमा नै गरी बालअधिकारको सुरक्षा गरौं।

☞ एच.आइ.भी. एड्सबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

☞सभ्य नागरिक आफु बनी अरुलाई बनाउन उत्प्रेरित गरौं।

☞चेलिबेटी एवं बालबालिका बेचबिखन विरुद्ध एकजूट होऔं।

☞माछा मासु वा खाद्य पदार्थहरु झिंगा नभन्कने गरी सुरक्षित जालीभित्र राखी बिक्रि वितरण गरौं।

☞छोरासरह छोरीलाई पनि स्कुल पठाऔं। छोरा र छोरीमा समान व्यवहार गरौ।

☞सडकबत्ती समयमा बालौं। समयमानै निभाई सभ्यताको परिचय दिऔं।

☞ नगरबासी र नपाको संयुक्त प्रयासबाट विदुरनगरालाई समुन्नत नगर बनाउन पहल गरौं।

☞आफ्नो चौपाया छाडा नछोडौ। आफ्नो नियन्त्रणमा राखौं।

☞तपाईको गुनासो एवं अमुल्य सुझावहरुले नगरलाई समुन्नत बनाउन एउटा इट्टा थप्न सक्छ, तसर्थ नगरपालिकाको गुनासो तथा सुझावपेटिकाको समुचित प्रयोग गरौं।

बिदुर नगरपालिका कार्यालय
बिदुर,नुवाकोट

नयाँ वर्ष २०६४ को पावन अवसरमा समस्त जिल्ला बासीहरुमा सुख, सु-स्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मिननाथ देवकोटा
अध्यक्ष
एवं जनमोर्चा नेपाल
जिल्ला तदर्थ समिति, रसुवा।

चिकित्सा सेवामा विद्यमान चुनौती र संभावना

-डा. केदार नरसिंह के.सी.

नेपाल चिकित्सक संघको २३ औं अधिवेशन केही हप्ता पछि हुँदै छ । नेपाल अधिराज्यभर छरिएर रहेका हजारौं चिकित्सक र विदेशबाट सयौं चिकित्सकहरुको उपस्थितिमा विभिन्न वैज्ञानिक सोधपत्रहरु प्रस्तुत हुनेछन् । नेपालको सबभन्दा पुरानो पेशागत संघ २००७ फागुन २० गते स्थापना भएको हो । विगतका दिनहरुमा सीमित श्रोत र साधनका बाबजुद पनि हाम्रा अग्रजहरुले देखाएको बाटोलाई शिरोधार्य गर्दै आगामी दिनमा विभिन्न चुनौतीहरु सामना गर्न सम्पूर्ण चिकित्सकहरु एक हुन आवश्यक छ । वर्तमान परिस्थितिमा चिकित्सहरु प्रति भएको हमला, हातपात, चन्दा आतंक, स्वास्थ्य संस्थामा भएको तोडफोड, आगजनि र सरकारबाट स्वास्थ्यकर्मी प्रति देखाएको उदाशीनताले चिकित्सा सेवा प्रति नै गम्भीर चुनौती देखिएको छ । हामी चिकित्सहरु (स्वास्थ्यकर्मीहरु) पेशागत हकहीत र संरक्षण गर्न कटिवद्ध नहुने हो भने आगामी दिनहरु झन विकराल अवस्थावाट गुज्रनु पर्ने हुन्छ र साथै चिकित्सक संघमा आवद्ध नभएका चिकित्सकहरु प्रति अझ कठीन र चुनौतीपूर्ण अवस्था रहन सक्छ । तसर्थ सम्पूर्ण चिकित्सकहरु मित्रहरुले नेपाल चिकित्सक संघमा आवद्ध हुनैपर्ने देखिन्छ र चिकित्सक संघले पनि आफ्नो सदस्यहरुको संरक्षणका लागि कुनै प्रकारको चुनौतीलाई सामना गर्नुपर्दछ । केही दिन यता सेवादायी चिकित्सक र सेवाग्रही जनताबीच देखिएको दूरीलाई कम गराउन दुवै पक्षबाट सद्भाव, सहष्णुता र संवेदनशील हुन जरुरी छ । स्वास्थ्य क्षेत्रमा कयौं वर्ष अगाडि रहेको सीमित श्रोत र साधनबाट सेवाग्रही जनताको आशा र माग पुर्ति निसन्देश सकिन्न । सोका लागि सरकारबाट समय सापेक्ष जनसंख्याको आधारमा, भौगोलिक दृष्टिकोण हेरी श्रोत र साधन बढाउँदै जानुपर्दछ । सीमित श्रोत र जनताको माग बीच स्वास्थ्यकर्मीलाई अचानो बनाइनु हुँदैन भने सेवादायी चिकित्सकले पनि सेवाग्रहीको भावना र मर्कालाई अत्यन्त संवेदनशील रुपले लिनुपर्दछ ।

चिकित्सा क्षेत्रमा केही दशक अगाडिसम्म पत्थरीको अपरेशनलाई काठमाडौंमा ठूलो शल्य चिकित्सा मानिन्थ्यो र बिरामीहरु जेखिमयुक्त अपरेशन मानेर नयाँ दिल्ली वा यस्तै भारतीय सहरमा अपरेशनका लागि जाने गर्दथे । आज नेपाली जनतो मुटु, आँखाँ, स्नायु, हाडजोर्नी लगायत क्षयरोग जस्ता अनेकौं बिमारमा नेपालले गरेको प्रगति दक्षिण एशियामै उदाहरणीय बन्न थालेको छ । तुलनात्मक रुपमा कम खर्चमा गुणस्तरीय चिकित्सा सेवा दिने मुलुक भएकोले नेपाल उपचार पर्यटनको विकास गर्न सकिने मुलुकका रुपमा पनि चिनिन थालेको छ । हरेक वर्ष स्वदेश र विदेशमा पढेर आउने नेपाली डाक्टरहरुको संख्या लगभग उक हजारको दरमा वृद्धि भइरहेको छ । निजी क्षेत्रमा राम्राराम्रा अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, अत्याधुनिक यन्त्र तथा उपकरण आदि स्थापना हुने गति बढिरेको छ ।

जन साधारणमा शिक्षाको विकास सँगसँगै स्वास्थ्य सम्बन्धी शिक्षा तथा जनचेतनाको उत्तरोत्तर विकास पनि भइरहेको छ । संचार माध्यम, नागरिक समाजमा क्रियाशिल संघसंस्था, नयाँ नयाँ अनुसन्धान, प्रयोग तथा प्रयासहरुले आम जनतामा स्वास्थ्य सम्बन्धी ठूलो लहर ल्याएका छन् । यो लहरको प्रभाव गाउँघरतिर पुग्न थालेको तथ्यांकहरुले देखाएका छन् । सशस्त्र द्वन्द्वका बाबजुद शिशु तथा बाल मृत्युदरमा विगत पाँच वर्ष यता भएका सुधार, स्तनपान, वालवालिकाको कुपोषण,रक्तअल्पतामा सुधार, प्रजनन् स्वास्थ्य सुविधा, मातृ वा प्रसुति हेरचाह, टिटनास नियन्त्रण तथा आइरन चक्की आपूर्ती, बालबालिकाहरुको खोप जस्ता कार्यहरुमा भएको प्रगती आम जनताको चिकित्सा सेवातिर विशेष ध्यानाकर्षण भएको भरपर्दा परिसूचकहरु पनि हुन् ।

अन्तर्राष्ट्रिय जगतमा नेपालले स्वास्थ्य विषयलाई लिएर गरेका सन्धि, सम्झौता र प्रतिवद्धता मात्र होइन नेपालको आन्तरिम संविधान २०६३ ले प्रत्येक नागरिकलाई स्वास्थ्योपचार तथा स्वाच्छ वातावरणमा बाँच्न पाउनुपर्ने प्रावधानलाई मौलिक हकका रुपमा राखेको हुनाले स्वास्थ्य सम्वन्धी व्यावस्था मौलिक हकको विष्य भएको छ र "एक गाउँ एक डाक्टर" भन्ने सरकारी अवधारणाले चिकित्सहरुको पेशागत व्यापकता तथा त्यसलाई गम्भीर र व्यापक बनाएको छ ।

माथि उल्लेखित उपलब्धिको रुप निश्चय नै उत्साहजनक छ, जो सहर केन्द्रीत स्वास्थ्य सुविधा र विकासको उज्यालो पक्ष हो । राज्यले विशेष प्राथमिकताका साथ योजना, कार्यक्रम, वजेट र जनशक्ति परिचालन गर्नुपर्ने सेवाग्रही वा लक्षित समुदाय रहने हुनाले हाम्रा निर्णायक ध्यान दृष्टि पुग्नु परेको छ । यसका लागि एक

उत्साहजनक छ, जो सहर केन्द्रीत स्वास्थ्य सुविधा र विकासको उज्यालो पक्ष हो । राज्यले विशेष प्राथमिकताका साथ योजना, कार्यक्रम, बजेट र जनशक्ति परिचालन गर्नुपर्ने सेवाग्रही वा लक्षित समुदाय रहने हुनाले हाम्रा निर्णायक ध्यान दृष्टि पुग्नु परेको छ । यसका लागि एक दुई डाक्टरको व्यक्तिगत प्रयास होइन, राष्ट्रिय स्तरमा नै संस्थागत र सामूहिक प्रयासको जरुरत छ ।

चिकित्सा सेवाको क्षेत्रबाट मुलुकको आमुल परिवर्तन, प्रगती र समृद्धि हासिल गर्न निर्वाह गर्नुपर्ने भूमिकाका लागि हामी चिकित्सकहरुलाई कर्तव्यवोध छ । स्वास्थ्योपचार अव सरकारले उपलब्ध गराउने सुविधा मात्र होइन, जनताको मौलिक अधिकार नै भएको छ । यो अधिकारको सार्थकता र सफलताका लागि चिकित्सक समुदाय स्वास्थ्य सुविधाको केन्द्रीय पक्ष हो भन्ने हामी चिकित्सकलाई राम्रो थाहा छ ।

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सरकारले हालै अन्तरिम व्यवस्थापिका (सांसद) मा प्रस्तुत गरेको "स्वास्थ्यकर्मीतथा स्वास्थ्य संस्थाको व्यवसायिक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०६३" ले योगदान पु-याउने कुरामा अपेक्षा गरिन्छ, तथापी यस विधेयकमा पनि अप्ठ्याराहरु बोकेका कतिपय बुँदाहरु छन् । जस्ताकि सो विधेयकको दफा ८ म "हड्ताल, बन्द जस्ता कार्य गर्न नहुने" भन्ने प्रावधानमा भनिएको छ । कुनैपनि स्वास्थ्यकर्मी तथा स्वास्थ्यसंस्थाले सर्वसाधारण तथा बिरामीको आकस्मिक स्वास्थ्योपचारमा प्रतिकूल असर पर्ने गरी कुनै किसिमको हड्ताल, बन्द जस्ता कार्य गर्नु हुँदैन । विरोधाभास के छ भने जुनसुकै स्वास्थ्यकर्मी आफ्नो पेशागत प्रकृतिको संघ संस्थामा आवद्ध भएको हुनसक्छ । पेशागत संघलाई ट्रेड युनियन मानिन्छ र ट्रेड युनियनलाई शान्तिपुर्ण हड्ताल बन्द जस्ता कार्यक्रम आयोजना गर्ने स्वतन्त्रता दिइएको हुन्छ । विधेयकको प्रतिबन्धता मानेर काम गर्नुपर्ने चिकित्सकहरुले प्रतिरोध पनि गर्न नपाइने हुनाले पेशागत असुरक्षा र बढी जोखिम लिनुपर्ने हुन्छ । चिकित्सा पेशा यसै पनि संवेदनशील छँदैछ, त्यसमाथि आइलाग्ने जोखिम वापत विशेष सुविधा पनि नमिल्ने हो भने विचलनको स्थिति पैदा हुन सक्छ । उदाहरणका लागि विगत केहि समय यता बिरामीको उपचारको क्रममा जस्तोसुकै मृत्युहुँदा पनि बिरामीका आफन्तले उचित हेरचाह नपु-याउने तर चिकित्सक माथि जाइलाग्ने प्रवृत्ति वढेर आएको छ । बिरामीको स्वास्थ्य स्थिति खतराभित्र परेको अवस्थामा उपचारमा जोखिम त छदैन्छ, त्यसमाथि चिकित्सकको सुरक्षामा उत्पन्न हुने खतरा बढ्नु, प्रतिबन्धको स्थितिमा दोहोरो खतरा व्याहोरेर उपचारमा सरिक भएपनि विशेष सुविधा केही पनि नपाउनु हो भने निश्चयनै स्वास्थ्यकर्मिको व्यावसायक सुरक्षा हुन सक्दैन ।

देशमा कार्यरत छ हजार चिकित्सकहरुको पेशागत संगठन, नेपाल चिकित्सक संघको जिम्मेवरी र अभिभारा हामि चिकित्सकहरुको काँधमा आएको हुनो मुलुकले लिएको लक्ष्य र प्रतिवाद्धतालाई साकार पार्ने विषयमा चिकित्सक संघद्वारा सम्पूर्ण चिकित्सकहरुलाई कसरी संगठित गराउन सकिन्छ भन्ने सवालमा हामी केन्द्रीत भएका छौ ।

कार्यरत चिकित्सकहरुको छ हजार संख्या (एलोप्याथिक विधाका मात्र) भए पनि नेपाल चिकित्सक्त्व संघमा आवद्ध चिकित्सकहरुको संख्या हजारको हारीहारीमा छ । तसर्थ चिकित्सक संघको जिम्मेवारी गहन र भूमिका व्यापक वनाउन सबै चिकित्सकहरुलाई यहि संघमा आवद्ध बनाउन अभियान नै सञ्चालन गर्नुपरेका छ ।

चिकित्सक सेवालाई प्रभावकारी बनाउन अरु स्वास्थ्यकर्मी यन्त्र तथा उपकरण र औषधीको आपूर्ती गर्नुपर्ने हुनाले गाउँमा जाने स्वास्थ्य सम्वन्धी बजेट स्वत: बढ्नुपर्ने जरुरी छ । हाललाई जिल्ला अस्पतालमा बसेर काम गर्ने चिकित्सकहरुलाई जनसमुदाय विच प्रभावकारी, लोकप्रिय र प्रतिष्ठित बनाउनका निम्ति पेशागत प्रभागकारितामा यस संघले जोड दिँदै सरकारलाई घच्घच्याउने छ । यस क्रममा जिल्ला अस्पतालको विद्यमान अवस्थालाई सुधार गरी भौतिक र गुणात्मक सुधार गर्न प्रयत्न लगाउने खाँचो छ ।

स्वास्थ्य सेवामा विद्यमान अव्यवहारीक तथा अवैज्ञानिक प्रशासनिक गतिविधिलाई हटाएर पदस्थापना, सरुवा, बढुवा जस्ता क्रियाकलापमा मूल्यांकनमा आधारित न्यायोचित, व्यवहारिक र पारदर्शी उपाय अपनाउनु पर्दछ । चिकित्सा शास्त्रको शिक्षामा हाल देखा परेको असंगती, विकृति तथा छाडापन माथी नियन्त्रण गर्न र गुणस्तरीय चिकित्साशास्त्रको अध्ययन अध्यापनलाई जोड दिन सकिएन भने स्वास्थ्य क्षेत्रमा निकट भविष्यमै ठूलो अराजकता उत्पन्न हुनेछ र अन्तत्वगत्वा भयानक शिकार जनसाधारणले नै गर्नुपर्ने खतरा हामीले देखेका छौं । अत: यसलाई समयमै नियन्त्रण गरी चिकित्सा शिक्षा र चिकित्सा सेवामा किर्तिमान स्थापित गर्ने दिशामा नेपाल चिकित्सक संघको ध्यान गएको छ ।

चिकित्सा सेवामा संलग्न प्रत्येक चिकित्सकले नेपाल चिकित्सक संघमा आवद्ध भएर राष्ट्रको आवश्यकतालाई सामुहिक रुपबाट पुरा गर्ने र चिकित्सा पेशा वा सेवालाई अझ प्रतिष्ठित र मर्यादित बनाउनु पर्ने खाँचो विद्यमान रहेको छ ।

परिवर्तित सन्दर्भ र परिवेशमा हामी चिकित्सकहरुको पेशागत आचरणका अतिरिक्त जिम्मेवारी र भूमिकामा पनि केही हेरफेरको अवस्था आएको छ । त्यो भनेको सर्वप्रथम आफ्नो पेशागत संघमा आवद्ध हुनु हो र आफ्ना हकहितलाई सुरक्षित राख्दै पेशागत मर्यादा र प्रतिष्ठाको अभिवृद्धि गर्नु हो । सामूहिक भावनाको विकास र संगठनात्मक प्रयासको परम्परा स्थापित गरेर मात्र हामी व्यक्तिगत रुपमा र सामूहिक रुपमा पनि सफल र प्रतिष्ठित हुनसक्छौं ।

(लेखक जनआन्दोलन घाइते समन्वय समितिका अध्यक्ष तथा मेडिकल एसोसिएसनका महासचिव हुनुहुन्छ ।)

वेत्रावतीको पौराणिक महत्व

-शिवराम चालिसे

'धारणात् धर्म इत्याहु:' अर्थात मानव आत्माले जे धारणा गर्दछ त्यही नै धर्म हो भन्दै धर्म शास्त्रले धर्मको बारेमा परिभाषित गरेको छ । तर यो होइन कि मानव आत्माले जे जस्तो धारणा गर्दछ ती सबै धर्म हुन् । केवल मानवोपयोगी र समाजोपयोगी धारणाहरु नै धर्म हुन् । नेपाल धार्मिक सम्पदाका दृष्टिकोणले महत्वपूर्ण राष्ट्र हो । यहाँ विभिन्न धर्मसँग सम्बन्धित अनेकानेक वस्तुहरु यत्र तत्र लुप्त अवस्थामा छरिएर रहेका छन् । त्यसमा पनि नेपाल हिन्दू धर्मालम्बीहरुका लागि महत्वपूर्ण तीर्थस्थल हो । यस देशमा हिन्दु धर्मसँग सम्बन्धित विभिन्न देवी देवताहरुको प्रादुर्भाव र वासस्थान रहँदै आएको तथ्य सर्वविधितै छ । आराध्यदेव पशुपतिनाथ, रामजानकी मन्दिर, स्वर्गद्धारी महाप्रभू, वराह क्षेत्र, गोसाइकुण्ड लगायतका क्षेत्रहरु यसैका उदाहरणहरु हुन् । यस्ता देवालयहरुले एकांतर्फ नेपाल र नेपालीको गरिमालाई बढाएको छ भने अर्कातर्फ संरक्षकत्व र अभिभावकत्वको भूमिका पनि निर्वाह गर्दै आएको छ । पूर्ण अनुसन्धानको अभावले कैयौं यस्ता देवालय र तीर्थस्थलहरु लुप्त अवस्थामा रहेका छन् । जसको खोजी गरी त्यसको महत्व पहिल्याउनु आज हामी सबैको आवश्यकताको विषय वनेको छ । यस्तै खोजी र आवश्यकताको विषय भित्र पर्ने स्थान नै बेत्रावती उत्तरगया हो ।

नेपालको उत्तरी हिमाली जिल्ला रसुवा र पहाडी जिल्ला नुवकोटको सीमानामा पर्ने बेत्रावतीको ऐतिहासिक र पौराणिक दृष्टिकोणले आफ्नो छुट्टै महत्व र विशेषता रहदैं आएको छ । नेपाल र तिब्वतको बीचमा युद्ध हुँदा नुवाकोट जिल्ला गेर्खु गा.वि.स. वडा नं. ५ मा अवस्थित श्री दुधेलामा कालिका स्थानबाट नेपाली सेनाहरुले बेत्रावतीमा रहेको तिव्वती सेनाहरुलाई आक्रमण गरी परास्त गर्न सक्षम भएका थिए भन्ने इतिहास साक्षी छ । त्यसैले बेत्रावतीको ऐतिहासिक महत्व पनि आफ्नै ठाउँमा चर्चित रहेको पाइन्छ । ऐतिहासिक रुपले भन्दा पनि बेत्रावतीको महत्व पौराणिक र धार्मिक दृष्टिकोणले अझ बढी रहेको पाइन्छ । पौराणिक कालमा देवासुर संग्रामका वेला समुन्द्रमन्थन गर्दा निस्केको कालकूट विषलाई विश्वरक्ष गर्ने उद्देश्यले भगवान शिवले खानु भएको र त्यस विषलाई शान्त पार्न कैलाश पर्वततर्फ जाँदा बाटोमा लागेको प्यासलाई मेटाउन भगवान शिव स्वयंले वेदको छडी गडेर गंगा निकालेकोले त्यस ठाउँकोनाम वेत्रगंगा हुन गएको र त्यही नाम कालान्तरमा आँउदा वेत्रावती नाममा परिणत भएको को भन्ने भनाइलाई शिवपुराण र स्कन्धपुराणको निम्न श्लोकले प्रमाणित गर्दछ:-

बेत्रेप्ररोहंण तत्र: सृतं जलं शिवम् ।
बेत्रोद्भवा नदी श्रेष्ठा बेत्र गंगेति संस्मृता:
गंगा तुल्या समत्सावै देवासुरार्षिभी: स्मृता:

बेत्रावती विषेश गरेर उत्तरगया तीर्थस्थलको रुपमा चर्चित छ । वेदको छडीबाट उत्पन्न जलबाट पनि प्यास मेटाउन नसकेपछि धर्म पर्वतको फेदीमा पुगेका शिवजीले जब त्रिशूल भुइँमा खोप्नु भयो तब तीन धारा उत्पन्न भयो । त्यही तीनधारा नीलपर्वत र धर्मपर्वतमा तलाउको रुपमा परिणत हुँदा गोसाईकुण्ड जन्मन पुगेको हो भन्ने वर्णन स्कन्ध पुराणमा गरिएको छ । त्यंही गंगा बेत्रावतीमा आइपुग्दा रुद्रगंगा र बेत्रावतीसँग सङ्गम हुनगई पौराणिक कथन रहेको छ । त्यसैले पौराणिक कालदेखि नै वेत्रावती उत्तरगया तीर्थस्थलको रुपमा लोकप्रिय बन्दै आएको छ । हरेक वर्ष पौष अमावास्यका दिन आफ्ना पितृहरुको सम्झना स्वरुप श्राद्धादि कर्म गर्नका निम्ति विभिन्न भू-भागबाट यहाँ भक्तजनहरु ओइरो लाग्ने गर्दछन् । भारतको बिहार प्रान्तमा अवस्थित गयामा श्राद्ध गर्नु पूर्व बेत्रावतीमा अवस्थित उत्तरगया क्षेत्रमा श्राद्ध गर्नु पर्दछ भन्ने भारतीय पण्डाहरुको पनि भनाइ रहेको पाइन्छ । बृह्मा, विष्णु, रुद्र तीन नदीको सङ्गम रहेको यस बेत्रावतीमा अवस्थित उत्तरगया मृतपूर्वजहरुको स्मरण र श्राद्ध गर्ने महत्वपूर्ण तीर्थस्थल हो । विभिन्न देवी देवताहरुको समेत स्थापना गरिएको यस क्षेत्रमा वार्षिक रुपमा भक्तजनहरु ठूलो एकादशी, दशहरा, रामनवमी लगायतका दिनहरुमा पनि आउने गर्दछन् । बेत्रावती अगर्थात उत्तरगयाको पौराणिक महत्वका सन्दर्भमा विभिन्न पुराणहरुमा समेत चर्चा परिचर्चा भेटिन्छ । पद्मपूराणको उत्तरखण्ड अन्तर्गत १३४ औं अध्यायमा त बेत्रावतीको पौराणिक महत्वका सन्दर्भमा व्यापक रुपमा चर्चा गरिएको छ । उक्त पुराणमा चर्चा गरिए अनुसार चंपके भन्ने नगरमा कुनै राजा राज्य गर्दथे । ती राजा वेदनिन्दाता, अधर्मी र दुष्ट प्रवृत्तिका

थिए । जब उनले बेत्रागंगामा आएर स्नान गरे तब उनका सबै असत गुणहरु परिवर्तन भएर अन्ततः उनी विष्णुधाम पुग्न सफल भए । त्यसैले भनिएको छः-

स्नानंकुर्वानितये विप्रास्तेमक्ता नगनंदिति
राजन्यो वाथ वैश्यो वाशुद्रोवासूर सत्तमे "१७"

अर्थात् चाहे ब्राह्मण वा शूद्र होस, चाहे राजा वा भिखारी होस् जसले बेत्रागंगामा स्नान गर्दछ त्यसको यस लोकबाट मुक्ति मिल्दछ । त्यसैगरी उक्त पुराणमा नै अगाडि भनिएको छः-

यत्र स्नान प्रकुर्वन्तिते मुक्ताः पामबनधनात्
कार्तिके वाथमाघेवा वाध्योवावेदूनिन्दकः ॥

साद्वितीयास्मृता गंगाकलौदेवि विशेषतः,
येनराः सुखमिच्छं ति धन मिच्छंनि येनराः ॥सूर्य वंशेचयेजाताः सोमवंशेतथैवच,
आगता वेत्रवत्यां तुस्नान्वानिर्वृत्तिमागनाः ॥विश्वास छ । वेत्रावती स्थित उत्तरगयाले सम्पूर्ण रसुवा बासीहरुको छुट्टै पहिचानको प्रतिनिधित्व गरेको छ । विभिन्न पुराणहरुमा चर्चा भए अनुसार बेत्रावती स्थित उत्तरगया सामान्य स्थल मात्र नभएर नेपालकै बिशिष्ट तीर्थस्थल भएको वास्तविकतालाई केही हदसम्म भएपनि माथिका धारणा र तथ्यहरुले प्रमाणित गरिसकेको छ । यस क्षेत्रको ऐतिहासिक र पौराणिक विषयमा अझ गइरिएर अध्ययन गरी सत्य तथ्य पत्ता लगाउनु पर्ने टड्कारो आवश्यकता देखिन्छ । समयको व्यस्तता, सामग्रीको अपूर्णता तथा विचारको अल्पताले गर्दा प्रस्तुत आलेख विश्लेषणात्मक र अनुसन्धानात्मक रुपले अपूर्णतामा अल्झिए तापनि बाँकी भविष्यमा पूर्ति गर्ने आशा राख्दै परिचयात्मक रुपमा भएपनि यस क्षेत्रलाई कोट्याउने प्रयत्न गरेको छु ।

सन्दर्भ सामग्रीहरुः-
१. पद्मपुराण
२. उत्तरगया बेत्रावती क्षेत्रको नव उत्पत्ती नीलकण्ठ महादेवको परिचय-कैलाशनाथ पौडेल

(लेखक श्री नीलकण्ठ उ.मा.वि. रसुवा का प्राचार्य हुनुहुन्छ ।)

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HERITAGE FASHION

Balkumari, Imadol-4
Lalitpur, Kathmandu
Nepal

Tel. : 977-1-5201840 / 5200918
Fax : 977-1-5202966
E-mail: fashion@mos.com.np

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केशव प्रसाद पौडेल
प्रवन्ध निर्देशक

Unique Freight International Pvt. Ltd.
WORLDWIDE FREIGHT FORWARDER
P.O.Box : 19665, Koteshwor, Kathmandu, Nepal
E-mail : ufi@ntc.net.np
ufipl@ntc.net.np

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण उद्यमी, ग्राहक वर्ग र हाम्रा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामहरि देवकोटा
संचालक
तथा कोसेली घरपरिवार
धुन्चे, रसुवा

"रसुवा जिल्लाको परिचय बनेका मौलिक उत्पादनहरु जस्तै लालि गुरासको जुस, डालचुक को जुस, तामाङ्ग सास्कृतिक भेषभूषा तथा अन्य स्थानीय हस्तकलाका सामाग्रीहरुका लागि हामीलाई सम्झनुहोस ।"

नयाँ वर्ष २०६४ को पावन अवसरमा समस्त जिल्ला बासीहरुमा सुख, सू-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कुल प्रसाद भट्ट
सचिव
एवं ने.क.पा. (एमाले) परिवार , रसुवा

नयाँ वर्ष २०६४ को पावन अवसरमा समस्त जिल्ला बासीहरुमा सुख, सू-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लाल बहादुर तामाङ
सभापती,
एवं नेपाली कांग्रेस (प्रजातान्त्रिक)परिवार,रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रो. तीलनाथ न्यौपाने
कालिका किचन एण्ड कम्युनिकेसन
नेपालटार, काठमाडौं ।
सम्पर्क: ९८४१४६३६५९, २०१०९८३

यहाँ सम्पूर्ण किसिमका किचेनका सामान हरु सुपत मुल्यमा पाइन्छ, साथमा देश विदेश सम्पर्कका लागि आधुनिक विलिङ्ग सिस्टम भएको कम्युनिकेशन सुविधा उपलब्ध छ ।

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण अभिभावक,विद्यार्थी, शिक्षक, शिक्षिका एवं सम्पूर्ण शिक्षा सरोकारवालाहरुमा सुख,शान्ती, समृद्धिको कामनाका साथै देशमा हुन गइरहेको संविधान सभा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आ-आफ्नो ठाउँबाट हृदयदेखि सहयोग र समर्थन गरौं भन्ने आह्वान गर्दछौं ।

बेद प्रसाद पन्त
प्रिन्सिपल
चिल्ड्रेन हेराल्ड एकेडेमि परिवार
मनमैजु-८, काठमाडौ

रसुवा र भू संरक्षण

-श्यामसुन्दर श्रेष्ठ

वर्षायाममा नेपालमा धुप्रै ठाउँमा पहिरो गएको कुरा सुनिन्छ र देखिन्छ पनि । पहिरोमा परेर धुप्रै मानिसको ज्यान र गाईवस्तुको खति हुन्छ । भवन, जग्गाजमिन गोठ बगेर जान्छ । परिवारका बूढाबूढी, युवा र केटाकेटी मर्छन् । प्रेमीप्रेमिकाको विछोड हुन्छ । गाउँ घरमा रुवावासी चल्छ । पहिरोको कारणले गर्दा समाजमा ठूलो असर पर्छ । परिवारहरु विचलित हुन्छन् । समाज बिखण्डित हुन्छ । अनि हामीलाई लाग्छ यस्तो डरलाग्दो पहिरो किन जान्छ होला ? के पहिरो नजाने कुनै उपाय छैन ?

डाँडापाखाको ढुंगामाटो तलतिर झर्ने, खस्ने र सर्ने प्रकृयालाई पहिरो भनिन्छ । पहिरो फोस्रो ढुंगामाटो भएको तथा रुख विरुवा नभएको भिरालो जमिनमा जान्छ । हुन त पहिरो अरु विभिन्न कारणले पनि जान्छ । पृथ्वीमा भएका विभिन्न बस्तुहरुको आफ्नै गुण, नियम र संगत हुन्छ । ती वस्तुहरुको गुण, नियम र संगतमा दखल वा असर पर्ने वित्तिकै परिवर्तन हुन्छ । पहिरो पनि जमिनमा भएको ढुंगामाटोको गुणमा हुने परिवर्तनको कारणले जान्छ ।

पहिरो मुख्य त भिरालो जमीन जहाँको भू-गर्भको संरचना वा बनौट कलिलो र कमजोर छ, फोस्रो ढुंगामाटो छ त्यस्तो ठाउँमा जान्छ । बर्षायाममा अतिवृष्टि हँदा जमिन भित्रको पानीको सतह परिवर्तन हुन्छ, माटोमा पानीको मात्रा थपिन गई माटोको भार बढ्न जान्छ । यसरी जमिनमा पानीको सतह परिवर्तन हुँदा र माटोमा पानीको मात्रा बढ्दा ढुंगामाटोको एकआपसमा समाउने शक्ति समेत कमजोर हुन जान्छ । यदि ढुंगामाटोको एकआपसमा समाएर यथास्थानमा बस्ने शक्ति भन्दा पृथ्वीको केन्द्रतर्फ तानिने गुरुत्वाकर्षणको शक्ति बढी भएमा पहिरो जान्छ । पहिरो नदीको कटान र जमिनको कम्पन वा भूइचालोको कारणले पनि जान्छ । नदीको कटान र जमिनको कम्पन वा भुइचालो जाँदा जमिनको संरचना खल्बलिन्छ र कमजोर हुन्छ । अझ जमिन मुनीको चट्टान जमिनको भिरालोपनसंग समानान्तर छ भने त झन बढी पहिरो जान्छ । यस्तो पहिरोलाई प्रकृतिजन्य कारणले गएको पहिरो भनिन्छ । हाम्रो देश नेपालका भू-बनौट कलिलो र कमजोर भएकाले यहाँ वर्षेनी पहिरो जाने गरेको हो ।

कतिपय पहिरो त मानिसको आफ्नै कमी कमजोरी र गल्तीका कारणले पनि जान्छ । चुरे भावर जस्तो कमजोर र कलिलो भू-भागमा वनजंगल फाँडेर अवैज्ञानिक खेतीपाती र बस्ती बसाल्नाले पनि नेपालमा पहिरो निकै गएको हो । यसले हामीलाई ठूलो क्षति पुऱ्याउदै आएको छ । डाँडापाखामा भएका वनजंगलको अति फडानी र विनासले पनि पहिरो जाने प्रक्रियालाई त्यतिकै मद्दत पुऱ्याएको छ । वनजंगल प्रशस्त भएको ठाउँमा जराले माटो समाउने र प्रशस्त परेको पानीलाई उत्स्वेदन तथा वाष्पीकरणद्वारा आकाशमै फिर्ता पठाई माटोमा पानीको भार घटाई दिन्छ । त्यसरी नै अनियन्त्रित किसिमले ढुङ्गा निकाल्ने, भिंरालो ठाउँमा बढी ढुङ्गामाटो थुपार्ने, अतिभिरालो जग्गामा खेतीपाती गर्ने, अनियन्त्रित चरिचरण गर्ने, गराउने, माटो तथा भू-बनौटको ख्याल नगरी बाटोघाटो, कुलोकुलेसो, पोखरी र भवन निर्माण गर्ने मानिसको आफ्नै कृयाकलापले पनि पहिरो चल्ने गर्दछ । यस्तो कतिपय कृयाकलाप मानिसको आर्थिक, सामाजिक बाध्यता, चेतनाको अभाव र लोभलालचको कारणले पनि हुन गएको हुन्छ । यस्तो पहिरोलाई मानवजन्य कारणले भएको पहिरो भनिन्छ । पहिरो जाँदा खोलानाला वा नदी थुनिन सक्छ र थुनिएको त्यो खोलानाला वा नदी फुटेर तलतिरको गाउँवस्ती खेतबारी नै बगाउने वा बढार्ने गरी बाढी पनि आउन सक्छ । यसले धनजनको ठूलो क्षति हुन्छ ।

पहिरो प्रकृतिजन्य वा मानवजन्य वा दुवैको संयुक्त कारणले पनि जान्छ । यस्तो प्रक्रिया जमिनको अवस्था हेरी कहिले धेरै छिटो त कहिले विस्तारै विस्तारै पनि हुन्छ । मानिसको कुनै असर नपुगेको ठाउँमा हुने सवै पहिरोहरु प्रकृतिजन्य पहिरो हुन् भने मानिसको वस्ती भएको र असर पुऱ्याउने ठाउँमा गएको पहिरो मानवजन्य पहिरो हुन् । नेपालमा जाने पहिरोमध्ये अधिकांश प्रकृतिजन्य नै हुन् भने त्यसमा मानिसका कृयाकलापले तीव्रता ल्याई

दिने भएकाले ती पहिराहरु मानवजन्य हुन्छन् ।

सरकारले भू तथा जलाधार संरक्षण कार्यक्रममा पर्याप्त चासो नदेखाएकाले पनि प्रशस्त पहिरो जाने गरेको छ। बि. सं. २०१८ को वनको राष्ट्रियकरण गर्ने जस्ता गलत नियम कानून बनाउने नीतिले पनि पहिरो जानलाई सहयोग पुऱ्याएको छ । त्यस्तै जनताको नराम्रो काम कारवाही र बानी व्यहोराले पनि प्रशस्त पहिरो जान गर्छ। प्रकृतिले धान्नै नसक्ने गरी हुने जनसंख्या वृद्धि र तिनीहरुको आधारभूत आवश्यकता पूरा गर्न जमिनमाथि परेको थप बोझका कारणले पनि पहिरो चल्छ । पहिरो जाँदा पहाड र चुरेका डाँडाका मलिला खेतवारी र वस्तीहरु सोहरिएर तल झर्छ भने तल फाँट र तराईका मलिला खेतवारी र वस्तीहरु त्यही पहिरोको कारणले हुने बाढीद्वारा ल्याइएका ढुङ्गामाटोले पुरिन्छन् । यसरी पहिरोले तल र माथि दुवै तर्फ व्यापक क्षति पुऱ्याउँछ ।

पहिरोलाई पूर्णरुपेण वन्द गर्न नसके पनि यसबाट हुने हानी नोक्सानीलाई भने निकै हदसम्म कम गर्न सकिन्छ। यसको निम्ति जमिनको उपयोग त्यसको क्षमता अनुसार गर्नु पर्दछ। जमिनको उपयोग भू तथा जलाधार संरक्षणको दृष्टिकोणबाट सुरक्षित मापदण्ड अनुसार हुनु पर्दछ। यसो गर्दा पहिलापहिला गएका थुप्रै पहिरो पनि रोकथाम हुँदै जान्छन् । पहिरो हुन नदिन र रोकथाम गर्नको लागि पानीढल वा जलाधारलाई ब्यवस्थित गर्नुपर्छ र बढी भएको पानीलाई सुरक्षित स्थल तर्फ तर्काउने, फर्काउने तथा संचय गरेर राख्ने गर्नुपर्दछ। पानीको राम्रो ब्यवस्था गर्न नसक्दा कहीं पानी बढी भएर समस्या त कहीं कम भएर समस्या देखा परेको छ । यसको लागि भू तथा जलाधार संरक्षण विभागको कार्यक्रम अनुसार भू उपयोग योजना तर्जुमा, प्राकृतिक प्रकोप रोकथाम, विकासका पूर्वाधार संरक्षण, भूमिको उत्पादकत्व बृद्धि, सामुदायिक भू-संरक्षण, प्रचारप्रसार तथा तालिम अध्ययन भ्रमण गर्नु गराइनु पर्दछ। पहिरो रोकथामको लागि तीन दशक अगाडिदेखि नै भू तथा जलाधार संरक्षण विभागले ठोस योगदान पुऱ्याउँदै आएको पनि छ ।

पहिरो जाने सम्भावनाहरु देखिने बित्तिकै आफ्नो नजिकको र गाउँठाउँका मानिसहरुलाई तुरुन्त खवर गर्नु पर्दछ र सुरक्षित स्थानतर्फ लाग्नु पर्दछ । निम्न लिखित अवस्थामा पहिरो जान सक्ने सम्भावना प्रवल रहन्छ :

१. ढुङ्गामाटो खसिरहेको देखेमा वा त्यस्तो आभास हुने अनौठो आवाज सुनेमा

२. रुख ढलेको वा भाँचिएको देखेमा वा त्यस्तो आभास हुने अनौठो आवाज सुनेमा

३. घर वरिपरिको जमिन चर्किएको वा त्यस्तो आभास हुने अनौठो आवाज सुनेमा

४. जमिनको भिरालोपनासंग समानान्तर भएको चट्टान माथि बसेको गाउँबस्तीमा अत्यधिक पानी परेमा

५. गाउँबस्तीमाथि अचानक कुनै नयाँ पानीको मूल फुटेमा

६. घरको ढोका ठीकसंग नखुलेमा वा घरको भित्ता चर्किएको देखेमा वा आँगन धुजा परेको देखेमा

७. खोलानाला, नदी नहर वा मुहान र मूलको पानी अचानक घटेमा वा धमिलो देखेमा

८. इनार पोखरी वा संकलित भलको पानी अचानक घटेमा वा सुकेमा

९. नदी वा खोला किनार कटान भएको वस्तीमाथि खोला बढेको अवस्थामा

१०. पुरानो पहिरो र गल्छीमाथि रहेको गाउँवस्तीमा अत्याधिक पानी परेको बेला

११. कमजोर जमिनको दायाँ बायाँ वा किनारमा लगातार भारी गाडी हिड्ने सडक भएमा

धेरैजसो पहिरो एकै पटक अत्याधिक पानी परेको बेला जान्छ। त्यसैले भिरालो ठाउँमा वा खोला वा नदीको किनारमा गाउँबस्ती भएका मानिसहरु त्यस्तो बेला बढी होसियार हुनु पर्दछ। माथि उल्लेखित संकेत वा लक्षणहरु देखिने बित्तिकै पहिरो र गल्छी छल्दै अरुलाई पनि सूचित गर्दै सुरक्षित स्थल तर्फ तुरुन्त लाग्नु पर्दछ । सुरक्षित स्थलको पहिचान अग्रिम रुपमा गरेको भए झन वेस वा बुद्धिमानी हुन्छ भने तत्कालै गर्नु परेको बखत पनि बढी विचार गरेर गर्नु पर्दछ। भेट हुने गन्तब्य स्थल वा ठाउँ र समय, हिड्ने बाटोको बारेमा आफ्नो परिवार र छरछिमेकी बीच छुट्टिनु पहिले नै सल्लाह गरी निधो गरेको हुनु पर्दछ। यसो गर्दा दूर्घटना हुने सम्भावना न्यून हुन्छ र कथंकदाचित दूर्घटना भएको अवस्थामा समेत तत्कालै उपचार गर्न सजिलो हुन्छ । टेलिफोन भएको ठाउँमा त फोन मार्फत पनि अरुलाई खवर गर्न सकिन्छ। यसकारण आफ्नो गाउँ ठाउँ र छरछिमेकीको टेलिफोन टिपेर सुरक्षित र तत्कालै भेटिने ठाउँमा राखिराख्नु पर्दछ। यस्तो टलिफोन अरु समयमा समेत काम लाग्ने हुन्छ । टेलिफोन नम्वर टिप्दा जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस, एम्बूलेन्स, दमकल, नजिकको अस्पताल वा हेल्थपोष्ट वा जनस्वास्थ्य केन्द्र, शववाहन, नजिकको नेपाल प्रहरीको कार्यालय वा जिल्ला प्रहरी कार्यालय, नजिकको नेपाली सेनाको ब्यारेक, जिल्ला भू -संरक्षण कार्यालय, जलउत्पन्न प्रकोप नियन्त्रण केन्द्र र अन्य आफूलाई महत्वपूर्ण लाग्ने संघसंस्थाको समेत टिपेर राख्दा अझ वेस हुन्छ ।

नेपालका हिमाल पहाड, चुरे र तराईका फाँटहरु पृथ्वीको भर्खरै जन्मेका सन्तान हुन् । यिनीहरु कलिला छन् कमजोर छन् र एउटा वालकलाई जस्तै यिनको उचित स्याहारसंभार गर्नु अत्यावश्यक छ। रसुवा जिल्लामा

त झन अग्लाअग्ला हिमाल र पहाडहरु छन् । यहाँको भू धरातल अति नै भिरालो र भौगर्भिक संरचना अत्यन्तै संवेदनशील छ । अतिबृष्टि अनाबृष्टि तथा अव्यवस्थित भू उपयोगका कारणले गर्दा यस जिल्लाका विभिन्न भेगमा वर्षेनी पहिरो र बाढी गई अति भू क्षय भैरहेकोले धनजनको क्षति र वातावरणीय ह्रास ब्यहोर्नु परेको छ । यसले गर्दा जिल्लामा भू संरक्षण तथा जलाधार व्यवस्थापन थुप्रै समस्या र चुनौतिहरु छन् । जडिबुटि, जलविद्युत र पर्यटनको प्रयाप्त अवसर र संभावना रहेको यो जिल्लामा भू संरक्षणका कार्यक्रमहरुलाई व्यापकता दिन सक्यो भने ती अवसर र संभावनालाई ठूलो टेवा दिन सकिन्छ ।

जिल्ला भू संरक्षण कार्यालय, रसुवा, वन तथा भू संरक्षण मन्त्रालय, भू तथा जलाधार संरक्षण विभाग अन्तर्गतको जिल्लास्तरीय कार्यालय हो। असामान्य भू-बनोट, भीषण मनसुनी वर्षा, अवैज्ञानिक भू-उपयोग, प्राकृतिक स्रोतहरुको अनियन्त्रित उपयोग, जनसंख्याको बढ्दो भार आदि कारणवाट श्रृजना हुनपुगेको भूक्षयको समस्या कम गर्न यस जिल्लामा २०४३ सालभन्दा पहिलेदेखि नै नुवाकोट जिल्ला भू-संरक्षण कार्यालयबाट भू-संरक्षणसँग सम्वन्धित कार्यक्रमहरु संचालन गरिएको थियो। जिल्लामा देखापरेका भूस्खलन सम्वन्धी गम्भीर समस्यालाई दृष्टिगत गरी जिल्लाको लागि भू-संरक्षण बजेट समेत स्वीकृत भई २०४३ साल फागुन १ गते यस कार्यालयको स्थापना भएको हो।

भू-क्षयको विभिन्न कारणहरु (जस्तै- अवैज्ञानिक खेती, अतिचरिचरण, वनविनास आदि) मानिसहरुवाटै हुने गर्छ। मानिसहरु सृजित भूक्षय कम गर्दै भू-संरक्षण गर्ने काम बाहिरी संस्था वा नेपाल सरकारको एकल प्रयासबाट मात्र सम्भव छैन । विगत वर्षहरुमा संचालन भएका कार्यक्रमहरुमा कार्यक्रमको उपभोग गर्न मात्र सम्बन्धित उपभोक्ताहरु सहभागी हुने परिपाटी थियो । त्यस परिपाटीवाट संरक्षण कार्य दिगो नहुने भएकोले कार्यक्रम संचालनको प्रत्येक चरणमा सम्बन्धित उपभोक्तारुको प्रत्यक्ष सक्रिय सहभागिता हुनै पर्ने नीति भू तथा जलाधार संरक्षण विभागले लिएको हुँदा यस कार्यालयले पनि सोही अनुसार निम्न कार्यनीतिहरु अपनाएको छ :-

(क) जलाधार क्षेत्रभित्रको प्रत्येक गाउँको प्राकृतिक स्रोत थता अन्य कुराहरुको वस्तुस्थितिबारे सहभागितामूलक प्रक्रियाबाट जानकारी लिने र विश्लेषण गर्ने।

(ख) दिगो विकासका लागि स्थानीय रुपमा संरक्षण उत्प्रेरित संघसंस्थाहरु तयार गर्दै संस्थागत विकास गर्दै लैजाने।

(ग) सहभागितामूलक प्रक्रियाबाट समस्या पहिचान, स्तरीयकरण गरी कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्म जनताको प्रत्यक्ष सक्रिय सहभागितामा परिचालन गर्ने।

(घ) भू-संरक्षणको प्रत्येक कार्यक्रमहरु प्याकेजको रुपमा तयार गर्ने र सो कार्यक्रममा स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग गरी स्थानीय स्रोतको संरक्षण एवं व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।

(ङ) जिल्लाभित्रको उपजलाधार क्षेत्रहरुको पहिचान गरी ४ देखि ५ वर्षसम्म एउटा उपजलाधार क्षेत्रमा संचालन गर्ने र अरु जलाधार क्षेत्रमा कार्यक्रम विस्तार गर्दे जाने। जिल्लाभित्रका सबै उपजलाधार क्षेत्रको भूक्षयको अवस्था र भौगोलिक वनावटको आधारमा जलाधार क्षेत्रलाई अति खराव, खराव, सीमान्त र राम्रो अवस्थामा रहेका जलाधारमा वर्गीकरण गरी कार्यक्रम संचालन गर्न अति आवश्यक स्थानहरुको जलाधार क्षेत्रको प्राथमिकता तोक्ने।

जिल्ला भू-संरक्षण कार्यालयको कार्यक्षेत्र उपजलाधार क्षेत्रलाई आधार मानी कायम गरिएको हुन्छ । नेपाल डेनमार्क जलाधार व्यवस्थापन आयोजनाको आर्थिक सहयोगमा आ.व. ०५३।०५४ देखि आ.व. ०५९।०६० सम्म यस जिल्लाको घट्टेखोला उपजलाधार क्षेत्र अन्तर्गत लहरेपौवा, धैवुङ र भोर्ले गा.वि.स. हरुमा भू-संरक्षण तथा जलाधार व्यवस्थापनका विविध कार्यक्रमहरु संचालन भएका थिए । २०५६।०५७ देखी २०६०।०६१ सम्म उक्त सहयोगलाई नार्मसाप (प्राकृतिक श्रोत व्यवस्थापन क्षेत्र सहयोग कार्यक्रम) को रुपमा कार्यक्रम गरिएको थिए । यसैगरी त्यस समयमा ‶ब्द कार्यक्रम अन्तर्गत गोल्जुङ र स्याफ्रु गाविसमा भू-संरक्षण सम्वन्धी कार्यक्रमहरु संचालन गरिएको थियो । एउटा उपजलाधार क्षेत्रमा ४ देखि ५ वर्ष कार्यक्रम संचालन गरेपछि त्यस क्षेत्रलाई छाडेर अर्को उपजलाधार क्षेत्र छनौट गर्ने सिलसिलामा आ.व. २०६०।०६१ देखि चिलिमे खोला उपजलाधार क्षेत्रको योजना तर्जुमा भई त्यसै सालदेखि पाँच वर्षको लागि सो उपजलाधार क्षेत्र अन्तर्गतका चिलिमे, गोल्जुङ र गत्लाङ गाविसहरुलाई प्राथमिकता प्राप्त कार्यक्षेत्रको रुपमा लिइएको छ । काम गर्न सजिलो होस् भनेर रसुवा जिल्लालाई आठ वटा उपजलाधार क्षेत्रमा छुट्याइएको छ । ती निम्न हुन् :

क्र.सं	उपजलाधारक्षेत्रको नाम	क्षेत्रफल (वर्ग कि.मी.)	उपजलाधार क्षेत्रमापर्ने गा.वि.स.
१	तल्लो फलाखु	२१.२६	धैवुङ, भोर्ले, लहरैपोवा
२	उपल्लो फलाखु	१०७.५७	भोर्ले, सरमथली र यार्सा
३	तल्लो त्रिशुली गंगा	६१.२६	धैवुङ, राम्चे, लहरेपौवा, डाडाँगाउँ र ठूलोगाउँ
४	उपल्लो त्रिशुली गंगा	१३९.७१	धुन्चे, राम्चे हाकु, गत्लाङ, गोल्जुङ र स्याफ्रु
५	लाङटाङ खोला	८१.४२	स्याफ्रु, वृद्धिम र लाङटाङ
६	मैलुङ खोला	८१.११	हाकु र डाडाँगाउँ
७	चिलिमे खोला	११०.८८	चिलिमे, गत्लाङ र गोल्जुङ
८	भोटेकोशीगण्डकी	१३२.७८	थुमन, टिमुरे र वृद्धिम

रसुवा जिल्लाको कूल क्षेत्रफल १५१४ वर्ग किलो मिटर भए पनि ३५०० मिटर भन्दा माथिका हिमाली क्षेत्रलाई यसमा राखिएको छैन किनकी ती क्षेत्रमा भू संरक्षण कार्यालयले काम गर्ने गरेको छैन ।

लेखक जिल्ला भू संरक्षण कार्यालय रसुवाका अधिकृत, हुनुहुन्छ ।

Best wishes for the publication of canvas smarika and happy new year 2064 to all concerned

Gorkhali English Boarding Secondary School
Balaju, Kumaristhan, Tel: 4350182

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

क्याम्पस प्रमुख
नेपाल राष्ट्रिय उच्च मा. वि
नेपालटार, काठमाडौं ।

नयाँ वर्ष २०६४ को पावन अवसरमा समस्त देशवासीहरुमा सुख, सु-स्वास्थ्य, दीर्घायु तथा दिगो शान्तिको लागि हार्दिक मंगलमय शुभकामना ।

TARGETING RIGHT PEOPLE FOR RIGHT JOB
EMASCO

प्रविण मल्ल
जनसम्पर्क निर्देशक
एवं इमास्को नेपाल प्रा.लि. परिवार
सामाखुसी, काठमाडौं ।
फोन नं. ४३६२७०८

www.emasconepal.com
Email: info@emasconepal.com

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग र हाम्रा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

प्रो. दिनेश अधिकारी
अधिकारी खाद्य सप्लायर्स
बेत्रावती, रसुवा

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निमा दावा तामाङ्ग
अध्यक्ष

विष्णु आचार्य
सचिव

एवं
एवं अपाङ्ग पुनस्थापना केन्द्र नेपाल परिवार
धुन्चे, रसुवा ।

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग र हाम्रा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

प्रो. राजु प्याकुरेल
बेत्रावती केवल प्रा.लि
बेत्रावती, नुवाकोट

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिव लामिछाने
अध्यक्ष
एवं रसुवा काठमाडौं सम्पर्क मञ्च परिवार
काठमाडौं ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बद्रिनिधि घिमिरे
लाङ्गटाङ्ग भ्यू होटल परिवार
धुन्चे, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोजोमि ट्रेक्स प्रा. लि. परिवार
ठमेल, काठमाडौं ।

लोपोन्मुख वनस्पती: लाङटाङ्गे सल्लो

-धर्तिचन्द्र यात्री

लोपोन्मुख वनस्पती: लाङटाङ्गे सल्लोल्यारेक्स सल्लो यो विश्वबाट नै लोपोन्मुख हुन लागेको वनस्पती हो । हालसम्मका वैज्ञानिक अध्ययन अनुसार विशेषत नेपालको लाङटाङ क्षेत्र नै सम्भवत: संसारको स्थानहरु मध्ये ल्यारेक्स राम्रो सम्भावना भएको ठाउँ मान्न सकिन्छ । करिब Subtropical Forest कोणधारी जंगल र यसको मुख्य विशेषता गोल्डेन कलरमा हिमपात पर्ने ठाउँमा समयमा प्रशस्त पतझड रुपमा देख्न पाईन्छ । ल्यारेक्स सल्लो अर्को स्थानीय भाषामा लाङटाङ क्षेत्रका तामाङ्ग जातिहरुले लाङटाङे सल्लो पनि भन्ने गर्दछन् । किनकी यो विशेष गरी लाङटाङ भन्दा अन्यत्र कहीँ पनि पाइएको आधिकारिक पुष्टि पनि भएको छैन भन्दा हुन्छ । ल्यारेक्स अत्यन्तै सुन्दर प्रजातीको वनस्पती भएको हुनाले संसारबाटै लोप हुने अवस्थामा पुगेकोले यो वनस्पतीको संरक्षण गर्नु हामी सबैको परम कर्तव्य हुन आउँछ । यो करिब ३००० मी भन्दा माथि र विशेष गरी मलिलो र पहिरो भएको ठाउँमा हुने भएकोले लाङटाङ क्षेत्रमा पनि करिब ३००० मी. देखि यो वनस्पती प्रजातिको वंश विकास भएको देखिन्छ ।

घोडातवेला क्षेत्र आसपास करिव २० हेक्टर भन्दा बढि जंगल ल्यारेक्स सल्लोले ढाकेको आधिकारिक धारणा आइरहेको छ । हाल सम्म ल्यारेक्स सल्लाको विषयमा कुनै पनि वैज्ञानिकहरुले विस्तृत रुपमा अध्ययन गरी नसकेको हुँदा यो एक प्रकारको सल्लो प्रजातीकै विशेष किसिमको सल्लो Pinex Tree भएकोले वागवगैंचाहरुमा सजाएर राख्न यसले कम महत्व दिदैन । लाङटाङ क्षेत्रमा खोला किनारमै पाइने भएको हुँदा लाङटाङ क्षेत्रमा ३००० भन्दा बढि स-साना ल्यारेक्सका बोटहरु पनि पाउने कुरा जानकारीमा आइरहेको छ । लाङटाङ्गे सल्लो, ल्यारेक्स सल्लो वा Laurex Himalyalica जे भनेर उच्चाहरण गरे पनि आखिरमा यो संसारबाटै लोप हुने अवस्थामा पुग्न लागेको वनस्पती भने पक्का रहेको सर्वविधितै छ । लाङटाङ क्षेत्रमा यसको उत्पती कहिले भयो भन्ने विषयमा त्यहाँका स्थानीय वयोवृद्ध मानिस र त्यसको संग्रहमा लागि पर्ने वनस्पती विज्ञहरुका अनुसार यसको उत्पती जव भौगोलिक रुपमा लाङटाङ उपत्यका वरिपरिका पत्रेदार चट्टानहरु टुक्रेर फूटेर छिन्न भिन्न हुँदै भिन्न प्रकृतिमा फेरि सुरुवात हुन थाले । त्यति खेरै देखि नदीले खियाएर छाडिएका टुक्रे पत्रेदार चट्टानहरुमाथि माटो को तह बनदै गयो र त्यसकै माथि माथि मलिलो माटो पनि थपिदैं जाँदा जाँदा वनस्पती माटो र चट्टानको तहबाट सुरु भएर Land Slide भएर बाँकी रहेको बचेखुचेको नदी खोच र बाढी चिसो चिस्यान भएको सतहमा जहाँ हिमपात पर्ने प्राय: त्यसभागमा ल्यारेक्सको वंश उत्पत्ति भएको खोज अनुसन्धानहरुबाट पाइन्छ । खोज कर्ताहरुका भनाइहरुलाई उदृत गर्दै भन्ने हो भने ल्यारेक्स सल्लाको संग्रह कर्ताहरु हालसम्म एक हजार भन्दा बढि मानिसहरु त्यसको वंश अध्ययनको सिलसिलामा त्यहाँ पुगेको अध्ययन स्रोतबाट पत्ता लागेको छ भने वनस्पती विभागले ल्यारेक्स सल्लाको प्रमाणिकरण र त्यसको ऐतिहासिक कहाँबाट, कहिलेदेखि शुरु भयो भन्ने विषयमा गहन रुपमा अध्ययन. अनुसन्धान गरेर आइरहेको कुरा पनि अध्ययन रिर्पोट बाट थाहा लागेको कुरा हुन् । ल्यारेक्स सल्लाको बारेमा जति वर्णन गरे पनि अपूरो भएको भान हुन्छ । वनस्पती शास्त्रीहरुका अनुसार संसारको उच्च हिमाली भू-भाग मध्ये पनि यो नेपालको लाङटाङ क्षेत्रमा विशिष्ट पहिचान जोगाइराख्न सफल रहेको छ ।

ल्यारेक्स सल्लाको बारेमा हाल सम्म विश्वका कति वैज्ञानिकहरुबाट यस विषयमा विद्यावारिधि भयो भन्ने आधिकारिक तथ्यांक सार्वजनिक रुपमा आएको छैन । ४० को दशक पछि भने नेपालको लाङटाङ क्षेत्रमा रहेका ल्यारेक्स प्रजातीको सल्ला संरक्षण प्रयासमा लाङटाङ राष्ट्रिय निकुञ्ज लागिरहेको छ । एउटा सुन्दर अनौठो र लोप हुने अवस्थामा पुगिसकेको वनस्पतीलाई जोगाइराख्न सवैबाट केकस्तो प्रयास गर्ने र कसरी अघि बढ्ने भन्ने बारेमा चाहिँ ल्यारेक्स नेशनल म्यानेजमेन्ट प्लान (Laurex National Management Plan) बनाएर अघि बढेको खण्डमा सवै क्षेत्रमा यसको जोगावटलाई महत्वका साथ हेर्ने दृष्टिकोणको विकास हुने कुरामा दुईमत नहोला । जेहोस् विश्व वनस्पती इतिहासमा देखिएको लाङटाङ्गे सल्लो अर्थात ल्यारेक्स सल्लोलाई जोगाईराख्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट लागिपर्नु आजको आवश्यकता हो ।

(लेखक: सन् १९९० देखि यसको संग्रह गर्दै आउनु भएको छ ।)

गजल

-उत्तम पौड्याल

यो युग फेर्नलाई फाल्नुपर्छ दरवार
बिचराको तिरले ढाल्नु पर्छ दरवार ।

काले साप बनेर जनताई डसिराख्ने
सामन्तलाई थुनि बाल्नु पर्छ दरबार ।

दाजु-भाइकै रगत पिएर मोटाएका
वलेको चितामाथि हाल्नु पर्छ दरबार ।

भोको नाङ्गो बसेर गरिबले सँधा-सधाँ
आफ्नै मनलाई रुवाई पाल्नु पर्छ दरबार ।

जनताको लासमाथी रा जगर्न पल्केका ती
कैले नजम्ने गरी गाल्नु पर्छ दरबार ।

जनतालाई सँधा-सधाँ दासी बजाई राख्ने
शिरवाटै फोर्नलाई थाल्नु पर्छ दरबार ।

सार्वभौम भनेपनि मात्र हामी दाश बनायौ
हात,गोडा, ओठ चल्छ तैपनि त लास वन्यौ ।

गला हाम्रो रेटिँदैछ, कला हाम्रो मेटिदैँछ
लुटिएका आशाहरु खोज्दा-खोज्दै हताश बन्यौ ।

मृत्युसँग मञ्जाजोरी खेल्ने हारे, हारेकाछन्
त्यही सुन्यौ,त्यही बोल्यौं, त्यसैले त त्रास बन्यौं ।

पिँजडाको सुगा हामी सधै भरि पिंजडामा अचल,
अबोल, अज्ञानी अस्तुको रास बन्यौं ।

उनका निम्ति मरियो र मारियो धेरै चोटि
आज आफ्नै जीवन देखि अवकाश बन्यौं ।

(लेखक सरस्वती क्यामपस, काठमाण्डौमा अध्ययनरत हुनुहुन्छ॥

नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक र अन्य शिक्षा प्रेमीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उत्तरगया प.ई. स्कूल परिवार
बेत्रावती, नुवाकोट ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो ध्रुवराज लामिछाने
उत्तरगया मेडिकल
बेत्रावती बजार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वलराम न्यौपाने
एवं रसुवा ट्रेक्स प्रा. लि. परिवार
ठमेल, काठमाडौं ।

रसुवा प्रतिविम्व

-बुकु प्रसाद आचार्य

मिठो र नमिठो बनाई खिचडी जानी नजानीकन ।
सानो र प्रतिविम्व टिपी रसुवाको पस्किदैछु सुजन ।
मोती झैं खुलेका ताँती हिमालको देख्दै लोभ्याउने मन ।
साङजेन, लाङटाङ हिमाल, गोसाईंकुण्ड पुण्यभूमि देवत्व वासस्थान.।

रङ्गीचङ्गी गुँरास, सुपुष्प, वाटिका पारखी रिंगाउँछन ।
प्रभात रस्मीसँगै प्रकृतिको लिला भाष्कर पनि चियाउछन ।
कुण्ड-कुण्ड शिला सजाउने झापन, मुस्काउँछ सुनपाती ।
जात-जातका जनावर खेलाएर परेड सुस्ताउँछिन प्रकृति ।

याक चौरीं वनमा भ्याङलुङ अघि पछि सेल्दो भिरेका लामा ।
स्वर्णिम सपना बोकी खोज्छन जडिवुटी साङजेनका लेकमा ।
खाम्जिङ, क्याङजिङ, तातोपानी अनि स्याफ्रु रसुवागढि ।
श्रममोती तप्काई प्रीति लागाउँदै सयर हुन्छन घोडाचढी ।

गोल्जुङ, गत्लाङ, नाकथली, थुमन तामाङ सांस्कृतिक गाउँ ।
गौरी कुण्ड वरिपरि वोझोधारी ठाउँ ठाउँ झुरुप्प गाउँ ।
चौपाया, पखेरु, रैथाने, वटुवा, आगनतुक जनमा ।
त्रासको झोली खोली राम्चे पहिरोले चस्का दिनछ मनमा ।

गोसाईकुण्ड विच त्रिशुलधारी शिला छेउमा अमरसिं गुफा ।
त्रिशुली, चिलिमे, छाँगा र छहरा मोहक प्राकृतिक छटा ।
आङदुङ, हाङजु, शिरमा विर्खे टोपी जाँघमा भिरेका किटि ।
फ्याफुल्ला, वाङ्छन, खादा, पोङ, स्यालकर, सत्कारी तामाङ ठिटी ।

मिश्रित भेषभूषा संस्कृतिका धनी, सुकृतिका वाहक ।
कृषि हो आधार, आलु, जडिवुटि चिज, उद्योग, पर्यटक ।
साम्य इच्छा बोकी प्रतिरक्षारत छन कृतिम प्राकृतिक कला ।
यस्तो पुण्यभूमि विषमताले हराभरा चुम्न नभुल्नुहोला ।

(लेखक जिल्ला विकास समितिको कार्यालय रसुवामा कार्यरत हुनुहुन्छ ।)

नव वर्ष २०६४ सालको पावन अवसरमा
समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

केशव बहादुर पाण्डे
सचिव
एवं लाङटाङ गाउँ विकास समिति परिवार, रसुवा

नव वर्ष २०६४ सालको पावन अवसरमा
समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

उमेश कुमार दाहाल
सचिव
एवं ठूलोगाउँ गाउँ विकास समिति परिवार, रसुवा

क्यानभास रिसर्च सेन्टर बेत्रावती रसुवाले नयाँ वर्ष २०६४ सालको अवसर पारेर रसुवाका विविध खोजमूलक, अनुसन्धान परक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक विषयवस्तुहरु समावेश गरी स्मारिका प्रकाशन गर्न लागेकोमा यो स्मारिका रसुवाको बारेमा खोज रअध्ययन गर्न चाहनेहरुलाई सन्दर्भ सामग्री बनोस एवं भविष्यमा पनि प्रकाशतको नियमितताको शुभकामना
साथै, नव वर्ष २०६४ साल रसुवा जिल्लामा रसुवा जिल्लामा लघुउद्यम विकासमा महत्वपूर्ण वर्ष बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

दिगो उद्यम तथा वातावरण विकास समाज (सिड्स) परिवार
धुन्चे, रसुवा

रसुवाको विकासमा चित्रकला



-रमेश कुँवर

रसुवा जिल्लाको धार्मिक, सांस्कृतिक, पर्यटकीय र रोजगारीको क्षेत्र विकासको लागि चित्र कला एक कोसे ढुङ्गा साबित हुन सक्छ भन्ने कुरामा दुईमत सक्दैन ।यदि चित्रकलाको माध्यमबाट त्यस क्षेत्रको रमणिय दृष्य, त्यहाँको अति सुन्दर खोला, त्यहाँका मनमोहक हिमाली श्रङ्खला, जातीय 'भेष' भुषा, सांस्कृतिक तथा धार्मिक स्थानहरुको उजागर गरिएमा चित्रकला मार्फत पनि स्वदेशी र विदेशी पर्यटकहरुलाई त्यस क्षेत्रको बारेमा राम्रोसँग अवगत गराउन सकिन्छ । यदि यसो गराउन सकियो भने चित्रकलाको माध्यमबाट त्यस क्षेत्रपट्टि अझ आकर्षित गराउन सकिन्छ ।

त्यहाँका जनजाती, भेषभुषा, संस्कृति र मनमोहक दृष्यहरुलाई चित्रकलाको सहायताले चित्रमा उतारेर स्वदेश लगायत विदेशमा पनि प्रदर्शन गर्न सकियो भने अझ बढि पर्यटकरुलाई आकर्षित गर्न सकिन्छ जसले गर्दा त्यस क्षेत्रका मानिसहरुले आफ्नो आय आर्जन र रोजगारी पाउने सम्भावना अझ बढि हुन्छ । त्यसकै फलस्वरुप त्यहाँको होटल व्यावसायीहरुको आय आर्जन बढेर जीवनस्तर उकास्ने विकासको मुना पलाउने सम्भावना देखिन्छ । चित्रकलाकै सहायताले मानिसहरुलाई आफ्नो देशको सांस्कतिक भेषभुषा, तथा धार्मिक स्थलहरुको जगेर्न गर्नु पर्छ भन्ने भावनाको पनि विकास हुन सक्छ ।

आज भन्दा पाँच वर्ष अगाडि २०५८ चैत महिनाको कुरा हो, नेपाल टुरिजम बोर्ड र नेपाल कमर्शियल आर्टिष्ट संघको संयुक्त प्रयासमा नेपालको २५ जना वरिष्ट कलाकार, नेपाल टेलिभिजनका क्यामराम्यान लगायत पत्रकारको समुह सहित लमजुङ जिल्लाको घलेगाउँको उत्तर कन्या गा.वि.स. मा एक हप्ताको आर्ट वर्कशप चलाएको थियो । त्यहाँ हामीले एक हप्ता सम्म बसेर त्यहाँको सांस्कृतिक भेष भुषा, जनजाती, व्यवसाय, मुहार चित्र, दृष्य चित्र र त्यहाँको परम्परा झल्काउने चित्रहरु कोरेर र त्यहाँको मनोरम दृष्य, संस्कृति, धार्मिक स्थलहरुलाई भिडियो खिचेर डकुमेट्री तयार पारेर र चित्रहरु पाटन दरबार भित्र प्रदर्शनि गराएर घलेगाउँको बारेमा राम्रो सँग जानकारी गराएकोले त्यहाँको मनोरम दृष्य देखेर त्यहाँ एकचोटि मात्र भएपनि जाने इच्छा देखाउन थाले । यती मात्र नभएर कयौं मान्छेलाई त घलेगाउको बारेमा थाहा थिए, यो कहाँ छ, कस्तो छ भन्ने बारेमा जब उनीहरुले ती चित्रकला र डकुमेन्ट्रि देखे त्यसपछि वल्ल मानिसहरुलाई घलेगाउँ भन्ने पनि ठाउँ छ भन्ने कुरा थाहा पाए । त्यसैले चित्रकलाको माध्यमबाट घलेगाउँले एक नयाँ चिनारी समेत पायो । यस्तै यदि रसुवालाई पनि कलाको मार्फत मानिसहरुको विच अझ चर्चित वनाउनु छ भने त्यहाँका स्थानीय वासिन्दा, स्थानीय नेतृत्वका साथै उच्च पदस्थ व्यक्तिहरुको पनि पहल हुनु जरुरी छ । जसको कारण रसुवा जिल्लाको विकास हुने प्रवल सम्भावना छ ।

चित्रकला यस्तो माध्यम हो जसको सहायताले भाषा नबुझ्ने र पढ्न लेख्न नजान्नेहरुको लागि पनि यो माध्यम निकै सजिलो हुन सक्छ । चित्रकला एउटा यस्तो माध्यम हो जसको सहायताले रसुवा मात्र नभएर सम्पूर्ण देशकै संस्कृति, परम्परा र प्रकृति जगेर्ना गर्ने भन्ने नै हो भने कला नै इतिहासको ऐना हो भन्दा पनि कसैको दुइमत नहुन सक्छ ।

(लेखक २०४३ साल देखि चित्रकला क्षेत्रमा कृयाशिल हुनुहुन्छ ।)

नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा हाम्रा सम्पुर्ण विद्यार्थी, अभिभावक र अन्य शिक्षा प्रेमीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नारायण प्र. उपाध्याय
क्याम्पस प्रमुख
एवं ग्रामीण आदर्श बहुमुखी क्याम्पस परिवार
नेपालटार, काठमाडौं ।

नयाँ वर्ष २०६४ को पावन अवसरमा समस्त देशवासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना ।

बद्रि प्रसाद मुडभरी
सभापती
एवं स्वतन्त्र विद्यार्थी युनियन
ग्रामीण आदर्श बहुमुखी क्याम्पस परिवार
नेपालटार, काठमाडौं ।

घाउ

-कपिलदेव खनाल

- म भ्रममा रै'छु है ?

(उनी अताल्लीएर मतर्फ फर्किईन् ।)

- आवुई तपाईंपो !

- किन र ? देखेर गल्ती गरें ?

- होईन मैले चिन्नै सकिन ।

- भै'गो मैले चिनें, त्यसैले त भनेको म भ्रममा रै'छु ।

- अब फेरि कुन भ्रममा पर्नु भयो तपाईं ?

- अहिलेको होईन, पहिलेकै ।

- कुन थियो र हजुर त्यो ?

- मेरो सिन्दूर मात्र सुहाउँछ तिम्रो सिउँदोमा भन्ठान्थ्यें ।

(उनी अगिअगि हिडिन् । म पछिपछि छु । उनको कुराले मेरो दिमाग खाली भयो । अझैपनि मलाई ' हजुर' भनेर सम्वोधन गरेकी सुन्दा संगै बिताएका कुनै रात अचानक आँखामा उदाईसकेको थियो)

(अब एक होटलको टेवलमा थिएँ म र उनी पनि । चुरोटको धुवा खेलाइरहेको म थिएँ । मलाई क्वार्क्वारती हेरिरहेकी उनी थिइन् । प्लेटहरु टेवलमा थिए भरी-भरी । मन थियो खाली । दुईवीचको दुरी त्यति लामो थिएन । खास सद्भाव थिएन । खास नाता थिएन । यी अभाव र गुमाएका क्रममा म थिएँ, उनी थिईन् । र पनि एउटा सिङ्गै हामी चाहिँ थिएनौं ।)

(कुनै समय होटेलमा पर्स्थें चियाको लागि र रक्सीमा डुवेर फर्कथें । म आफै जान्नथें । मलाई कसैले डुवाईदिन्थ्यो, जो मलाई माया गर्दथ्यो । विगत साच्चै विगत हुँदोरहेछ । कताकता गाडिएजस्तो । भासिएजस्तो ।)

(चुरा बजेको आवाजले झसङ्ग भएँ । चुरा मात्र बज्दैन, चुरा बज्दा । एउटा गहिरो आवाज बज्ने गर्छ । एउटा मिठो सम्वन्ध बज्ने गर्छ । उनको हात टेवलको चुरोटको बट्टामाथि थियो ।)

- किन बोल्नु भएन ? नसुनेको ?

- मैले तिमीलाई सुनिन, तिम्रो चुरामात्र सुनें ।

- तपाई चुरोटलाई घृणा गर्नुहुन्थ्यो नि !

- त्यसो त अझै घृणा गर्छु । तर चुरोटलाई होइन । चुरोटसँग ओठ सल्काउने यादलाई । ती दिनहरुलाई । किन र ? कि तिमीलाई गन्हायो ?

- अँ ......!

- मलाई माफ गर । चुरोट होइन म र मेरो ओठ गन्हाउँदै छ । जुन-जुन हिजोको बहार थियो । तिम्रो थियो ।

- पिउनु पनि हुन्छ होला हगि ?

- मेरो जीन्दगी अरुले नै जीउने गर्छ । अव पिउने काम पनि अरुले गरे म के गरुँ ?

- तपाई त कस्तो-कस्तो हुनु भएछ ।

....

(ओठ हेरें- कच्ची सडक जस्तो । छि ! किन यस्तरी ओठ बिगारेर बसेकी ! आँखा हेरें गाजल पुछिएका । सिउँदो हेरें ....।)

- आफ्ना मान्छेहरुले जेगरे पनि सुहाउने है ?

-किन र ?

- अरु कै सिन्दुर पनि सुहाए जस्तै लाग्यो, त्यो सिउँदोमा ।

- अब यो सिउँदो, सिउँदो होइन हजुर । अब त यो घाऊ भएको छ । कसम हजुर, सइनपल्टेको घाऊ सिन्दुरले छोपेकी छु ।

-भै'गो यो अचानकको भेटलाई दुःखी नवनाऊँ । काँडा नवनाऊँ, घाऊ कोट्याउने । यतिका बर्षपछि भेटिएकी तिमी नै काफी छ मेरो घाऊ कोट्याउन ।

- विवाह गर्नु भयो त ?

- यो विवाह भन्ने शब्द नै अविवाहित रहने भयो मेरो जीवनमा । मेरो त के, कुरै भएन । विवाहलाई त हाँसेर उडाईदिन मनलाग्छ ।

- गर्ल फ्रेण्ड छिन् ?

(मलाई खुव हाँस्न मन लाग्यो । तर त्यसो गरिन । यतिखेर उनी मेरो कुनै कथाको पात्र जस्तो लाग्यो । कल्पनिक कथाको उत्ताउली आइमाई झैं । तै पनि आफूलाई रित्तै देखाउन मन लागेन नाम भनु-भनु भयो ।

- उही पुरानै, तिमी भन्दा पहिलाको ।

- तपाई खुशी हुनुहुन्छ ?

- उ खुसी छे ।

- अस्ती मात्रै कतै पत्रिकामा तपाईको कथा पढेथ्यें ।

- ए तिमी पत्रिका पढ्न पनि थाल्यौ ?

- पढेको होइन , तपाईंलाई खोजेको हुँ । कथाले झन् न्यास्रो बढायो ।
-.के गऱ्यौ त ?
- रातभर पत्रिका छातीमा टाँसे ।
- के पायौ ?
- सहवास । भावनात्मक यौन आनन्द ।
- साँच्ची ! तिमी त सहवासलाई नरुचाउने युवती, विवाहपछिका दिन के भए ?
- त्यसैले त म यो छु नि ।
- मैले बुझिन । भैगो नकोट्याउ ।
- तपाई कस्तो माया लाग्दो हुनुभएछ ।
- अँ उनले पनि भन्ने गर्छिन् ।
- ए आज्ञाले पनि यसै भन्छे !
- अँ ।

- एउटा कुरा सोधुँ ?
(मोवाइलको सुइच अफ गर्न लागेकी उनी एकोहोरो मलाई हेर्न लागिन् ।)
-गाजल लत्पतिनुको अर्थ के हुन सक्ला पारु ?
(आफ्नो सम्पर्क नम्वर टिपेको न्यापकिन मतर्फ बढाइन्, उत्तर केही आइरहेको थिएन । आफ्नो प्रश्नको जवाफ आफैलाई दिन मन लाग्यो ।)
- गाजल पुछिनु कायरता हो । गहिरो रुवाई हो ।
- मैले कहिल्यै रुन जानिन । रुन पनि तरिका चाहिँदो रहेछ । यी गाजल आफै रोए होलान् !
- तिम्रो त्यो मित्र कता छ त ? जसको सल्लाहमा निर्णय गर्थ्यौं ।
- मैले चिनिन ।
- हाम्रो सम्वन्धलाई यस्तै-यस्तै बनाउन तिमीलाई हौस्याउने मान्छे ।
- मैले बुझिन ।
-ओहो ! समय यत्तिसम्म बेकुफ् भएछ । तिमीले बिनितालाई बिर्सियौ ?
-कत्ति घटनाहरु आँखामा छोपेर नदेखेको अभिनय गर्नु पर्दो रहेछ । यतै कतै होली ।
-के गरि बिनीताले ?
-घात ।
-बिडम्वना ! मैले गर्नुपर्ने थियो उसले गरिछे ।
-यसरी ठट्टा नगर्नुस् ।
-त्यसो भए तिम्रा कुरा मलाई नसुनाउ ।
-होइन मैले अर्कै भन्न खाजेको । बरु तपाईको घात मिठै हुने थियो होला ।
-के भो त ?
-मेरो लाग्ने को प्राय: रात बिनितासँग बित्छ ।
-ए ! लोग्नेसँग सुत्न नपाउँदा सिउँदो दुख्छ ? कि अरु नै सुतेकोले सिउँदो दुख्छ ?
-तपाईंले मलाई यसो भन्नु स्वभाविक नै हो ।
-होइन, अर्काकी स्वास्नीलाई यसो भन्नु अस्भाविक हो ।

-यस्तो जाडो छ । तपाईंको कति पातलो ज्याकेट !
-अँ धेरै जाडो छलाएँ यसले ।
-यदि मौका दिनुहुन्छ भने म मद्दत गरुँ ?
-भैगो । अब रोजगारी पाइएला जस्तो छ । पासपोर्ट बनाएर म्यानपावर कम्पनीलाई बुझाइसकेँ ।
(सानातिना चीज खाजेजस्तै उनी मेरो अनुहारमा हेरिरहिन्, निक्कै वेर । मलाई अघि नै देखि छटपटी भैरहेको छ । मलाई यो भेटघाट साँच्चै झर्को लागिसक्यो । कस्तरी वत्तिदो रहेछ समय, मनमनै थुकेँ ।)
(उनले नास्ताको विल मिलाइन् । आफ्नो मन चाहि मिलाइन कि मिलाइनन् कुन्नी ! पछ्यौरीले टाउको झपक्कै छोपिन् । जती तान्दा पनि मेरो ज्याकेटले घाटी पुरै छोपिरहेको थिएन । जाडोले म अलिअलि कुप्रो थिएँ । ढोकाबाट वाहिरिदै थियौं । मलमलको पछ्यौरी मेरो गालामा टासियो । केही तातो पाएजस्तो लाग्यो । तुरुन्तै अलगियो । उही चिसो । उनलाई हेरेँ । ओठ हेरेँ । आँखा हेरेँ । सिँउदो देखिन । किन छोपी होली ? साच्चै घाऊ नै थियो कि ? म फेरी झसङ्ग भएँ ।)

(लेखक युवा पत्रकार हुनुहुन्छ ।)

नयाँ वर्ष २०६४ को पावन अवसरमा समस्त जिल्ला वासीहरुमा सुख, सु-स्वास्थ्य, दिर्घायु एव उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

थुप्तेन लोप्साङ लामा
सभापति
एवं नेपाली कांग्रेस परिवार, रसुवा ।

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण उद्यमी, ग्राहक वर्ग र हाम्रा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यहाँ सम्पूर्ण तहका पाठ्य सामग्रीहरुका साथमा स्तरिय स्टेशनरी सामग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

प्रो. रामकुमार लामिछाने,
ग्रामीण बुक्स एण्ड स्टेसनरी
बालाजु नेपालटार

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभ-कामना ।

रन्जन डंगोल
अध्यक्ष

ठाकुर लामिछाने
सचिव

एवं
उत्तरगया युनिक युथ क्लब परिवार
बेत्रावती, रसुवा ।

नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक र अन्य शिक्षा प्रेमीहरुमा हार्दिक मंगलमय शुभकामंना व्यक्त गर्दछौं ।

स्वेत सदन उच्च मा.वि.
गोंगवु, काठमाडौं

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राम प्रसाद रिजाल
सचिव
एव मनमैजु गा. वि. स परिवार, काठमाडौं ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अशोक कुमार घिमिरे
सचिव
एव गैर सरकारी संस्था महासंघ
जिल्ला शाखा परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शंकरदास डंगोल
अध्यक्ष
एव लाङ्गटाङ्ग फाउन्डेसन सोसाइटी परिवार
बेत्रावती, नुवाकोट ।

धार्मिक आस्था र पर्यटकीय आकर्षणको थलो सिमसार र रसुवा जिल्ला

-डा. वीणा पौड्याल

विषय प्रवेश:

सिम भन्ने वित्तिकै हाम्रो मन मस्तिष्कमा पानी कहिल्यै नसुक्ने चिसो जमिन भन्ने अर्थ लाग्दछ । नेपाली बृहत शब्दकोशमा सिमसारको अर्थ यसरी नै लगाइएको छ । पानी नसुक्नु र अलि अलि झार हुने चिसमिरो जसलाई पनौटे जग्गा पनि भनिन्छ त्यही नै सिमसार हो । साधारणतया हिलो र झ्याउ बढी हुने यस्ता पानीको श्रोतलाई धाप वा दल-दल पनि भनिन्छ । जनमानसले सिमसारलाई कुवा, इनार, नदी सरह पवित्र नमान्ने र त्यति महत्व नदिएको पाइन्छ । तर अब बिस्तारै यस्तो सोचाईमा परिवर्तन आउदै छ । सिमसार जीवनको आधार भन्ने नारा घनकिदै छ ।

मानवको प्राग इतिहास:

आज भन्दा ५५ करोड वर्ष अघि पृथ्वीमा विभिन्न स्तनधारी जनावर बाँदरका बिभिन्न प्रजाति र मानिसका पुर्खा देखापरिसकेका थिए । पृथ्वीमा पानी वर्षिए पछि मात्रै जीवको उत्पत्ति सम्भव भएको हो । पानीमा हुने विशेष रसायनिक प्रक्रियाबाटै साना एक कोषिय जीव उत्पन्न भएर शुरु भएको उत्पत्ति क्रमिक रुपमा बढ्दै गएको हो । त्यसैले आजभन्दा करोडौं वर्ष अघि भएको जीवको उत्पत्तिको कारक तत्व नै पानी हो । प्राचीन मानवको प्राग इतिहासको जन्मको मूख्य कारण नै पानी हो ।

मानवको आधा इतिहास

लामो समयसम्म घुमन्ते जीवन व्यतित गरेर प्राचीन मानवले जङ्गल गुफा र समतल भूमिमा आफ्ना दिनरात बितायो । नदीको पानी र आकाशे पानी सदुपयोग गरेर कृषि गर्ने कला मानिसले बिस्तारै बिस्तारै जान्यो ।शिकारी व्यवसायबाट कृषिमा प्रवेश गरे पछि मानवको जीवनमा ठूलो परिवर्तन भयो । संसारका सम्पूर्ण प्राचीन सभ्यता नदीको किनार वा समुन्द्रको छेउ छाउमै विकसित भएका छन् । दैनिक जीवनमा पानीको महत्व राम्ररी बुझेकोले नै मानिसले पानीको छेउछाउमै आफ्नो स्थाइ बसोबास बसाएको थियो । विश्वका सबै प्राचीन सभ्यताहरु नदी वा पानीको मुहानमा विकशित भएका छन् ।

सरस्वती नदी:

वैदिक साहित्यमा नदी सरस्वतीलाई श्रद्धासँग बन्दना गरिएको छ । हिमालयबाट उत्पन्न भएर अरेबियन समुद्र (Arabian Sea) सम्म बग्दै सरस्वतीनदीले आफ्ना छेउ छाउ सचेन गर्दै अगाडि बढ्ने क्रममा जनसमुदायले सधैं उनलाई पूज्यो । ऋग्वेदमा सरस्वती नदीलाई आमा, ठूलोनदी र देवीभनेर प्रशंसा गरिएको छ ।

"अम्बितमे नदीतमे देबितमे सरस्वती"
ऋग्वेद (२.४१.१६) २१४१.१६

पश्चिम भारतमा बग्ने प्रमुख नदी सिन्धुको किनारमा प्राप्त प्राचीन सिन्धुघाँटी (सैन्धा सभ्यता) सभ्यता प्रमुख कारण नै -कारकतत्व) नदी हो । मिश्रको प्राचीन सभ्यता पनि नील नदिकै किनारामा विकसित भएको थियो । मिश्रलाई नै नील नदीको बरदान मानिन्छ । यसरी नै चीनको प्राचीन सभ्यता पनि ह्वाङ्ग-हो, याङ्ग-त्से र सि-यियाङ्ग आदि नदीहरुको किनारमै विकसित भएको पाईन्छ । यसरी मानव-सभ्यताको इतिहास नदीकै आसपासमा हुर्केको बाटै पानीको महत्व बुझ्न सकिन्छ । अम्वितमे नदीतमे देवीतमे सरस्वती

धार्मिक ग्रन्थमा मात्रै वर्णन गरिएको नदीको रुपमा सरस्वती छैनन् । देख्न, छुन र उपयोग गर्न सकिने नदीको रुपमा सरस्वती छिन् । वैदिक संस्कृतिमा सरस्वती नदीको ठूलो योगदान छ । आजसम्म पनि नुहाउदा सरस्वती नदीलाई सम्झेर यस्तो भनिन्छ ।
गङ्गे च यमुने चैव गोखावरी सरस्वती/नर्मदे सिन्धुकावेरी जलेइस्मिन् सन्निधं कुरु ।
हाम्रो दिनको शुरुवात नै सदा सिन्धु नदीहरुलाई सम्झेर स्नान गरे पछि हुन्छ ।

सीमसारको सांस्कृतिक पक्ष:

हाम्रो सस्कृतिको सम्पूर्ण पाटो नै धर्मद्वारा रङ्गिएको छ । त्यसैले संस्कृतिमा विविध कर्मकाण्ड ब्रत पूजा आदिमा धर्मको ठूलो भूमिका हुन्छ । हाम्रा विभिन्न सांस्कृतिक क्रियाकलाप धर्मद्वारानै निर्देशित छन् । हाम्रा धार्मिक ग्रन्थमा पञ्चतत्वको महत्व दर्शाउँदा सधैं जल

-पानी) तत्वलाई विशिष्ट स्थान दिइएको छ । पानी बिना जीवन सम्भव नभएकोले नै जलतत्वलाई विशेष स्थान दिइएको छ। जन्म देखी मृत्युसम्म सम्पन्न गरिने सम्पूर्ण कर्मकाण्ड पानीको छउ छाउमै गरिन्छ । दियो, कलश -पानी) र गणेश पूजन गरेर मात्रै कुनै पनि शुभ वा अशुभ कार्यको प्रारम्भ हुन्छ । बच्चा जन्मिनै बित्तिकै सर्व प्रथम पवित्र शुद्ध जलमा स्नान गराइन्छ । हामीकहाँ साना बच्चलाई काखमा लिदाँ पानी छोएर पवित्र भएर मात्रै लिन सकिन्छ । हाम्रा दैनिक कार्य नै स्नान पछि मात्रै शुरु हुन्छ ।हावा पानीको प्रतिकुलताले स्नान गर्न नसकेमा पनि पञ्चास्नान (दुई हात, दुई खुट्टा, र एक मुख) गरेर मात्रै दिनको सुभारम्भ गरिन्छ । विशेष पूजाहरुमा त ३ पल्ट सम्म स्नान गर्नु पर्ने विधान छ । आफुले स्नान गरे पछि देवी देवताका मूर्तिलाई पनि दैनिक रुपमै जल, दुध,दहि, घिउ र महले स्नान गराएर पूज्ने विधान हिन्दूहरुमा व्यापक रुपमा छ । यसरी संस्कृति सँग जोडिएका विविध पक्षमा जलमो सारै ठूलो भूमिका छ ।

वर्षा र जलका देवताहरु

पर्जन्य, इन्द्र,आँप, बरुण, महादेव, सरस्वती, गङ्गा र नागलाई पानी सम्बन्धी देवता मानिन्छ । हाम्रो धार्मिक ग्रन्थ वेदमा वर्षाको देवताको रुपमा पर्जन्य र इन्द्रको उल्लेख छ । पर्जन्यलाई पानीकै स्वरुपमा र इन्द्रलाई पानीपार्ने देवताको रुपमा स्तुति गरिएका श्लोकहरु वेदमा छन् । वर्षाकालीन बादलको रुपमै पर्जन्यको प्रशंसावेदमा भेटिन्छ । वेदमा आँपलाई पनि जल देवताको रुपमा वर्णन गरिएको छ । वेदमा उच्चस्तरका देवताको रुपमा बरुणको उल्लेख छ । वैदिक साहित्यको पछिल्लो कालमा वरुण पनि देवताको रुपमा पूजित हुन पुगेका छन् । पर्जन्य,इन्द्र, आप: बरुण र महादेव आदि पुरुष देवताहरुको दाजोमा स्त्री रुपकी सरस्वतीको प्रभाव र योगदान वेदमा प्रशस्तै छ । पुस्तकमा वर्णन गरिएका देवता भन्दा आफैंले छुन सकिने, उपयोग गर्न सकिने भएकोले पनि नदी सरस्वतीको महिमा बढ्न गएको हो । पाताल लोक र नागको सम्बन्ध वारे हाम्रा धार्मिक ग्रन्थमा थुप्रे आख्यानहरु समेटिएका छन् ।जलको श्रोत, मूहान, कुण्ड, इनारमा आजसम्म पनि नाग देवताको पूजा आराधना र मूर्ति स्थापना गर्ने प्रचलन छ ।

गङ्गाजल:

भविष्य पुराणमा मुद्गल ऋषिले जलधेनु दान गरेको र त्यसको फल नरकमा बस्ने मानिसले समेत पाएको वर्णन छ । पवित्र जल भरेको घडालाई मालाले सजाएर दान गर्ने विधान भविष्य पुराणमा छ । यसरी जलधेनु (पूर्ण कलश) दान गर्ने प्रचलन वाट पनि नेपाली संस्कृति प्रभावित छ । कुवा खन्ने, चौतारी बनाउने, जलद्रोणीमा जल भर्ने , इनार खन्ने नेपाली संस्कृतिको अभिन्न अङ्ग हो । हिन्दू राजा र प्रजा वाहेक मुसलमान शासकको पनि गङ्गाजलको प्रशंसा र उपयोग गर्दथे । आइने अकवरीमा गंगा जलको महत्व वतावउँदै बादशाह अकवर र औरगेजेवले पनि आफ्नो खान-पानमा गंगा जल प्रयोग गर्ने बताइएको छ ।

यसरी धार्मिक र सामाजिक दुवै प्रयोजनको लागि गङ्गाजल -पानी) को महत्व प्राचीन कालदेखि आजसम्म पनि अविछिन्न रुपमा रहेको छ ।

शुभ-साइत:

कुनै व्यक्ति यात्रा वा अन्य कार्यको लागि घरबाट निस्कदा ढोकामा जल भरिएको घडा राख्ने चलन हाम्रो संस्कृतिमा व्यापक छ । अष्टमङ्गलका विभिन्न वस्तुहरु मध्ये पानीलाई प्रमुख मानिन्छ । पानीको कुनै पनि प्राकृतिक श्रोत नजिकै फोहर नगर्ने धार्मिक बन्देज हामीकहाँ कडाइ सँग पालन गरिन्छ । लामो यात्रामा हिँड्दा सूचि गर्नु प-यो भने पानीको मुहान पर्ला भनेर सुरुमै माफ माग्दै बिनाभीभनेर मात्रै काम गरिन्छ ।

पानीको कुनै पनि स्रोतलाई महत्व दिदै हामीले सकेसम्म त्यसको उपयोग बढी मात्रामा गर्नु पर्दछ । ठूला पोखरी र नदीमात्रै पानीको श्रोत होइनन् रसिला भूमि, चिसो जमिनबाट पनि हामीले पानीको उपयोग गर्न सक्दछौं भन्ने तथ्य सँग हामी परिचित हुनु पर्दछ । संस्कृति पर्यावरण र पर्यटनका दृष्टिकोणबाट सिमसारको महत्व नेपाली समाजमा बढाउन हामी प्रत्येकले आ-आफ्नो क्षेत्रबाट प्रयत्न गर्नु पर्दछ ।

रसुवा जिल्लाका सिमसार क्षेत्र

रसुवा जिल्लामा पर्ने लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र थुप्रै सिमसार क्षेत्रहरु पर्दछन् । विश्वकै अग्लो भू-भाग मा स्थित सिमसार क्षेत्रहरु नेपालको रसुवा जिल्लामा पर्दछन् । समुद्र सतह वाट ३५०० (तीन हजार पाँच सय) मी. भन्दा उचाइमा रहेका २०० हिमतालहरु रसुवा जिल्लामा पर्दछन भन्दा धेरैले विश्वास नगर्न पनि सक्छन् । इरानको रामसार सहरमा सन् १९७१ मा सिमसार रामसार सम्बन्धी छलफल पछि एउटा महासन्धी भयो । त्यसै महासन्धी अनुसार सन् १९७८ मा नेपाल राष्ट्रले पनि हस्ताक्षर गऱ्यो । त्यही वेलामा कोशी टप्पु वन्यजन्तु आरक्ष पनि रामसार क्षेत्रमा समावेस भयो । त्यसपछि क्रमश कैलाली जिल्लामा पर्ने घोडाघोडि ताल, चितवन जिल्लामा पर्ने बीसहजार ताल, र निग्लीहवाको जगदिशपुर जलाशय पनि रामसार क्षेत्रमा सूचिकृत भयो । रासार क्षेत्र घोषणा गर्न केही आवश्यक सर्तहरु पुरा गर्नु पर्ने हुन्छ । जनावर वा

विश्वकै ठूलो जनसख्या भएका तथा विकासोन्मुख विशाल छिमेकी देश भारत र चीनबाट आउन सक्ने पर्यटकहरुलाई यस क्षेत्रमा आकर्षित गर्न मद्दत पुग्ने छ जसबाट अन्तरदेशीय पर्यटनको विकास हुने सम्भावना पनि रसुवामा रहेको छ ।

ज) अन्य पूर्वाधार र संभावनाहरुको समिश्रण
पर्यटकीय सम्पदाका अलावा यस जिल्लामा रहेका जलस्रोतको संभावना एवं उर्जा विकासको सम्भावना, स्प्रिङ वाटर जस्ता कम्पनीहरुको स्थापना, रसुवागढी सम्मको सडक निर्माण पश्चात प्राप्त हुने अवसरहरुले पनि रसुवाको पर्यटन विकासको संभावनालाई थप मद्दत पुऱ्याएको छ ।जिल्लाका पर्यटन विकासका चुनौती एवं सुधारिनुपर्ने पक्षहरुपर्यटन विकासको प्रचुर संभावनाको वावजुद पनि रसुवा जिल्लाले पर्यटनबाट अपेक्षित प्रतिफल हासिल गर्न सकिरहेको छैन । पर्यटनबाट उच्चतम प्रतिफल प्राप्त गर्नका लागि निम्न पक्षहरुको सुधार एवं विकास गर्नुपर्ने देखिन्छ ।

क) अशिक्षा तथा कमजोर चेतना अवस्था
पर्यटन उद्योग विश्वब्यापी, प्रतिस्पर्धी र तुलनात्मक रुपमा सौखिनहरुले सहभागिता जनाउने उद्योग हो । यसकारण पर्यटन विकासको लागि न्यूनतम आधारभूत पूर्वाधारहरु जस्तै शौचालय, सुत्ने कोठाको व्यवस्था, सरसफाई, खानेकुरा, सञ्चार जस्ता पूर्वाधारहरु हुनु जरुरी हुन्छ । तर अशिक्षा र अज्ञानताका कारण सांस्कृतिक रुपमा अत्यन्त धनी रहेका वस्तीहरु समेत सरसफाईका दृष्टिकोणले सार्‍है पछाडि परेका छन् । आफ्नै स्वास्थ्य जीवनको लागि पनि शौचालय, खानेपानी, शारीरिक सरसफाई, पौष्टिक पदार्थयुक्त खानेकुरा, घर तथा टोल सरसफाई हुनुपर्नेमा पर्यटन प्रयोजनका लागि समेत सो कुराहरु हुन सकिरहेका छैनन् । यसकारण स्थानीय जनताको चेतना र ज्ञान अनि सकारात्मक सोचको विकास गर्न सकेमा मात्र रसुवा जिल्लामा पर्यटन विकास गरी अधिकतम समुदायलाई फाइदा पुऱ्याउन सकिन्छ ।

ख) पर्यटन क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रको रुपमा विकास गर्न नसक्नु
रसुवा जिल्लाको विकासमा पर्यटन क्षेत्रलाई औपचारिक रुपमा प्राथमिकता प्राप्त क्षेत्रको रुपमा विकास गर्न सकिएको छैन । खासगरी पर्यटन विकासका प्रयासहरु लाङटाङ राष्ट्रिय निकुन्जका अलावा केहि परियोजना एवं संघसंस्थाहरुबाट आवधिक रुपमा गरिएता पनि दीर्घकालिन रुपमा योजना वनाई तदअनुरुप कार्यक्रम अगाडि बढाउने कार्यमा राजनैतिक दल एवं जिल्ला विकास समितिको प्रतिबद्धताको कमी देखिन्छ । समान आकर्षण र संभावना भएका अन्य पर्यटकीय गन्तब्यहरु जस्तै अन्नपुर्ण क्षेत्र, खुम्बु क्षेत्रहरुमा छोटो समयमा नै गुणस्तरीय पर्यटनको विकास हुँदा पनि राजधानी काठमाडौबाट नजिकमा सुन्दर गन्तव्यको रुपमा रहेको रसुवा जिल्लामा पर्यटनको विकास कछुवाको गति भन्दा पनि धिमा गतिमा भईरहेको छ । जिल्लाको विकास योजना तय गर्दा प्रष्ट उदेश्य, लक्ष्य र रोडम्याप अनुसार कार्ययोजना बनाउनु भन्दा पनि गोरेटोबाटो, खानेपानी, गोम्बाका भान्छाघर, ब्राखापालन, सिलाई बुनाई तालिम जस्ता परम्परागत विकासे कार्यहरु अगाडी बढाउदा पर्यटन लगायतका अन्य सम्भाब्य आर्थिक क्षेत्रहरुले विकास हुन वातावरण वन्न सकेको छैन । खासगरी गुणस्तरीय पर्यटन पूर्वाधार, प्रचार-प्रसार, चेतना अभिवृद्धि, फाईदामुलक ब्यवसायिक तालिम, व्यवसायिक शिक्षा जस्ता कार्यहरु अगाडि बढाउन सकेमा मात्र आगामी दिनमा पर्यटनको विकास गर्न सकिन्छ ।

ग) गुणस्तरीय र भरपर्दो यातायातको अभाव
काठमाडौसँग सडक पहुँचले जोडिएता पनि राम्चे-ग्राङ-मुलखर्क खण्ड पैरोको कारण वार्षिक करिव ४-५ महिना यातायात अवरुद्ध हुने हुँदा पर्यटनमा प्रतिकुल प्रभाव पर्न थालेको छ । सहज पर्यटन विकासको लागि सो खण्डको सडक सुधार गर्नु पर्ने अवस्था छ । साथै पर्यटकहरुका लागि छुट्टै सवारी साधनको ब्यवस्था नहुदा पर्यटकहरु सहजरुपमा यात्रा गर्न नपाउनुका साथै आफूलाई मन परेका ठाउँमा रोकेर मनोरञ्जन लिने, किनमेल गर्ने, अन्तरक्रिया गर्ने वातावरणबाट समेत पर्यटकहरु वञ्चित भईररहेका छन् । यसका लागि उचित विकल्पको विकास गरिनुपर्छ ।

घ) पर्यटनको प्रतिफल सीमित क्षेत्र र ब्यक्तिमा सीमित हुनु
हाल सम्म विकास गरिएका पर्यटनको प्रतिफल सीमिति क्षेत्रका सीमित ब्यक्तिहरुले मात्र पाईरहेको र छेउछाउका समुदाय पर्यटनका फाइदाहरुबाट वञ्चित भएका कारण पनि पर्यटन विकासमा अधिकतम समुदायको समर्थन र सहयोग जुटाउने वातावरण बनिरहेको छैन । हाल जिल्ला विकास समिति अर्न्तगत सञ्चालित ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रमले पर्यटनको अधिकतम फाईदा स्थानीय जनतालाई पुऱ्याउने दिशामा केही प्रयासहरु अगाडी बढाएको छ । यद्यपी स्थानीय जनताको प्रतिबद्धताको अभाव, साना ब्यवसाय र सानो आम्दानी प्रतिको उदासिनता, सहकार्यको अभाव, आयातित सामानमा निर्भर हुने प्रवृति, जोखिम लिन नचाहने बानी जस्ता कारणले गर्दा पर्यटनको अधिकतम प्रतिफल अपेक्षित रुपमा अधिकतम जनतामाझ पुग्न सकेको छैन । कमजोर पूर्वाधार, व्यवसायिक ज्ञानको

अभाव, सीमित क्षेत्रमा मात्र पर्यटनको विकास हुनुले पनि पर्यटनको आर्थिक चुहावट बढाउन प्रेरित गरेका छ ।

ङ) निजी क्षेत्रको सामूहिक एवं संस्थागत पहलको अभाव
पर्यटन विकासको लागि सामुहिक प्रयासको आवश्यकता पर्दछ । खासगरी समान सम्भावना भएका गन्तव्यहरु बीच हुने प्रतिस्र्धामा आफ्नो गन्तव्यलाई आकर्षक र प्रतिस्पर्धी बनाउन आफ्नो गन्तव्यको उचित पूर्वाधार विकास, पर्यटन वस्तु र सेवाको विविधकरण, सेवा र सुविधाहरुको गुणस्तरीय विकास जस्ता कार्य अगाडि बढाउन पर्यटन व्यवसायीहरुको संस्थागत र सामुहिक पहलको आवश्यकता पर्दछ । तर रसुवा जिल्लाको हकमा भने आएका पर्यटकलाई तानातान गर्ने तथा सस्तोमा सेवा सुविधा उपलब्ध गराउने तर सामुहिक प्रयासका लागि अगाडि नबढ्ने परिस्थितिका कारण लाङटाङ क्षेत्रलाई सस्तो, वार्गेनिङ गर्न पाईने र कम गुणस्तर भएको गन्तव्यको रुपमा चिन्ने गरेको पाईन्छ । खासगरी होटल व्यवसायी, उद्योग वाणिज्य संघ जस्ता व्यवसायिक संस्थाहरुले आफ्नो व्यवसायिक हकहित र गुणस्तर विकासका लागि सामूहिक प्रयास अगाडि बढाउनुका साथै काठमाडौ केन्द्रित व्यवसायिक संघसंस्थाहरुसँग समेत सम्बन्ध विकास गरी गुणस्तर वृद्धि, वस्तु एवं सेवा विविधिकरण र सामूहिक प्रवर्द्धनका कार्यहरु अगाडि बढाउनु पर्ने देखिन्छ ।

च) पर्यटन वस्तु विविधिकरणको अभाव
पर्यटकीय वस्तु, सेवा र सुविधाहरुको क्षमता र गुणस्तर वृद्धि गरी विशिष्ठ पर्यटकहरु भित्राउन सक्ने सम्भावनाका वावजुद यस जिल्लामा रहेका प्रमुख पर्यटकिय सम्पदाहरु ओझेलमै परिरहेका छन् । खासगरी गोसाईकुण्ड क्षेत्रलाई महत्वपूर्ण र विशिष्ठ तीर्थ पर्यटनका रुपमा विकास गर्न सकिन्छ । तातोपानीलाई काठमाडौ केन्द्रित आन्तरिक पर्यटनहरुको आकर्षक गन्तव्य बनाउन सकिन्छ, काठमाडाका युवाहरुदलाई क्याञ्जेङ क्षेत्रको हल्का पदयात्रामा आकर्षित गर्न सकिन्छ । तर अहिले सम्म परम्परागत रुपमा आउने पर्यटक र परम्परागत रुपमा उपलब्ध गराउने सेवासुविधामा नै रसुवा जिल्लाको पर्यटन चलिरहेको छ ।

छ) थप पर्यटकीय स्थलहरुको विकास
पर्यटनको प्रतिफल अधिकतम जनतामाझ पुर्याउन जिल्लाका थप पर्यटकीय क्षेत्रहरुको विकास गर्नु जरुरी देखिन्छ । खासगरी वेत्रावती (उत्तरगया) क्षेत्रलाई धार्मिक र ऐतिहासिक क्षेत्रको रुपमा विकास गर्न सकेमा, ठूलोगाउँ - डाँडागाउँ क्षेत्रलाई हाकु/गत्लाङ हुँदै तामाङ सम्पदा मार्ग र गणेश हिमाल रुटमा जोड्न सकेमा,तातोपानी-साङ्जेन रुटलाई प्राकृतिक पदयात्रा मार्गका रुपमा विकास गर्न

(लेखक जि.वि.स./टीआरपीएपी रसुवाका ग्रामीण पर्यटन सल्लाहकार हुनुहुन्छ ।)

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेम प्रसाद न्यौपाने
सचिव
एवं राम्चे गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इन्दु शर्मा
सचिव
एवं गत्लाङ्ग गाउँ विकास समिति परिवार, रसुवा ।

चुरोट, बिँडी, तकाखुका खरानी एवं सलाईजस्ता वस्तु जथाभावी नफालौं,
डँढेलो लाग्नबाट रोकौं र निकुञ्ज र मध्यवर्ती क्षेत्रलाई हराभरा बनाई रसुवाको गौरव बढाऔं ।

नव वर्ष २०६४ सालको सुखद उपलक्ष्यमा समस्त संरक्षण प्रेमीहरुमा संरक्षण प्रति जागरुक हुनको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जगन्नाथ सिंह
प्रमुख सरंक्षण अधिकृत
तथा लाङटाङ राष्ट्रिय निकुञ्ज परिवार
धुन्चे, रसुवा

तेन्जिङ पासाङ लोप्चन
अध्यक्ष
मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति तथा मध्यवर्ती क्षेत्र परिवार

समस्त जिल्लावासीमा जिल्ला विकास समिति नुवाकोटको हार्दिक अनुरोध

☞ बालबालिकालाई समयमै स्कुल पठाऔं ।
☞ शिक्षाको उज्यालो घामबाट कसैलाई बञ्चित नगराऔं ।
☞ बालअधिकारको सदैव सम्मान गरौं , बालश्रम निर्मूल पार्ने पवित्र अभियानमा हातेमालो गरौं ।
☞ समाजमा महिला, पिछडिएका, दलित र जनजातिबीचको भेदभावलाई अन्त्य गर्दै समानता र सहविकास भावना स्थापित गर्न सबै वर्ग जुटौं ।
☞ सामाजिक अपराध, चेलिबेटी ओसारपसार र बेचबिखन महिला दमन र घरेलु हिंसाविरुद्ध एकजुट भई सामूहिक अभियानको शुभारम्भ गरौं ।
☞ दृष्टिविहीन, शारीरिक अपाङ्ग, सुस्तश्रवण, अशक्त, र जेष्ठ नागरिकलाई सदैव सहयोग र आत्मीय सम्मान प्रकट गर्ने बानी बसालौं ।
☞ व्यक्तिगत घटनाको दर्ता समयमै गर्ने/गराउने गरौं । ३५ दिनभित्र जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्बन्ध विच्छेदका घटना दर्ता नि:शुल्क गर्न सकिने छ ।
☞ एच.आइ.भी. एड्सबाट सुरक्षित रहने उपायको आवलम्बन गरौं ।
☞ एड्स संक्रमितहरुलाई समाजमा हेयभाव होइन, सम्मानपूर्वक बाँच्ने अवसर प्रदान गरौं ।
☞ एक घर एक शौचालय, एक बस्ती एक वाचनालयको अवधारणा साकार पारौं ।
☞ जिल्लाको ऐतिहासिक, धार्मिक, पुरातित्वक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण र विकासमा सहयोग गरौं ।
☞ संगठन, बचत र शीपको माध्यमबाट समुदायको विकास गरौं ।
☞ सामुदायिक विकास निर्माणका कार्यमा सबैको सहभागिताका लागि प्रोत्साहन गरौं ।
☞ जिल्लाको पहिचान दिलाउने उत्सव, महोत्सव, मेला, पर्वलाई लोप हुनबाट जोगाई आफ्नो मौलिकताको जर्गेना गरौं ।
☞ सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबैले सहयोग गरौं ।
☞ आफ्नो नगर, गाउँ र टोलमा हुने विकास निर्माणका कार्यलाई दीगो एवं प्रभावकारी बनाउन सामूहिक चासो र उत्तरदायित्वको भावना विकास गरौं ।
☞ स्थानीयस्तरमा रोजगारीका अवसरहरुको पहिचान गरी स्वावलम्वित बन्न सिकौं । विद्युत, खानेपानी, सिंचाई जस्ता उपभोग्य वस्तुहरुको चुहावट र अनाधिकृत प्रयोग नियन्त्रण गरी सभ्य समाज र सभ्य नागरिकको परिचय दिऔं ।
☞ गर्मीयाममा हावाहुरीको कारणबाट हुने आगलागी, धनजनको क्षतीलाई रोक्न पूर्व सावधानी अपनाऔं ।
☞ आगामी संविधान सभाको निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष रुपमा सञ्चालन गर्नका लागि आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरौं ।
☞ वन तथा वातावरणीय विनासलाई रोक्ने कार्यको लागि सहयोग र प्रोत्साहन गरौं ।

जिल्ला विकास समितिको कार्यालय
विदुर, नुवाकोट

नयाँवर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण देशबासीहरुमा सु-स्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना ।

रामचन्द्र सेढाई
ग्रामिण पर्यटन सल्लाहकार
जिविस/ग्रामिण गरिबी निवारणको
लागि पर्यटन कार्यक्रम, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भरत राना
निर्देशक एवं
HTC परिवार , नेपाल

नारी दिवस बारे केही कुरा

-सान्नानी बुर्लाकोटी

आधा आकाश ढाकिने महिला वर्गको आज २१ औं शताब्दीको संघारमा आइपुग्दा पनि चुल्हो, चौको, भात भान्छामा नै जीवन गजार्नु परेको कुरा कुनै नौलो होइन । बाध्यता र परिस्थितिले पढ्न नपाएका महिला दिदी बहिनीहरुको कहाली लाग्दो जीवन कथा आफ्नो ठाउँमा सुरक्षित नै होला । जनजाति र दलित वर्गले गरिबीको कारण पढ्न त के रोजी रोटीको समस्यामा पिल्सिनु परेको छ । पहाडका कुनै कुना कप्चेरामा भाइ स्कूल जाँदा रुँदै दाउरा घाँस गर्ने र गोठाला जाने तमाम महिला दिदी बहिनीको कथा व्यथा कम दयनीय र मार्मिक छैन । उनीहरुले शिक्षाको उज्यालो घाम त के दुइ छाक खान र लाज ढाक्न पनि धौधौ परिरहेको परवेश हाम्रो सामु खडा छ । पाटी र नेताको पगरी गुथेका केही महिला नेतृको आडम्बर, फोस्रा नारा र भाषणमा नारी स्वतन्त्रताका कुरा पनि कहिले काहीँ खुलामञ्चमा नआउने होइन । अवश्य पनि उहाँहरु त्यहाँ महिलाहरुको हकहित, न्याय, स्वतन्त्रता र समानताको लागि घाँटी सुकाईसुकाई भाषण गरिरहनु भएको हुन्छ । उहाँहरुको बोलि भाषणमा मात्र सीमित रहन्छ न कि व्यवहारमा । जो दिदी बहिनीहरुले महिला मुक्तिको लागि कुरा गरिरहनु भएको छ, कतै उहाँहरुले नै एक अवोध महिलाको हक अधिकार वञ्चित गर्नु भएको त छैन ? याद गर्नुहोस् कतिपय शिक्षित अशिक्षित दुवै नारी वर्गले आफ्नो हक अधिकार जमाउनलाई अन्य नारीहरुको सुख आनन्द चिरहरण गर्न पनि पछि पर्नु हुन्न । हामी जस्ता दुई चार शिक्षित महिलाले त जानेर वा भुलेर आफु जस्तै ती कोमल नारी हृदय तोडफोड गरिहेका छौं भने हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला दिदी बहिनीहरुको के माले भाउ होला र ? कोही पढ्न नपाएर गाउँमै थच्चिएका छन् । कति नारीहरु नरभक्षी पुरुषको प्रलोभनमा राम्रो लाउने र मिठो खाने समाजमा विदेशमा लुत्तिएका छन् । चुरोटको ठुटो सल्किए झैं तिनीहरुको जीवन धुँवामा उडिरहेको छ । कोहि गाउँमै भोक प्यासमा छट्पटरहेका छन् । गाउँ एवं शहरमा रहेका केही शिक्षित नारीहरुले पनि घरको काम धन्दा सकेर श्रीमानलाई चिया पुर्‍याउनु र लोग्नेको टाइ-सुट मिलाउने जुत्ता पालिस लगाउने अनि बेलुका टिल्ल रक्सी खाएर शरीर धान्न नसक्ने अवस्थामा आउँदा त्यो बिचरीको कोमल हृदय कति छिया छिया हुँदो हो । एउटा महिलाले पुरुष सरह योग्यता हासिल गरेकी छ र कुनै प्रतिस्पर्धामा लड्नु छ तर एउटी महिलाले पुरुष सरह प्रतिस्पर्धा गर्न अगाडि पछाडि बालबच्चा र घर धन्दाले थिचिएको त्यो भारी मन र शरीरले स्वतन्त्र पुरुषहरुसँग प्रतिस्पर्धामा दौड जित्न त परे जाओस दौड पूरा गर्न पनि अति मुस्किल पर्न जान्छ । प्रतिस्पर्धा पनि कुन हद सम्मको गर्ने? कार्यालय समयमा कार्यालयको हरेक काम त्यसपछि पारिवारिक वातावरणको सन्तुलनमा राखेर जानु हरेक महिलाको कर्तव्य,

उत्तरदायित्व र जिम्मेवारी हुन्छ । प्रतिस्पर्धाको दोस्रो चरणमा पनि महिलाहरुले त्यति ध्यान दिन सक्दैनन् । घर छोडेर अन्त कतै टाढा जानेकाम नेपाली महिलालाई अझै विकराल अर्थात सँगै बसिरहेको कार्यालय अफिसभन्दा केहि टाढा नयाँ गाउँ ठाउँमा गएर गरिने गोष्ठि, सभा, समारोह, अध्ययन भ्रमणले जति पुरुषको व्यक्तित्व समेटेको छ, त्यसको तुलनामा महिलाको कमै मात्रामा व्यक्तित्व विकास भएको छ ।

टाढाको कुरा किन गर्ने भर्खर हामीले मनाएको नारी दिवसको चर्चा परिचर्चा गर्नु पनि वेकार जस्तो लाग्छ, १०४ वर्षको राणा शासन, ३० वर्षको पञ्चायत शासन, १२ वर्षको बहुदलबाट परिवर्तन हुँदै आएको लोकतन्त्रले पनि एकवर्ष पूरा गर्न लागेको अवस्थामा पनि कुनै अफिस तथा कार्यलयलाई स्वस्फूर्त रुपमा विदा नदिदा र विदा नपाउँदा त नारी स्वतन्त्रताको नाममा रत्नपार्कमा भाषण गर्न जाने एक महान् नेताले आफ्नो श्रीमतीलाई घरको कोठामा थुनेर भोटे ताल्चा लगाएर नारी स्वतन्त्रताको कुरा गरे सरह भएन र ? तपाईं पुरुषहरुलाई कस्तो लाग्छ ?

यी त भए सहरबजारका त्यसकै आसपासका केही जान्ने र हुनेखाने अफिसियल महिलाहरुको सदाचार । एकै छिन हामी सहर छोडेर पहाडि कुना कन्दरा अथवा त्यस भन्दा पनि टाढा हिमालपारीका जिल्ला मनाङ मुस्ताङ तिरको कल्पना गरौं शिक्षाको उज्यालो घामबाट वन्चित अधिकांश दुर्गम क्षेत्रका अशिक्षित महिलाहरुको कथा व्यथा कस्तो होला ? हिमाली भेगका विकट रसुवा, मनाङ, मुस्ताङका भोटे महिला देखि हुम्ला, जुम्ला, रुकुम, रोल्पा, कालीकोटे महिला हुँदै तराईका दनुवार, टमोटा सम्मको स्थिति सरसर्ती देखे सुनेको र अखवारमा आएको हेर्दा र सुन्दा मात्र पनि निरासा र कुण्ठाको बादल अझ मडारिरहेको देखिन्छ भने स्वयं कठिनाई भोग्नेहरुको जीवन कति

भयानक र दर्दनाक होला ? बोक्सी, चेलिबेटी बेचबिखन, घरेलु हिंसा, बलत्कार, यौन शोषण देखि उकल महिलाहरुको पीठा त अझै कहाँ हो कहाँ? त्यसलाई निराकरण र निवारण गर्ने अनि घाउरुपी भावनामा मलमपट्टी कल्ले लगाउने सम्मको सार्वजनिक समस्या समाधान गर्ने भनने सम्बन्धमा सरकार, च्याउझैं उम्रिएका गैरसरकारी संस्था, सिंगो महिला मन्त्रालय, यु.एन.डी.पी., महिला गरिबी निवारण आयोजना आदिले समेत कुनै योजना, तथ्य डाटा सम्म फेला नपारी सतही रुपमा काम गरेको पाइन्छ । त्यसलाई व्यवस्थित गर्न जति सक्दो चाँडो सरकारले ध्यान नदिएमा माथि भनिए जस्तै राणा शासन, पञ्चायती , बहुदल हुँदै लोकतान्त्रिक व्यवस्था समेतलाई नेपाली महिलाले अफाप सिद्ध मानेमा जति आवाज थामथुम गरेता पनि अन्तत्वगत्वा महिलाले ५०% को माग गर्न ज्यादै गाह्रो नपर्ला भन्न सकिन्न ।

(लेखिका रेडन कलेज काठमाडौंकी प्राध्यापिका हुनुहुन्छ ।)

समस्त रसुवाबासीहरुमा हाम्रो अनुरोध

- जल, जमीन, जनता, जनावर, र जंगल जलाधार क्षेत्रका प्रमुख श्रोतहरु हुन् । माटो,पानी, र वनस्पतीको विवेकपूर्ण संरक्षण, सम्वर्द्धन उपयोग गरी जलाधार क्षेत्रको व्यवस्थापन गरौं ।
- स्थानीय तहमा सुक्ष्म तथा साना जलाधारहरुको व्यवस्थापन योजनहरु तयार गरौं, स्थानीय श्रम, सीप र साधनको प्रयोग गरी भू-संरक्षण गरौं ।
- बाँस, भाटा, झिंगा, ढुंगा, काठ आदिको प्रयोग गरी गल्छी, पहिरो, खोला किनारको संरक्षण गरौं, संरचनत्मक उपाय भन्दा वानस्पतिको संरक्षणमा जोड दिऔं ।
- खेती गर्ने गरिएको भिरालो जमीनलाई सम्याएर मात्र खेती गरौं, मल र माटो बगनबाट बचाइ जमीनको उत्पादकत्व वृद्धि गरौं ।
- खेतवारी नजिकै संरक्षण पोखरी/जूठे पोखरी निर्माण गरी वर्षातको/धाराको पानीलाई संचित गरौं, पानीको अभाव हुने मौसममा सिंचाइका लागि प्रयोग गरीं उत्पादन बढाऔं ।
- खेतवारीको कान्ला र डिलमा उपयुक्त घाँस, डालेघाँस र फलफूलका विरुवाहरु रोपौं, प्रभावकारी संरक्षण गर्दै अतिरिक्त आम्दानी लिँदै पशुपालनमा टेवा पु-याऔं ।
- खेतवारी तथा नाङ्गो जमीनमा देखा पर्ने स-साना चिराहरुलाई समय मै रोकथाम गरौं, गल्छी र पहिरोको विकास भई हुन सक्ने सम्भावित ठूलो नोक्सानीबाट बचौं ।
- नाङ्गापाखा, भिरालो र क्षतिग्रस्त जमीनमा उपयुक्त फलफूल, डालेघाँस, भुईघाँस, बाँस, जडिवुटी आदिका विरुवा रोपौं, जमीनको संरक्षण गर्दै थप आम्दानी प्राप्त गरौं ।
- पानीका मुहानहरुको संरक्षण गरौं, अविरल रुपमा स्वच्छ पानी प्राप्त गरौं ।
- विकास निर्माण कार्य गर्दा सदैव भू तथा जलाधारीय संवेदनशीलतालाई ध्यानमा राखौं, दिगो विकासलाई मात्र आत्मासाथ गरौं ।
- अनियन्त्रित चरिचरण र आगलागीबाट वनजंगल एवं भिर पाखाहरुलाई जोगाऔं ।
- अतिवृष्टि,अनावृष्टि, बाढी, पहिरो, भू-क्षय जस्ता प्रकोपहरुबाट वच्न वनजंगल एवं वातावरणको संरक्षण गरौं ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थपनको अभियानमा सरिक भई प्रचार प्रसारमा सहयोग गरौं ।
- भू-संरक्षण कसैको एक्लो प्रयासकले मात्र सम्भव नहुने तथा घर, बास र जमीन समेतको संरक्षण भएकोले सम्पूर्ण जनता, कार्यालय, संघ संस्थाहरुको संयुक्त प्रयास र सहभागिता जुटाई संरक्षण कार्यलाई अधि बढाऔं ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्वन्धी सेवा र प्राविधिक परामर्शको लागि जिल्ला भू-संरक्षण कार्यालाय, रसुवामा सम्पर्क राखौं ।

प्राकृतिक श्रोतहरु माटो, पानी र वनस्पति ।
संरक्षण गरौं यिनको, यिनै हुन् हाम्रा सम्पत्ति ।।

जिल्ला भू-संरक्षण कार्यालाय,रसूवा
फोन नं. ०१०-५४०११५
०१०-६७०२१६
Email:
URL: www.dsco_rasuwa.gov.np

रसुवा र दलित

-विश्वास नेपाली

एक्काइसौं शताब्दीमा आईपुग्दा पनि नेपालको जातिप्रथा मा कुनै किसिमको व्यवहारिक परिवर्तन भईसकेको छैन । मुलुकको शासन प्रणालीमा तानाशाही प्रवृत्ति, जातीय शोषण, अन्याय र धार्मिक रुढिग्रस्त समाजका कारण साझा फूलबारी काढेंघारी सावित हुन गएको छ । पुँजिवाद, औपनिवेशवाद, सामन्तवाद जस्ता तत्वहरु नेपालको जातीय उत्थानका चुनौती बन्दै गइरहेका छन् । राजधानीको नजिकै रहेको दुर्गम जिल्ला रसुवाको वर्तमान अवस्थालाई नियाल्ने हो भने यस क्षेत्रका दलित वर्गहरुको कारुणिक र दयनीय अवस्था छ । राजनीतिक, प्रशासनिक, कानुनी, शैक्षिक लगायतका क्षेत्रमा दलितवर्गको उपस्थिति न्युन रहेको पाइन्छ । ब्राह्मण जातिहरु दलितलाई छुन नहुने, पसल, होटलमा पैसा तिरेर सामान खाएपनि बाहिरै बस्नुपर्ने, खाएको भाँडा माझ्नुपर्ने जस्ता परम्परावादी धारणा अझै राख्छन् ।

नेपालको कुल जनसंख्याको ४०% जनता पिछडिएका छन्, भने रसुवाको १०००० भन्दा बढी जनता राज्यका हरेक क्षेत्रबाट पछाडि रहेका छन् । रसुवा भौगोलिक दृष्टिले विकट भएपनि प्राकृतिक दृष्टिले रमणीय छ । यस जिल्लामा विभिन्न जातजाति, भेषभूषा र वर्गका मानिसहरु बसोबास गर्छन् । राज्यको पुनर्संरचना र समान सहभागिताको आवाज उठेपनि आर्थिक, राजनितिक, प्रसाशनिक र रोजगारीको क्षेत्रमा तल्लो वर्गका जनताको कुनै सहभागिता देखिदैंन । जो होचो उसका मुखमा घोंचो भनेझैं गरिब र पिछडिएकाहरुलाई सबै क्षेत्रमा पछाडि धकेल्ने र वेवास्ता गर्ने गरेको पाइन्छ ।

परापूर्व कालदेखि नै यस जिल्लामा दलित समुदायको बस्ती रहेको पाइन्छ । ऐतिहासिक युद्ध लगायत तिब्बतसँग सम्झौता हुनुपुर्व भएको युद्धमा समेत तल्ला वर्गका मानिसको सहभागिता रहेको थियो । राज्यको संरचना परिवर्तन गर्नका लागि समेत दलित वर्गको ठूलो योगदान रहेको छ तर राजनितिक अस्थिरता, माथिल्लो वर्गको पहुँच, हरेक क्षेत्रमा नातावाद र कृपावादका कारण दलित वर्गको कुनै बाहुल्यता छैन । दलित वर्गलाई पनि समानता बीचको समान प्रतिस्पर्धा गराए मात्र वर्गीय समाजको अन्त्य हुन्छ । दलित जनताको चेतनाको स्तर न्युन हुनुले पनि समानुपातिक सहभागिता हुन नसकेको हो ।

वर्तमान अवस्थामा रसुवा जिल्लामा सञ्चालित NGO, INGO तथा सरकारी र गैरसरकारी निकायहरु गरिबी निवारण र जातिय उत्थानका लागि परेका छन् तर दलित र पिछडिएका जनताको नाममा यी निकायका प्रतिनिधिहरुले भ्रष्टाचार गर्ने मौका पाइरहेका छन् । दलित वर्गहरु आ-आफ्नै पेशामा दत्तचित्त भई लागिपरेका छन् तर काम गर्ने र भोकै मर्ने प्रथाको अन्त्य भएको छैन । जसरी गाइने दाइको सारङ्गी, दमाई दाइको सनै र नरसिंहा, कामी दाइको दियोले ब्राह्मणहरुको संस्कृति र धार्मिक महत्व दर्शाउँछन् त्यसरी नै ब्राह्मण भन्दा कामी दाइ, दमाईदाइ र गाइने दाइ नै माथिल्लो जातको हुनुपर्ने हो कि ? रसुवा जिल्लाका माझगाउँ, दमाईडाँडा, जिवजिवे, इट्पारे लगायतका ठाउँमा विशेष गरी समाजले तल्लो जाति ठहर्‍याएका मानिसहरुको बस्ती छ तर त्यहाँका सामन्ती वर्गहरुको थिचोमिचो र शोषणका कारण यिनीहरु अगाडि बढ्न सकिरहेका छैनन् । कुनै पनि कार्यमा यस समुदायको मूल्यांकन गरिदैन र सार्वजनिक स्थल, मठमन्दिर र सभा समारोहमा उनीहरुलाई उपस्थित गराइँदैन । अनि दलितवर्गको सीप, जाँगर, व्यावसाय र कलाकारिताको मूल्यांकन गरिदैंन । आर्थिक सामाजिक, धार्मिक, शैक्षिक लगायतका क्षेत्रमा दलित समुदाय झनै शोषित बन्दै गइरहेका छन् । होटल, पाठसाला, मठमन्दिर लगायतका स्थानमा दलितलाई प्रवेश नदिइने कुरा बेलाबेलामा सार्वजनिक भइनै रहेको छ । यसका साथै विद्यालयहरुमा भर्ना गरिएता पनि दलितका छात्रछात्रालाई बाहिरै राख्ने, बेग्लै बेन्चमा राख्ने, पछाडि राख्ने,पानी खान तथा छुन नदिने, अवहेलना गर्ने जस्ता व्यवहार यद्यपि विद्यमान छ हाम्रो समाजमा ।

समाजमा विद्यमान यस्ता कु-संस्कार, रीति-रिवाज र रहन-सहनका कारण दलित बालबालिकाहरु विद्यालय छोड्ने र विद्यालयनै नजाने समस्या टड्कारो रुपमा रहेको छ । त्यस्तै गरी विद्यालयमा पढाउने शिक्षकले समेत भेदभाव गर्ने, माथिल्लो जातिका विद्यार्थीलाई मायालु व्यवहार गर्ने तर दलित समुदायका विद्यार्थी प्रति रुखो व्यवहार गर्ने गर्दछन् । यस्ता कुरा रसुवा जिल्लामा ज्वलन्त

समस्याको रुपमा देखिएको छ । रसुवा जिल्लामा धार्मिक र जातीय विभेदका अनगिन्ती उदाहरणहरु विद्यमान छन् ।

जवसम्म मान्छे एउटा छुट्टै जात हो र यसको अन्य कुनै जात र वर्ग छैन भन्ने कुरा समाजले ग्रहण गर्दैन र लिखित रुपमा आएका कानुनहरु व्यावहारिक कार्यान्वयन हुदैन तव सम्म वर्गीय समाजको अन्त्य हुँदैन । कानुनमा जातीय विभेद नभए तापनि कतिपय परम्पराको नाममा सामाजिक संस्कार र धर्मको नाममा कुनै पनि प्रभावशाली व्यक्ति वा संस्थाको नाममा त्यो क्रमलाई बढवा दिदैं आइएको छ । यसले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई समेत नराम्ररी प्रभावित तुल्याएको छ । मान्छेले मान्छेलाई कुल्चेर हिँड्ने प्रथा सामाजिक तिरस्कार,घृणा जस्ता अमानवीय व्यवहार जब सम्म हावी हुन्छ तबसम्म समानता, वर्गविहिनता र मानवीयताको परिकल्पना मात्र सीमित हुन्छ । दलित जनजागरण अभियानका रुपमा आउनुपर्छ । यसले जातीय उत्थान र मानवीय मूल्य र मान्यताको कदर गर्छ ।

(लेखक कालिका हिमालय उ. मा. वि, रसुवामा अध्ययनरत हुनुहुन्छ ।)

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र कुमार आचार्य
सचिव
एवं गोल्जुङ्ग गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केवल प्रसाद ढुङ्गाना
सचिव
एवं टिमुरे गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु प्रसाद रिमाल
सचिव
एवं स्याफ्रु गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रुद्र प्रसाद चापागाईं
सचिव
एवं चिलिमे गाउँ विकास समिति परिवार, रसुवा ।

नव वर्ष २०६४ सालको सुखद उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षिका, विद्यालय परिवार तथा सम्पूर्ण शिक्षाप्रमी महानुभावहरुमा सुख संमृद्धि र शान्तिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रिन्सिपल
ठुङरम इन्टरनेशनल एकेडेमी
हात्तीगौंडा, काठमाडौं ।
फोननं. ४३७००८३
(Trungram International Academy) TIA

ने नकथली

-जगमान गुरुङ

रसुवाको नकथली गुम्बा ने नकथलीको नाउँबाट प्रसिद्ध छ। नकथली गुम्बामा लागेको ने विशेषण उल्लेखनीय छ। तिब्बती भाषामा तीर्थलाई ने (तिः ग्नस्) भनिन्छ। अतः रसुवाको नकथली गुम्बा केवल एउटा सामान्य गुम्बा मात्र नभएर तीर्थस्थलको रूपमा प्रसिद्ध रहेको स्पष्ट हुन्छ। यो गुम्बा डुग्प कग्यु सम्प्रदायको गुम्बा हो। तिब्बती लामा बौद्ध धर्मका चार सम्प्रदाय निङ्मा, कग्यु, सक्य र गेलुकमा कग्यु सम्प्रदाय आफ्नो मन्त्रचर्या र सिद्धिको लागि प्रसिद्ध छ। कग्यु सम्प्रदायका पनि विभिन्न उप सम्प्रदायहरू छन्। त्यसमध्ये डुग्प कग्यु पनि एउटा हो।

कग्यु सम्प्रदायले आफूलाई बुद्धवचन (तिः ब्क) को परम्परा (तिः र्ग्युद्) मा आधारित मत मान्दछ। अतः यस सम्प्रदायलाई कग्यु (तिः ब्क-र्ग्युद्) सम्प्रदाय र यस सम्प्रदायका अनुयायीहरूलाई कग्युपा (तिः ब्क-र्ग्युद्-प) अथवा बुद्धवचनपरम्पराअनुयायी भनिएको हो। कग्यु सम्प्रदायका प्रवर्तक मार्पा छ्योए कि लो डोए (ई. १०१२-९६) हुन्। मार्पा छ्योए कि लो डोएले भारतको विक्रमशील महाविहारका महासिद्ध नाडपाद (तिः नारो पा) सँग चक्रसम्वरतन्त्र अध्ययन गरेका थिए। तिब्बतमा संस्कृत भाषा पढिसकेपछि मार्पा नेपाल आए। नेपालमा तीनवर्ष बसेर यिनले नेपाली पण्डितहरूसँग तन्त्रशास्त्रको अध्ययन गरे। त्यसपछि नारो पाको दर्शन गर्न पैण्डपाटिकनामक एकजना नेपाली पण्डितसँग मार्पा भारत गए। त्यसपछि पनि दुई पटक नेपाल आएर मार्पाले नेपाली पण्डितहरूबाट ज्ञान प्राप्त गरेका थिए (ज्ञवाली, २०१९ : २७१)।

मार्पाका गुरु नारो पा काश्मीरी ब्राह्मण हुन्। नारो पाका गुरु तिलो पा हुन्। तिलो पाको जन्म वङ्गालको चटगाउँमा भएको थियो। तिलो पा र नारो पाको गणना ८४ सिद्धमा हुन्छ। स्वयं तिलो पा र नारो पा नेपाल आएर तन्त्र- साधना गरेको विश्वास गरिन्छ। पशुपतिमा आर्यघाटदेखि उत्तरतिर सूर्यघाटमा वाग्मतीको दायाँ किनारा कैलाशको फेदमा अवस्थित एउटा गुफालाई तिलो पा र अर्को एउटा गुफालाई नारो पाले तन्त्रसाधना गरेको गुफा मानिन्छ (ज्ञवाली, त्यहीः २५७)। नारो पाका नेपाली चेलाहरू पनि थिए। नारो पाका नेपाली चेलाहरूमा फर्पिङका वागीश्वरकीर्ति प्रमुख थिए। वागीश्वरकीर्ति गुह्यसमाजतन्त्रका विशेषज्ञ थिए। यसका साथै वागीश्वरकीर्ति भारतको विक्रमशील महाविहारको पश्चिम द्वारका द्वारपण्डित पनि भएका थिए (ज्ञवाली, त्यहीः २७०)।

मार्पापछि यिनका चेला मिलरेपा (ई. १०४०-११२३) को समयमा यिनको योगचर्याले गर्दा कग्यु सम्प्रदायको महिमा अझ धेरै बढ्यो। मिलरेपा स्वयं नेपाल आएका थिए। भक्तपुरबाट नगरकोट जाने बाटोमा अवस्थित लामा पाँगो अथवा ल्हासा पागुको गुफालाई मिलरेपाले तपस्या गरेको गुफा मानिन्छ। मिलरेपाले रचेको दोहामा उनले नेपाली रुवाले तगेको बडो सुविस्ताको ओढ्नेले आफ्नो आङ ढाकेको उल्लेख छ (ज्ञवाली, त्यही : २७१)।

कग्यु सम्प्रदायको गुरु परम्परा (तिः ब्ल-रब्) मा तिलो पा, नारो पा, मार्पा र मिलरेपाको नाम आउँछ। कग्यु सम्प्रदायले चक्रसम्वर (तिः व्दे-म्छोग्- 'खोर-लो) लाई इष्टदेवता (तिः यि-दम्) मान्दछ। यसैगरी ज्ञानडाकिनी वज्रवाराही (तिः ये-शेस्-क्यि-म्ख'-ग्रो-म-र्दो-र्जे-फग्-मो) लाई डाकिनी र श्रीज्ञानचतुर्बाहु महाकाल (तिः द्पल-ये-शेस्-म्गोन्-पो-फ्यग्-ब्शि-प) लाई धर्मपाल (तिः छोस्-क्योङ्) मान्दछ। चक्रसम्वरतन्त्र (तिः व्दे-म्छोग्-'खोर-लोहि-र्ग्युद्) कग्यु सम्प्रदायको आधारभूत ग्रन्थ हो। चक्रसम्वरतन्त्रमा इन्द्रियहरूको विषय ग्रहण गर्ने आसक्तिलाई त्यागेर स्वभाव अथवा चित्तलाई शुद्ध राखी शून्यताको अटल ज्ञानमा चित्तलाई स्थिर गराउने तत्वज्ञानको विवेचना गरिएको छ। चक्रसम्वरतन्त्रमा प्रतिपादित यस दार्शनिक सिद्धान्तले पातञ्जलयोगदर्शनमा प्रतिपादित "योगश्चित्तवृत्तिनिरोधः" अर्थात् चित्तवृत्तिको निरोध नै योग हो' भन्ने दार्शनिक सिद्धान्तसँग सामञ्जस्य राख्दछ। कग्यु सम्प्रदायका दाग्पो कग्यु, ढि गोङ कग्यु, डुग्प कग्यु, कर्म कग्यु आदि उप सम्प्रदायहरू छन्।

नेपाल उपत्यकाका मल्ल राजाहरूमा देवा धर्माका लामाहरूको गहिरो प्रभाव थियो। यसैगरी गोरखा शाह राजवंशसँग पनि देवाधर्माका लामाहरूको सुमधुर सम्बन्ध

ङवाङ नमग्याल (ई.१५३४-१६५१) को समयदेखि कग्यु सम्प्रदायले भूटानमा राम्रो उन्नति गरेको पाइन्छ । ङवाङ नमग्यालले धार्मिक एवं राजनैतिक दुवै पक्षबाट भूटानलाई सुसंगठित गरेपछि छिमेकी मुलुकहरूमा ङवाङ नमग्यालको राम्रो प्रभाव पर्‍यो । नेपाली भाषामा भूटानलाई देवाधर्मा र छोटकरीमा धर्मा मात्र पनि भनिन्छ ।

नेपाल उपत्यकाका मल्ल राजाहरूमा देवा धर्माका लामाहरूको गहिरो प्रभाव थियो । यसैगरी गोरखा शाह राजवंशसँग पनि देवाधर्माका लामाहरूको सुमधुर सम्बन्ध थियो र उक्त सम्बन्ध अहिलेसम्म पनि रहिआएको छ । अघि गोरखाका राजा नरभूपाल शाहलाई पुत्र लाभ नहुँदा देवाधर्माका लामाले तान्त्रिकविधिद्वारा मार निवारण ग्रहशान्ति महापूजा (ति: ब्ग्र्य-ब्शि) गरेपछि बृहत् नेपाल राष्ट्रका एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्म भएको विश्वास गरिन्छ । पृथ्वीनारायण शाहको जन्मसम्बन्धमा भाषावंशावलीको कथन यस प्रकार छ–

नरभूपाल शाहबाट मेरो दुवै रानीबाट सन्तान भएनन्, नि:सन्तान भयो भनी राजाबाट बहुतै फिक्री मानिरह्याका रहेछन्' एकदिन राजा पैदा हुने रानीलाई रात्रिमा देवाधर्मामा ठूला महानुभाव लामा छन्, तिनलाई ल्याई उपाय गर्‍या तिमीलाई सन्तान हुन्याछन् भन्या स्वप्न देखिछन् र सो विस्तार महाराजसँग बिन्ति पार्दा गुरु पुरोहित मन्त्री भाइभारादारलाई राखी हाम्रा महारानीलाई यस्ता बेहोराको स्वप्न भएछ, यसमा कसो गर्न्या हो भनी हुकूम हुँदा देवाधर्माका लामालाई झिकाई उपाय गर्नुपर्छ भन्न्या सल्लाह ठहरी... लालमोहर दिई सर्दारलाई खटाई देवाधर्मामा पठाया र सो सर्दारका साथ लागी देवा धर्माका लामा गोर्खामा गया ...

ताहाँपछि लामाले उपाय गर्न लाग्या । केही दिनपछि महारानीलाई गर्भ रह्यो र लामाले बिदा माग्दा अहिले तपाईंले विदा माग्नु हुँदैन भनी बुझाई बिदा नदिई लामा गोर्खामा रहेकै थिया ।

महारानीलाई गर्भ रह्याको ७ महिना भयाको थियो । यसै वखतमा छोरो जन्म्या । पृथ्वीनारायण शाह भन्न्या नाउँ रह्यो । लामालाई पराक्रम भयाका समर्थवान् रह्याछन् भनी बडो आदर भाउ गरी मानी बिदा गराई लामा देवाधर्मा गया (पन्त, २०४३: ५७६-७७) ।

नरभूपाल शाहले देवाधर्माका ल्होपा लामालाई वि.सं. १७९८ मा रसुवाको नकथली गुम्बा कुशबिर्ता दिएकाले भाषा वंशावलीको उपर्युक्त कथनमा सत्यता देखिन्छ । ल्होपा लामालाई नकथली गुम्बा कुशबिर्ता दिई गरिदिएको तामापत्रमा धन र जियाले सेवा गर्नु भनेको छ । यसवापत अघि क्षोड लामालाई दिएको सबै जजमान; थूंवन, गोलजुङ, चिलतिं र पाजुङको दुई खेत घुंवा एवं गदलां गाउँ ल्होपा लामालाई दिएको छ । यति गाउँले जो लामाले अह्राएको छ, सो काम गर्नू भनेको छ (वज्राचार्य र श्रेष्ठ, २०३७ : ४३-४४; पन्त, २०४५: ८०१) ।

नरभूपाल शाहले ल्होपा लामालाई रसुवाको नकथली गुम्बा विर्ता दिँदा कुशविर्ताको रूपमा दिएको छ । साधारणत: पण्डित ब्राह्मणहरूलाई विर्ता दिँदा संकल्प गरी कुशविर्ताको रूपमा दिने चलन थियो । यसरी कुशविर्ता पाएका ब्राह्मणलाई आफ्नो कुशविर्तामा सर्वाङ्ग माफ गरिदिएको हुन्थ्यो र उक्त ब्राह्मणले विद्यार्थीहरूलाई नि:शुल्क रूपमा विद्यादान गरी जप, पूजा, पाठ र यज्ञादिद्वारा राजाको जय मनाई राज्यमा सुख, शान्ति कायम गराउँदथ्यो । यसरी कुशविर्ताको सम्बन्ध विद्याको अभ्यास र ज्ञानको अनुष्ठानसँग रहेको देखिन्छ । लामा शब्दको अर्थ अनुत्तरज्ञानवादी हो । अत: लामाहरू पनि विद्याको अभ्यास र ज्ञानको अनुष्ठान गर्ने वर्गमा पर्दछन् । तिब्बती भाषाको ब्ल-म शब्दबाट लामा शब्द बनेको छ । बौद्ध धर्म (ति: सङस्-ग्र्यस्-ब्स्तन्-प) ले देखाएको बाटोलाई अनुत्तरमार्ग (ति: ब्ल-न-मेद्-पहि-लम्) र त्यस अनुत्तरमार्गको अनुसरण गरेर पाएको ज्ञानलाई अनुत्तरज्ञान (ति: ब्ल-न-मेद्-पहि-ये-शेस्) भनिन्छ । जुन बाटोभन्दा माथि अर्को बाटो हुँदैन, त्यस सर्वोच्च बाटोलाई अनुत्तरमार्ग (ति: ब्ल-न-मेद्-पहि-लम्) र जुन ज्ञानभन्दा माथि अर्को ज्ञान हुँदैन, त्यस सर्वोच्चज्ञानलाई अनुत्तरज्ञान (ति: ब्ल-न-मेद्-पहि-ये-शेस्) भनिन्छ । तिब्बती शब्द ब्ल-न-मेद्-प (सं: अनुत्तर) को छोटकरी रूप ब्ल-मेद् हो र त्यही ब्ल-मेद् शब्दबाट ब्ल-म शब्द बनेको छ र त्यसैको नेपाली रूप लामा हो । यसरी ब्ल-म अथवा लामा शब्दको अनुत्तर वा सर्वोच्चज्ञानवादी भन्ने अर्थ स्पष्ट हुन्छ । त्यसकारण विद्याको अभ्यास र ज्ञानको अनुष्ठानद्वारा प्रसिद्धि कमाएका ल्होपा लामालाई नरभूपाल शाहले ब्राह्मणसरह मानमर्यादा गरेर रसुवाको नकथली गुम्बा कुशबिर्ता दिएको देखिन्छ ।

गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५८ को लालमोहरअनुसार अघि उनका जिज्युबाज्ये पृथ्वीनारायण शाहले देवाधर्माका धर्माराजालाई पुंडि गुम्बा, बालथलि गुम्बा, नागर्‍या गुम्बा, लिस्याखु गुम्बा, चरिकोट गुम्बा र छुमाने गुम्बा गरी छवटा गुम्बा बकस दिएको देखिन्छ (नेपाल, २०४५: १३६) । यसैगरी पृथ्वीनारायण शाहले नकथली गुम्बाका लामालाई भोटको बाटोबाट आउँदा जाँदा आफ्नो साथमा ल्याएका मालसामानको भन्सार माफ गरिदिएका थिए (नेपाल, २०४०: २०३) ।

वनस्पतीलाई आश्रय दिन सक्ने विशेष स्थान, वातावरण, पानीमा घरवार बसाउने जलपन्छीलाइ सुरक्षित स्थान र माछाले आफ्नो जिवन चलाउन र आवश्यकता अनुसार स्थानान्तरण गर्न सक्ने वातावरण भएको इलाकालाई नै रामसार क्षेत्र भन्न सकिन्छ ।

रसुवा जिल्लाका प्रसिद्ध सिमसार क्षेत्रलाई पनि रामसार क्षेत्रमा सूचिकरण गर्न नेपालका विभिन्न निकायबाट पहल भएको छ । गोसाइकुण्ड र नौ कुण्ड क्षेत्रमा स्थित प्रसिद्ध १६ वटा कुण्डलाई रामसार क्षेत्रमा सूचिकरण गर्न सकिने पूर्वाधार प्रसस्त भएकोले छिटै नै यो कार्य पुरा हुने देखिन्छ । रसुवाका वासिन्दाले सिमसारको संरक्षण गर्न प्रचार प्रसारको साथसाथै सिमसारलाई जीवनको आधार र सांस्कृतिक गतिविधिको धरोहरको रुपमा प्रस्तुत गनुपर्दछ । विभिन्न सम्प्रदायको आस्थाको रुपमा सिमसार क्षेत्रलाई पर्यटकीय आकर्षणको रुपमा विकास गरेर रसुवाका बासिन्दाले आर्थिक उन्नति पनि गर्न सक्दछन् । धार्मिक आस्था र पर्यटकीय आकर्षणको थलोको रुपमा सिमसार क्षेत्रको प्रचार प्रसार गर्नुपर्दछ । लोक गाथा र विविध मान्यता बोकेको रसुवाका सिमसार क्षेत्रको अमूर्त संस्कृति जोगाउनु हामी सबैको परम कर्तव्य हो ।

उपसंहार:

कुनै पनि गाउँको नजिकै सिसार क्षेत्र छ भने त्यसको धार्मिक, सांस्कृतिक महत्व स्थानीय व्यक्तिहरुले उजागर गर्नु पर्दछ । धर्म र संस्कृतिको चहल पहल अवलोकन गर्न स्वदेशी र विदेशी ओइारो लाग्ने गर्दछन् । सिमसारको महत्व बढाउदा गाउँका व्यक्तिहरुको आर्थिक अवस्थामा सुधार आएर जीवनस्तरको नै विकास हुन्छ । आन्तरिक र बाह्य पर्यटन वृद्धि गर्न सिमसार भएको इलाकाका बासिन्दालाईधेरै नै सजिलो हुन्छ । नेपालका सिमसारको प्रचार प्रसार जडिबुटीको खजाना, चराचुरुङ्गीको वासस्थल, विभिन माछाहरुको घरको रुपमा प्रसिद्धि पाएको सिमसारको प्रचार प्रसार र संरक्षण आवश्यक छ ।कुनै पनि प्राकृतिक सम्पदालाई संरक्षणगर्न चेतना र धर्म प्रतिको आस्था दुवैको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले हामीले हाम्रा सिमसारको संरक्षण गर्न धार्मिक र सांस्कृतिक महत्वबारे प्रकाश पार्नु पर्दछ । हाम्रा पानीका मुहानहरु र नदीहरु केही वर्ष अघि सम्म स्वच्छ र प्रदुषण रहित थिए । तर बिस्तारै आवादीको चाप बढ्दै गए पछि ती दूषित हुन थाले । ढोगेर मात्रै नदी तर्ने संस्कृति भएको हाम्रो देशमा, आजभोली नदी आउनें वित्तिकै रुमालले नाक थुन्नु पर्ने बाध्यता छ । बाटो हिँड्दा दुर्गन्ध आउने बित्तिकै नदी आयो भनेर थाहा भै हाल्छ । पश्चिमका अधिकांश देशमा बग्ने नदीहरु प्रदुषणरहित छन् । त्यसको मूख्य कारण उनीहरुमा भएको चेतना हो । कलकारखाना र घरायसी फोहर नदीमा फाल्दा वैज्ञानिक प्रविधिद्धारा स्वच्छ बनाएर मात्रै फाल्ने नियम कडाइ सँग पश्चिममा पालन गरिन्छ । नदीलाई देवीको रुपमा पूजा नगरे पन पश्चिमाहरुले पवित्र राखेका छन् । तर दुर्भाग्यवश हामी कहाँ भने चेतनाको कमीले धर्म, संस्कृतिले निर्देशन गरे अनुरुप पानीको श्रोतमा फोहर फाल्न हुँदैन भन्ने कुरामा वास्ता गरेनौं । धर्म संस्कृतिले साझो ढंगले पानीमा फोहर फाल्ने पाम लाग्दछ भनदछ तर हामीले धर्मभिरु भएर त्यो पनि मानेनौ, अर्कोतिर चेतनशील भएर पानीको श्रोतलाई फोहर गर्नु हुन्न भन्ने तथ्य पनि बुझेनौ । जसको परिणाम आज हामी भाग्दैछौं । अझ ढिलो भैसकेको छैन । जुनवेला आँखा खुल्यो, त्यहीवेला उज्यालो भने जस्तो आजैबाट आफ्ना क्षेत्रको पानीको श्रोत, मूहान, तलाउ, कुवा आदिको संरक्षणमा ध्यान पु-याऔं । सिमसार संरक्षण गर्ने सबैको साझा दायित्व हो भन्दै यस विषयको बिट मार्ने अनुमति माग्दछु ।

सन्दर्भ सामग्री

१) विणा पौड्याल, "धर्म र संस्कृतिमा सिमसार" पर्यावरण, पूर्णाङ्क ६२

२)झमक वहादुर कार्कि, "रामसारमा सूचिकरणको प्रयास तर्फ उच्च हिमाली सिमसार"
पर्यावरण ६२

३) Beena Poudyal, Wetlands in Hindu Religion and culture, Wet Lands and Culture, IUCN 2006.

(सह प्राध्यापक, त्रि.वि.वि. किर्तिपुर ।)

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजन प्रसाद न्यौपाने
धैवुङ-६, रसुवा

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धर्मराज पौड्याल
सभापती
ने.वि.संघ परिवार, रसुवा

सौम्य-शान्त रसुवा क्षेत्रको सानो यात्रा

-डा. तुलसी भट्टराई

●यात्रा जीवन हो । जीवन भन्नु नै यात्रा हो । जीवन अर्थात यात्रा । यात्राबाट धेरै कुरा जान्न बुझ्न पाइन्छ । सुनेको कुरा-सुनेको ठाउँ आफ्नै आँखाले देख्न पाउनु साँच्चै नै आनन्दको विषय हो । प्रत्येक यात्रा र यात्रा पछिको अनुभवबाट धेरै नयाँ विषय सिकिन्छ । अझ स्रष्टाहरुका निम्ति त यात्रा सिर्जनात्मक उर्वरा हो ।

-यात्रा अनुभवीहरुको कस्तो भनाइ छ । मेरो पनि यस प्रति विस्वास छ । जीवनको सार्थक उपलब्धी नै हो -यात्रा भन्ने लाग्छ । अनि यसो फुर्सद भयो भने घरबाट कुनै गन्तव्य तिर लागिहाल्छु ।

●गत असार-२०६३ मा यस्तै एउटा रमाइलो र शिक्षाप्रद यात्रा गर्ने अवसर पाएको थिएँ । यात्रा थियो रसुवा क्षेत्रको ।

-रसुवा जिल्लाका कांग्रेस सभापति लोप्साङ थुप्तेन लामा यस यात्राका मार्गदर्शक मात्र होइन प्रमुख आयोजक थिए । उनैसँग आरम्भ भयो त्यति लामो बाटो मोटर साइकिलमा जानु पर्ने थियो ।

-थुप्तेनले चलाएको मोटर साइकिलको पछाडि बसेर बालाजु देखि धुन्चे सम्म । अझ तल त्रिशुलीको गहिरो खोल्चो सम्म पुगेको थिएँ ।

-काठमाडौं भित्र पनि कम्ती यात्रा गर्ने गर्छु मोटर साइकिलमा । सहज लाग्दैन ।तर यो यात्रा एउटा बिचित्रकै संयोग थियो ।

●"गाडीमा भन्दा राम्रो हुन्छ मोटर साइकिल यात्रा । सरर......हावा खाँदै-चारैतिरको प्रकृति वातावरण नियाल्दै जान पाइन्छ । अनि यो यामहा-२५० सीसीको दरो-राम्रो छ । यसमा बसेपछि हवाईजहाजको आनन्द लिन सकिन्छ । तपाईं नडराइ ढुक्क भएर बस्नुहोस् । म सजिलैसँग पु-याएर ल्याउँछु ।"

-लामाजीको कुरा सुनेर मन अमिलो पार्दै पछाडि बसें । मनमनै अदृश्य शक्तिलाई सम्झिएँ । "आयुका छोरालाई वायुले खादैन" । बुढापाकाका भनाई मनन् गरेर केही आस्वस्त भएँ । रसुवा भ्रमणको मेरो तीव्र इच्छामा कता कता ठेसलागे झैं भयो ।

●नागार्जुन जंगल पार गरेर ककनी हुँदै रानीपौवा सम्म पुगेपछि क्रमशः म भित्रको डर हराउँदै गयो । दर्जनौ मोटर साइकिलहरु ओहोर दोहोर गरेका भेटिए पछि अझ निश्चिन्त भएँ ।

-दोभाने भन्ने ठाउँमा 'जापनी रेन्वो ट्राउट माछा यहाँ पाइन्छ' लेखिएको देखेर सोधेँ-के हो यो ट्राउट माछा ! मेरो सोधाइको उत्तर नदिइ उनले त्यतैतिर गाडी घुमाएर रोके "बोर्डमा लेखेको हेर्नु भन्दा देखेर खाएको राम्रो हो । माछा ल्याउनु त बहिनी ।" लामाजीले बस्न इसारा गरे ।

-'म आफू माछा मासु नखाने' बताएपछि उनले पछुतो मान्दै अर्डर क्यान्सिल गरे । तरकारी चिउरा खाएर बिदा भएका थियौं ।

-तर रिसोर्ट मालिक गोपाल लामासँग ट्राउट माछा पालन क्षेत्रको निरीक्षण गर्दै त्यसको पालन प्रविधि र विशेषताहरु भने थाहा पाउन सकें । बगेको चीसो पानीमा पालिने त्यस माछाको प्रविधि र परिश्रम अरुको तुलानामा धेरै रहेछ । माछाको आकार अनुसार छुट्टाछुट्टै पानीगरामा राखिएका काला रंगका माछा सल्बलाइरहेका थिए । मेरो यो पहिलो जानकारी थियो ।

●तादी, बट्टार हुँदै त्रिशुली बजारमा केही बेर रोकिएर वेत्रावती तिर लागियो । ढुंगाछापे बाटो सुरु भयो ।

-"अब हाम्रो गन्तव्य क्षेत्रसम्मको बाटो यस्तै हो । यो भन्दा पनि अप्ठ्यारो बाटो पार गर्नुपर्छ । तर नडराउनु होला । म सजिलो सँग लैजान्छु ।" लामाजी बेलाबेलै दोहो-याइरहन्थे ।

-वेत्रावती बजारमा केही बेर बस्यौं । नीलकण्ठ उच्च मावि का प्राचार्य छत्र खड्का र पत्नी शान्ताजीको चिया सत्कारको आतिथ्य लिएर फर्किदाँ बस्ने बाचा गर्दै प्रस्थान गरियो ।

-बनुवा घुम्तिको एउटा दोकान घर अगाडि गाडी रोकियो । घर धनि तारा र बिन्दा जोडीले हाँस्दै स्वागत गरेपछि हामी त्यहीँ बास बस्ने भयौं ।

●केही बेरमा रसुवाका जानीफकार उपेन्द्र लम्साल, जनक जीवन उपाध्याय भाइ पुगे । उत्तम थापा, रामचन्द्र चालिसे र कृष्ण प्रसाद आचार्य पनि भेला भए । राती दश बजेसम्म कुराकानी गरेर खानपीन पछि सुतियो । अनि बिहानको नित्य कर्म सकेर बाटा लागियो । बाटा बाटामा स्थानीय व्यक्तिहरु सँग भेट-चिनारी गर्दै दश बजे धैवुङ पुगियो ।

-धैबुङ बजारको काकी होटेलमा खाना खाएर धुन्चे तिर अघि बढ्यौं । हाम्रो वाहन यमाहा छँदै थियो ।घुम्ति, गुम्वाडाँडा, राम्चे, ग्राङ, ठाडे, बोकेझुण्डा, सोले हुँदै धुन्चे पुगियो ।

-ढुंगा छापेको-त्रिशुलीको बगर जस्तै बाटो । उकालो, ओरालो । कति ठाउँ त पहिरो भित्रबाट जानु पर्ने । डर लाग्दा भीर । तल त्रिशुली नदी । यामहा थोरै मात्र रड्किनी हो भने एकैचोटि त्रिशुलीमा पुग्ने ।

●हामी नेपालीहरु साच्चै बहादुर हौं भन्नेकुरा मुलखर्क रिसिङ डाँडाको पहिरो भित्रबाट निकालिएको पैरो बाटो देखेर जसले पनि भन्नसक्छ । अनि त्यस्तो पैरोमा गाडी चलाउन सक्ने ड्राइभर र सवारी गर्ने यात्रु समेत बहादुर हुन् । त्यसदिन मैले आफूलाई पनि बहादुरै ठानें ।

-२०६० साउनको पैरोले बगाएर रहेको अवशेष घरहरु देखेर लामाजी सँग सोध्दा थाहा भयो-त्यो त सैनिक क्याम्प पो रहेछ । त्यती ठुलो क्याम्प बनाउँदा प्राबिधिक परीक्षण त पक्कै भएथ्यो होला । विचरा बीस जना सैनिक बगेर त्रिशुलीमा पुगे । लासको पत्तो भएनछ । यती बेला चाहिँ त्यो क्याम्प धैबुङमा सरेको रहेछ ।

●धुन्चे बजार रसुवा-सदरमुकाम पुगेर माउन्टेन भ्यू होटेलमा हामीले त्यस दिनको बास व्यबस्था गर्यौं । पचास साठी घर भएको सानो बजार बस्ती । होटेलको छतबाट चारैतिर हेरें । लामाजीले आफ्नो जानकारी दिँदै थिए ।

-बजार पट्टि सिधैं माथि घना जंगल भएको प्रकृति रम्य डाँडो । स्थानीय बोलीमा मार्मेन्दो अर्थात स्वर्ण पूष्प भनिने त्यस डाँडोको प्रचलित नाउं चाहिँ सेर्ना डाँडा रहेछ । उता पारी पट्टि हाकु डाँडा र त्यस भन्दा माथि गणेश हिमाल । त्यतै पट्टि छ-घोप्टे भीर ।

-'घोप्टेभीर'-भन्ने बित्तिकै आङ जिरिङ्ग हुने घटना सम्झिएँ । मेरा राम्रा साथी आङदोर्जे लामा र उनकी पत्नी त्यही काण्डमा समाप्त भएथे । नेपालकै इतिहासको कालो र दुखद घटना थियो घोप्टेभीर दुर्घटना ।

-अर्कोतिर लिरुङ हिमाल । पूर्व उत्तर तर्फ लाङटाङ निकुञ्ज र हिमाल क्षेत्र । अनि सिङगम्बाबाट माथि गोसाईकुण्ड । नीलकण्ठ पर्वत श्रृङखलाबाट दक्षिण तिरको डाँडोमा पर्छ-गोसाईकुण्ड ।

●गोसाईकुण्ड - सनातनी परम्पराको ठूलो तीर्थस्थल । गो-गाई, साई-मालिक । गाई अर्थात पशुका मालिक पशुपति । महादेव, शिव । अर्थात शिव महादेवको बासस्थान हो गोसाईकुण्ड । गोसाईथान ।

-गोसाईथान श्रृङखलामा भैरव कुण्ड र गणेश कुण्ड पनि पर्दछन् । त्यसो त सयौं कुण्डहरुको समूह छ त्यहाँ । जता पनि कुण्डैकुण्ड छन् । त्यस ठाउँमा श्रृंग्य ऋषिको आश्रम थियो रे । साच्चै आज पनि आश्रम जस्तै शान्त र मनोरम छ-त्यो ठाउँ ।

-भोलिपल्ट बिहान सात बजेतिर रसुवाका प्रशासनिक प्रमुख र अन्य केही हाकिमसँग बसेर चिया सँगै विभिन्न विषयमा कुराकानी गरें । पुराना मित्र बलराम के.सी. शिक्षा अधिकारीका रुपमा त्यहीं रहेछन् । उनले धैरै कुराकानी गरे । एक प्रकार यो क्षेत्र बानप्रस्त जीवन विताउन अत्यन्तै उपयुक्त भएको कुरा उनले हाँस्दै भने ।

●२०१९ साल पछि धादिङ र नुवाकोटका केही क्षेत्र जोडेर बनाइएको यस रसुवा जिल्लामा जम्मा १८ वटा गाविस हरु छन् । अत्यन्तै मनोरम पहाडी हिमाली रसुवामा समुद्री सतह भन्दा ९०५ मी. देखि ७४०८ मी. सम्मको भू-भाग पर्दछ ।

-पूर्व दक्षिण सिन्धुपाल्चोक र नुवाकोट, पश्चिमतिर धादिङ अनि उत्तरतिर तिब्बतले घेरिएको रसुवामा प्रसिद्ध नदी त्रिशुलीको उद्‌गम स्थल पर्दछ । राष्ट्रिय आरक्षण क्षेत्र लाङटाङ, गणेश हिमाल र गोसाईथान यस जिल्लाका अभूषण हुन् । विश्वकै नमुना विद्युत केन्द्र चिलिमे यहीं पर्दछ । प्राचीन प्रख्यात गढी रसुवा गढी, स्याफ्रु बेसी र अन्य क्षेत्रका साथै तिब्बत जोड्ने छोटा निकास घाटी-केरुङ त्यतै पर्दछ । रसुवा राम्रो पर्यटकीय गन्तव्य हो । जडीबुटी र प्राकृतिक सम्पदाको खानी यो क्षेत्र अत्यन्तै उर्वर छ ।

-करीब पचास हजार जनसंख्या मध्ये ८० प्रतिशत तामाङ र शेर्पा छन् भने क्षेत्री बाहुन र अन्य २० प्रतिशत छन् । कृषि, पशुपालन र वन्यउपज यहाँका मुख्य जीविका साधन हुन् । यहांको युवा पुस्ता प्राय रोजीका निम्ती बाहिर जाने गरेका छ ।

●चिलिमे गत्लाङ, थुमन, टिमुरे, हाकु, धुन्चे, गोल्जुङ, स्याफ्रु, बृद्धिम, लाङटाङ, डाँडागाउँ, ठूलोगाउँ, लहरेपौवा, राम्चे, धैबुङ, भोर्ले, यार्सा र सरमथली यस जिल्लाका गाविसहरु हुन् ।

-जनगुनासो छ-यती सुन्दर र उर्वर ठाउँ भएर पनि केन्द्रमा यहाँको दह्रो नेतृत्व नपुगेको कारण पिछडिएको छ । यहाँका नेताहरु चुनावका बेला मात्र गाउँ पस्छन् । अरु बेला राजधानीमा नै बसेर आफ्नो स्वार्थ भर्ने काम गर्छन् ।

-धैबुङमा जिल्लाकै एकमात्र क्याम्पस रहेछ-'कालिका हिमालय क्याम्पस' । कालिका उच्च मा.वि. सँगै डिप्लोमा तह सम्मको यस क्याम्पसले ठूलो योगदान पु-याएको कुरा रेव कुमारले बताएका थिए ।

●भोर्ले-चितिसम्म पुगेर त्यहाँको ग्रामीण जनजीवन अध्ययन गर्ने अवसर पाएको थिएँ । स्थानीय नेताहरु उपेन्द्र लम्साल, जनक जीवन उपाध्याय, मेन लामा, गोपी घले,

लोकमाया ठाकुर देवकोटा र अन्य धेरै ग्रामीण जनतासँग सात्क्षातकार गरेर रसुवा बारे धेरै कुरा थाहा पाएको थिएँ। दुर्गम भएर प्राकृतिक स्रोत साधनले सम्पन्न यस क्षेत्रले अलिकति सहयोग पाउने हो भने अत्यन्तै सुन्दर बन्ने थियो। पौरखी जनजीवनका शान्त र सौम्य भू-भाग 'रसुवा' नेपालका पहाडी जिल्ला मध्ये अग्रणी स्थानमा पर्दछ। यस रमणीय क्षेत्रको भ्रमण आनन्ददायी बनेको हो।

•धुन्चे बजारमा लोकतान्त्रिक युवा डि.टी.-डुदर्के तामाङ निकै फरासिला व्यक्ति रहेछन्। जिल्ला प्रशासनिक क्षेत्रमा पनि घुलमिल। राजनीतिमा सकिय हुन सक्ने भविष्य बाकेका उनले बजार पुच्छारको घुम्ती-लाई "लोकतन्त्र घुम्ति" नामाकरण गरी प्रचारमा ल्याएको बताए। यती बेला त्यही घुम्ती चोकमा भेला भएर सभा जुलुस गर्न थालेको कुरा व्यक्त गरेका थिए।

- लामाजीले त्रिशुली खोला पुगेर आउने कुरो गरे पछि त्यसतर्फ गइयो। धुन्चेको एउटा किनार। खोच भित्रबाट बग्ने त्रिशुली पुलको छेउमा मोटर साइकिल अड्याएर नदी किनारको ढुङ्गामा बसेँ।पानीले मुख धोएर दुई अञ्जुलि पानी खाएँ। पुरै शरीरमा एउटा नयाँ शक्ति जागेझैँ अनुभव भयो। आहा कति आनन्द। कति धेरै प्रकृति सुरम्य स्थिति।

•कलकल बगेको निर्मल जल। काठमाडौको बोतल बन्द मिनरल वाटर ले नभेट्ने। प्रकृति-स्वच्छ जल। लामाजी थप्दै थिए। -'सर यो खोला गासाईकुण्डबाट सिधैं आएको पवित्र खोला हो। हामी वुद्ध मार्गीहरु पनि यस खोलालाई तिमर अर्थात पवित्र खोला भन्छौं। साच्चै नैं यसको पानी खाँदा र नुहाउँदा मन र शरीर सबै हलुका हुन्छ।

-मलाई पनि लाग्यो-गोसाईकुण्ड तिर जादैं छु .....। एक छिन पछि त कुण्ड मै पुगेको अनुभूति हुन थाल्यो। आखाँ चिम्लेर ध्यान गर्दा गर्दै शिवको त्रिशूल र डमरु बजेको जस्तो गम्भीर स्वर। गासाईकुण्डका बीचमा महादेव बसेको आभास हुदै थियो। म आफै छेउँमा पुगेझैँ लाग्यो। आनन्द र सुखानुभूति गर्दै थिएँ-लामाजी कराए। किन ढिलो गर्नुभो। पानी पर्ला जस्तो छ जाऊँ। तपाईंलाई यतै बस्न मन लागे जस्तो छ।

-झसङ्ग हुँदै उठेर माथि बाटो तिर उक्लिएँ। तर केही क्षणसम्म त्यतैतिर एकोहोरो भइरहेछु। लामाले हातमा समातेर तान्दा मात्र मेरो होस खुलेको थियो। तिमर-त्रिशुली भित्रको तन्मयता अवर्णनीय छ। आजै पनि त्यो सम्झिदा पुलकित हुनेगर्छु।

नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा हाम्रा सम्पुर्ण विद्यार्थी, अभिभावक र अन्य शिक्षा प्रेमीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सर्वसुलभ शुल्कमा गुणस्तरिय शिक्षा प्रवान गर्दै आएको यस मनमोहन मेमोरियल कलेजमा निम्न कार्यक्रहरु संचालित छन्।

HSEB
+2 तर्फ (शिक्षा, मानविकि,व्यवस्थापन)
T.U.
तीन वर्षे B. Ed., B.B.S., B.A.

क्याम्पस प्रमुख
मनमोहन मेमोरियल कलेज
नयाँ बजार, सोह्रखुट्टे,काठमाडौ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु, दिगो शान्ति तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुवास आगमन — शशि लामिछाने
अध्यक्ष — सचिव

एवं
भूतपूर्व विद्यार्थी मञ्च
उत्तरगया प.ई. स्कूल परिवार
बेत्रावती, नुवाकोट।

'अपनाऔं पद्धति सहकारी
हटाऔं गरिवी र वेरोजगारी'
नयाँ वर्ष २०६४ सालको हार्दिक मगंलमय शुभकामना ।

सुचना
सहकारी संघ सस्थाहरुको जिल्ला स्तरिय एकमात्र छाता सगठन जिल्ला सहकारी संघ लि. नुवाकोटको शेयर खरिद गरी सदस्य वत्नुहत नुवाकोट जिल्लाका सम्पूर्ण सहकारी संघसस्थाहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

वैकुण्ठ मिश्र
अध्यक्ष
एवं जिल्ला सहकारी संघ लि.परिवार
विदुर नुवाकोट

नयाँ वर्ष २०६४ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

'जलाधार व्यस्थापनलाई दिउँ उचित स्थान
भू-क्षय बाढी पहिरो नरोकिए
यसले लिन्छ ज्यान'

डा. श्याम नन्दन मण्डल
जिल्ला भू-संरक्षण अधिकृत
तथा
जिल्ला भू-संरक्षण कार्यालय, परिवार, नुवाकोट

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु, दिगो शान्ति तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देवलाल थेच्मी
प्रमुख
जिल्ला हुलाक कार्यालय, नुवाकोट ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु, दिगो शान्ति तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवरत्न थापा
सचिव
एवं गोस्याङ गा.वि.स. परिवार, नुवाकोट

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु, दिगो शान्ति तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टेकनाथ अधिकारी
सचिव
एवं ककनी गा.वि.स परिवार, नुवाकोट

वेडन पावेलका नाममा रसुवाको हिमाल

-एकराज पाठक

विस्व स्काउटका संस्थापक लर्ड वेवेन पावेलको स्मृतिमा उहाँकै नामबाट नेपालको एक नयाँ हिमालको नामाकरण गरिएको छ । सन् १९०७ मा स्थापित सो संस्थाका जन्मदाता बेडेन पावेलका नाममा रसुवा जिल्लाको लामटाङ क्षेत्रमा पर्ने पाँच हजार ८ सय ९० मिटर अग्लो चुचुरोको नामाकरण गर्ने प्रकिया पूरा भएको छ । स्थानीय भाषामा "उर्केमा पीक" भन्ने गरिएको सो हिमाल चुचुरोलाई वेडेन पावेल स्काउट पीक' नामाकरण गरिएको औपचारिक घोषणा मन्त्रिपरिषदमा पठाइएको र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भई घोषणा भएको छ ।

स्काउट स्थापनाको एक सय वर्ष पूरा हुन लागेको अवसर पारेर नेपाल स्काउटको विशेष पहल एवं अनुरोधमा संस्थापक बेलायती नागरिक स्वर्गीय बेडेन पावेलको स्मृति स्वरुप सो हिमालको नामाकरण गरिएको हो ।उक्त हिमाल चुचुरोको नामाकरण गरिएपछि सोहि मितिदेखि आरोहणका लागि खुला गरिने तथा आरोहणका लागि लाग्ने सलामी दस्तुर पनि सोही मितिदेखि पाँचवर्षसम्म निःशुल्क गर्ने गरी प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ ।

हाल विश्वका दुई संयभन्दा बढी मुलुकमा झण्डै साढे तीन करोड स्काउट रहेकोले नेपालको यो नयाँ कदमले विश्वसामु नेपाललाई परिचित गराउन ठूलो मद्दत पुग्ने विचार नेपाल स्काउटका राष्ट्रिय आयुक्त श्रीराम लामिछानेज्यूले बताउनु भएको छ ।

विश्व स्काउटको सयवर्षको इतिहासमा सो संस्थाका संस्थापकका नाममा छुट्टै हिम श्रृंखलाको नाम दिनु ठूलो गौरवको विषय हो भन्दै उहाँले यो नयाँ कदमले नेपाल स्काउटको प्रतिष्ठा विश्वसामु अझ बढ्ने धारणा राख्नु भएको छ ।

विश्वका अधिकांश स्काउटले स्वर्गीय वेडेन पावेलका नाममा नामाकरण गरिने सो हिमाल कम्तीमा एकपटक आरोहण गर्ने प्रयास गर्ने आशा व्याक्त गर्दै यसले नेपालको पर्यटन व्यवसायलाई पनि उल्लेख्य टेवा पुग्ने आयुक्त लामिछानेले बताउनु भएको छ । हिमाल एवं पहाड चढ्नु पनि स्काउटको साहसिक क्रियाकलाप भित्र पर्ने हुँदा आफ्ना संस्थापकको सम्झनामा नामाकरण भएको सो चुचुरो चढ्न विश्वका स्काउटहरु नेपाल आउने अपेक्षा नेपाल स्काउटका राष्ट्रिय सचिव रामगोपाल कर्माचार्यको पनि छ ।

गत अक्टोवर महिनामा बनाइको दारेसलाममा सम्मपन्न स्काउटको एसिया तथा प्रशान्त क्षेत्रीय सम्मेलनमा पारित प्रस्ताव बमोजिम नेपालको कुनै एक हिमालको नामाकरणका लागि नेपाल स्काउटले सरकार समक्ष अनुरोध गरेको हो ।

यो चुचुरो समेत गरि नेपालका एक हजार तीन सय ११ वटा हिम चुचुरोको पहिचान भइसकेको संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले जनाएको छ ।

साथै आरोहणका लागि यसअघि नै सरकारले मुलुकका ३ सय २६ वटा हिम चुचुरा खुला गरेकोमा अव सो उर्केमा पीक लाई वेडेन पावेल स्काउट पीक नाम दिइएकोमा नेपाल आरोहणका लागि खुल्ला भएको चुचुराका संख्या ३ सय २७ पुग्ने छ । सरकारले यत्रो संख्याका हिमाल अरोहणका लागि खुल्ला गरे पनि यातायातको असुविधा लगायतका विविध कारणले अझै धेरै हिमालमा कसैले आरोहण गरेका छैनन् ।तर प्रस्तावित नयाँ हिमाल भने आरोहणका लागि सुरक्षित लगायतका धेरै कारणले सहज रहेको तथा विश्वका करोडौ हिमालमा कसैले आरोहण गरेका छैनन् ।

तर प्रस्तावित नयाँ हिमाल भने आरोहणका लगि सुरक्षित लगायतका धेरै कारणले सहज रहेको तथा विश्वका करोडौं किशोरकिशोरीलाई अनुशासन, आत्मनिर्भर तथा राष्ट्रभक्ति सिकाउने विश्व स्काउट संस्थाका जन्मदाताकै नाममा रहने हुँदा ती किशोर किशोरीहरुका लागि उत्सुकताको विषय साथै प्रमुख आकर्षण वन्नेमा दुईमत छैन । यसै सन्दर्भमा नेपाल स्काउटको राष्ट्रिय प्रधान कार्यालयमा यही २०६३ भाद्र २९ गते हुने एक विशेष समारोहमा नेपाल स्काउटका रोभरहरु र मित्रराष्ट्रका स्काउटहरु उक्त हिमहरुको आरोहण गर्न नेपालको झण्डा बोकी त्यसतर्फ जानेछन् ।

(प्रस्तुत लेख नेपाल स्काउट स्मारिका २०६३ बाट साभार गरिएको हो -सं ।)

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण महानुभावहरुमा सू-स्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभ-कामना ।

ध्रुव श्रेष्ठ
अध्यक्ष
एवं नुवाकोट निर्माण व्यवसायी संघ परिवार
विदुर, नुवाकोट ।

नयाँ वर्ष २०६४ को पावन अवसरमा सम्पूर्ण महानुभावहरुमा सू-स्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभ-कामना ।

अमर बहादुर थापा
केन्द्र प्रमुख
एवं त्रिशुली जलविद्युत केन्द्र परिवार
नुवाकोट ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिव
एव तारुका गा.वि.स परिवार,
नुवाकोट ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिव
एव बुधसिं गा.वि.स परिवार,
नुवाकोट ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु भण्डारी
सचिव
सिके गा.वि.स परिवार,
नुवाकोट ।

नव वर्ष २०६४ सालको पावन अवसरमा समस्त देशबासीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामकृष्ण फुयाँल
सचिव
चाउथे गा.वि.स परिवार,
नुवाकोट ।

रसुवाको गौरव- २२ मे.वा. क्षमताको
भूमिगत विद्युतगृह सहितको नेपालको सबैभन्दा सस्तो
चिलिमे जल विद्युत केन्द्र । नेपाली सीप, स्रोत र साधनको परिचालन गरी
निर्माण गरिएको यस जल विद्युत केन्द्रले जिल्लाको विकासमा
उल्लेखनिय सहयोग दिन सफल भएको छ ।

चिलिमे जलविद्युत कम्पनी लिमिटेड

५२० कालिकास्थान, काठमाडौं

फोन. नं. ४४४३०७६/४४१७४३४ फ्याक्स. ४४४३०७७

क्यानभास रिसर्च सेन्टर संक्षिप्त परिचय

-शशि लामिछाने

विश्व २१ औं शताब्दीको रफ्तारमा कुँदिरहेको छ । आदिम कालदेखि नै विश्वव्यापी क्यानभासमा परिवर्तनका रेखाहरु कोरिइरहे । विविध परिर्वनसँगै सामाजिक विकृति र विसँगतिहरु पनि बढ्दै गए । विसंगतीहरुले हाम्रो परिचयको रुपमा रहेका कला, कौशल साहित्य, ऐतिहासिकता लोप हुने खतरा बढदै गइरहेको वर्तमान परिवेशमा यी विकृती र सामाजिक विषयवस्तुको अनुसन्धान गर्ने र समाजलाई सही मार्ग निर्देशन गर्ने कार्यको जिम्मा सचेत युवा वर्गको हो । साघुँरो घेरामा सीमित हाम्रो परिचयलाई आधुनिक प्रविधिको माध्यमबाट विश्वमाझमा पु-याउनु पनि युवा वर्गको थप जिम्मेवारी हो । यी विविध परिवेशहरुको महसुस र अध्ययन गरि संचार र पर्यटनसँग सम्बन्धित रहेका सचेत युवाहरुको सामुहिक पहलमा स्थापना भएको गैर नाफामुखी, गैरराजनितिक, एक सामाजिक संस्था हो क्यानभास रिसर्च सेन्टर । **(Canvas Research Centre)**

१.संस्थाका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

क) नेपालको सांस्कृतिक विविधताको पहिचान, संरक्षण र सम्वर्द्धनको लागि सक्रिय रहने ।

ख) परम्परागत, सांस्कृतिक बाजा, लोक गीत, न्यृत्य, भेषभूषा, कला र साहित्यको प्रवर्द्धन गर्दै सामाजका विभिन्न वर्गमा जागरण ल्याउने, विस्तार गर्ने ।

ग) सामाजिक परिवेशका लैङ्गिक भेदभाव, गरिबी, वाल संरक्षण, अशिक्षा, सामाजिक विसंगती, वन्यजन्तु रवातावरण जस्ता विविध विषयहरुमा अध्ययन अनुसन्धान गर्ने ।

घ)उपयुक्त विधि र प्रविधि अथवा माध्यमको छनौट गरी प्रकाशन र प्रसारण सामग्री सङ्कलन र उत्पादन गर्ने ।

ङ) नेपाली लोक संस्कृति सम्वन्धि गीत सङगीत तथा नृत्यको संरक्षण र विकासका लागि प्रशिक्षण गर्ने ।

स्थापना कालमा माथि लिखित उद्देश्यहरु राखेर कार्य थालनी गरेता पनि समयको मागअनुरुप रुपान्तरित हुन आवश्यक रहेकोले उद्देश्यहरु थप तथा परिमार्जित गर्दै लाने तयारीमा छौं । सन्चारको क्षेत्रमा काठमाडौंबाट धेरै नजिक रहेता पनि हाम्रो जिल्ला ज्यादै पछाडि पर्दै आएको हामीले महसुस गरेका छौं । रसुवा पर्यटकीय विकासको सम्भावना बोकेको जिल्ला हो । तसर्थ 'ग्रामीण विकासका लागि सन्चार र पर्यटन' भन्ने मूल नारा बोकी थप तथा परिमार्जित गर्न लागिएका उद्देश्यहरु निम्न लिखित रहेका छन् ।

क) संचार, पर्यटन, असलशासन र मानब अधिकारको सुदृढीकरण र स्थानिय स्तरमा जागरण ल्याउनको लागि नियमित बुलेटिन प्रकाशित गर्ने ।

ख) ग्रामीण स्तरमा सुचनाको पहुँच पु-याउन सामुदायिक रेडियो, web site र पुस्तकालयको निर्माण र संचालन गर्ने ।

ग) स्थानीय केवल च्यानल, टि.भि. च्यानल, रेडियोहरुको माध्यमवाट विभिन्न सांस्कृतिक, धार्मिक, पर्यटकीय वस्तुहरुको विषयमा श्रव्य/दृष्य सामग्रीहरु उत्पादन, वितरण तथा प्रदर्शन र प्रसारण गर्ने ।

घ) पर्यटन विकासका लागि रचनात्मक तथा व्यवसायिक कायक्रमहरु संचालन गर्ने ।

ङ) महिला, बालबालिका, युवा तथा वृद्धवृद्धाहरुको अधिकार संरक्षण र समुचित विकासका लागि विविध कार्यक्रहरु संचालन गर्ने ।

च) विकासका पूर्वाधारहरु जस्तै: शिक्षा, स्वास्थ्य, यातायात आदिको विकासका लागि कार्यक्रमहरु संचालन गर्ने ।

२ . संस्थाले हालसम्म गरेका कार्यहरु

क) आफ्नै सीमित स्रोत र साधनमा रहेर संस्थाले आफ्नो स्थापना लगत्तै 'गोसाईकुण्ड' क्षेत्रको अध्ययन अवलोकन भ्रमण गर्ने कार्य मिति: २०६१ भदौ १,२ र ३ गते सम्पन्न गरेको छ ।

ख) श्रव्य/दृष्य मार्फत साघुँरो घेरामा सीमित वेत्रावतिको ऐतिहासिकता र धार्मिकतालाई प्रचार प्रसार गरी यस क्षेत्रको विकासमा सबैलाई जागरुक, संगठित र सचेत गराउने उद्देश्यले 'ओझेलमा वेत्रावती' नामक तीसमीनेटको वृत्तचित्र निर्माण गरि स्थानिय केवल तथा लाङटाङ महोत्सवमा प्रदर्शन गर्नेकार्य सम्पन्न गरेको छ ।

ग) ग्रामीण स्तरमा संचारको पहुँच पु-याउने उद्देश्य अनुरुप २०६२ असोजमा लहरेपौवा गा.वि.स.का प्रवेशिका उत्तिर्ण २० युवा युवतीलाई आधारभुत पत्रकारिता तालिम प्रदान गरेको छ ।

घ) मिति २०६३ माघमा धैवुङ्ग गा.वि.स.का ६३ जना प्रवेशिका उत्तिर्ण युवा युवतिलाई आधारभुत पत्रकारितातालिम प्रदान गरेको छ ।

ङ) नयाँ वर्ष २०६४ को अवसर तथा लोकतन्त्र स्थापनाको पहिलो वर्ष गाँठको पुनित अवसरमा 'क्यानभास' (रसुवा अध्ययन सामाग्रीको) प्रकाशन (तपाँइको हातमा) ।

३. संस्था दर्ता भएको निकायहरु

क) जिल्ला प्रशासन कार्यालय, रसुवा/दर्ता नं.१४३/६२/६३

ख) स.क.प. (काठमाडौं)/दर्ता नं. २१९४१

ग) गै.स.सं महासंघ (रसुवा)/दर्ता नं. CR-RAS-7

(लेखक संस्थाको संस्थापक/वर्तमान सचिव हुनुहुन्छ ।)

छापामा क्यानभास

दसैं-तिहारको बेला ओभेलमा बेत्रावती

पत्रकारिता तालिम

रसुवासम्बन्धी डकुमेन्ट्री निर्माण हुँदै

'ओभेलमा बेत्रावती' महोत्सवमा समावेश

रसुवा । क्यानभास रिसर्च सेन्टरद्वारा निर्माण गरिएको वृत्तचित्र 'ओभेलमा बेत्रावती' आगामी कार्तिक २८ गतेदेखि सुरु हुने लाङटाङ महोत्सवमा समावेश हुने भएको छ ।

लाङटाङ महोत्सव-२०६२ प्रचार प्रसार समितिका संयोजक वासुदेव लामिछानेका अनुसार महोत्सवमा प्रदर्शन गरिने उक्त वृत्तचित्रमा बेत्रावतीको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्वका साथै बेत्रावती बजारका विभिन्न समस्यालाई समेटिएको छ । 'दसैंका कारण प्रदर्शन पछि सारेका हौं' रिसर्च सेन्टरका संयोजक सुवास आगमले बताए । सेन्टरका सचिव शशी लामिछानेका अनुसार सवा घण्टा लामो उक्त वृत्तचित्र पचास हजार रुपियाँको लागतमा तयार पारिएको हो ।

निःशुल्क पत्रकारिता तालिम

महिलाहरूको पत्रकारिता मोह

संस्थाका प्रमाणपत्रहरु

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन ०१०-५४०१३३
५४०१३१
फ्याक्स ०१०-५४०१३३

पत्र संख्या :
चलानी नं. २५२

मिति : २०६२।७।९
दर्ता नं.:- १४३।०६२।०६३

विषय : संस्था दर्ताको प्रमाण पत्र ।

अध्यक्ष / सचिव श्री क्यानभास रिसर्च सेन्टर
लहरेपौवा १ बेत्रावति, रसुवा

श्री क्यानभास रिसर्च सेन्टर लहरेपौवा १ रसुवा संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम २०६२ साल कार्तिक महिना ०९ गतेमा दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

स्थानीय अधिकारीको सही:-
पुरा नाम:-त्रिलोक प्रसाद श्रेष्ठ
दर्जा:- का.मु. प्रमुख जिल्ला अधिकारी
कार्यालय:-जिल्ला प्रशासन कार्यालय, रसुवा

प्रतिलिपि
०६३।१।०१२
कायमुकाम प्रमुख जिल्ला अधिकारी

NGO FEDERATION OF NEPAL
गैरसरकारी संस्था महासंघ नेपाल
नेपाली गैससहरूको राष्ट्रिय महासंघ
प्रमाण-पत्र

मध्यमाञ्चल क्षेत्र बागमती अञ्चल रसुवा जिल्ला
लहरेपौवा महा / उप-महा / नगरपालिका / गाविस वडा नं. १ स्थित
गैरसरकारी संस्था क्यानभास रिसर्च सेन्टर लाई
गैरसरकारी संस्था महासंघ नेपालको सदस्य संस्थाको रूपमा यो सदस्यताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

सदस्यता प्रदान गरिएको मिति : २०६४/१२/२५
अध्यक्ष / महासचिव / सचिव

आबद्ध नं. २१५४१
पुनि आ. व.

समाज कल्याण परिषद
काठमाडौं, नेपाल
२०४९

आबद्धताको प्रमाण-पत्र

क्यानभास रिसर्च सेन्टर, रसुवा लाई
समाज कल्याण ऐन, २०४९ को दफा १३ बमोजिम २०६३ साल चैत महिना ६ गते आबद्धताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति २०६३।१२।६
निर्देशक

CANVAS RESEARCH CENTRE

The CANVAS RESEARCH CENTRE is a non-governmental, non-political and non-profit based organization (NGO) established with the objectives of the identifying, preservation and promotion of culture, history, and different social aspects. We bring about social awareness through educational programs, research and implements the results and maximum utilization of the modern technologies of the communication (i.e. documentary, books, website etc.), which helps to publicize our culture, history and art.

We wish to increase awareness amongst the people who live in the remotest part of Nepal for identifying, preservation, and promotion of culture, history art and also of the social aspects such as poverty, child care, illiteracy, social problems, wild life and environment etc. We want to bring revolutionary change to remote societies. We want to make people more creative.

Established:

14th Kartik 2062(Nov.8th, 2005)
District Administration Office
Registration No.:143/062/063

OUR OBJECTIVES

- Actively participate for the identifying, protection and promotion of the cultural diversity of Nepal.
- To promote traditional culture, music, folk songs, Dance, costume, art and Literature and bring awareness in the different sections of the community.
- Study and Investigation of the different social aspects, poverty, child care, illiteracy, social problems, wild life and environment.
- Choose proper technology for collection, production, publication and broadcast of research matter.
- To provide training for the preservation and development of traditional culture, music, art, dance and traditional songs.

CONTACT US

Email :

letter_canvas@yahoo.com

Website:

www.canvas.com.np

Address:

Betrawati-1
Rasuwa District

Contact No:

0011 977 9841464042

रसुवा जिल्ला स्थित केही महत्वपूर्ण फोन नम्बरहरु

सरकारी कार्यालय:

स.नं.	नाम	फोन नं.
१	रसुवा अदालत	५४०१२०
२	जिल्ला प्रशासन कार्यालय	५४०१३१, ५४०१३२
३	दुर्गावक्स गण (नेपाली सेना)	५४०२७०, ५४०२७५
४	जिल्ला प्रहरी कार्यालय	५४०१९९
५	जि. वि.स.को कार्यालाय	५४०१४२
६	राष्ट्रिय अनुसन्धान कार्यालय	५४०२२०
७	जिल्ला कृषि विकास कार्याल	५४०१२८, ५४०१६३
८	कृषि अनुन्धान केन्द्र चरन	५४०१३७, ५४०१३८
९	जिल्ला पशु सेवा कार्यालय	५४०१२९
१०	शिक्षाको लागि खाद्य कार्यक्रम एकाई	५४०२६८, ५४०२३८
११	जिल्ला शिक्षा कार्यालय	५४०१५७, ५४०२१७
१२	जिल्ला स्वास्थ्य कार्यालय	५४०१८८, ५४०२४५
१३	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र	५४०२१४
१४	को. ले. नि. कार्यालय	५४०१५०, ५४०१४०
१५	ला. रा. नि. कार्यालय	५४०११९, ५४०२१९
१६	जिल्ला भू-संरक्षण कार्यालय	५४०११५, ५४०२४८
१७	जिल्ला वन कार्यालय	५४०१०७
१८	जिल्ला प्राविधिक कार्यालय	५४०२०१, ५४०१२५
१९	महिला विकास कार्यालय	५४०२६३
२०	मालपोत कार्यालय	५४०१३५
२१	नापी शाखा	५४०१३४
२२	खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय	५४०१३०,५४०१७९
२३	जिल्ला सरकारी वकीलको कार्यालय	५४०१७७
२४	जिल्ला हुलाक कार्यालय	५४०१४५
२५	जिल्ला कारागार	५४०२४९

बैंक/संस्थान/समितिः

सि.नं.	संस्थाको नाम	फोन नं.
१	नेपाल बैंक लिमिटेड	५४०१०५
२	कृषि विकास बैंक लिमिटेड	५४०१६६
३	नेपाल टेलिकम	५४०१११,
४	नेपाल विद्युत प्राधिकरण फ्युज युनिट	५४०१७६
५	जनकपुर चुरोट कारखाना	५४०११३
६	गोसाईकुण्ड चीज उत्पादन केन्द्र	५४०२११
७	घरेलु तथा साना उद्योग विकास समिति	५४०१०४

जिल्ला स्थित केही गैससः

सि.नं.	संस्थाको नाम	फोन नं.
१	कर्मचारी मिलन केन्द्र	५४०१४२
२	यू.एस.सी. नेपाल	५४०११६
३	प्राक्टीकल एक्सन नेपाल	५४०१३९
४	नेपाल कृषि वन प्रतिष्ठान	५४०२२७
५	सर्च नेपाल	५४०१९०
६	मानेकोर सोसाइटी नेपाल	५४०२३४
७	पाल्दोर पीक युवा क्लव	५४०१२६

सामाजिक संस्था:

सि.नं.	संस्थाको नाम	फोन नं.
१	नेपाल रेडक्रस सोसाइटी	५४०१९५
२	नेपाल स्काउट	५४०२३२
३	जिल्ला बालकल्याण समिति	५४०२२८
४	गोसाईकुण्ड क्षेत्र विकास समिति	५४०१८२

जिल्ला विकास समिति अन्तर्गत संचालित कार्यक्रम:

सि.नं.	कार्यक्रमको नाम	फोन नं.
१	टी आर पी ए पी	५४०२६२
२.	डी एल जी एस पी	५४०२५२
३.	स्थानीय विकास कोष	५४०२५२

"हुँदैन विहान मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मूलुक दुईचार सपुत मरेर नगए ।"
-भूपि शेरचन

नयाँ वर्ष तथा लोकतन्त्र दिवसको
अवसरमा सहिदहरुको वलिदानको उच्च मूल्याङ्कन गर्दै
२०६४ साल मूलुकको भविश्य निर्माणको
सुनौलो वर्ष बन्न सकोस
शुभ-कामना

क्यानभास रिसर्च सेन्टर परिवार
वेत्रावती वजार, रसुवा

mayos



CANVAS RESEARCH CENTRE
Betrawati Bazar, Rasuwa
Contact: 9841464042
E-mail:- letter_canvas@yahoo.com
Url:- www.canvas.com.np

9789994623747